# चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभागको स्नातकोत्तर तह (एम्.ए.)
दोस्रो वर्षको दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
छविरमण न्यौपाने
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६७

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्रसङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन**
**नेपाली- विभाग**

# स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्काय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर चितवनका शोधार्थी **छविरमण न्यौपाने**ले स्नातकोत्तर तह दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन-समिति

| | |
|---|---|
| प्रा.डा.नारायणप्रसाद खनाल | ---------------------- |
| विभागीय प्रमुख | हस्ताक्षर |
| उप-प्रा. विष्णुप्रसाद सापकोटा | ---------------------- |
| शोध-निर्देशक | हस्ताक्षर |
| सह-प्रा. भागवतशरण न्यौपाने | ---------------------- |
| बाह्यपरीक्षक | हस्ताक्षर |

मिति : २०६७/०४/१४

# कृतज्ञता ज्ञापन

**चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मलाई कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु उपप्रा. विष्णुप्रसाद सापकोटाप्रति हृदयतः कृतज्ञता ज्ञापन गर्दछु साथै शोधपत्रको अध्ययनको क्रममा सत्प्रेरणा प्रदान गर्दै आवश्यक सल्लाह र सुझाव गर्नुहुने नेपाली विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

बालसाहित्यको सैद्धान्तिक अध्ययनका सन्दर्भमा आवश्यक सुझावका साथै सामग्रीसमेत उपलब्ध गराउनुहुने अग्रज बालसाहित्यकार प्रमोद प्रधान र शर्मिला खड्काको सहयोगप्रति पनि म पूर्ण आभारी छु । अध्ययनकै क्रममा कुशल मार्गनिर्देशन र यथाशक्य सामग्री उपलब्ध गराउनुहुने आदरणीय गुरुहरू लक्ष्मणप्रसाद गौतम, धनेश्वर भट्टराई, बुद्धिनाथ अधिकारी र डी.आर. पोखेलप्रति पनि म निकै आभारी छु । चितवनको बालसाहित्यमा कलम चलाउनुहुने अग्रज साहित्यकार गोविन्दराज 'विनोदी', विद्या भण्डारी 'चिराग', रविकिरण 'निर्जीव', रह शर्मा र रामकृष्ण 'तारा' प्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । सामग्री सङ्कलनका क्रममा बालरचनामूलक पत्रिका, स्मारिका र सोभेनियरहरू उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरू र बालबालिकाहरूसँग सरोकार राख्ने विभिन्न सङ्घ-संस्थाका पदाधिकारीहरूप्रति पनि म निकै आभारी छु । सामग्रीसङ्कलन र अध्ययनकार्यलाई सहज तुल्याइदिने रामेश्वर पुस्तकालय क्षेत्रपुर, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय र जिल्ला शिक्षा कार्यालय चितवनलाई म धन्यवाद दिन चाहन्छु । सामग्रीसङ्कलनदेखि शोधपत्र तयार पार्ने कामसम्म मलाई प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सहकर्मी मित्रहरू श्रीचन्द्र वाग्ले, शिवहरि कोइराला, ऋषिराम भट्टराई, प्रतिमा न्यौपाने, धर्मराज घिमिरे, श्रीधर घिमिरे र युगराज वस्तीलाई पनि म धन्यवाद नदिइरहन सक्दिन ।

अध्ययनका लागि सहज पारिवारिक वातावरण तयार गरिदिने र शोधपत्र टङ्कणको लागि अहोरात्र खटिएर सहयोग गर्ने मेरी धर्मपत्नी चेतना र छोराहरू सार्थक र समर्पणलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र मूल्याङ्कनको लागि वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

**छविरमण न्यौपाने**

मिति : २०६७/०४/१०

वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन

शैक्षिक वर्ष २०६७

# शोध-निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका  छात्र छविरमण न्यौपानेद्वारा **चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । म यसको आवश्यक मूल्याङ्कनका लागि सम्बन्धित विभागसमक्ष सिफारिस गर्दछु ।

......................................

(विष्णुप्रसाद सापकोटा)

उपप्राध्यापक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः २०६७/०४/१०

# विषय सूची


| क.स. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| | **परिच्छेद : एक** | |
| | **शोधपरिचय** | **१- १०** |
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधकार्यको औचित्य | ७ |
| १.६ | प्राक्कल्पना | ८ |
| १.७ | शोधकार्यको क्षेत्र र सीमाङ्कन | ९ |
| १.८ | सामग्रीसङ्कलन विधि | ९ |
| १.९ | शोधपत्रको रूपरेखा | १० |
| | **परिच्छेद : दुई** | |
| | **बालसाहित्यको सैद्धान्तिक अवधारणा** | **१२-३२** |
| २.१ | परिचय र परिभाषा | १२ |
| २.२ | बालसाहित्यको वर्गीकरण | १६ |
| | २.२.१ लोक बालसाहित्य | १६ |
| | २.२.१.१ बाल लोकगीत/कविता | १७ |
| | २.२.१.२ लोककथा | १७ |
| | २.२.१.३ गाउँखाने कथा | १८ |
| | २.२.२ लिखित बालसाहित्य | १८ |
| | २.२.२.१ पाठ्य बालसाहित्य | १९ |
| | २.२.२.२ पाठ्येतर बालसाहित्य | १९ |
| २.३. | नेपाली बालसाहित्यको विधागत चिनारी | २० |
| | २.३.१ बालगीत/ बालकविता | २० |
| | २.३.२ बालकथा | २१ |

२.३.३ बालउपन्यास २१

२.३.४ बालएकाङ्की/ बालनाटक २२

२.३.५ बालोपयोगी जीवनी २२

२.३.६ चित्रकथा २३

२.३.७ अनुवाद बालसाहित्य २४

२.४. लिखित नेपाली बालसाहित्यको विकासक्रम २५

२.४.१ पहिलो चरण :- वि. सं. १९४९ देखि वि. सं. १९९६ सम्म २६

२.४.२ दोस्रो चरण – वि. सं. १९९७ देखि २०३५ सम्म २७

२.४.३ तेस्रो चरण वि. सं. २०३६ देखि हालसम्म २९

२.४.४ उपसंहार ३१

**परिच्छेद : तीन**

**चितवनमा बालसाहित्यको इतिहास र विकास ३३-४३**

३.१ चितवन जिल्लाको भौगोलिक अवस्था ३३

३.२ चितवन जिल्लाको साहित्यिक अवस्था ३४

३.३ चितवनको बालसाहित्य ३७

३.३.१ पूर्वार्द्ध चरण : वि. सं. २०२१ देखि वि. सं. २०५६ सम्म ३७

३.३.२ उत्तरार्द्ध चरण : वि. सं. २०५७ देखि हालसम्म ३९

३.४ उपसंहार ४३

**परिच्छेद : चार**

**चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विश्लेषण ४४-११२**

४.१. कवि गोविन्दराज विनोदी र उनको बालकवित्व ४४

४.१.१ कविको परिचय ४४

४.१.२ कवि विनोदीको बालकवित्व ४५

४.२ आँखाका नानी (बालकविता सङ्ग्रह)को अध्ययन र विश्लेषण ४८

४.२.१ शीर्षक सार्थकता ४८

४.२.२ कृतिको स्वरूप र आकारप्रकार ४९

४.२.३ अन्तर्वस्तु वा भावविधान ५०

४.२.३.१ प्राकृतिक विविधताको चित्रण ५१

४.२.३.२ औपदेशिकता ५२
४.२.३.३ मानवतावादी स्वर ५२
४.२.३.४ शिक्षा र जागरण ५२
४.२.३.५ पशुपक्षीतर्फको बालआकर्षण ५३
४.२.३.६ साहित्यप्रतिको अभिरुचि ५३
४.२.३.७ जीवनबोध ५४
४.२.३.८ स्वदेशप्रेम ५४
४.२.३.९ सामाजिकता ५४
४.२.३.१० सुखद भविष्यको चाहना ५५
४.२.४ जीवनदृष्टि ५५
४.२.५ भाषा-शैली ५६
४.२.६ निष्कर्ष ५६
४.३. कवयित्री विद्या भण्डारी‘चिराग’ र उनको बालकवित्व ५७
४.३.१ कवयित्रीको परिचय ५७
४.३.२. कवयित्री विद्या भण्डारी ‘चिराग’को बालकवित्व ५८
४.४. इन्द्रेणीको गेट (बालकवितासङ्ग्रह)को अध्ययन ६१
४.४.१ शीर्षक सार्थकता ६१
४.४.२ कृतिको स्वरूप र आकार-प्रकार ६२
४.४.३ अन्तर्वस्तु वा भावविधान ६३
४.४.३.१ बालअधिकारबोध ६४
४.४.३.२ आदर्श मातृप्रेम ६५
४.४.३.३ औपदेशिकता ६५
४.४.३.४ धार्मिक सहिष्णुता ६६
४.४.३.५ प्रकृति-चित्रण ६६
४.४.३.६ बालक्रीडा तथा खेलप्रेम ६७
४.४.३.७ राष्ट्रियता ६७
४.४.३.८ बालमनोविज्ञान ६८
४.४.३.९ मातृवात्सल्य ६८

४.४.३.१० बालस्वास्थ्य ६८
४.४.३.११ शैक्षिक जागरण ६९
४.४.३.१२ राष्ट्रिय विभूतिहरूको चिनारी ६९
४.४.४ जीवनदृष्टि ६९
४.४.५ भाषा-शैली ७०
४.४.६ निष्कर्ष ७१
४.५ कवि रविकिरण 'निर्जीव' र उनको बालकवित्व ७१
४.५.१ कवि रविकिण 'निर्जीव'को परिचय ७१
४.५.२ कवि निर्जीवको बालकवित्व ७३
४.६. 'ऐजेरु लागेको पिपल (बालकाव्य)' को अध्ययन र विश्लेषण ७५
४.६.१ शीर्षक सार्थकता ७५
४.६.२ कृतिको स्वरूप र आकार-प्रकार ७६
४.६.३ अन्तर्वस्तु र भावविधान ७७
४.६.३.१ जीवन-सङ्घर्ष ७८
४.६.३.२ संस्कृति मोह ७९
४.६.३.३ प्रकृतिप्रतिको आकर्षण ७९
४.६.३.४ वर्गीय असमानताको समाज ७९
४.६.३.५ परिवर्तनशील प्राकृतिक नियम ८०
४.६.३.६ सेवामुखी भाव ८०
४.६.४ जीवनदृष्टि ८१
४.६.५ भाषाशैली र लयविधान ८१
४.६.६ निष्कर्ष ८२
४.७ कवि रह शर्मा र उनको बालकवित्व ८३
४.७.१ कविको परिचय ८३
४.७.२ कवि रह शर्माको बालकवित्व ८४
४.८. सेलरोटी (बालकवितासङ्ग्रह) को अध्ययन र विश्लेषण ८६
४.८.१ शीर्षक सार्थकता ८७
४.८.२ कृतिको स्वरूप र आकार-प्रकार ८८

४.८.३ अन्तर्वस्तु वा भावविधान ८९
४.८.३.१ संस्कृति-प्रेम ९१
४.८.३.२ औपदेशिकता ९१
४.८.३.३ वस्तुको महत्त्वबोध ९१
४.८.३.४ बालस्वास्थ्य ९२
४.८.३.५ अनुशासनको महत्त्व ९२
४.८.३.६ फलफूलको महत्त्व ९३
४.८.३.७ जातीय असमानताको विरोध र एकताको भावना ९३
४.८.३.८ प्रकृति चित्रण ९३
४.८.३.९ औषधीजन्य वनस्पतिको महत्त्व ९४
४.८.३.१० तरकारीको महत्त्व र उपयोगिता ९४
४.८.४ जीवनदृष्टि ९५
४.८.५ भाषा-शैली र लयविधान ९५
४.८.६ निष्कर्ष ९६
४.९. कवि रामकृष्ण 'तारा' र उनको बालकवित्व ९७
४.९.१ कविको परिचय ९७
४.९.२ कवि रामकृष्ण 'तारा' को बालकवित्व ९९
४.१०. सृजनाका कोसेलीहरू (बालकवितासङ्ग्रह) को अध्ययन र विश्लेषण १०१
४.१०.१ शीर्षक सार्थकता १०१
४.१०.२ कृतिको स्वरूप र आकार-प्रकार १०२
४.१०.३ अन्तर्वस्तु वा भावविधान १०४
४.१०.३.१ औपदेशिकता १०४
४.१०.३.२ विद्याको महिमा १०५
४.१०.३.३ राष्ट्रियता १०५
४.१०.३.४ अधिकारबोध १०५
४.१०.३.५ शिक्षा र जागरणको स्वर १०६
४.१०.३.६ शान्ति र सुशासनको चाहना १०६
४.१०.३.७ विज्ञानमोह १०७

४.१०.३.८ समसामयिक व्यङ्ग्य १०७
४.१०.३.९ संस्कृतिप्रेम १०७
४.१०.३.१० प्रकृति चित्रण १०८
४.१०.३.११ सुखद भविष्यको चाह १०८
४.१०.३.१२ वस्तुको महत्त्वबोध १०८
४.१०.३.१३ मानवीय मूल्यको खोजी १०९
४.१०.३.१४ वात्सल्यप्रेम १०९
४.१०.३.१५ बालमनोविज्ञान १०९
४.१०.४ जीवनदृष्टि ११०
४.१०.५ भाषाशैली र लयविधान ११०
४.१०.६ निष्कर्ष १११
४.११ उपसंहार ११२

**परिच्छेद : पाँच**

**चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको मूल्याङकन ११३-१२२**

५.१ प्रकाशन वर्ष ११४
५.२ प्रबन्धनपक्ष ११५
५.३ भावविधान ११५
५.४ विषयविविधता ११७
५.५ भाषाशैली ११८
५.६ बालचित्रप्रयोग १२०
५.७ लयविधान १२०
५.८ उपसंहार १२२

**परिच्छेद : छ**

**उपसंहार १२३- १२९**

६.१ परिच्छेद : एकको उपसंहार १२३
६.२ परिच्छेद : दुईको उपसंहार १२३
६.३ परिच्छेद : तीनको उपसंहार १२४
६.४ परिच्छेद : चारको उपसंहार १२५

६.५ परिच्छेद : पाँचको उपसंहार १२८
६.६ समग्र शोधपत्रको उपसंहार १२८
**सन्दर्भग्रन्थसूची**
**परिशिष्ट**

## तालिका सूची

तालिका संख्या - १ चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको कालक्रमिक विवरण ४१

## संक्षिप्त शब्दावली

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका संक्षिप्त शब्दावलीहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| अ.शा.रे | : | असल शासन रेडियो |
| आ. दी. | : | आचार्य दीक्षित |
| उप-प्रा. | : | उप- प्राध्यापक |
| एम्. ए. | : | मास्टर्स अफ आर्ट्स |
| एस. एल. सी. | : | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| चि. वा. प्र. | : | चितवन वाङ्मय प्रतिष्ठान |
| डा. | : | डाक्टर |
| डिप्. इन. एड्. | : | डिप्लोमा इन एजुकेशन |
| त्रि. वि. | : | त्रिभुवन विश्वविद्यालय |
| त्रि. सा. प. | : | त्रिवेणी साहित्य परिषद् |
| नि. मा. वि. | : | निम्न माध्यमिक विद्यालय |
| ने. प्र. प्र. | : | नेपाल प्रज्ञा प्रतिष्ठान |
| प्र.ले.स. | : | प्रगतिशील लेखक सङ्घ |
| प्र.सम्पा. | : | प्रधान सम्पादक |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्रा. वि. | : | प्राथमिक विद्यालय |
| पृ. | : | पृष्ठ |
| म.वि.वि. | : | महेन्द्र वीर विक्रम |
| मा. वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| स्व. | : | स्वर्गीय |
| सम्पा. | : | सम्पादक |
| सा. प्र. | : | साझा प्रकाशन |

# परिच्छेद : एक
# शोध प्रस्ताव

# परिच्छेद : दुई

# बालसाहित्यको सैद्धान्तिक अवधारणा

# परिच्छेद : तीन

# चितवनमा बालसाहित्यको इतिहास र विकास

# परिच्छेद : चार

# चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विश्लेषण

# परिच्छेद : पाÒच

# चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको मूल्याङ्कन

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

चितवनमा अन्य साहित्यिक विधाहरू सँगसँगै बालसाहित्य पनि विगत केही वर्षदेखि लेखिन थालेको देखिन्छ । बालबालिकाको कलिलो मस्तिष्कलाई सिर्जनशील बनाउनका लागि बालसाहित्यको महत्त्वपूर्ण भूमिका रहने कुरा बिर्सन सकिन्न । प्रौढ लेखकहरूद्वारा बालबालिकाका निम्ति लेखिएको साहित्यलाई नै बालसाहित्य भनिन्छ । नेपालको कूल जनसंख्याको ३९.३५ प्रतिशत बालबालिका भएको परिप्रेक्ष्यमा उनीहरूकै सर्वाङ्गीण विकासका निम्ति आवश्यक पर्ने बालसाहित्यको व्यवस्थित अध्ययन गर्नु आजको समयमा अपरिहार्य देखिन आउँछ । मस्तिष्क पूर्ण विकसित नभएका बालबालिकाहरूलाई मनोरञ्जन दिँदै नवीन ज्ञानतर्फ आकृष्ट गराउने चितवनको बालसाहित्यले समग्रमा नेपाली साहित्यकै श्रीवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । चितवन जिल्लाबाट बालरचनाहरूको प्रकाशन गर्ने काम वि.सं.२०२१ सालमा प्रकाशित **'चितवनको चिनो'** पत्रिकाले गरेको भए तापनि बालसाहित्यिक कृतिहरूको प्रकाशन वि.सं.२०५७ बाट थालिएको पाइन्छ । हालसम्म यस जिल्लाबाट प्रकाशित बालसाहित्यिक कृतिहरूका रूपमा गोविन्दराज 'विनोदी'को **आँखाका नानी** (बालकवितासङ्ग्रह-२०५७), विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२), रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह-२०६३), रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पीपल** (बालकाव्य-२०६३) र रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह-२०६६) देखिएका छन् । चितवन जिल्लाको बालसाहित्यिक गतिविधि पहिल्याउँदै यस जिल्लाबाट प्रकाशित त्यस्ता बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधपत्रको विषय रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र चितवनबाट प्रकाशित बालसाहित्यको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन विषयमा केन्द्रित रहेको छ । विगत दश वर्षदेखि चितवनमा प्रौढ स्रष्टाहरूको ध्यान बालसाहित्यले खिँच्दै लगेको देखिन्छ भने बालबालिकाहरूको रचनात्मक विकासमा समेत

बालसाहित्यले ठूलो योगदान पुऱ्याएको पाइन्छ । बालसाहित्यका बारेमा यस्तै विविध पक्षको खोजी गरी निष्कर्षमा पुग्ने ध्येय भएको प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) बालसाहित्य के हो ? र यसका सैद्धान्तिक अवधारणा के-कस्ता छन् ?

ख) बालसाहित्यका विभिन्न विधाहरूको परिचय के-कस्तो रहेको छ ?

ग) चितवनमा बालसाहित्यको इतिहास र विकास कस्तो देखिन्छ ?

घ) चितवनका बालसाहित्यिक स्रष्टाहरूको रचनात्मक विशेषता के-कस्तो देखिन्छ ?

ङ) चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूमा केन्द्रित भई चितवनको बालसाहित्यका बारेमा विस्तृत अध्ययन र विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठाइएका प्रश्नहरूमा केन्द्रित रहेर चितवनका बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन गरिने प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) बालसाहित्यको सैद्धान्तिक परिचय दिने,

ख) बालसाहित्यका विविध विधाहरूको चिनारी दिने,

ग) चितवनमा बालसाहित्यको इतिहास र विकास पहिल्याउने,

घ) चितवनका बालसाहित्यिक स्रष्टाहरूको रचनात्मक वैशिष्ट्य पहिल्याउने,

ङ) चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने ।

यिनै उद्देश्यमा केन्द्रित भई प्रस्तुत शोधपत्रमा चितवनको बालसाहित्यिक गतिविधिको अध्ययन गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

चितवनबाट प्रकाशित बालसाहित्यको खोजी कार्यमा खासै व्यवस्थित अध्ययन भएको पाइँदैन । यद्यपि यहाँका पत्रपत्रिकामा भने समालोचकहरूले छिटपुटरूपमा चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूका र तिनका लेखकका सम्बन्धमा विभिन्न टिकाटिप्पणीहरू गरेका देखिन्छन् । यहाँ चितवनको बालसाहित्यका सम्बन्धमा गरिएका तिनै समालोचकीय टिप्पणीहरूलाई कालक्रमिक आधारमा निम्नानुसार चर्चा गरिएको छ :-

क) दीपकप्रसाद गौतमले *'आँखाका नानी छोटो समीक्षा'*, **चितवन साप्ताहिक** ( अङ्क २२, पूर्णाङ्क २२७,२०५७ ) मा गोविन्दराज 'विनोदी'को बालकवित्वको चर्चा गर्दै उनको बालकवितासङ्ग्रह **आँखाका नानी** लाई उत्कृष्ट बालकविताको सङ्ग्रह मानेका छन् । कृतिको छोटो समीक्षा गर्ने उद्देश्य बोकेको यो लेखले बाल साहित्यको मूलभूत मान्यताहरूलाई आत्मसात गर्दै प्रस्तुत कृतिको सर्वाङ्गीण विश्लेषण गर्न भने सकेको देखिँदैन ।

ख) बुद्धिनाथ अधिकारीले *'बालसाहित्यको उत्कृष्ट नमूना आँखाका नानी'* **मधुलिका** ( वर्ष ७, पूर्णाङ्क ५, २०५८, पृष्ठ ४८ ) मा कवि विनोदीका बालकविताहरू छोटा, सरल, सारगर्भित, सौन्दर्यमूलक र प्रेरणादायी भएको चर्चा गर्दै उनको बालकवितासङ्ग्रह **आँखाका नानी** लाई बालबालिकाहरू, तिनका अभिभावकहरू र बाल-साहित्यप्रेमीहरूका लागि अत्यन्तै उपयोगी, पठनीय र सङ्ग्रहणीय कृतिका रूपमा चिनाएका छन् । कृति परिचयको रूपमा आएको यस लेखले पनि प्रस्तुत कृतिभित्रका कविताहरूको मूलभाव, केन्द्रीय कथ्य, जीवनदृष्टि, भाषाशैलीआदिका बारेमा विस्तृत चर्चापरिचर्चा भने गर्न सकेको देखिन्न ।

ग) डी.आर.पोखरेलले *'चितवनको चिनो एवम् वेणीका सम्पादकलाई एक थुङ्गो फूल'*, **मुद्रण स्मारिका** (२०६०, पृष्ठ ९७) मा बालरचनाहरूको सङ्ग्रह '**चितवनको चिनो-२०२१**'लाई पहिलो साहित्यिक पत्रिकाको रूपमा चिनाएका छन् तर उनले चितवनको बालसाहित्यिक इतिहास र विकासका बारेमा कुनै चर्चा गरेका छैनन् ।

घ) गोविन्दराज 'विनोदी'ले *'शुभकामनाका अक्षरहरू'* **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२ भूमिकाखण्ड) मा कवयित्री विद्या भण्डारी 'चिराग'का बालकविताहरू राष्ट्रप्रतिको कर्त्तव्यबोध, राष्ट्रिय विभूतिहरूमा सम्मान, भाषा, साहित्यप्रतिको

अनुराग, प्रकृतितर्फको आकर्षण, सहअस्तित्व, मित्रताको भावना, नयाँ कुराप्रतिको जिज्ञासा, खेलप्रेम, शिक्षाप्रेम, स्वच्छन्दताजस्ता भावनाहरूले भरिएका छन् भन्दै प्रस्तुत कृतिभित्रका कविताहरूको छोटो विश्लेषण र कवयित्रीको बालकवित्वको चर्चा गरेका छन् तर यो विश्लेषण पनि अपूरो नै देखिएको छ ।

ङ) इन्दिरा कार्कीले *'शुभकामनाका दुई शब्द',* **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२, पृष्ठ ८ )मा बालबालिकाहरूकै संसारभित्र सधैँ रम्न रुचाउने कवयित्री 'चिराग'का कवितामा उनीहरूप्रतिका मायाका अजस्र पोखाइहरू छरपस्टरूपमा अभिव्यक्तिको रूपधारण गरी बाहिरिएका छन्, भन्दै **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह )को छोटो टिप्पणी गरेकी छिन् । यो टिप्पणीले प्रस्तुत कृतिभित्रका कविताहरूको विविध कोणबाट विश्लेषण नगरेकाले एकाङ्गी अध्ययनमा मात्र सीमित बन्न पुगेको देखिन्छ ।

च) गोपाल पौडेलले *'इन्द्रेणीका गेटभित्रका शब्द-चित्रण',* **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२, पृष्ट १३ ) मा चिरागका बालकविताहरूको विश्लेषण गर्दै उनका कविताहरू बालमनका यावत् संवेदना, बालक्रीडाका यावत् प्रसङ्गहरूलगायत मानिस असल, चरित्रवान्, नैतिकवान्, मिहिनेती, इमान्दारी, सामाजिक एवम् मिलनसार हुनुपर्छ भन्नेजस्ता उपदेशात्मक भावनाहरूले भरिएका छन् भन्ने चर्चा गरेका छन् तर यस लेखले पनि कविताकृतिभित्रका मूलभावहरूलाई पूर्णतः समेट्न सकेको पाइँदैन ।

छ) रमेश भट्टराईले *'भाइ बहिनीहरू !',* **सेलरोटी** (बालकवितासङ्ग्रह -२०६३, भूमिका)मा बालबालिकाहरूको आचारविचार, बानीबेहोरा, खानपिन, स्वास्थ्य, वातावरण, प्रकृतिआदि सबै पक्षमा चिन्तन गरेर रह शर्माले राम्रा कविताहरू लेखेका छन् र आउँदा दिनमा गीत, सङ्गीत र लयमिलाएर मजाले पढ्न सक्ने कविता लेख्नका लागि उनलाई अनुरोध गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । उनी कृतिको परिचयात्मक अध्ययनमा मात्र सीमित बनेका पाइन्छन्, यसभित्रका बालकविताहरूको विस्तृत विश्लेषण गरिएको छैन ।

(ज) गोकर्णले *'सेलरोटी'* **गोरखापत्र** (२०६४ जेठ २६ गते, शनिवार) मा नेपाली बालसाहित्यको विकास उत्साहजनकरूपले अघि बढ्न नसकिरहेको अवस्थामा बालसाहित्यप्रति अभिरुचि देखाई रह शर्माद्वारा सिर्जित प्रस्तुत **सेलरोटी**

(बालकवितासङ्ग्रह) निश्चय पनि उपयोगी हुने कुरा व्यक्त गरेका छन् । यस लेखले पनि रह शर्माको बालकवित्व र उनको बालकवितासङ्ग्रहभित्रका सबै कविताहरूको विश्लेषण गर्न सकेको छैन ।

झ) पूर्णप्रसाद अधिकारीले *'सेलरोटीको वृत्तमा रह शर्माको बालकवित्व चेतना'* **जनमत साहित्यिक मासिक** ( वर्ष २४, अङ्क १०, साहित्यिक अङ्क १२५, २०६४ कार्तिक, पृष्ठ ५५) मा रह शर्माको साहित्यिक व्यक्तित्वलाई उजिल्याउँदै पेशागतरूपमा हेर्दा आर्थिक प्रशासन फाँटमा कार्यरत मान्छे पनि भावुक साहित्यक अनुरागीमात्र नभई साहित्यसर्जक पनि बन्न सक्दछ भन्ने कुरा उनको प्रस्तुत **सेलरोटी** (बालकवितासङ्ग्रह) सहित प्रकाशित आधा दर्जन कृतिबाट पुष्टि भएको ठानेका छन् तर उनको यो लेख पनि कविको काव्यवैशिष्ट्यमा मात्र केन्द्रित बनेकाले एकाङ्गी बनेको पाइन्छ ।

ञ) धनेश्वर भट्टराईले *'सेलरोटीमा पाइने केही नयाँ कुरा'* **प्रलेसः चितवन** (वर्ष ३, पूर्णाङ्क १, २०६४ चैत्र, पृष्ठ ५०) मा रह शर्माको प्रस्तुत **सेलरोटी** (बालकवितासङ्ग्रह)ले आफ्नै विशिष्टताले बालचेतनामा सकारात्मक प्रभाव र प्रेरणा त दिन्छन् नै साथै मनोरञ्जनसमेत प्रदान गर्दछन् भन्दै सेलरोटीभित्रका कविताहरूमा पाइने केही नयाँ कुराहरूको चर्चा गरेका छन् तर अन्य विचार, भाव, भाषाशैली, लयआदिको बारेमा गहिरो अध्ययन भएको पाइँदैन ।

ट) प्रमोद प्रधानले *'गोविन्दराज विनोदी र आँखाका नानी',* **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५, पृष्ठ ४४) मा कवि गोविन्दराज विनोदीको बालकवितासङ्ग्रह **आँखाका नानी**को सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै यस सङ्ग्रहका बालकविताहरू लयात्मक भएकाले बालरुचिअनुकूल हुन पुगेको उल्लेख गरेका छन् । यो केवल छोटो परिचयात्मक टिप्पणी मात्र भएकाले यस लेखमा कृतिको सम्पूर्ण पक्षको अध्ययन कोशकारले गरेका छैनन् ।

ठ) प्रमोद प्रधानले *'रह शर्मा र सेलरोटी',* **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५, पृष्ठ ९८) मा रह शर्माको **सेलरोटी** (बालकविता सङ्ग्रह) को छोटो टिप्पणी दिँदै उक्त सङ्ग्रहका बालकविताहरू बालबालिकाका आचार-व्यवहार, आनीबानी, स्वास्थ्य, फलफूल, वनस्पति, संस्कृति, प्रकृति र वातावरणजस्ता विषयमा लेखिएका लय र

अन्त्यानुप्रासयुक्त बालकविताका रूपमा उक्त कृतिलाई चिनाएका छन् । एकअनुच्छेदात्मक प्रस्तुत लेख केबल परिचयात्मक मात्र बनेको देखिन्छ ।

ड) प्रमोद प्रधानले *'विद्या भण्डारी 'चिराग' र इन्द्रेणीको गेट'*, **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५, पृष्ठ ११६ ) मा विद्या भण्डारी 'चिराग'को उनान्चालीसवटा बालकविताको सङ्ग्रह **इन्द्रेणीको गेट**को छोटो टिप्पणीमूलक परिचय दिएका छन् । यसले पनि प्रस्तुत कृतिको सर्वपक्षीय अध्ययन गरेको पाइन्न ।

ढ) लेखनाथ अधिकारीले *'फेरि उदाए तारा कवि बनेर'*, **सृजनाका कोसेलीहरू** ( बालकवितासङ्ग्रह-२०६६को भूमिका)मा सुन्दर, मनोरञ्जक र शिक्षाप्रद रूपमा उनिएको यो मालारूपी बालकवितासङ्ग्रहमा रचनाकार रामकृष्ण 'तारा'ले बाल-बालिकाहरूलाई असल बाटो देखाउन निकै मिहिनेत गरेको कुरा वर्णन गरेका छन् । प्रकाशकीय मन्तव्यको रूपमा रहेको यो लेख कृतिको विश्लेषणभन्दा कविको पारिवारिक परिचयमा नै बढी केन्द्रित रहेको पाइन्छ ।

ण) नारायणप्रसाद खनालले *'सृजनाका कोसेलीहरू चाख्दा'*, **सृजनाका कोसेलीहरू** ( बाल-कवितासङ्ग्रह- २०६६ भूमिका) मा प्रस्तुत कविता सङ्ग्रहभित्र बाल-बालिकाहरूका लागि अत्यन्त उपयोगी ज्ञानराशि एकतृत गरिएको र लेखक स्वयं शिक्षक भएकाले कविताहरू लयबद्धताका साथै प्रायः उपदेशको भाषामा अभिव्यक्त भएको कुरा वर्णन गरेका छन् । यसले कविको बालकवित्व र कृतिभित्रका कविताहरूको भावविविधतालाई राम्ररी केलाउन सकेको देखिँदैन ।

त) गोविन्दराज विनोदीले *'सृजनाका कोसेलीहरू: सङ्क्षिप्त अवलोकन'*, **सृजनाका कोसेलीहरू** (बालकविता सङ्ग्रह-२०६६, भूमिका) मा जम्मा चौंतीसवटा बालकविता सङ्ग्रहित यस कृतिमा कविले बालसुलभ भावनाहरूलाई ज्यादै स्वाभाविक रूपमा प्रस्तुत गरेका र यस सङ्ग्रहभित्र उपदेशात्मक, शिक्षाप्रद, मनोरञ्जनात्मक बालकविताहरूको प्रस्तुतिका साथै राष्ट्रप्रतिको माया, समकालीन जीवनका अनुभवहरूलाई समेत बालभावनासँग मितेरी लगाउने प्रयास गरेका छन् भनी छोटो कृति समीक्षा प्रस्तुत गरेका छन् । यस लेखले कृति र कृतिकारको समीक्षा गरे पनि अरू धेरै पक्षको अध्ययन गर्न सकेको देखिँदैन ।

यी माथिका समालोचकीय लेखहरूले चितवनको बालसाहित्यको बारेमा सामान्य चर्चा गरेको भए तापनि यस जिल्लामा बालसाहित्यको अवस्था, इतिहास र विकास, सम्भाव्यता, यहाँका बाल साहित्यस्रष्टा र तिनका बालसाहित्यिक कृतिहरूको सर्वपक्षीय अध्ययन, प्रकाशित बालसाहित्यिक कृतिहरूको विविध दृष्टिकोणबाट मूल्याङ्कनआदिका बारेमा केही चर्चा परिचर्चा गरेका छैनन् । चितवनको बालसाहित्यको समष्टिगतरूपमा व्यवस्थित किसिमबाट सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन हुन नसकिरहेको वर्तमान अवस्थामा यो शोधपत्र तयार गर्न आवश्यक ठानिएको हो ।

## १.५ शोधकार्यको औचित्य

राष्ट्रिय सन्दर्भमा बालसाहित्यको जति अध्ययन भएको देखिन्छ, जति बालसिर्जनाहरू प्रकाशित देखिन्छन् त्यति कृति र त्यसबारेको अध्ययन चितवनको बालसाहित्यको क्षेत्रमा हुन नसकेको यथार्थ उल्लेखनीय छ तापनि  चितवन साहित्य र सिर्जनाको उर्वर भूमि मानिन्छ । हाल यस जिल्लाका साहित्यस्रष्टाहरूको ध्यान बालसाहित्यतर्फ खिँचिन थालेको छ । बालसाहित्यका अध्येता प्रमोद प्रधानको एकमात्र आधिकारिक खोजमूलक कृति **'नेपाली बालवाङ्मय परिचयकोश (२०६५)'** मा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह), कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह), कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य) र कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह) गरी चितवनबाट प्रकाशित २०६५ सालसम्मका  चारवटा बालसाहित्यिक कृतिहरू समाविष्ट भएका छन् । यतिमात्र नभई हालसम्म चितवनको बालसाहित्यिक फाँटमा अरू थप साहित्यकारहरू पनि देखापरेका छन् । यस जिल्लाबाट प्रकाशित अन्य प्रौढ साहित्यिक कृतिहरूको बारेमा जेजति अध्ययन भएका छन् त्यसको तुलनामा यहाँको बालसाहित्यको अध्ययन पर्दापछाडि नै रहेको पाइन्छ ।  यस शोधकार्यमा चितवनबाट हालसम्म प्रकाशित बालसाहित्यिक कृतिको व्यवस्थित अध्ययन, विश्लेषण र मूल्याङ्कनसमेत गरिएको हुँदा वर्तमान सन्दर्भमा यो शोधकार्य औचित्यपूर्ण हुनसक्ने देखिन्छ । यस किसिमको अनुसन्धानकार्यले यहाँका बालसाहित्यस्रष्टाहरूलाई  पछिल्ला दिनहरूमा बालसाहित्यलेखनप्रति अझ उत्साह भरिदिने र नयाँ स्रष्टाहरूलाई बालसाहित्यतर्फ आकृष्ट गराउने आशा पनि राखिएको छ । साथै चितवनको बाल साहित्यको इतिहास र विकास

पहिल्याउँदै यहाँका बालसाहित्यस्रष्टाहरूको बालकवित्व र कृतिविश्लेषणसमेत यस शोधकार्यमा गरिएको हुँदा भावी दिनहरूमा यसले चितवनका बालसाहित्यस्रष्टा र अनुसन्धाताहरूलाई मार्गदर्शन गर्नसक्ने विश्वास पनि लिइएको छ ।

## १.६ प्राक्कल्पना

चितवन जिल्लामा बालसाहित्यले बिस्तारै विकासको गति लिएको देखिन्छ । हालसम्म यस जिल्लाबाट पाँचवटा बाल साहित्यिक कृतिहरू प्रकाशित भएको पाइन्छ । यसरी हेर्दा **चितवनका बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन** शीर्षकको प्रस्तुत शोधपत्र निम्न प्राक्कल्पनामा आधारित रहेको छ :

क) बालसाहित्यको अलग्गै पहिचान भएकाले यसको परिभाषा, क्षेत्र, विषयवस्तु, भाव, भाषा र लेखनशैली पनि बालरुचि अनुकूलका हुन्छन् ।

ख)बालसाहित्यअन्तर्गत पर्ने बालकविता/बालगीत/बालकाव्य /बालगजल/बालहाइकू, बालकथा, बालउपन्यास, बालएकाङ्की/बालनाटक, बालोपयोगी जीवनी, बालनिबन्ध, चित्रकथा/चित्रपुस्तक जस्ता विधाहरूका पनि अलग-अलग पहिचान र लेखनशैली रहेका छन् ।

ग) चितवनको बालसाहित्यिक इतिहास र परम्परालाई हेर्दा चितवन हाइस्कूलबाट प्रकाशित 'चितवनको चिनो (२०२१)' पत्रिकाबाट शुरु भई प्रारम्भमा बालरचनाहरू हुँदै कृतिप्रकाशनतर्फ अघि बढेको देखिन्छ ।

घ) चितवनको बालसाहित्यमा साहित्यस्रष्टाहरूको रुचि बढ्दै गएकाले तिनीहरूको लेखनशैली र विशेषता पनि फरक देखिन्छन् ।

ङ) यस जिल्लाका बालसाहित्यले बालबालिकाहरूलाई नवीन ज्ञान, राष्ट्रियताको भाव, प्राकृतिक सौन्दर्यप्रति आकर्षण, औपदेशिकता नैतिक चरित्रनिर्माणमा जोड दिँदै अध्ययनप्रति उनीहरूको रुचि जगाएका छन् ।

यही प्राक्कल्पनाको सेरोफेरोमा रहेर प्रस्तुत शोधपत्रमा चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधपत्रको शीर्षकले सङ्केत गरेअनुसार चितवन जिल्लाको भौगोलिक परिसीमामा बाँधिएर यसै जिल्लाबाट प्रकाशित प्रौढ लेखकहरूद्वारा बालबालिकाका निम्ति लेखिएका बालसाहित्यिक कृतिहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको अध्ययनक्षेत्र रहेको छ । साथै चितवनको बालसाहित्यको इतिहास र विकासका विविध चरणहरू पहिल्याई हरेक चरणका मूलभूत प्रवृत्तिलाई केलाउनु पनि यसको अध्ययन क्षेत्र रहेको छ । हालसम्म यस जिल्लाबाट प्रकाशित कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७), कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२), कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३), कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) र कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) गरी पाँचवटा बालसाहित्यिक कृतिहरू देखिएका छन् । यो शोधकार्य यिनै पाँचवटा कृतिहरूको विश्लेषणमा र सम्बन्धित कृतिका लेखकहरूको अध्ययनमा केन्द्रित रहेको छ । यसमा चितवनका विद्यालयबाट प्रकाशित हुने गरेका पत्रपत्रिकाभित्रका बालरचनाहरूको अध्ययन र विश्लेषण गरिएको छैन । साथै २०६६ साल असार मसान्तपछि प्रकाशित बालसाहित्यिक कृतिहरूको अध्ययनसमेत यस शोधकार्यमा गरिएको छैन ।

## १.८ सामग्रीसङ्कलन विधि

यस शोधकार्यको पूर्ण तयारी गर्दा सामग्रीसङ्कलनको लागि सम्बन्धित लेखकहरू जीवितै रहेकाले घरदैलोमै पुगी प्रत्यक्ष अन्तवार्ताबाट जानकारी लिइएको छ भने बाल साहित्यको सैद्धान्तिक अध्ययनका लागि पनि राष्ट्रिय स्तरका बालसाहित्यसर्जक र विषयविशेषज्ञहरूसँग भेटवार्ता गरी सामग्री जुटाइएको छ । कृति विश्लेषणको सैद्धान्तिक ज्ञानका लागि पुस्तकालयीय सामग्रीसङ्कलन विधि अवलम्बन गरिएको छ भने कृतिविश्लेषण र मूल्याङ्कनका निम्ति विधागत सिद्धान्त अँगालिएको हुनाले यसका लागि पनि पुस्तकालयीय अध्ययन विधि नै अपनाइएको छ । सङ्कलित सामग्रीको वर्गीकरण र विश्लेषण गर्ने क्रममा आगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका खातिर शोधपत्रलाई विभिन्न छ परिच्छेद र एक परिशिष्ट खण्डमा निम्नानुसार विभाजन गरिएको छ :

क) परिच्छेदः एक- **शोधपरिचय**

यस परिच्छेदअन्तर्गत शोधप्रस्ताव समावेश गरिएको छ ।

ख) परिच्छेदः दुई- **बालसाहित्यको सैद्धान्तिक परिचय**

यस परिच्छेदअन्तर्गत बालसाहित्यको परिचय, परिभाषा,बालसाहित्यको वर्गीकरण, यसका अनेकौं प्रकार, विधागत चिनारीजस्ता विषयमा विभिन्न शीर्षक-उपशीर्षकहरू दिएर सैद्धान्तिक पक्षको विवेचना प्रस्तुत गरिएको छ ।

ग) परिच्छेदः तीन- **चितवनमा बालसाहित्यको इतिहास र विकास**

यस परिच्छेदमा चितवन जिल्लाको बालसाहित्यिक गतिविधि केलाउँदै विभिन्न कृतिहरूको र बालपत्रपत्रिकाको अध्ययनका आधारमा बालसाहित्यको इतिहास र विकास प्रस्तुत गरिएको छ । यसअन्तर्गत बालसाहित्यको ऐतिहासिक कालक्रमको विभिन्न चरणका उपशीर्षकहरू पनि राखिएका छन् ।

घ) परिच्छेदः चार- **चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण**

यस परिच्छेदअन्तर्गत चितवनबाट प्रकाशित बालस्रष्टाहरूका बालसाहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ । बालसाहित्यस्रष्टाहरूको परिचय र रचनात्मक विशेषता, कृतिहरूको विधागत विश्लेषणजस्ता पक्षहरूमा विभिन्न उपशीर्षकहरू पनि यस परिच्छेदमा समावेश गरिएका छन् ।

ङ) परिच्छेदः पाँच- **चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको मूल्याङ्कन**

यस परिच्छेदमा राष्ट्रियस्तरको तुलनामा चितवनको बालसाहित्य र यस जिल्लाबाट प्रकाशित बालसाहित्यिक कृति र तिनका स्रष्टाहरूको बालसाहित्यका विभिन्न कोणबाट मूल्याङ्कन प्रस्तुत गरिएको छ । मूल्याङ्कनका आधारहरूमा विभिन्न उपशीर्षकहरू पनि दिइएका छन् ।

(च) परिच्छेदः छ– **उपसंहार**

यस परिच्छेदमा समग्र शोधकार्यको संक्षिप्त निचोड प्रस्तुत गरिएको छ भने चितवनको बालसाहित्यका सम्बन्धमा आफ्ना धारणा र विचार पनि राखिएको छ ।

यसरी प्रस्तुत शोधपत्रका मुख्य छ परिच्छेद रहेका छन् । अन्तिममा परिशिष्ट खण्ड दिई विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली नमूना, मौखिक कुराकानीको स्रोतविवरण खुलाइएको छ । यसप्रकार प्रस्तुत शोधपत्रलाई आन्तरिक र बाह्य संरचना तथा आदिभाग, मध्यभाग र अन्त्यभाग निर्माणद्वारा सर्वाङ्गपूर्ण बनाएर प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीसूची समावेश गरिएको छ ।

# परिच्छेद : दुई

# बालसाहित्यको सैद्धान्तिक अवधारणा

## २.१ परिचय र परिभाषा

'बाल' र 'साहित्य' शब्दको संयुक्त रूपबाट नै बाल-साहित्य बनेको पाइन्छ । 'बाल' शब्दद्वारा छ वर्ष आयुदेखि पन्ध्र वर्षसम्मका विद्यालय तहमा अध्ययनरत किशोर-किशोरीलाई बुझाइन्छ भने 'साहित्य' शब्दबाट मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको एक विशिष्ट विधालाई जनाइन्छ । 'बालसाहित्य' बालबालिकाका मनोभावनालाई बुझेर लेखिन्छ । त्यसो त यसको सोझो अर्थले बालबालिकाका लागि लेखिने र बालबालिकाहरूद्वारा लेखिने साहित्यलाई बुझाइएको पाइन्छ तर बालबालिकाका रचनाहरू आभ्यासिक हुने हुँदा सुपरिष्कृत र सुरमणीय अर्थ द्योतक साहित्यशब्दको क्षेत्रमा पर्ने बालसाहित्य प्रौढ लेखकहरूद्वारा बालबालिकाको सर्वाङ्गीण हितकारी रचनामा केन्द्रित हुन्छ र तदनुकूलको साहित्य नै बालसाहित्यको फाँटमा आबद्ध मानिन्छ । यस प्रकार बालसाहित्य त्यो विशााल क्षेत्र हो जहाँ बालहितकारी तथा ज्ञानमूलक साहित्य र लोकसाहित्य समाहित भएको पाइन्छ । बालसाहित्यको अर्थ यतिमै मात्र पर्याप्त देखिँदैन । समग्रमा बालसाहित्यलाई बुझ्ने हो भने यसको परिभाषा र विभिन्न लेखकहरूद्वारा व्यक्त गरिएका यसप्रतिको दृष्टिकोणको पनि अध्ययन गर्नु आवश्यक ठानिन्छ । त्यसैले यहाँ नेपाली भाषाका लेखकका साथै बालसाहित्यसम्बन्धी लेखकहरूका धारणा र विचारलाई प्रस्तुत गरिएको छ :

'बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य नै बालसाहित्य हो ।' [१]

'सुकोमल हृदयमा ज्ञानविज्ञानका गहिराइभन्दा गहिरा विषयहरूलाई सुकोमल भाषा एवम् शैलीमा व्यक्त गरिएको सरल र सुबोध अभिव्यक्तिको कलिलो प्रभाव पार्ने सुललित साहित्यलाई बालसाहित्यको संज्ञा दिन सकिन्छ ।' [२]

---

१ राजेन्द्र सुवेदी, ' नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान ', **सुनकोशी** ( वार्षिक ) , पूर्णाङ्क २, २०५३, पृ. ७५ ।

२ नरेन्द्र चापागाईं,, **नेपाली बालसाहित्यको स्थिति : केही सृष्टि केही दृष्टि**, ललितपुर, साझा प्रकाशन, २०४३ पृ. ८ ।

'बालमनोविज्ञानको आडमा बालरुचिअनुकूलको नैतिक, आध्यात्मिक, वैज्ञानिक चेतना दिने, राष्ट्रिय वातावरणयुक्त बाल समस्यालाई ध्यान दिएर लेखिएको बालउमेरअनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बालसाहित्य हो ।' [३]

'बालसाहित्य विशेष गरी पाठककेन्द्रित हुन्छ । यसमा पाठकको मानसिक स्तर, उमेर, भाषाजस्ता कुराहरूको विचार गरिन्छ । ...... बालसाहित्यले पाठ्यपुस्तकको उद्देश्य पूरा गर्न सक्दैन, बालसाहित्यको उद्देश्य पनि पाठ्यपुस्तकले पूरा गर्न सक्दैन ।' [४]

'स्वतन्त्र बालसाहित्यलाई बालबालिकाले जीवनमा लादिएको शैक्षिक बोझका रूपमा होइन, बरु एउटा स्वतन्त्र मनोरञ्जन र रुचिकर क्रीडाका रूपमा लिई त्यसबाट आफ्ना लागि यथेष्ट मानसिक बौद्धिक खुराक ग्रहण गर्दछन् । त्यसो हुनाले यसको असर चिरस्थायी र दूरगामी हुन्छ ।' [५]

'बालबालिकाहरूले बुझ्न सक्ने, सजिलो भाषाशैलीमा बालमनोविज्ञानका आधारमा तयार पारिएका लयात्मक, कथात्मक, औत्सुक्यपन भएको साहित्य नै बालोचित साहित्य हो ।' [६]

'बालसाहित्यले छोटो, मीठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोकसाहित्यबाट ऊर्जा बटुल्दछ । त्यसैले बालसाहित्यमा उर्वर मस्तिष्कका उपयोगी विचार, इतिहास र संस्कृतिको मूल्यवान् सामाजिक भौगोलिक सुन्दर दृश्य तथा समाजका अनेकौं पक्ष देखिन्छन् ।' [७]

'बालकका लागि उपयुक्त हुने ज्ञानमूलक, मनोरञ्जनमूलक त्यस्तो साहित्यलाई बालसाहित्य भन्न सकिन्छ जसले ज्ञान र आनन्द दुवै प्रदान गर्छ ।' [८]

'बालसाहित्य भनेको लामो जीवनको प्रारम्भिक कालको अथवा भनौं निर्णायक कालको अवस्थामा रहेको मानिसको भाव, भावना तथा विचारसँग सम्बद्ध कथा, कविता, निबन्धआदिलाई लिनुपर्दछ ।' [९]

---

३ अच्युतशरण अर्याल, **नेपाली बालसाहित्यको रूपरेखा**, स्याङ्जा, डिल्लीप्रसाद अर्याल, २०४५, पृ. १५ ।

४ चूडामणि बन्धु, 'बालसाहित्य, अस्तित्व र प्रयोजन', **बालसाहित्य** (वार्षिक) , २०४५, पृ. ३ ।

५ रमेश विकल, 'बालसाहित्य एक हाँकपूर्ण कार्य, ऐ. पृ. १२ ।

६ गोविन्दराज विनोदी, 'बालसाहित्य आधुनिक परिवेशमा', ऐ.. पृ. ४१ ।

७ जीवेन्द्रदेव गिरी, 'नेपाली पत्रपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान', **प्रलेस** (त्रैमासिक) , पूर्णाङ्क १०, माघ-चैत्र, २०५४, पृ. १०२ ।

८ केशवप्रसाद उपाध्याय, 'बालसाहित्यको विषयचयनमा समयसापेक्ष्यता' ऐ . पृ . ११ ।

९ माधवलाल कर्माचार्य, 'बालसाहित्यको विषयचयनमा समयसापेक्ष्यता ' ऐ. २०५४ पृ. ७-९ ।

'बालबालिकाहरूको आफ्नै संसार, आफ्नै परिवेश र भाषा तथा सोचाइको धरातललाई त्यही अनुकूलको भाव, भाषा र संवेदनाको स्तरमा प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सक्नु बालसाहित्यको सफलता हो ।' [१०]

'लेखनकार्यको त्यो अङ्ग बालसाहित्य हो जो नयाँ पुस्ताका लागि चित्रद्वारा चित्ताकर्षक पारिएको हुन्छ । यो विश्वसाहित्यको नयाँ कामको रूपमा देखा परेको स्तरीय ज्ञानभण्डारमूलक साहित्य हो । यसमा चित्र, किताब, पढ्न सजिला कथाआदि केटाकेटीलाई सम्प्रेषण हुने गरी लेखिन्छ । [११]

'बालबालिकाहरूलाई मनोरञ्जन दिने, रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञान विज्ञानका विविध विषयसम्बन्धमा जानकारी दिने वषयवस्तुलाई उनीहरूको उमेरअनुसारको सरल, सरस भाषामा रोचक तबरले लेखी रङ्गीन चित्रहरूसमेत सकेसम्म समाविष्ट गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति नै बालसाहित्य हो ।' [१२]

'बालबालिकाको साहित्य नै बालसाहित्य हो । बालसाहित्य शब्दको प्रयोग दुई अर्थमा गरिन्छः पहिलो बालबालिकाले लेखेको साहित्य र दोस्रो बालबालिकाका निम्ति अरूले लेखेको साहित्य ।' [१३]

'सामान्य भाषामा बालपाठकको रूचिमा लेखिएको साहित्य जसलाई बालकले रुचाउँछन् र बारम्बार पढ्छन्, त्यो बालसाहित्य हो । ……… यस्ता साहित्यले उनीहरूको मानसिकतामा परिवर्तन ल्याउँछन् र यथार्थ जीवनपथमा हिँड्न सिकाउँछ ।' [१४]

'बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य पाठ्य सामग्रीमा आप्लावित ज्ञान, सीप, चरित्रप्रवृत्ति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्गनिर्देशन हो ।' [१५]

---

[१०] विजय चालिसे, 'बालकहरूलाई माया गर्ने कृष्ण दाइः बालसाहित्यको सन्दर्भमा', **कृष्णप्रसाद पराजुलीः आस्थाका आयाम**, २०४६, पृ. ३६० ।

[११] **इन्साइक्लोपिडिया अफ लिट्रेचर**, १९९५, पृ. २३७ ।

[१२] प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, विवेक सिर्जनशील प्रकाशन काठमाडौं ,२०६१, पृ. २५ ।

[१३] **नेपाली बाल-विश्वकोश**, नेपाल बालसाहित्य समाज, २०६१, पृ. ३३४ ।

[१४] श्याम भट्टराई ,'मनोवैज्ञानिक दृष्टिमा बालसाहित्य', **गोरखापत्र** ( दैनिक ), चैत ३०, २०५३, शनिवार परिशिष्ट खण्ड ।

[१५] भिक्टर प्रधान, 'बालसाहित्यको अर्थ,उद्देश्य र आधुनिकता', **बालसाहित्य**, २०५३, पृ. ५-११ ।

'अविकसित बालकलाई मनोरञ्जन दिँदै निर्माणका कार्यतर्फ, राष्ट्र र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बालसाहित्यको हो । विदेशमा बालसाहित्यको ठूलो विकास भएको छ । नेपालीमा बालसाहित्यको ठूलो अभाव छ ।' [१६]

'बालसाहित्यको रचना प्रौढ व्यक्तिहरूद्वारा नै हुने हुनाले यो कार्य सजिलै हुन्छ भन्ने धारणा देखिए पनि वास्तवमा यो काम त्यति सहज छैन । यसको रचना गर्दा लेखकले आफ्नो मस्तिष्करूपी ठूलो सागरबाट छानेर, माझेर, टिपेर, बुनेर उनीहरूलाई सुहाउने खालको रचना तयार हुनुपर्छ । ...... बालसाहित्यको विषयवस्तु र चित्र दुवै उनीहरूको शारीरिक र मानसिक गहिराइसँग मिल्ने खालको हुनुपर्छ ।' [१७]

'बालसाहित्य जति सहज, सरल र मनोरञ्जनपूर्ण र आकर्षक हुन्छ त्यति नै यसको लेखा, चित्राङ्कन र प्रकाशन गम्भीर, जटिल र चुनौतिपूर्णसमेत रहेको छ । बालसाहित्य बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसका प्रत्येक पक्षमा पूर्वयोजना अति नै जरुरी हुनजान्छ ।' [१८]

यसप्रकार बालसाहित्यका बारेमा नेपाली भाषाका लेखक एवम् बालसाहित्यकारहरूले आ-आफ्नै किसिमले विचार या धारणा प्रस्तुत गरेको पाइन्छ । यी सबै भनाइ र त्यसप्रतिको अनुभवका बारेमा समष्टि अध्ययनपश्चात् बालसाहित्य सिर्जनाका निम्न कुराहरू आवश्यक पर्दा रहेछन् भन्ने कुराहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

क) बालउमेरअनुसारको सिर्जना,
ख) बालभाषा (सरल र रोचक भाषा) को प्रयोग,
ग) रोचक प्रस्तुति अर्थात् शैली,
घ) मनोरञ्जन, राष्ट्र तथा संस्कृतिप्रेम, ज्ञानविज्ञानका विविध विषयबारे जानकारी प्रदान गर्ने र सिर्जनात्मक बन्न प्रेरणा दिने विषयवस्तु,
ङ) रङ्ग र चित्रको अनिवार्य प्रस्तुति,
च) कलात्मक एवम् आकर्षक मुद्रण,
छ) लयात्मकता, कथात्मकता र औत्सुक्यपनाले भरिपूर्ण प्रस्तुतीकरण ।

---

[१६] तारानाथ शर्मा , 'साझा प्रकाशनका २०४० मा प्रकाशित पुस्तक (समसामयिक सन्दर्भ), **गरिमा** (मासिक) पूर्णाङ्क १७, वैशाख २०४१, पृ. १०६ ।

[१७] रञ्जुश्री पराजुली, 'मानसिक विकासमा बालसाहित्यको भूमिका', **बालसाहित्य** (वार्षिक), २०४८, पृ. ३६ ।

[१८] नरहरि आचार्य, 'बालसाहित्यलेखन : विषय र माध्यमचयनको प्रश्न', ऐ. २०४७ पृ. १३ ।

यी उपर्युक्त बुँदाहरूका आधारमा बालसाहित्यलाई चिनाउनुपर्दा विभिन्न उमेरसमूहका बालबालिकाहरूलाई मनोरञ्जनदिने, रचनात्मक एवम् सिर्जनात्मक बाटोतर्फ डोऱ्याउने र ज्ञानविज्ञानका विविध विषयवस्तुको जानकारी दिने रङ्गीन चित्रहरूले चित्ताकर्षक र कलात्मक तरिकाले प्रकाशन गरिएका लयात्मक, कथात्मक र औत्सुक्यपूर्ण विविध विधाका कृतिहरू नै बालसाहित्य हुन् । बालसाहित्यले देशका तमाम बालबालिकालाई शिक्षाको अपरिहार्य महत्त्व अवगत गराई त्यतातिर अभिप्रेरित गर्न र आफ्ना अधिकार र कर्त्तव्यप्रति सचेत बन्न गहन भूमिका खेल्छ र राष्ट्रका भविष्य बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, सांवेगिक, सिर्जनात्मक, सामाजिक एवम् भाषिक पक्षहरूको सन्तुलित विकासमा अमूल्य सहयोग पुऱ्याउँछ ।

## २.२. बालसाहित्यको वर्गीकरण

कुनै पनि देशमा जति धेरै बालसाहित्यिक कृतिहरू लेखिन्छन् त्यति नै राष्ट्रको साहित्यिक सम्पन्नता चुलिएको हुन्छ । नेपाली भूमिमा अहिले आएर मात्र बालसाहित्यलाई ध्यान दिन थालिएको छ । यस्तो स्थितिमा नेपाली भाषामा सीमित संख्यामा बालसाहित्यिक कृतिहरू हुनु अस्वाभाविक होइन । नेपाली बालसाहित्य लोकबालसाहित्यको लामो कालखण्ड पार गरी लिखित बालसाहित्यमा फड्को मारेको छ । त्यसैले विकासका दृष्टिले नेपाली बालसाहित्यलाई यसरी वर्गीकरण गर्न सकिन्छ :

### २.२.१ लोक बालसाहित्य

लिखित बालसाहित्यअघि जुनसुकै भाषाको साहित्यमा पनि लोकबालसाहित्यको आफ्नै विशिष्ट मौलिक परम्परा हुनेगर्छ र नेपाली बालसाहित्यको स्थिति पनि यो यथार्थताभन्दा टाढा छैन । 'लोक कथा, लोक कविता/गीत, गाउँखाने कथाआदि विधाहरूमा छरिएका लोक बालसाहित्य लोक समाजमा बालबालिकाहरूको मुखपरम्परामा सुरक्षित रहन्छन् ।' [१९]

---

[१९] चूडामणि बन्धु, 'बालसाहित्यः अस्तित्व र प्रयोजन', **बालसाहित्य** ( वार्षिक ), २०४५, पृ. ३ ।

लोक बालसाहित्यको अध्ययनलाई पनि तीन उपशीर्षकमा विभाजन गरेर हेर्न सकिन्छ :

## २.२.१.१ बाल लोकगीत/कविता

नेपाली समाजमा प्रचलित बाल लोकगीत/कविता धेरै किसिमका छन् । ती गीत वा कविताहरू कतिपय उमेरका हिसाबले रचिएका छन् भने कतिपय विषयलाई महत्ता दिई लेखिएका छन् । उमेरका दृष्टिले सबैभन्दा साना बालबालिकाहरूलाई फकाउँन, खेलाउन, सुताउन र हँसाउनका लागि अभिभावकले गुनगुनाउने गीतलाई 'शिशुगीत' भनिन्छ । 'घाङ्गुजी आयो', 'नाँचन नानी नाँचन', 'ताराबाजी लैलै' जस्ता बाल लोकगीतहरू यसै अन्तर्गत पर्दछन् । बाल लोकगीतको अर्को प्रकारलाई 'खेलगीत' भनिन्छ । यस्ता गीतहरूमा 'चीँ मुसी चीँ', 'ढुकुमुकु ढुकुमुकु कसको हात', 'उर्कुची मुर्कुची दाना दुर्कुची' आदि पर्दछन् । कुनै विषयगत कथा, घटना वा सन्दर्भलाई बालगीतहरूमा प्रस्तुत गरिएको हुन्छ भने त्यस्ता लोकगीतलाई 'विषयगत' बाल लोकगीत भनिन्छ । यस्ता गीतहरूमा 'कुखुरी काँ', 'पटपट टोपी' र 'जब पुग्यो एक' आदि उल्लेखनीय छन् । यसबाहेक पनि हाम्रो समाजमा थुप्रै  लोक बालगीतहरू छन् जसको आफ्नै विशिष्ट महत्त्व छ । यस्ता गीतहरूमा 'घामपानी घामपानी', ' हरहर महादेउ', ' दुगुर कुइरा', 'ऐया आमा घैया पाक्यो', 'यो घर कसको आलेको' लाई लिन सकिन्छ ।

## २.२.१.२ बाल लोककथा

नेपाली समाजमा चौतारीमा, अँगेनामा वा पिँढीमा बालबालिकाहरूलाई भेला गराएर कथा भन्ने प्रचलन परम्परागत रूपमा रहिआएको छ । 'एकादेशमा....' बाट शुरु भई 'सुन्नेलाई सुनको माला....' भनेर टुङ्ग्याइएका ऐतिहासिक, पौराणिक, औपदेशिक कथाहरू बाल लोककथा हुन् । नेपाली बाल लोककथालाई सजिलोको लागि चार वर्गमा विभाजन गरी अध्ययन गर्न सकिन्छ : मानवीय पात्रहरू, मानवेतर पात्रहरू, पशुपक्षी पात्रहरू र अन्य । त्यसो त नेपाली लोककथालाई विभिन्न विद्वान्हरूले आ-आफ्ना किसिमले वर्गीकरण गरेका छन् । तुलसी दिवसले दश वर्गमा वर्गीकरण गरेका छन् :- १. सांस्कृतिक २. अर्ती-उपदेश ३. पशुपक्षी ४. मानवस्वभाव ५. भूतप्रेतसम्बन्धी ६. दैवी ७. फलफूल ८.

बहादुरी र साहस ९. धार्मिक र १०. विविध । शरच्चन्द्र शर्माले स्थान कथा, व्रत कथा, वीर कथा, प्रेम कथा, परी कथा, पशु कथा, भूतप्रेत कथा, बोक्सी कथा, सन्त कथा र हास्य कथाजस्ता लोककथाका विविध भेदका चर्चा गरेका छन् । यस्तै अच्युतशरण अर्यालले नीति-उपदेशमूलक कथा, पुराण- देवासुर- अवतार कथा, पशुपक्षी-भूतप्रेत कथा, ऐतिहासिक दन्त्य कथा र उखान कथा गरी पाँच वर्गमा विभाजन गरेका छन् ।

## २.२.१.३ गाउँखाने कथा

'नेपाली बालसाहित्यको अमूल्य निधिका रूपमा रहेको गाउँखाने कथाको पनि आफ्नै पहिचान रहेको छ । यस्ता गाउँखाने कथाहरू समस्यापूर्तिका रूपमा प्रश्न बनेर सबैका सामु खडा हुन्छ र साधारण देखिने यसभित्र गूढार्थ लुकेको पाइन्छ ।' [२०] उदाहरणका लागिः

नौतले घरको झ्याल न ढोका के हो ? – बाँस

एकसिङ्गे गाई ड्वाँ ड्वाँ मचाई के हो ? – जाँतो

घरभरि कपडा नरमाने नाङ्गै के हो ? – फर्सी

नेपाली बालसमाजमा अनेक किसिमका गाउँखाने कथा प्रचलित छन् र तिनीहरूले हाम्रो जीवनमा बौद्धिकतालाई प्रमाणित गरेका छन् । बालबालिकाहरूले आफ्नो बुद्धि तिखार्ने, चिन्तन गर्ने, भाषिक ज्ञानको वृद्धि गर्ने, तर्क गर्ने शक्ति बढाउनेजस्ता लाभ प्राप्त गर्नुका साथै पर्याप्त मनोरञ्जन प्राप्त गर्ने हुँदा नेपाली समाजमा यसको आफ्नै महत्त्व देखिन्छ ।

## २.२.२ लिखित बालसाहित्य

बालबालिकाहरूको औपचारिक शिक्षाका लागि लेखिएका पाठ्यपुस्तक, अन्य सहायक पठन-सामग्री र अनौपचारिक शिक्षा-सामग्रीलाई लिखित बालसाहित्यअन्तर्गत लिन सकिन्छ । हाम्रो समाजमा ज्ञान र चेतनाको वृद्धि हुँदै जाँदा बालबालिकाहरूको बौद्धिक-मानसिक विकासका लागि लोक बालसाहित्यको परम्परापछि लिखित बालसाहित्यको परम्परा क्रमिक

---

[२०] विजय चालिसे , **डोटेली लोकसंस्कृति र साहित्य**, ललितपुरः साझा प्रकाशन, २०३९, पृ. १५२ ।

रूपमा अघि बढेको पाइन्छ । लिखित बालसाहित्यलाई पनि पाठ्य बालसाहित्य र पाठ्येतर बालसाहित्य गरी दुई चरणमा विभक्त गर्न सकिन्छ :-

### २.२.२.१ पाठ्य बालसाहित्य

नेपाली भाषामा पाठ्य बालसाहित्यको लेखनक्रम राणाकालीन राजनीतिक निरङ्कुशताका कारण शिक्षा क्षेत्रमा बन्देज लगाइएको हुँदा अत्यन्त ढिलो शुरु भएको पाइन्छ । देशमा शैक्षिक जागरण, अध्ययनप्रणालीको विकास, चेतनाको द्वार र पाठ्यक्रमको निर्माण नभएसम्म पाठ्य बालसाहित्य लेखन सम्भव हुँदैन । बालबालिकाहरूलाई औपचारिक शिक्षा दिनका लागि पाठ्यक्रममा समाविष्ट गरिएका बालरुचिअनुकूलका सामग्रीहरू र पाठ्यपुस्तकको अभावलाई दृष्टिगत गरी निस्किएका ज्ञानमूलक पुस्तकहरू नै पाठ्य-बालसाहित्य हुन् । पाठ्य बालसाहित्यको सम्बन्ध सरकारको शिक्षा नीति, पाठ्यक्रम र पाठ्य विषयहरूसँग रहेको हुन्छ । अन्तर्राष्ट्रिय बालवर्ष मनाएपछि यस्ता पाठ्य बालसाहित्यको प्रकाशन अधिक रूपमा भएको देखिन्छ ।

### २.२.२.२ पाठ्येतर बालसाहित्य

विद्यालयको औपचारिक पठनपाठन र पाठ्यक्रमलाई आधार नमानी स्वतन्त्रतापूर्वक लेखिएका बालरुचिअनुकूलका पुस्तकहरू नै वास्तवमा पाठ्येतर बालसाहित्य हुन् । बालबालिकालाई पाठ्यपुस्तकका अतिरिक्त अनौपचारिक पाठ्य सामग्रीको पनि आवश्यकता हुन्छ । 'पाठ्येतर बालसाहित्यबाट भविष्यका कर्णधार बालबालिकाहरूको सामाजिक, मानसिक, बौद्धिक, शैक्षिक, भाषिक र सिर्जनात्मक क्षमताको समुचित र सन्तुलित विकासमा महत्त्वपूर्ण योगदान हुने हुँदा नेपालमा यसको विकास समपेक्षित छ ।'[२१] पाठ्येतर बालसाहित्यअन्तर्गत बालकविता/ बालगीत/ बालखण्डकाव्य/ बालगजल/ बालहाइकू, बालकथा, बालउपन्यास, बालएकाङ्की/ बालनाटक, बालोपयोगी जीवनी, बालनिबन्ध,

---

[२१] रामचन्द्र लम्साल र अच्युतशरण अर्याल, **नेपाली बालसाहित्यकार कोश**, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, २०६६, भूमिका खण्ड ।

चित्रकथा/ चित्रपुस्तक, बालअन्तर्वार्ता, अनूदित बालपुस्तकहरूजस्ता विधाहरूमा प्रौढ लेखकहरूद्वारा रचित पुस्तकाकार कृतिहरू पर्दछन् ।

यसरी समग्रमा सृष्टिका सर्वोत्तम सिर्जना बालबालिकाहरूलाई मनोरञ्जन, जिज्ञासाहरूको समाधान, ज्ञानको प्रवर्द्धन, चेतना एवम् परिष्कृत सोचको विकास, सिर्जनशीलता, भाषिक क्षमताको विकास र चारित्रिक सुधार गर्ने जस्ता विविध प्रयोजनको निम्ति लेखिएका बालसाहित्यको वर्गीकरण आफ्नै किसिमले गरिएको पाइन्छ ।

## २.३. नेपाली बालसाहित्यको विधागत चिनारी

बालबालिकाहरूको स्वतन्त्र व्यक्तित्वमा ध्यान दिँदै चौंतर्फी बौद्धिक विकास र सिर्जनशील बनाउँने उद्देश्यले लेखिएका पाठ्येतर बालसाहित्य विविध विधाहरूमा बाँडिएको पाइन्छ । हरेक विधाहरूका आ-आफ्नै विधागत मान्यताहरू रहेको पाइन्छ । यहाँ नेपाली बालसाहित्यका विधागत चिनारीलाई सविस्तार प्रस्तुत गरिएको छ :

### २.३.१ बालगीत/ बालकविता

बालअनुभूतिको सरल र गेय शब्दमा छन्दयुक्त सङ्गीतमय अभिव्यक्ति नै बालगीत/ बालकविता हो । बालकहरूको भाषिक बोलाइ सीपको विकासमा बालगीत र कविताको महत्त्वपूर्ण स्थान देखिन्छ । ' बालकले कोकामा छँदै देखि बालगीत सुन्छ । टुकुटुकु हिँड्न थालेपछि त बालबालिका बोल्न र खेल्न सँगसँगै सिक्छन् । त्यहाँ उनीहरू 'चाममुठी नानी' र 'ताराबाजी लैलै' गर्छन्, झ्याँतै तुली खेल्छन् । अझ पछि त उनीहरू पशुपक्षीसँग कुरा गरेझैं गरेर पनि गाउँन र रमाउन थाल्छन् । 'बब बाँ बुबु दे' होस् वा 'चीँ मुसी चीँ ' होस् अथवा 'कुखुरी काँ' नै होस् उनीहरू खुरुक्क टिप्छन् ।' [२२] बालकहरू स्वभावैले सङ्गीतप्रिय हुने भएकाले बालगीत वा कविता बालसाहित्यको लोकप्रिय विधा हो । बालगीत वा कविताका बारेमा स्रष्टाहरूको आ-आफ्नै परिभाषा भए पनि संक्षिप्तता, सरलता, लयात्मकता, गेयता, स्वाभाविकता र बालसुलभताजस्ता विशेषताहरू नै यस विधाको चिनारी हो ।

---

[२२] कृष्णप्रसाद पराजुली, 'बाल साहित्यको लेखन र भाषा', 'भाषाको माया', काठमाडौं, रत्नपुस्तक भण्डार , २०४४, पृ. ७१ ।

## २.३.२ बालकथा

बालकहरू कथा भनेपछि हुरुक्क हुन्छन् । यसको मूल कारण उनीहरूमा रहेको मनोवैज्ञानिक रुचि र भावुक तत्त्व हो । आठ वर्ष उमेर पुगेका बालबालिकाहरूमा रहेको जिज्ञासा कथाका माध्यमबाट शान्त पार्न सकिन्छ भन्ने अरस्तुको पनि भनाइ रहेको छ । 'अशिक्षित आमा बज्यैका काखमा बसेका केटाकेटीले काल्पनिक कथाका नायक नायिकाको बहादुरी, साहस, चमत्कारआदि उत्सुकतापूर्वक कान ठाडो पारेर सुनेको हामी कल्पना गर्न सक्छौं । यस्तै विषयबाट बालकथाको विकास भएको हो । फूर्सदका समयमा सुनाइएका यस्ता कथाले बालबच्चा शान्त भएको र बदमासी गर्न थाल्दा कथा सुनाउँछु भन्दा ज्ञानी भएको अनि कथा सुन्दा सुन्दै निदाएको प्रसङ्गबाट उनीहरूका लागि बालकथा कति रुचिकर हुँदो रहेछ भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ ।' [२३] 'बालकथाको मुख्य उद्देश्य बालबालिकालाई मनोरञ्जन प्रदान गर्दै उनीहरूको व्यक्तित्व विकास गराउनु हो । यसका विचार र शिल्प दुई पक्ष हुन्छन् । विचार पक्षभित्र कथाको विषय, कथाको रूपरेखा वा कथानक, कथाले दिने सन्देश, विषयवस्तु, घटना, समस्या, द्वन्द्वआदि पर्दछन् भने शिल्प पक्षभित्र कथा सुनाउने, लेख्ने वा प्रस्तुत गर्ने तरिका, सीप वा प्रविधि पर्दछ । भाषा, शैली, शब्द र वाक्य, संवाद, उखान र टुक्काको प्रयोग पनि शिल्प पक्षभित्रै अटाएका हुन्छन् ।'[२४] यसरी समग्रमा बालबालिकाको भावना र व्यवहार बुझेर प्रभावकारी ढङ्गले गरिएको सचित्र प्रस्तुति नै बालकथा हो ।

## २.३.३ बालउपन्यास

जीवन र जगत्लाई नजीकबाट हेरेर त्यसको भित्री तहसम्म पुगी सम्पूर्ण यथार्थ चित्र लिएर अभिव्यक्ति दिने एक सशक्त र लोकप्रिय बालसाहित्यिक विधा बालउपन्यास हो । 'उपन्यासका माध्यमबाट बालबालिकाहरूलाई ज्ञान, सूचना र यथार्थ संसारको बृहत् जानकारी रोचक तरिकाले दिन सकिन्छ ।'[२५] 'बालबालिकाका लागि लेखिने उपन्यासमा बालरुचिअनुकूल विभिन्न विषयका कथानक हुन सक्छन् तर प्रेम, राजनीति र दर्शनजस्ता

---

[२३] रञ्जुश्री पराजुली, 'नेपाली बालकथाको विकासक्रम', **सुनकोशी** (वार्षिक), पूर्णाङ्क २, २०५३, पृ. १०२ ।

[२४] विनयकुमार कसजू , **बालकथा लेखन**, काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६३, पृ. ९ ।

[२५] प्रमोद प्रधान, **नेपाली बालसाहित्यको इतिहास**, विवेक सिर्जनशील प्रकाशन,२०६१, पृ. १०७ ।

विषयहरू उपयुक्त हुन सक्दैनन् ।'[२६] बालउपन्यासलाई विषयवस्तुका दृष्टिले सामाजिक, ऐतिहासिक, भौगोलिक, वैज्ञानिक, साहसिक, रहस्य र अन्य किसिमले बाँड्न सकिन्छ । बालउपन्यासका माध्यमबाट बालबालिकाहरूलाई इतिहास, भूगोल, विज्ञानआदि विषयगत ज्ञान रोचक तरिकाले दिन सकिन्छ ।

## २.३.४ बालएकाङ्की/ बालनाटक

बालबालिकामा अनुकरणको प्रवृत्ति बढी नै हुन्छ । खास गरेर बालबालिकाहरू सहज र विचारपूर्ण अर्थात् आदर्श अनुकरण गर्दछन् । यसरी बालबालिकामा रहेको प्रतिभा प्रकाशनको माध्यम बालनाटक वा बालएकाङ्की हुनसक्छ । साथै यसको अर्को पक्ष पनि छ - 'बालबालिकाहरूमा केहीलाई छाडेर अरूमा शब्द भण्डारको कमी हुनुका साथै वाक्यरचना र भावगुम्फनलाई बुझ्न सक्ने क्षमता अत्यन्त कम हुन्छ । त्यसैले बालबालिकाहरूले अध्ययनभन्दा मञ्चित नाटकलाई हेरेर विषयवस्तुलाई बढी सहज र सरल किसिमले बुझ्नु स्वाभाविकै हो । यस्ता नाटकले उनीहरूमा उत्कण्ठा, प्रेरणा र जाँगर जाग्रत पारेर सुषुप्त रूपमा रहेको प्रतिभा प्रस्फुटित गर्न मद्दत पुऱ्याउँछ ।'[२७] बालनाटक लेखनमा सरल विषयवस्तु, बालसुलभ छोटा र स्पष्ट संवाद, बोलचालको भाषा, थोरै पात्रपात्राहरूको छनोटका साथै रोचक र कौतूहलपूर्ण कथानकजस्ता कुरालाई पनि उपेक्षा गर्नु हुँदैन ।'[२८] यसरी समग्रमा अन्धविश्वास र अपसंस्कृतिको विरोध र वातावरण संरक्षणमा जोड दिँदै बालपात्रपात्राहरूको उपस्थितिमा अभिनयमूलक छोटा संवादयोजना र सरल, स्पष्ट तथा सुकोमल भाषिक प्रयुक्ति भएको दृश्य विधा नै बालनाटक वा बालएकाङ्की मानिन्छ ।

## २.३.५ बालोपयोगी जीवनी

जीवनी कुनै पनि राष्ट्रिय, अन्तर्राष्ट्रिय विभूतिको यथार्थ जीवनमा आधारित विवरण हो । यो विधा नेपाली साहित्यमा त्यति विकसित नभए पनि बालसाहित्यमा यस विधाले लोकप्रियता कमाएको देखिन्छ । 'खास गरेर ऐतिहासिक, सामाजिक, साहित्यिक, वैज्ञानिक,

---

[२६] अच्युतशरण अर्याल, 'बालबालिकाका लागि उपन्यासको महत्व',**नेपाली बालसाहित्यकारकोश**, पूर्ववत् , पृ. २० ।

[२७] गेहेन्द्रमान उदास 'पोखरेली', 'बालनाटक', **बालसाहित्य** (वार्षिक), २०४५, पृ. ३७ ।

[२८] प्रमोद प्रधान, पूर्ववत्, पृ. ११४ ।

राजनैतिक विभूतिहरूको सम्पूर्ण परिचय दिने उद्देश्यले बालजीवनी लेख्ने गरिन्छ ।'[२९] बालोपयोगी जीवनी लेख्न त्यति सजिलो छैन किनकि जीवनी कुनै पनि व्यक्तिको सोझो विवरणमात्र होइन, यो त कलात्मक हुनैपर्छ र घटनाहरूको सत्य तथ्य विवरणका साथसाथै प्रस्तुति बालबालिकाहरूको मन छुने किसिमले गरिएको हुनुपर्छ । बालबालिकाहरू काल्पनिकभन्दा यथार्थ जीवनका कथाहरू पढ्न रुचाउने हुनाले बालोपयोगी जीवनी लेख्नेले प्रेरणास्पद व्यक्तित्वको चयन, तथ्यहरूको सङ्कलन र सरल भाषामा रोचक प्रस्तुतिजस्ता कुरामा ध्यान दिनु जरुरी हुन्छ । बालोपयोगी जीवनी प्रस्तुतिका दृष्टिले वर्णनात्मक र कथात्मक गरी दुई किसिमका पाइन्छन् । वर्णनात्मक जीवनीमा सम्बन्धित व्यक्तिको जन्म, बाल्यकाल, प्रमुख घटना, विचार र दृष्टिकोणका साथसाथै योगदानलाई तथ्यका साथ प्रस्तुत गरिन्छ भने कथात्मक जीवनीमा सबै कुरा हुँदा हुदै पनि रोचकता प्रदान गर्नका लागि कथात्मक स्वरूप दिइएको हुन्छ तर कथात्मक जीवनी कथा भने होइन । 'कथात्मक जीवनी किन पनि कथा होइन भने त्यसमा कथामा झैँ जीवनीको खास क्षणको अभिव्यक्ति नभएर समग्र जीवनको चर्चा हुन्छ । जीवनीमा उपन्यासको जस्तो विस्तृति वा व्यापकता हुन्छ, समग्र जीवनको चित्रण अभीष्ट हो तर समग्र जीवनको चित्रण हुँदैमा कुनै पनि लेखोट उपन्यास बन्न सक्दैन ।'[३०] 'बालकका लागि लेखिने जीवनीको चरित्र नायक कुनै विशिष्ट व्यक्तित्व वा महान् पुरुष हुनुपर्छ । बालक महापुरुषको जीवनी पढेर रोमाञ्चित हुन्छ र ऊ स्वयं जीवनीद्वारा निर्दिष्ट मार्गप्रति लाग्न वा नलाग्न उत्प्रेरित हुन्छ । त्यसैले जीवनी विधा कलिला बालकलाई सत्मार्गमा लगाउने महत्वपूर्ण माध्यम पनि हो ।'[३१] यसर्थः समग्रमा कुनै धार्मिक, राजनैतिक, शिक्षाविद्, सांस्कृतिक, साङ्गीतिक, वैज्ञानिक, साहित्यकारआदि महापुरुषहरूको जीवनवृत्तलाई सरल भाषा र कलात्मक प्रस्तुतिले सिँगारेर बालरुचिअनुकूल बनाएर लेखिने विधा नै बालोपयोगी जीवनी हो ।

### २.३.६ चित्रकथा

चित्रकथाले तस्वीर अर्थात् चित्रसँगसँगै प्रस्तुत् हुने कथालाई बुझाउँछ तर चित्रकथामा घटनालाई चित्रहरूद्वारा प्रस्तुत् गरिने भए पनि कथाको कमबद्ध विकास र

---

[२९] अच्युतशरण अर्याल, पूर्ववत्, पृ. ४५ ।

[३०] कपिल लामिछाने, ' बालजीवनी लेखन ', **बालसाहित्य** (वार्षिक ), २०४७, पृ. ५७ ।

[३१] पूर्ववत् पृ. ५७ ।

घटनाहरूको तारतम्यलाई शब्दद्वारा पनि जोड्ने गरिन्छ । बालबालिकामा भाषिक एवम् शब्दज्ञान अत्यन्त कम हुने भएकाले चित्रकथाले उनीहरूलाई धेरै कुराहरू बुझाउँन प्रभावकारी भूमिका खेल्छ । 'छापिने बालसाहित्यमा बालचित्रकथाले टेलिभिजनकै जस्तो काम गर्दछ - दृश्यकथात्मक । त्यसैले बालकलाई यसप्रति रुचि हुनु स्वाभाविकै हो । आज मुद्रण माध्यममा ग्राफिक कला, अफ् सेट् मुद्रणप्रणाली बढिरहेको बेला बाल साहित्य चित्रकलाविना प्रभावकारी हुन पनि सक्दैन । यही कारणले चित्ररहित कथाबाट सचित्र कथा हुँदै चित्रकथाको विकास भएको हो ।'[३२] एउटा राम्रो चित्रकथाको लागि बालबालिकाहरूलाई छिटो आकर्षण गर्न सकिने निश्चित् कथावस्तु र घटना, मनोरञ्जक र रोचक शैली, नाटकीयता, हास्यपुट, मुख्य चत्रिको सकेसम्म छोटो प्रस्तुति समस्यासँग जुधेर त्यसलाई मुख्य चरित्रद्वारा गरिएको समाधान र मुख्य चरित्रको विजयका साथै सुखद अन्त्य हुनु आवश्यक छ ।'[३३] चित्रकथालाई स्वरूपका आधारमा निःशब्द चित्रकथा, संवादप्रधान चित्रकथा र विवरणप्रधान चित्रकथा गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ । समग्रमा बालमानसिकतामा आश्चर्य उत्सुकताको बीजारोपण गर्ने स्पष्ट, सरल र प्रभावकारी भाषाशैलीमा विषयवस्तुको सचित्र वर्णन गरिएको कथा नै बालचित्रकथा हो ।

## २.३.७ अनुवाद बालसाहित्य

विश्वका विभिन्न भाषामा लेखिएका उत्कृष्ट बाल साहित्यलाई नेपाली भाषामा अनुवाद गरी लेखिएका रचनाहरू नै अनुवाद बालसाहित्य हुन् । 'यस्ता अनुवाद बालसाहित्यका माध्यमबाट नेपाली बालबालिकाहरूले एकातिर उत्कृष्ट बालकृतिहरू पढ्ने सु-अवसर पाउँछन् भने अर्कातिर जुन राष्ट्रको कृति हो, त्यो राष्ट्रको रीतिस्थिति र संस्कृति, खानपिन, भेषभुषा, भूगोल, इतिहास, वातावरणलगायतका विभिन्न विषयका बारेमा पनि थाहा पाउँछन् ।'[३४] अनुवाद आफैंमा एक जिम्मेवारीपूर्ण कार्य हो । प्रत्येक भाषाका आफ्नै विशेषता र मिठास हुन्छन् । ती विशेषता र मिठासलाई अनुवादका समयमा

---

[३२] भिक्टर प्रधान, 'वर्तमान बालरुचि र आवश्यकता : चित्रकथा', **बालसाहित्य** (वार्षिक) , २०४७, पृ. ३३ ।

[३३] मनोरमा जाफा, 'राइटिङ् अ पिक्चर बुक स्टोरी', **राइटिङ फर चिल्ड्रन**, नयाँ दिल्ली, चिल्ड्रन्स बुक ट्रस्ट, १९८२, पृ. ५७-५८ ।

[३४] प्रमोद प्रधान, पूर्ववत्, पृ. १३३ ।

ध्यान नदिएमा अनुवाद रुचिपूर्ण हुँदैन । सैद्धान्तिक रूपले अनुवाद दुई किसिमले गर्ने प्रचलन देखिन्छ : १. मूल कृतिलाई भाषिक रूपान्तरणमात्र गर्नु  २. मूल कृतिलाई मौलिक कृतिका रूपमा प्रस्तुत् गर्नु । लेखकले बालबालिकालाई ती विदेशी कृतिहरूका माध्यमबाट के दिन चाहेका हुन्छन्, त्यो कुरा स्पष्ट भएन भने उनीहरूले गरेको अनुवादको केही अर्थ रहँदैन । तसर्थः अनुवादलाई जिम्मेवारी ठानेर अनुवाद गर्ने कृतिको मूलभूत विशेषता, लेखकको शैली, मूल भाषाको मौलिकता आदिलाई पनि विचार गरेर मात्र अनुवाद गर्नुपर्छ । त्यसो भएमा अनुवाद बालसाहित्यले बालबालिकाहरूमा सकारात्मक प्रभाव छाड्न सक्ने देखिन्छ ।

## २.४. लिखित नेपाली बालसाहित्यको विकासक्रम

नेपाली बाल साहित्य मूलतः लोक बालसाहित्य र लिखित बालसाहित्य गरी दुई भागमा बाँडिएको छ । बालबालिकाहरूको औपचारिक शिक्षाका लागि लेखिएका पाठ्यपुस्तक, अन्य पठनसामग्री र अनौपचारिक शिक्षण सामग्रीलाई लिखित बालसाहित्यअन्तर्गत लिन सकिन्छ । नेपाली बालसाहित्य लोक बालसाहित्यको लामो कालखण्ड पार गरी लिखित बालसाहित्यमा फड्को मारेको पाइन्छ । 'बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिनका लागि पुस्तकहरूको अभावलाई दृष्टिगत गरी निस्केका पुस्तकहरूमा अहिलेसम्मको खोज र अन्वेषणले पहिलो पुस्तक हुने श्रेय **गोर्खा पैह्ला किताब** (वि.सं १९४९) ले प्राप्त गरेको छ । बाल पाठ्यपुस्तकको रूपमा निस्केको यस पुस्तकका लेखक गङ्गाधर द्रविड थिए ।'[३५] यही बालकसाहित्यिक पुस्तकको आधारमा नेपाली बालसाहित्यको विकास प्रक्रियालाई निम्न तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

पहिलो चरण :- वि. सं. १९४९ देखि वि. सं. १९९६ सम्म
दोस्रो चरण :- वि. सं. १९९७ देखि वि. सं. २०३५ सम्म
तेस्रो चरण :- वि. सं. २०३६ देखि हालसम्म

---

[३५] प्रमोद प्रधान, पूर्ववत् , पृ. ३३ ।

### २.४.१ पहिलो चरण :- वि. सं. १९४९ देखि वि. सं. १९९६ सम्म

यो कालखण्डलाई नेपाली बालसाहित्यको पहिलो चरण मानिन्छ । नेपाली लिखित बालसाहित्यको विकासक्रम पहिल्याउँदा गङ्गाधर शास्त्री 'द्रविड'को **गोर्खा पैह्ला किताब** (वि.सं.१९४९) नै पहिलो बालकृति मानिन्छ । बालबालिकाका लागि औपचारिक शिक्षा दिनका लागि पुस्तकहरूको अभाव देखिएकाले द्रविडले बाल पाठ्यकृति लेखनतर्फ कलम चलाएको अनुमान गर्न सकिन्छ । उनका **आचार्य वंशावली** (१९५९), **सर्वसङ्ग्रह** (१९५३) जस्ता अन्य कृतिहरू पनि छापिएको अनुसन्धाताहरूले उल्लेख गरेका छन् । नेपालमा औपचारिक शिक्षाको जग बलियो बनाउने राणा प्रधानमन्त्री देव शमशेरले वि. सं. १९५८ मा पहिलो पल्ट विद्यालय स्थापना गरेपछि पाठ्य सामग्रीको आवश्यकता पूर्तिका लागि जयपृथ्वीबहादुर सिंहले अमूल्य योगदान पुऱ्याएको देखिन्छ । उनले **अक्षराङ्क शिक्षा** (१९५८), **बाल बोध** (भाग १, १९५८) सहित थुप्रै बाल पाठ्यपुस्तक रचना गरेको देखिन्छ । नेपाली भाषामा शिक्षा दिन उल्लेख्य भूमिका निर्वाह गर्ने जयपृथ्वीबहादुर सिंहलाई 'बालसाहित्यको पहिलो जन्म दाता भन्न न सकिए पनि वि. सं. १९५८-१९७२ का बीचमा उनले प्रकाशित गरेका बालोपयोगी पुस्तकहरूका विषय एवम् शैलीलाई हेर्दा उनी सचेत व्यक्ति थिए र जनस्तरमा शिक्षाको प्रचार चाहन्थे भन्ने देखिन्छ ।'[३६] 'वि. सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि बाल पाठ्य सामग्रीको लेखन र प्रकाशनमा संस्थागत प्रयासको थालनी भएको देखिन्छ ।'[३७] 'नेपाली गद्य साहित्यलाई आधुनिक रूपका साथ शैक्षिक क्षेत्रमा प्रवेश गराउन यस समितिमार्फत प्रथम अध्यक्ष राममणि आ.दी.ले खेलेको भूमिका प्रशंसनीय देखापर्छ ।' [३८] चक्रपाणि चालिसेद्वारा लेखिएका पाठ्यपुस्तकहरूबाहेक **संक्षिप्त रामायण** (१९७२), र **संक्षिप्त महाभारत** (१९७४) पनि बालोपयोगी पुस्तक मानिन्छन् । त्यस्तै यस चरणका अर्का बाल साहित्यकार रुद्रराज पाण्डे मानिन्छन् । उनका **नीतिकथा समुच्चय** (१९९०) र **इसप नीतिकथा** (१९९७) प्रकाशित कृति हुन् । यसैगरी बदरीनाथ भट्टराईको **नेपाल तारा, पौराणिक कथा**, **धर्म बोध** (भाग १-५), **प्रबन्ध पल्लव**, **अनुवाद बोधिनी** र **अनुवाद प्रकाशिका**जस्ता बाल पाठ्य पुस्तकका अतिरिक्त **पौराणिक कहानी** (२०१०),

---

[३६] शरच्चन्द्र शर्मा, 'नेपाली बाल शिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्टा', **बालसाहित्य** (वार्षिक), २०४६,पृ.२७ ।

[३७] प्रमोद प्रधान, **नेपाली बालवाङ्मय परिचयकोश**, मार्टिन चौतारी, २०६५, पृ. ३ ।

[३८] शैलेन्दुप्रकाश नेपाल, **राममणि आ.दी. : व्यक्ति र कृति**, काठमाडौं, सिर्जना प्रकाशन, २०५०, पृ. ३८ ।

**ऐतिहासिक कहानी** (२०१५) र **वैदिक कहानी** (२०१९) जस्ता बालोपयोगी पुस्तकहरू प्रकाशित देखिन्छन् । नेपाली बाल साहित्य लेखनको यस चरणका अन्य लेखकहरूमा कवि शिरोमणि लेखनाथ पौड्याल, गोपाल पाँडे 'असीम', जनकलाल शर्मा, राजेश्वर देवकोटा, सागरमणि आ.दी., श्यामकृष्ण गौतम, चित्तरञ्जन नेपाली, देवीप्रसाद काफ्ले, नेत्रबहादुर थापा, खड्गमान मल्ल, केशवलाल कर्माचार्य, शङ्कर लामिछाने र हर्षनाथ भट्टराई उल्लेखनीय देखिन्छन् । बाल साहित्यको यस चरणले पाठ्य बाल सामग्री र बालोपयोगी पुस्तकहरू प्रशस्त दिएको पाइन्छ । पाठ्येतर बालसाहित्य लेखनको लागि यस चरणले राम्रो पूर्वाधार तयार पारिदिएको अनुमान गर्न सकिन्छ । यस चरणमा देखा परेका बालोपयोगी पुस्तकहरूको अध्ययन गर्दा पाइने विशेषताहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ :

क) अधिकांश पाठ्य बालसाहित्य,

ख) बालसाहित्यिक विधाहरूमध्ये बालकथाको प्राचुर्य,

ग) वेद, पुराण, उपषिद्, इतिहासलाई मुख्य स्रोत बनाई बालपुस्तकहरू प्रकाशित,

घ) पाठ्येतर मनोरञ्जक र सिर्जनात्मकभन्दा शिक्षामूलक र ज्ञानमूलक पाठ्य सामग्रीका रूपमा बालपुस्तकहरू प्रकाशित,

ङ) बालसाहित्यभन्दा बालोपयोगी पुस्तकहरूको प्रकाशन,

च) विदेशी भाषाका उत्कृष्ट बालरचनाहरूको अनुवाद,

छ) बाल पाठ्य सामग्रीको संस्थागत प्रकाशनको थालनी,

ज) पाठ्येतर बालसाहित्यलेखनको राम्रो पृष्ठभूमि तयार,

झ) बाल मनोविज्ञानलाई भन्दा बालबालिकाको असल चरित्र-निर्माणमा विशेष जोड

ञ) बालबालिकाहरूको धार्मिक र आध्यात्मिक क्षेत्रमा रुचि जगाउने उद्देश्यले विभिन्न धार्मिक कथाहरू प्रकाशन ।

## २.४.२ दोस्रो चरण – वि. सं. १९९७ देखि २०३५ सम्म

वि. सं. १९९७ देखि वि. सं. २०३५सम्मको यो कालखण्डलाई नेपाली बालसाहित्यिक विकासको दोस्रो चरण मानिन्छ । यो चरण निर्माणमा विभिन्न बाल साहित्यस्रष्टाहरूको विशिष्ट योगदान देखिन्छ । 'नेपाली बालसाहित्यतर्फ सचेत रूपमा पहिलो पाइला चाल्ने

व्यक्ति महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् ।'[३९] वि.सं. १९९७ मा प्रकाशित **राजकुमार प्रभाकर** देवकोटाको प्रथम पाठ्येतर बालकृतिमात्र नभई नेपाली बालसाहित्यको फाँटमा देखापरेको बाल खण्डकाव्य पनि हो ।'[४०] यही पुस्तकको प्रकाशनसँगै बालसाहित्यको विकासमा दोस्रो चरणको शुरुवात भएको मानिन्छ र यो चरणको अवधि वि. सं. २०३६ को 'अन्तर्राष्ट्रिय बालवर्ष' मनाउनुपूर्वसम्म रहेको देखिन्छ । यस चरणका बालसाहित्य सर्जकहरूमा देवकोटाका अतिरिक्त माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, कृष्णप्रसाद पराजुली र परशु प्रधान मुख्य मानिन्छन् । बालकविता/गीत विधामा कवि माधव घिमिरेको योगदान बिर्सिनसक्नु देखिन्छ । उनको **घामपानी** (२०१२) र **बाललहरी** (२०२०) मा बालरुचि र मनोभाव, मनोरञ्जक र लयबद्ध बालकविताहरू सङ्गृहीत छन् । देवकुमारी थापाका **पूण्यात्मा आमा** (२००९) र **छ तारा** ( २०१०) गरी दुई वटा जीवनीसङ्ग्रह तथा **रामेको कथा** (२०१३) बालउपन्यास प्रकाशित बालसाहित्य हुन् । यसै चरणका अर्का बालसाहित्यस्रष्टा रमेश विकलका पनि **अँगेनाका डिलमा** (२०२३), **पञ्चतन्त्रका कथाहरू** (२०२३), **एक्काईस रमाइला कथा** (२०२४), **कथा-कुसुम** (२०२६), **तेऱ्ह रमाइला कथा** (२०२९) जस्ता बालकथासङ्ग्रहहरू प्रकाशित छन् । त्यस्तै पाठ्येतर बालसाहित्य लेखनमा क्रियाशील सर्जक कृष्णप्रसाद पराजुलीका **रमाइला नानी** का तीन भाग (२०२२-२०२५) कविता सङ्ग्रह, **सात गेडीको कथा** (२०२७), **सुनौला तीन कुरा** (२०२७), **चार चङेरी** (२०२८), **लुकामारी** (२०३०) र **सुनकेस्रा** (२०३५) कथा सङ्ग्रहहरू प्रकाशित छन् । परशु प्रधानका **नानीका कथा** (२०२६), **सुनको छाती** ( २०२९), **रीताको स्कूल** (२०२९), **रङ्गीचङ्गी फूलबारी** (२०२९), **घामछाया** (२०३०), र **सुन्नेलाई सुनको माला** (२०३०) बालसाहित्यिक कृतिहरू प्रकाशित छन् । यस चरणका अन्य बालकविहरूमा ध्रुव दवाडी, मधुकरी कर्माचार्य, कुलमणि देवकोटा, कृष्णप्रसाद दुवाल, बालकृष्ण पोखेल, जीवनलाल सत्याल र नन्दराम लम्साल देखिन्छन् भने बालकथाकारहरूमा निमा छिरिङ् शेर्पा, कमलप्रकाश शर्मा, प्रकाश कोविद, हरीश बम्जन, केदारमणि आ.दी., देवीप्रसाद वनवासी, गौरी रानी प्रधान, विश्वम्भर चञ्चलआदि देखापर्छन् । त्यस्तै बालजीवनी लेखकहरूमा बदरीनाथ भट्टराई, बाबुलाल प्रधान, राजनारायण प्रधान, चूडामणि बन्धु, बालकृष्ण सम, जीवन अधिकारी, यदुनन्दन के.सी. देखिन्छन् । बालउपन्यास लेखनमा

---

[३९] सीता कटवाल, **नेपाली बालकविताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., २०५०, पृ. ९१ ।

[४०] प्रमोद प्रधान, पूर्ववत् , पृ. ९ ।

पनि यसचरणमा प्रारम्भिक प्रयास थालिएको पाइन्छ । त्यस्ता उपन्यासकार तिनका कृतिहरूमा भद्र थापाको **साबीको साबु** (२०२२), अञ्जूदेवी भट्टराईको **रामु र श्यामुको बहादुरी** (२०२९), शेषनारायण मानन्धरको **सिरुकी बाखी** (२०२९) पर्दछन् ।

यस चरणका बालसाहित्यिक कृतिहरूको अध्ययन गर्दा मुख्य विशेषताहरू यस प्रकार देखिन्छन् :

क) पाठ्येतर स्वतन्त्र बालसाहित्य लेखनको शुरुवात,

ख) सचेत र बालसाहित्य-सिद्धान्तमा आधारित रचनाहरू प्रकाशित,

ग) विभिन्न बालसाहित्यिक विधाहरूजस्तै बालकथा, बालकविता, बालोपयोगी जीवनी, बालउपन्यासहरूमा कृति प्रकाशन,

घ) मनोरञ्जनपूर्ण, सिर्जनात्मक र ज्ञानमूलक रचनाहरू प्रकाशित,

ङ) बालरुचिअनुकूलका पुस्तक प्रकाशनको विकास,

च) बालमनोविज्ञानप्रति सचेत कृतिहरू प्रकाशित,

छ) सुन्दर बालचित्रहरूको प्रयोग,

ज) सरल बालभाषा र शैलीको प्रयोग

## २.४.३ तेस्रो चरण वि. सं. २०३६ देखि हालसम्म

वि.सं. २०३६ देखि हालसम्मको यो कालखण्डलाई नेपाली बालसाहित्यिक विकासको वि.सं.२०३६ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाइएपछि बालसाहित्यको लेखन र प्रकाशनको क्षेत्रमा पहिलेभन्दा तीव्रता आउनुका साथै केही नयाँ प्रयासहरू पनि भए । कविता, कथा, जीवनी र उपन्यासमा सीमित नेपाली बालसाहित्य यस अवधिमा एकाङ्की र चित्रकथाजस्ता विधामा समेत लेखिन थाल्यो भने उपन्यासका माध्यमबाट वैज्ञानिक चेतना बालबालिकासम्म पुग्न थाल्यो । साथै बालबालिकाहरूलाई पठन सामग्रीका अतिरिक्त चित्रसज्जा र रङ्गद्वारा आकर्षण गर्नुपर्छ भन्ने चेतना पनि लेखक एवम् प्रकाशकहरूमा देखापऱ्यो । यस चरणमा पहिलो बालएकाङ्की सङग्रहका रूपमा रमेश विकलको **सात थुङ्गा फूल** (२०३७) प्रकाशित भयो । वि.सं. २०३७ देखि २०४३ का बीचमा अर्जुनविलास पन्तका **जूनकिरी** (२०३७) र **जस्तो काम उस्तै माम** (अनुल्लिखित) बालगोपाल कपालीको **धनी मुसो** (२०३७) रत्न कपालीको **जमिन्दारकी दुलही** (२०३७) श्यामलाल श्रेष्ठको **एकै झापडमा सात**

**खत्तम** (२०३७) पुरुषोत्तम सापकोटाका **गणेशको लड्डू** (२०३७) र **बालक ध्रुव** (२०३८) मनुजबाबु मिश्रको **जिब्रो कटुवा सुगा** (२०३९) लगायतका चित्रकथाहरू एकै साथ प्रकाशित गरेर जनक शिक्षा सामग्री केन्द्रले यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्यायो । त्यसैगरी पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण केन्द्रद्वारा उषा दीक्षितका **फेरि मुसै भएस्** (२०४२), **मुसीको बिहे** (२०४३) विजय चालिसेको **दयालु राजकुमार** (२०४३) सुनीता मालाकारको **रमेश र उमेश** (२०४३) जस्ता बालकृतिहरू र बालकोशेली प्रकाशनद्वारा रामबाबु सुवेदीको **भ्यागुतो र बाछी** (२०४२) शान्तदासको **चार डाला नाक** चित्रकथा प्रकाशन गरी यस चरणको विकासमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । बालउपन्यासको क्षेत्रमा पनि कवितारामले वैज्ञानिक चेतना भित्र्याएको देखिन्छ । उनको **वनदेवी** (२०३६) बाट शुरु भएको बालसाहित्य लेखन **पानीको थोपा** (२०३८), **कमिलाको कथा** (२०४८) हुँदै **अनौठो यात्रा** (२०५८) सम्म पुगेको देखिन्छ । वि.सं. २०५९ मा उनको अर्को बालउपन्यास **मावलीको यात्रा** प्रकाशित भयो । यस चरणका अन्य उपन्यासहरूमा गोविन्द पराजुलीको **जालमाथि चाल** (२०३६) रमेश विकलको **विक्रम र नौलो ग्रह** (२०३९) प्रेमा शाहका **रामेको कथा** (२०४२), **आनन्दको आविष्कार** (२०४३) र **मनु र भँगेरा** (२०४३) मोदनाथ प्रश्रितको **चोर** (२०४३) कल्पना प्रधानको **ल्वाँदे ग्वाँदे** (२०५४) रञ्जुश्री पराजुलीको **हरियाली** (२०५८) शङ्कर कोइरालाको **रिसको भागी** (२०५८) महेश पौड्यालको **नानीहरूको पुरुषार्थ** (२०६०) लक्ष्मी उप्रेतीको **साहसी आकाङ्क्षा र पवन परी** (२०६०) विजय सापकोटाको **आमाको माया** (२०६०) सुधा रिसाल शर्माको **डा. चिम्पू चिम्पान्जी** (२०६१) प्रदीप नेपालको **दुर्गा हजुर्माको भूत** (२०६१) आदि प्रसिद्ध देखिन्छन् । यस चरणमा बालसाहित्यका विविध विधाहरूले फस्टाउने मौका पाएको देखिन्छ । कृष्णप्रसाद पराजुलीको बालगीति काव्य **जूनतारा** (२०४४), जनकप्रसाद हुमागाईंको बाल निबन्धसङ्ग्रह **शब्दज्ञान** (२०६०), देवीप्रसाद वनवासीको बालजीवनी सङ्ग्रहहरू **असल मान्छे** (२०४७) र **अद्भूत मान्छे** (२०५६), विश्वम्भर चञ्चलको विज्ञान तथा वातावरणसम्बन्धी **के कसरी बन्छ ?** (२०५७) र प्राकृतिक तथा धार्मिक सम्पदासम्बन्धी **हाम्रा सम्पदा** (२०५८) बालकृतिहरू उल्लेख्य मानिन्छन् । त्यसैगरी यस चरणमा चित्रकथा वा चित्रपुस्तकहरूको पनि प्रकाशन भएको पाइन्छ । रामबाबु सुवेदीका **च्यान्टे घोडाको कथा** (२०६०) चित्रकथा, अनन्त वाग्लेको **जनक र जिराफ** (२०६४), अनिल अधिकारीको **संरक्षण चित्रकथा** (२०६४), कपिल लामिछानेको **म्याउँ**

**म्याउँ बिरालो** (२०६०), गोरखबहादुर सिंहको **खरायो र कछुवाको दौड** (२०६०) चित्रकविता, दोर्जी छिरिङ् लेप्चाको **बन्चरा** (सन् २००५) कमिक शैलीको चित्र पुस्तक, विजयराज आचार्यको **चौध चम्किला कोपिला** (२०६०) बालअन्तर्वार्ता, अलकनन्दासेन गुप्ताद्वारा भावानुवाद गरिएको **काबुलीवाला** (२०६१), सम्झना सिंहको **लियो टाल्सटायका बालकथाहरू** (२०६०) अनूदित बालकथा, अनन्त वाग्लेको **हामी साना छँदा** (२०६१) बालसंस्मरणजस्ता बालसाहित्यका विविध विधाहरूले यस समयमा प्रकाशित हुने सौभाग्य पाएका देखिन्छन् । यस चरणका बालकृतिहरूको अध्ययन गर्दा देखापरेका महत्त्वपूर्ण उपलब्धिहरूलाई निम्न लिखित बुँदाहरूद्वारा देखाउन सकिन्छ :

क) बालसाहित्यिक गतिविधिमा तीव्रता,

ख) बालसाहित्यका नयाँ नयाँ विधाहरूको प्रवेश,

ग) चित्रकथा/चित्रपुस्तक, बालअन्तर्वार्ता, बालकमिक, बालहाइकू, बालगजलजस्ता क्षेत्रहरूमा समेत कृतिप्रकाशन,

घ) बालसाहित्यको विकासमा संस्थागत पहलको तीव्रता,

ङ) विभिन्न बाल रचनामूलक पत्रपत्रिकाहरूको उल्लेख्य योगदान,

च) अनुवाद बालसाहित्यको क्षेत्रमा समेत प्रभावकारी कदम,

छ) ज्ञानमूलक, मनोरञ्जनात्मक र सिर्जनात्मक बालसाहित्यको प्रकाशन

ज) बालअधिकार र बालसमस्याका बारेमा पनि विशेष चासोका अभिव्यक्ति,

झ) सरल, सहज र सुबोध्य भाषाशैलीमा जोड

ञ) बालक्रीडामूलक र प्रकृतितर्फ आकर्षण गर्ने बालकृतिहरूको प्रकाशन ।

## २.४.४ उपसंहार

बालसाहित्य बालबालिकाद्वारा रचिएको र बालबालिकाका निम्ति प्रौढ लेखकहरूद्वारा रचना गरिएको साहित्य हो । बालसाहित्य लोक बालसाहित्य र लिखित बालसाहित्य गरी दुई वर्गमा विभाजित भएको पाइन्छ । लोक बालसाहित्य लोककविता, लोककथा र गाउँखाने कथामा बाँडिएको देखिन्छ भने लिखित बालसाहित्य पनि पाठ्य र पाठ्येतर गरी दुई वर्गमा विभाजन भएको देखिन्छ । पाठ्येतर लिखित बालसाहित्य बालकविता, बालकथा, बालनाटक, बालएकाङ्की, बालउपन्यास, बालोपयोगी जीवनी, बालगजलजस्ता विधाहरूमा लेखिएको

देखिन्छ । नेपालमा लोक बालसाहित्यको लामो परम्परापश्चात् लिखित बालसाहित्यको शुरुवात गङ्गाधर द्रविडको वि.सं. १९४९ मा प्रकाशित **गोर्खा पैह्ला** पुस्तकले गरेको छ । यही मितिबाट नेपाली लिखित बालसाहित्यको विकासप्रक्रिया पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण हुँदै अघि बढेको पाइन्छ । वि.सं. १९४९ देखि वि.सं. १९९७ सम्मको पहिलो चरणमा अधिकांश पाठ्य बालसाहित्य लेखिएका छन् भने वि.सं. १९९७ देखि २०३५ सम्मको दोस्रो चरणमा विभिन्न स्थापित लेखकहरूद्वारा सचेत बालसाहित्यलेखनको थालनी भएको पाइन्छ । यसै चरणमा बालसाहित्यले विधागत विविधता पनि अँगालेको देखिन्छ । वि.सं. २०३६ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाएपछि बालसाहित्यलेखनमा तीव्रता आउनुकासाथै चित्रकथा, चित्रपुस्तक, बालअन्तर्वार्ता, बालकमिक, बालहाइकू , बालगजलजस्ता नयाँ विधाहरूले तेस्रो चरणमा प्रवेश पाएका देखिन्छन् ।

# परिच्छेद : तीन

# चितवनमा बालसाहित्यको इतिहास र विकास

## ३.१ चितवन जिल्लाको भौगोलिक अवस्था

चितवन  नेपालको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने नारायणी अञ्चलका पाँच जिल्लाहरूमध्ये एक जिल्ला मानिन्छ । 'वि.सं. २०११ भन्दा पूर्व थारु र चेपाङ् जातिको मात्र मूल थलोको रूपमा रहेको चितवनमा २०११ सालमा रापती दून विकास परियोजनाद्वारा विकासका चरणहरू थालिएपछि क्रमशः औलो उन्मूलन पनि हुँदै गएपछि पहाडमा दुःख गरेर आटोपिठो खानेहरू दूध-भात खाने सपना सँगालेर यहाँ आउन थाले । यसरी बसाइँसराइको क्रममा अधिकांश जिल्लाबाट मानिसहरू यहाँ बसोबास गर्ने भएकाले चितवनलाई नेपालको छयहत्तरौं जिल्ला मानिएको हो ।'[४१] 'यस जिल्लाको उत्तरमा महाभारत पहाड र दक्षिणमा शिवालिक पहाड ( चुरे डाँडा ) रहेका छन् । चितवन जिल्ला ८३ ं५५' पूर्वदेखि ८४ ं४८' पूर्वी देशान्तरसम्म र २७ ं२१' उत्तरदेखि २७ ं४६' उत्तरी अक्षांशसम्म अवस्थित छ ।'[४२] 'यस जिल्लाको आकार समकोणिक त्रिभुजको जस्तो छ । यसको पूर्व-पश्चिम लम्बाइ ९८ कि.मि. र चौडाइ सबै ठाउँमा एकैनास छैन । पूर्वतिर फराकिलो र पश्चिमतिर साँघुरिदै गएको छ । सबभन्दा बढी चौडाइ ४६ कि.मि. र सबैभन्दा कम चौडाइ ५०० मिटर मात्र छ । यसको क्षेत्रफल करीब २५१० वर्गमिटर रहेको छ ।'[४३] यो जिल्लाको उत्तरमा तनहूँ, गोरखा र धादिङ्ग जिल्ला पर्दछन् । यसलाई त्रिशूली नदी, मह खोला तथा महाभारत पर्वतले छुट्याएका छन् । दक्षिण र पश्चिमतर्फ भारतको बिहार प्रान्त लगभग ६४ कि.मि. सम्म र पूर्वतर्फ पर्सा जिल्ला पर्दछन् जसलाई क्रमशः सोमेश्वर श्रेणी र चुरे श्रेणीले छुट्याएका छन् । पूर्वमा मकवानपुर तथा पर्सा जिल्ला पर्दछन् जसलाई क्रमशः कन्द्राङ्ग डाँडा, चौरस डाँडा, रिन्छिराङ् डाँडा, लोथर नदी र हर्दी नदी तथा चुरे पहाडले छुट्याएका छन् । पश्चिममा

---

[४१] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चि.वा.प्र., २०५२, पृ. ३ ।

[४२] लालकृष्ण शर्मा, 'चितवन जिल्लाको भौगोलिक परिचय', **विवेक** ( चितवन परिचय विशेषाङ्क ), चितवन, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०४६, पृ. १५ ।

[४३] पूर्ववत् , पृ. १५ ।

नवलपरासी जिल्ला पर्दछ जसलाई नारायणी नदीले छुट्याएको छ ।' [४४] इलाका विभाजनका हिसाबले ३६ गा.वि.स. र २ नगरपालिका रहेको यस जिल्लाले देशको कूल भूभागको १.५२ %क्षेत्रफल ओगटेको छ । यस जिल्लाको प्रमुख व्यापारिक केन्द्र नारायणगढ र सदरमुकाम भरतपुर हो । यो समुद्री सतहदेखि २०९ मिटर उचाइमा रहेको छ ।' [४५] प्राकृतिक सौन्दर्यका दृष्टिले पनि चितवन जिल्ला उल्लेखनीय रहेको छ विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जभित्र कसरा, टाइगर टप्स, दर्शनीय स्थलका रूपमा रहेका छन् । यहाँको घना जङ्गलमा गैंडा, हात्ती, बाघ, भालु, चितुवा, घडियाल (गोही) आदि ५० किसिमका जनावरहरू पाइन्छन् ।' [४६] 'यही घना जङ्गलभित्र नन्द-भाउजू, गडुवा, मन्जुरा, तमी, बीसहजारी आदि १५ वटा तालहरू रहेका छन् ।' [४७]

## ३.२ चितवन जिल्लाको साहित्यिक अवस्था

चितवन जिल्लाको साहित्यिक स्थिति पनि उर्वर देखिन्छ । '७५ जिल्लाका मानिसहरू यस जिल्लामा आएर बसोबास गरेका हुनाले उनीहरूको सिर्जना र प्रतिभा पनि उनीहरूसँगै चितवन भित्रियो अनि चितवनको साहित्य भरिलो हुन केही बेर लागेन । साहित्यसिर्जन परम्परालाई हेर्ने हो भने थारु जातिको अलिखित लोकसाहित्य र पहाडका आ-आफ्नै ठाउँबाट ल्याइएका लोकसाहित्यिक परम्परा नै केही समयसम्म सक्रिय रहे ।'[४८] लिखित कृतिको हकमा चितवनबाट प्रकाशित कलानिधि अधिकारीको थारु लोकथा **जितिया पावनी** (२०१६) नै प्रथम कृति मानिन्छ । 'चितवनको साहित्यिक उत्थानको जग हाल्ने कार्यमा वि.सं. २०२२ मा भरतपुरमा स्थापना भएको वीरेन्द्र इन्टर कलेजको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यस कलेजका तत्कालीन प्राचार्य आनन्ददेव भट्टले स्थिर रहेको चितवनको साहित्यिक वातावरणमा एक प्रकारको उत्साह भर्ने काम गरे । फलस्वरूप

---

[४४] पूर्ववत् पृ. १६ ।

[४५] शिवहरि पँगेनी, 'चितवन जिल्लाको भू-बनोटः एक परिचय', **चितवन महोत्सव स्मारिका** २०५७, पृ. १७ ।

[४६] चन्द्रलाल जोशी, 'शाही चितवन राष्ट्रिय निकुञ्जः एक परिचय', **विवेक** (वर्ष ५, अङ्क २, २०४६), पृ. १०१ ।

[४७] लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. १ ।

[४८] पूर्ववत् पृ. ३ ।

नव साहित्यसर्जकहरू जुर्मुराएर उठे ।'[४९] 'वि.सं. २०२२मा रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्य सेमिनारले पनि यहाँको सिर्जनात्मक परिवेशलाई माथि उठाउन केही सहयोग पुऱ्यायो ।'[५०] वि.सं. २०११ मा **झटारो**, वि.सं. २०१५ मा **अञ्जली** प्रकाशन गरिसकेका प्रेमविनोद नन्दनले २०२३ सालमा **सपनीबाट ब्यूँझेर** (गीतहरूको सङ्गालो) प्रकाशन गरे ।'[५१] वि.सं. २०२४ मा भरतपुरमा भएको जिल्लास्तरीय साहित्य गोष्ठी एवम् कवि म.वि.वि शाहको निर्देशनमा भएको देवघाट सङ्गमको राष्ट्रिय स्तरको गोष्ठी चितवनको साहित्यिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने प्रेरणाको स्रोत बन्यो ।'[५२] वि.सं. २०२० को दशकमा यिनै कृति र साहित्यिक गतिविधिले महत्वपूर्ण कार्य गरे । वि.सं. २०३० को दशकमा वामदेव पण्डितको **ब्रह्माण्डभित्र** (२०३१), खेमलाल त्रिपाठीको **मार्कण्डेय** (२०२३)', अनिल सिग्देलको **केही समालोचनात्मक रेखाङ्कन** (समालोचना), **मिलन** ( खण्डकाव्य), **जीवन क्षितिजमा** (कवितासङ्ग्रह) आदि पर्दछन् । वि.सं. २०४० को दशकमा सुवर्ण कक्षपतिको **मेरी धवला**, प्रकाश चापागाईंको **बदला** नाटक प्रकाशन भएको देखिन्छ । यस दशकमा रविकिरण निर्जीव, जगत्राज पौडेल, मित्रलाल ढकाल, पोषराज पौडेल, हरिहर खनाल, देवदत्त पौडेल, खुसीराम पाखिन् जस्ता साहित्यकारहरू सक्रिय भएका देखिन्छन् । वि.सं. २०४६ को जनआन्दोलनबाट प्रजातन्त्र प्राप्तिपछि साहित्यको विकास तीव्र रूपमा भएको देखिन्छ । मित्रलाल विनयको **म आएको छु** (२०४७), गोविन्दराज विनोदीको **मेरो वर्तमानता**, रमण एप्याथीको **ल्याऊँ साम्यवाद**, कपिल अज्ञातको **अज्ञातका कविता**, हरिहर खनालको **बमका छिर्का** आदि कृतिहरू प्रकाशित भए । यस्तै वि.सं. २०५० को दशकमा चितवनको साहित्य प्रौढतातिर ढल्किरहेको अनुभव हुन्छ । यस समयावधिमा जगतराज पौडेलको **श्रद्धाञ्जलीका फूलहरू**, हरिहर खनालको **आस्थाको गोरेटो**, सरस्वती रिजालको **एक झुल्को घाम**, प्रेमविनोद नन्दनको **विपनीका पाइलाहरू**, ध्रुवकिरण रेग्मीको **नारी पीडा**, कृष्ण कँडेलको **बुद्धका आँखामा देश**, धर्म प्रधान अकिञ्चनको **मृगमरिचिका**, कमल कँडेल र कल्पना कँडेलको **प्रकृतिस्मृति**, गोवर्द्धन पूजाको **धर्तीको धूलो**, साहित्यकार

---

[४९] हरिहर खनाल, ' चितवनको साहित्यिक प्रकाशन', **चितवन महोत्सव स्मारिका**, २०५७, पृ. ८५ ।

[५०] पूर्ववत् , पृ. ८५ ।

[५१] पूर्ववत्, पृ. ८५ ।

[५२] केदारनाथ खनाल, 'चितवनको साहित्य र संस्कृति', **रत्ननगर दशैं महोत्सव स्मारिका**, २०५७, पृ. उल्लेख नभएको ।

धनराज गिरीको **राष्ट्रै टुहुरो भयो**, समालोचनातर्फ लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण** र **नन्दनको काव्यिक परिवेश**, कपिल अज्ञातको **समालोचनाको सन्दर्भ** र **साहित्य सिर्जनप्रक्रिया**आदि प्रकाशित भए ।' [५३] 'यस दशकमा प्रकाशित निबन्धहरूमा तिलकराज शर्माको **पार्टी खोल्ने धुनमा**, रामबाबु घिमिरेको **लेख्नै नपर्ने कुराहरू** आदि छन् ।' [५४] यसै चरणमा केही शोककाव्यहरू पनि प्रकाशित भए । प्रकाशित ती शोककाव्यहरूमा राजकृष्ण कँडेलको **सपनाका छालहरू**, पोषराज पौडेलको **शहीद गाथा** आदि छन् । त्यसैगरी वि.सं. २०६० को दशकमा चितवनको साहित्यले विविध विधाहरूमा फिँजारिने सौभाग्य प्राप्त गरेको देखिन्छ । आख्यान क्षेत्रमा सीताराम कोइरालाको **अनर्थ**, हरिहर पौडेलको **कालो उज्यालो**, एच. लामाको **बाज र परेवाहरू**, हरिहर खनालको **विघटन** आदि प्रमुख देखिन्छन् भने यस अवधिका काव्यकृतिहरूमा गोपी सापकोटाको **गुलाफको एस्ट्रेमा मृत्यु**, चेतकान्त चापागाईंको **राता फूलहरू**, नारायणदत्त शास्त्रीको **वन-वनस्पति**, शङ्कर सुवेदीको **भावनाका उद्गार**, सिर्जन अविरलको **म आकास हेरिरहेछु**, सुरेन्द्र अस्तफलको **बिम्ब शिविर**, द्वारिका नेपालको **अशान्तिले जन्माएको सेतो चोली**, गायत्री श्रेष्ठको **बादलको घुम्टोभित्र**, प्रेमविनोद नन्दनको **ऐनाभित्रको आकाश**, धनेश्वर भट्टराईको **गोरखगाथा**, होमनाथ पौडेलको **विभूति दर्पण** आदि प्रमुख देखिन्छन् । त्यस्तै निबन्धका क्षेत्रमा डी.आर. पोखेलको **खुला आकाशतर्फ**, हास्यव्यङ्ग्यका क्षेत्रमा रविकिरण निर्जीवको **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू**, कपिल अज्ञातको **भूलहरूका विरुद्ध** चर्चित देखिएका छन् । यस दशकमा चितवनको साहित्यमा गजल विधाको बाढी नै आएको देखिन्छ । गजलकार धर्म प्रधान अकिञ्चनको **प्रवासी व्यथा**, धनराज गिरीको **कुन्साङ् काका**, **ढल्दैन स्वाभिमान कसै गरे पनि**, शीतल कादम्बिनीको **सुगन्ध यात्रा**, गोर्खे साइँलाको **सम्मोहन**, पुष्प अधिकारी'अञ्जली'को **मनभित्रको मन** आदि गजलसङ्ग्रहहरू यस अवधिमा प्रकाशित भएका देखिन्छन् । चितवनको साहित्यिक यात्रालाई अघि बढाउन विभिन्न साहित्यिक पत्रपत्रिकाको र सङ्घ-संस्थाहरूको पनि उत्तिकै योगदान रहेको कुरालाई भने बिर्सन सकिँदैन ।

---

[५३] हरिहर खनाल, पूर्ववत् , पृ. ८७ ।

[५४] पूर्ववत् पृ. ८३ ।

## ३.३ चितवनको बालसाहित्य

नेपाली साहित्यका अन्य विधाहरू फस्टाएभैँ चितवनमा बालसाहित्य भने राम्ररी झाङ्गिन सकेको पाइँदैन । राष्ट्रिय स्तरमा बालसाहित्य लेखन तीव्र रूपमा अघि बढेको भए पनि यस जिल्लामा भने तुलनात्मक रूपले बालसाहित्यको विकास हुन सकेको देखिन्न । वि.सं. २०११ देखि मानिसहरूको बसोबास हुन थालेपछि सभ्यताको विकास सँगसँगै विद्यालय खोलिन शुरु भएको देखिन्छ । 'वि.सं. २०१७ सम्म आइपुग्दा यस जिल्लामा २२ वटा प्राथमिक विद्यालयहरू थिए ।' [५५] वि.सं. २०१८ मा आएर मात्र माध्यमिक विद्यालयको रूपमा तत्कालीन चितवन हाइस्कुलको स्थापना भयो । यही चितवन हाइस्कुल हालको चितवन माध्यमिक विद्यालयद्वारा साहित्यिक पत्रिकाको रूपमा **चितवनको चिनो** वि.सं. २०२१ पौष महिनामा प्रकाशित भयो । चितवन हाइस्कुलका विद्यार्थीहरूका बालरचनासङ्कलनको रूपमा रहेको यो पत्रिका नै हालसम्मको चितवनबाट प्रकाशित पहिलो बालसाहित्यिक रचना मानिन्छ ।' [५६] यही कृतिलाई आधार मानी झण्डै साँढे चार दशक लामो चितवनको बालसाहित्यको विकासलाई निम्न लिखित दुई चरणमा राखेर अध्ययन गर्न सकिन्छ :

१. पूवार्द्ध चरण ( पृष्ठभूमि काल) : वि.सं. २०२१ देखि वि.सं. २०५६ सम्म

२. उत्तरार्द्ध चरण ( विकास काल) : वि.सं. २०५७ देखि वि.सं.२०६७ सम्म

### ३.३.१ पूर्वार्द्ध चरण : वि. सं. २०२१ देखि वि. सं. २०५६ सम्म

बालसाहित्यको यो चरण पृष्ठभूमि कालका रूपमा देखिन्छ । यो कालखण्ड पत्रपत्रिकामा छरपस्टरूपमा रहेका बालरचनाहरूको कालखण्ड मानिन्छ । बालरचना बालसाहित्यकै अङ्ग भएकाले यसको पनि अध्ययन गरिनु आवश्यक ठानिन्छ । तत्कालीन चितवन हाइस्कुलबाट वि. सं. २०२१ पौष महिनामा प्रकाशित **चितवनको चिनो** नै चितवनबाट प्रकाशित पत्र-पत्रिकामध्येकै जेठो र पहिलो बालरचनामूलक पत्रिका मानिन्छ । यस पत्रिकामा कक्षा चारदेखि दशसम्म पढ्ने विद्यार्थी वर्गका अन्ठाउन्न ओटा बालरचनाहरू समावेश भएका छन् । जम्मा

---

[५५] चन्द्रविलास अधिकारी, 'चितवन जिल्लाको शैक्षिक स्थिति', **विवेक** (चितवन पचिय विशेषाङ्क), पूर्ववत्, पृ. १२२ ।

[५६] डी.आर. पोखेल, 'चितवनको साहित्यिक, सांस्कृतिक र ऐतिहासिक रूपरेखा', **हाम्रो सिर्जना**, पूर्णाङ्क २०, २०६५, पृ. १३ ।

चौंसठ्ठी पृष्ठसम्म विस्तारित यस पत्रिकामा सम्पादकको नाम भने भेट्न सकिएको छैन ।'[५७] त्यसपछि चितवन हाइस्कुलले यस पत्रिकालाई निरन्तरता दिन नसके पनि वि. सं. २०२६ मा वार्षिक मुखपत्रका रूपमा **वेणी** को प्रकाशन शुरु गरेको र यसलाई २०४६ सालसम्म नै निरन्तरता दिइरहेको देखिन्छ । **वेणी**ले पनि विद्यार्थीकै रचनाहरू छाप्ने काम गऱ्यो ।' [५८] यसपछि पनि बालरचनामूलक मुखपत्र र स्मारिकाहरू छिट्पुट्रूपमा प्रकाशित हुँदै गए । रात्री हाइस्कुल भरतपुर हालको नारायणी मा. वि. ले **रात्रिप्रकाश** (२०२६), चितवन मा. वि. ले **चितवनको सन्देश** (२०२९), बालमाविद् नारायणगढले **जुरेस** (२०२९), बालकुमारी मा. वि. नारायणगढले **बालकुमारी** (२०३२), नेपाल मा. वि. रत्ननगरले **नेपालज्योति** (२०३३), चितवन मा.वि. भरतपुरले **भृकुटी** (२०३४), आदर्श मा.वि. दीव्यनगरले **दीव्यज्योति** (२०३५), वीरेन्द्र आ.मा.वि. वीरेन्द्रनगरले **दर्पण** (२०३९), विश्वप्रकाश मा.वि. मङ्गलपुरले **विश्वज्योति** (२०३९), बालमाविद् जुरेसले **कविताकुसुम** (२०४१), नेपाल राष्ट्रिय मा.वि. रत्ननगरले **शैक्षिक प्रभा** (२०४४), अरूणोदय मा.वि. गीतानगरले **अरुणोदय** (२०४५), जानकी मा.वि. मेघौलीले **परोपकार** (२०४६), नारायणी विद्यामन्दिर मा.वि. शिवनगरले **नारायणी** (२०४६) र **नारायणी रजत जयन्ती स्मारिका** (२०४७), प्रेमवस्ती मा.वि. र भण्डारा मा.वि. ले **स्मारिका** (२०४७), प्रेमवस्ती मा.वि. ले **प्रेमवाणी** (२०५१), अन्नपूर्णा मा.वि. पार्वतीपुरले **अन्नपूर्णा** (२०५२), पारशनगर नि.मा.वि.ले **पारश स्मारिका** (२०५२), सनराइज स्कुल भरतपुरले **सनराइज स्मारिका** (२०५४), स्मल हेभन स्कुल आँपटारी चितवनले **स्मल हेभन स्मारिका** (२०५७), स्मल हेभन स्कुलमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूका रचनाहरूको सङ्ग्रह **कलिला मनहरू** (२०६१), वाल्मीकि शिक्षा सदन कृष्णपुरले **वाल्मीकि स्मारिका** (२०६४) जस्ता बालरचनामूलक पत्रपत्रिकाहरूको प्रकाशनले यस चरणको बालसाहित्यिक यात्रालाई निरन्तरता दिएको पाइन्छ ।

चितवनको बालसाहित्यिक पृष्ठभूमि मानिने यस चरणले विशेषतः विविध विधामा बालरचनाहरू प्रकाशन गरेको देखिन्छ । बालबालिकाका अनुभूतिहरू आभ्यासिक रचनाहरूमा पोखिएका देखिन्छन् । अध्ययनप्रति रुचि, राष्ट्रियताको भाव, बालअधिकार, वस्तुको महत्व, देशको समसामयिक पक्ष, प्रकृतिचित्रण, पशुपक्षीतर्फको आकर्षण, आफू

---

[५७] डी.आर. पोखेल, 'चितवनको चिनो एवम् वेणीका सम्पादकलाई एक थुङ्गो फूल', **मुद्रण स्मारिका**, मुद्रण सङ्घ चितवन, २०६०, पृ. ९८ ।

[५८] पूर्ववत् पृ. ९८ ।

पढ्ने विद्यालयप्रतिको असीम स्नेहजस्ता बालभावनाहरूलाई यस चरणका पत्रपत्रिकामा छरिएका र सङ्ग्रह गरिएका रचनाहरूले अभिव्यक्त गरेका पाइन्छन् । चेतनाको विकाससँगै बालसाहित्य पढ्ने र लेख्ने कुरामा बालबालिकाभित्र रुचि पैदा गर्नु यस चरणको उल्लेख्य उपलब्धि मानिन्छ । समग्रमा चितवनको बालसाहित्यमा यस चरणका बालरचनाहरूले पुऱ्याएको योगदान अविस्मरणीय देखिएको छ । यस चरणका प्रमुख विशेषताहरूलाई निम्न लिखित बुँदाहरूमा समेट्न सकिन्छ :

क) प्रौढ लेखकका बालरचनाहरू नभई विद्यालयमा अध्ययनरत बालबालिकाका रचनाहरू प्रकाशित ,

ख) विशेष गरी बालकविताकै बाहुल्य,

ग) उन्मुक्त बालचाहनाको प्रकटीकरण,

घ) बालरचनाहरूमा अध्ययनप्रतिको मोह, राष्ट्रियता, प्रकृति, समसामयिक पक्ष, भविष्यप्रतिको आशावादिताजस्ता भावहरू अभिव्यक्त,

ङ) नेपाली र अङ्ग्रेजी दुवै भाषाको समानान्तर प्रयोग

च) कविता, निबन्ध, रोचक प्रसङ्ग, मुक्तक, चुटकिलाआदि विधाहरूमा बालरचनाहरू प्रस्तुत ।

### ३.३.२ उत्तरार्द्ध चरण : वि. सं. २०५७ देखि हालसम्म

चितवनको बालसाहित्य स्कुले बालबालिकाहरूका विभिन्न पत्रपत्रिकामा छरिएका बालरचनाहरूमै लामो समयसम्म घुमिरह्यो । राष्ट्रियस्तरमा बालसाहित्यिक कृतिहरूको बाढी नै आउँदा पनि चितवनमा पाठ्येतर बालसाहित्यिक कृतिहरू प्रकाशित हुन सकिरहेका थिएनन् । यही लामो रिक्ततालाई चिर्दै कवि गोविन्दराज विनोदीले चितवन वाङ्मय प्रतिष्ठानबाट वि.सं. २०५७ मा **आँखाका नानी** (बालकविता सङ्ग्रह) कृति प्रकाशन गरे । यही कृतिको प्रकाशनदेखि हालसम्म (वि.सं. २०५७ – २०६७) को अवधि चितवनको बालसाहित्यिक यात्रामा सचेत बालसाहित्यिक कृति प्रकाशनको कालखण्ड बन्न पुगेको देखिन्छ । प्रौढ लेखकहरू यस चरणमा बालसाहित्यतर्फ आकर्षित बन्दै गएको पाइन्छ । कवि गोविन्दराज विनोदीको **आँखाको नानी** (बालकवितासङ्ग्रह-२०५७) नै चितवनबाट प्रकाशित प्रथम सचेत बालसाहित्यिक पुस्तकाकार कृति मानिन्छ । यस कृतिले कलिला नानीबाबुहरूको

ध्यान पाठ्यपुस्तकबाट पाठ्येतर साहित्यतर्फ खिँचेको पाइन्छ । बालजगतका विविध शीर्षकहरूका बाईसवटा सरल र सरस कविताहरू सङ्कलित यस कृतिभित्रका सबै कविताहरू बाललोकलयमा आधारित छन् । यस कृतिले बालसाहित्यको सैद्धान्तिक नियम पछ्याउँदै बालमनोविज्ञानमा आधारित उन्मुक्त बालभावनाहरूको अभिव्यक्ति दिएको पाइन्छ । कविताका भावानुकूल सुन्दर र जीवन्त चित्रहरूसमायोजन गरी प्रकाश थापाले यस कृतिको महत्त्व अझ बढाएका छन् ।

चितवनको बालसाहित्यलाई व्यवस्थित ढङ्गले अघि बढाउने अर्की प्रतिभा विद्या भण्डारी 'चिराग' हुन् । अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनको प्रकाशकत्वमा वि.सं. २०६२ मा प्रकाशित उनको **इन्द्रेणीको गेट** (बालकविता सङ्ग्रह) चितवनबाट प्रकाशित दोस्रो बालसाहित्यिक कृति मानिन्छ । यस कृतिले कवि विनोदीद्वारा शुरु गरिएको चितवनको पाठ्येतर बालसाहित्यिक कृतिप्रकाशनको यात्रालाई अझ फराकिलो बनाउँदै अघि बढाएको देखिन्छ । उनान्चालीसवटा बालकविताहरू सङ्कलित यस कृतिमा कवयित्रीले बालजगत्को फराकिलो फाँटमा प्रवेश गरी बालबोलीमा आधारित मीठामीठा कविता सिर्जना गरेकी छिन् । यस कृतिमा बालक्रीडा र उनीहरूको निर्दोष भावनाको दुरुस्त चित्रण गरिएको छ भने चित्रकार अमर न्यौपानेका आकर्षक बालचित्रहरूले पनि कविताको भावबोधमा सहजता थपेका छन् । यस सङ्ग्रहमा अभिव्यक्त कवयित्रीका बालजीवनोपयोगी आदर्श उपदेशहरूले बालबालिकाहरूलाई उचित मार्गनिर्देशनसमेत गरेको पाइन्छ ।

त्यसैगरी यस चरणमा देखा परेका चितवनका अर्का बालसाहित्यकार रविकिरण 'निर्जीव' हुन् । उनको **ऐजेरु लागेको पिपल** (बालकाव्य) चितवनबाट प्रकाशित तेस्रो बालसाहित्यिक पुस्तकाकार कृति मानिन्छ । हिमालय मा.वि. चम्पानगर,चितवनको बालक्लवबाट वि.सं. २०६३ मा प्रकाशित एक्काइस पृष्ठसम्मको यो लघुआकारात्मक बालकाव्य कृतिले चितवनको बालसाहित्यिक यात्रामा नौलो स्वाद पस्केको पाइन्छ । अन्य बालकविताहरूको तुलनामा यो बालकाव्य झिनो काव्यवस्तु बाकेर अघि बढेको देखिन्छ । शार्दूलविक्रीडित छन्दका तीस पद्यमा संरचित लामो कविताको संरचनामा आबद्ध प्रस्तुत् कृतिले पीपलको जीवन कथा व्यक्त गरी बालबालिकालाई प्रकृतिको संरक्षण गर्नुपर्ने सन्देश दिँदै उनीहरूभित्र मानवता, भ्रातृत्व र सेवामुखी भावनाको विकास गराएको पाइन्छ । सङ्घर्षशील जीवनचक्रको प्रतीकात्मक प्रस्तुति दिँदै कवि 'निर्जीव'ले यस कृतिमार्फत साना-साना बालबालिकाहरूमा समाजका कुतत्त्वसँग सङ्घर्ष गर्न सक्ने आत्मबल पनि प्रदान गरेको

पाइन्छ । चित्रकार तेजबहादुर राना र वरुण घिमिरेका बालचित्रहरूले पीपलको सङ्घर्षपूर्ण जीवनयात्रालाई राम्ररी बुझाउन सकेको पाइन्छ ।

चितवनको बालसाहित्यिक यात्राक्रमको यस चरणका अर्का बालसाहित्यकारको रूपमा रह शर्मा देखिन्छन् । कवि रविकिरण 'निर्जीव'का सहोदर भाइ रह शर्माले चितवनको बालसाहित्यमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । उनको **सेलरोटी** ( बालकवितासङ्ग्रह) चितवनबाट प्रकाशित चौथो पुस्तकाकार बालकृति मानिन्छ । प्रगतिशील लेखकसङ्घ चितवनद्वारा वि.सं. २०६३ चैत्र महिनामा प्रकाशित यस कृतिभित्र बाईसवटा बालसुलभ विषयवस्तुका सरस कविताहरू सङ्कलित देखिन्छन् । कविताहरूमा जडीबुटी, फलफूल, खाद्य-अखाद्य वस्तुहरूको महत्त्वमाथि प्रकाश पारी बालस्वास्थ्यमा विशेष चासो देखाइएको छ । त्यस्तै आफ्ना आदर्श उपदेशले बालबालिकाको सुन्दर भविष्यप्रति परिलक्षित हुँदै कविले कविताहरूमा उचित मार्गप्रशस्त पनि गरेको देखिन्छ । नवीन अधिकारीको सफल चित्रकारिताको उदाहरण बनेका कविताको अन्तरङ्ग विषय वा भावसँग सम्बन्धित बाल चित्रहरूले पनि प्रस्तुत् कृतिको गरिमा बढाइदिएको देखिन्छ ।

चितवनको बालसाहित्यिक यात्राक्रममा पछिल्लो नाम जोडिएका बालसाहित्यकार कवि रामकृष्ण 'तारा' हुन् । स्पाइनल इन्जुरीका कारण अपाङ्ग बनेका यी कविले चार पाङ्ग्रे ह्वील चियरमा घिस्रँदै भए पनि चितवनको बालसाहित्यमा अविस्मरणीय योगदान पुऱ्याएको देख्न सकिन्छ । उनको **सृजनाका कोसेलीहरू** (बालकविता सङ्ग्रह) चितवनबाट प्रकाशित पाँचौं तथा हालसम्मको पछिल्लो बालसाहित्यिक कोसेली हो । लेखनाथ अधिकारीको प्रकाशकत्वमा वि.सं. २०६६ वैशाख १ गतेका दिन प्रकाशित प्रस्तुत् कृतिमा चौंतीसवटा सरल बालकविताहरू सङ्कलित देखिन्छन् । यस कृतिले चितवनको बालसाहित्यिक यात्रालाई अविच्छिन्न तुल्याएको छ । राष्ट्रिय चेतना, औपदेशिकता, समुज्ज्वल भविष्यको कामना र समसामयिक राजनीतिक परिवेशलाई समेत विशेष ठाउँ दिइएको प्रस्तुत् कृतिभित्रका सुन्दर बालअभिव्यक्तिले चितवनको बालसाहित्यमा विशेष मलजल थपेको पाइन्छ ।

चितवन जिल्ला बालसाहित्यको फाँटमा बिस्तारै पाइला चाल्दै अघि बढेको देख्न सकिन्छ । बालरचनाहरूको भुँमरीबाट बाहिर निस्किएर यहाँको बालसाहित्य कृतिप्रकाशनको नयाँ क्षितिजमा प्रवेश गरेको देखिन्छ । हालसम्म यस जिल्लाले पाँचवटा बालसाहित्यिक कृतिहरू जन्माइसकेको पाइन्छ । चितवनबाट प्रकाशित बालसाहित्यिक

कृतिहरूलाई कालक्रमिक आधारमा निम्न तालिकाद्वारा यसरी देखाउन सकिन्छ :

**तालिका सख्यां. १. चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको कालक्रमिक विवरण :**

| क.सं | कृतिको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशक | लेखक |
|---|---|---|---|---|---|
| १. | आँखाका नानी | बालकविता | २०५७ | चितवन वाङमय प्रष्ठिान, चितवन | गोविन्दराज'विनोदी' |
| २. | इन्द्रेणीको गेट | बलकविता | २०६२ | अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चतवन | विद्या भण्डारी 'चिराग' |
| ३. | ऐजेरु लागेको पिपल | बालकाव्य | २०६३ | बालक्लव, हिमालय मा.वि. चम्पानगर, चितवन | रविकिरण 'निर्जीव' |
| ४. | सेलरोटी | बालकविता | २०६३ | प्रगतिशील लेखक सङ्घ, चितवन | रह शर्मा |
| ५. | सृजनाका कोसेलीहरू | बालकविता | २०६६ | लेखनाथ अधिकारी | रामकृष्ण 'तारा' |

यी कृतिका अतिरिक्त चितवनको बालसाहित्यको यो दोस्रो चरणमा अन्य बालसाहित्यिक गतिविधिहरू पनि प्रशस्त बढ्न थालेको पाइन्छ । यस जिल्लामा अवस्थित सिनर्जी एफ.एम., कालिका एफ्.एम्., हाम्रो एफ्.एम्., त्रिवेणी एफ्.एम्. जस्ता सञ्चारका माध्यमहरूले पनि बालबालिकाभित्रको प्रतिभा प्रकाशन गर्ने विविधकार्यक्रमहरू सञ्चालन गरी चितवनको बालसाहित्यलाई थप ऊर्जा प्रदान गरेको पाइन्छ भने सरकारी तथा निजी विद्यालयबाट प्रकाशित मुखपत्र, स्मारिका र सोभेनियरहरूले पनि बालसाहित्यको गति बढाएको पाइन्छ । त्यसैगरी चितवनबाट प्रकाशित 'चितवन पोष्ट', 'कायाकैरन', 'लोकतन्त्र सन्देश', 'पारदर्शी' जस्ता समाचारमूलक दैनिक पत्रपत्रिकाहरूले पनि बालबालिकाहरूको बालरचनालाई ठाउँ दिएको पाइन्छ । चितवनको बालसाहित्यिक यात्राक्रमको यो दोस्रो चरणमा देखापरेका मूल प्रवृत्तिलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ :

क) प्रौढ लेखकहरूद्वारा लेखिएका बालसाहित्यिक कृतिहरूको प्रकाशन,

ख) सचेत बालसाहित्य लेखनको आरम्भ,

ग) बालकवितातर्फ साहित्यकारको विशेष ध्यानाकर्षण,

घ) कृतिहरूमा बालबालिकाहरूको सुखद भविष्यको कामना,

ङ( प्रकृतिको तन्मय र मन्मय चित्रण,

च) बालमनोविज्ञानको सफल प्रयोग,

छ) औपदेशिक र ज्ञानात्मक बालकविताको आधिक्य,

ज) बालबालिकाभित्र मानवता, भ्रातृत्व र सेवामुखी भावनाको विकासमा विशेष जोड,

झ) परिश्रमी, अध्ययनशील र अनुशासित बन्न आग्रह,

ञ) सङ्घर्षशील जीवनबोध,

ट) बालस्वास्थ्य र असल आचरणको विकासमा समेत विशेष चासो,

ठ) राष्ट्रियता र आत्मगौरवप्रतिको मोह,

ड) समाजसुधार र वातावरण स्वच्छताको चाह,

ढ) योग्य नागरिक बन्न बालबालिकालाई उचित मार्गनिर्देशन, अनुरोध आग्रह,

ण) बालअधिकार, बालसमस्या र बालशोषणमाथिको सशक्त स्वर,

त) बालसाहित्य प्रबर्द्धनमा सञ्चार माध्यमको उल्लेख्य योगदान,

थ) भावानुकूलका बालचित्रहरूको प्रयोग,

द) सरल,सरस र बोधगम्य भाषाशैलीमा बालकृतिहरू प्रकाशन,

ध) झ्याउरे, लोकलय, छन्दोबद्ध लय र बालगेयात्मक लोकलयमा कविताहरूको रचना,

न) झिनो काव्यवस्तु बोकेको लामा कविताको संरचनामा समेत बालकाव्यको प्रकाशन ।

**३.४ उपसंहार**

चितवन नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने नारायणी अञ्चलको एक प्रसिद्ध जिल्ला हो । कला, साहित्य र सङ्गीतको उर्वर क्षेत्र मानिने यस जिल्लामा बालसाहित्य कछुवा गतिमै भए पनि अघि बढिरहेको देखिन्छ । वि.सं. २०२१ मा चितवन हाइस्कुलद्वारा प्रकाशित **चितवनको चिनो** साहित्यिक पत्रिकादेखि हालसम्मको अवधि पार गर्दा यहाँको बालसाहित्यिक फाँटमा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७), कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२), कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३), कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह-२०६३) र कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) गरी पाँचवटा कृतिहरू प्रकाशित देखिएका छन् । केही सचेत साहित्यकारहरूको ध्यान बालसाहित्यले खिँचेको भए तापनि राष्ट्रिय स्तरसँग यहाँको बालसाहित्यले भने गति लिन सकेको देखिदैन । साहित्यकारहरू बालकथा, बालउपन्यास, बालनिबन्ध, बालजीवनीजस्ता विधाहरूमा नछरिई केवल बालकवितातर्फ मात्र केन्द्रित बनेको पाइन्छ । यति हुँदाहुँदै पनि बालरचनाबाट माथि उठी प्रौढ लेखकहरूद्वारा लेखिएका सचेत बालसाहित्यिक कृतिहरू लेखिन शुरु गरिनु चितवनको बालसाहित्य क्षेत्रको उल्लेख्य प्राप्ति मान्न सकिन्छ ।

# परिच्छेद : चार

# चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विश्लेषण

चितवन जिल्ला बालसाहित्यको फाँटमा भर्खरै बामे सर्न लागेको देख्न सकिन्छ । लामो समय बालरचनाकै सेरोफेरोमा रुमल्लिइरहेको यहाँको बालसाहित्यिक क्षेत्रमा पछि आएर मात्र प्रौढ लेखकहरूले कलम चलाएको देखिन्छ । साहित्यका अन्य विधाहरूमा उर्वर बनेको यो भूमिमा हालसम्म पाँचवटा मात्र बालसाहित्यिक कृतिको प्रकाशन भएको पाइन्छ । यस परिच्छेदमा कालक्रमिक आधारमा तिनै बालकृतिहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

## ४.१. कवि गोविन्दराज विनोदी र उनको बालकवित्व

चितवनको बालसाहित्यिक यात्राक्रमलाई बालरचनाको लामो भुँमरीबाट मुक्त गरी कृतिप्रकाशनको नयाँ गोरेटोमा डोऱ्याउने साहित्यकारहरूमध्ये कवि गोविन्दराज विनोदी अगाडि देखिएका छन् । उनको व्यक्तित्व र बालकवित्वलाई अलग-अलग उपशीर्षकमा राखेर यसरी अध्ययन गरिएको छ :

### ४.१.१. कविको परिचय

चितवनमा बालसाहित्यिक कृति प्रकाशनको युग शुभारम्भ गर्ने राष्ट्रिय प्रतिभा गोविन्दराज विनोदी हुन् । वि.सं. २००९ साल श्रावण २८ गते मङ्गलवारका दिन गण्डकी अञ्चलअन्तर्गत पर्ने कास्की जिल्लाको रूपाकोट गा.वि.स.मा पिता कृष्णानन्द र माता गौरादेवीका जेष्ठ सुपुत्रका रूपमा विनोदीको जन्म भएको थियो । आफ्नै पारिवारिक कारणबाट संन्यास लिन पुगेका पिता कृष्णानन्दले विनोदीलाई गुरुकूल शिक्षा पद्धतिमै संस्कृतका दुर्गाकवच, चण्डी, गीता र अमरकोश पाठ पढाएका थिए । विनोदीको वास्तविक थर सरस्वती भए पनि विनोदप्रिय स्वभावका धनी भएकाले उनी आफैले 'विनोदी' उपनाम रोजेका थिए । नेपाली विषयमा स्नातकोत्तर र शिक्षाशास्त्रमा डिप्. इन्. एड्. उत्तीर्ण गरेका विनोदीको औपचारिक शिक्षा यतिमै सीमित भए पनि स्वाध्ययनद्वारा

ज्ञानराशिको क्षितिज भने विस्तार गरिरहेका देखिन्छन् । वि.सं. २०२७ सालदेखि हालसम्म नवलपरासी गैंडाकोटस्थित जनक उच्च मा.वि.मा अध्यापनरत विनोदी वि.सं. २०५१ देखि शहीद स्मारक कलेज शारदानगरमा नेपाली विषयको उपप्राध्यापक र २०५६ सालदेखि वीरेन्द्र बहुमुखी क्याम्पसमा नेपाली विषयको प्राध्यापन कार्यमा सरिक देखिन्छन् । प्राध्यापन कार्यका अतिरिक्त उनको कलाकारिता पनि जीविकोपार्जनको माध्यम बन्न पुगेको थियो । हाल उनी नवलपरासी जिल्लाको गैंडाकोटका बासिन्दा भए तापनि चितवनको साहित्यिक गतिविधिमा प्रत्यक्ष संलग्न रहँदै आएका छन् ।

वि.सं. २०२१ मा चितवन हाइस्कुलबाट प्रकाशित **चितवनको चिनो** पत्रिकामा **रिस** शीर्षक कविता प्रकाशन गरी साहित्यिक फाँटमा बामे सरेका विनोदी विगत साढे चार दशकदेखि साहित्यसाधनामा अनवरत लागिपरेका देखिन्छन् । हालसम्म उनका **मेरो वर्तमानता** (कवितासङ्ग्रह- २०४७), **निर्मम निर्मम घडीहरू** (गजलसङ्ग्रह-२०५६), **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७), **छन्दविनोद** (कवितासङ्ग्रह- २०५९), **अविश्रान्त** ( कवितासङ्ग्रह- २०५९) गरी पाँच काव्यकृतिहरू प्रकाशित देखिन्छन् । कवि विनोदी साहित्यसाधनाका अतिरिक्त विभिन्न सामाजिक सङ्घ-संस्थाहरूमा पनि आबद्ध देखिएका छन् । नेपाल रेडक्रस सोसाइटी, नारायणगढ, त्रिवेणी साहित्य परिषद्, नवलपरासी, नारायणी कला मन्दिर, नेपाल कमर्सियल आर्टिस्ट सङ्घ चितवन, नन्दन वन उपभोक्ता समिति विजयनगर, विजय विकास स्रोत केन्द्र, गैंडाकोट, मौलाकालिका मन्दिर निर्माण समिति, गैंडाकोट, मानवअधिकार तथा शान्ति समाज नवलपरासी, चितवन साहित्य परिषद् जस्ता संस्थामा प्रत्यक्ष सहभागिता जनाउँदै आएका विनोदीको जीवन विविध आयामले भरिएको पाइन्छ । विनोदीले चितवनको बालसाहित्यमा कोसेढुङ्गाको काम गरेका छन् । चितवनको साहित्यिक परिसरमा उनको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) प्रौढ लेखकहरूद्वारा लेखिएको चितवनको पहिलो बालसाहित्यिक कृति मानिन्छ ।

## ४.१.२. कवि विनोदीको बालकवित्व

स्वच्छन्दतावादी, मानवतावादी कवि गोविन्दराज विनोदी गजल र कविता विधामा जसरी अघि देखा परेका छन् त्यसरी नै बालसाहित्यका पनि कुशल शिल्पी देखिएका छन् । ‘कविले आफ्ना बालकवितामा बालबालिकाहरूका मानसिक र भावनात्मक

अभिव्यक्तिलाई वाणी दिएर जीवनप्रति आस्थावान् बनाएका छन् ।' [५९] कवि विनोदीले आफ्ना कविताहरूमा जीवन र जगत्का विविध पक्ष, प्रकृति, सामाजिकता, मानवता, उपदेशात्मक आदिलाई विषयवस्तुको सेरोफेरो बनाएका छन् । विशेष गरी विनोदीका बालकविताहरूले प्रकृतिलाई नै केन्द्रविन्दु बनाएका छन् । यसका साथै यिनका कविताले मानवतालाई पनि मूलभावका रूपमा अभिव्यक्त गरेका पाइन्छन् । हाम्रो समाजका बाध्यात्मकता पनि कविताका पङ्क्तिहरूमा देख्न सकिन्छ भने शैक्षिक चेतनाका स्वरहरू पनि यिनका कविताहरूले सुसेलेको पाइन्छ । विशेष गरी बालबालिकाहरूको सुखद भविष्यको कामना गरी भविष्यका आशालाग्दा किरणको रूपमा उनीहरूलाई कवितामा उभ्याएका छन् । नेपालको सांस्कृतिक, प्राकृतिक, जातीय विविधताको वर्णन गर्दै कविले बालबालिकाभित्र राष्ट्रियताको भावसञ्चरण गर्ने गराउने कार्यमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन् । कवि बालबालिकालाई अध्ययनप्रति रुचि जगाउँदै कापी, कलम र किताबसँग हाँस्न र खेल्न सिकाउँछन् । यिनले नेपाली भाषा र साहित्यप्रति आकर्षित गर्दै उनका कविताले सफल साहित्यकारको चिनारी बालबालिकालाई गराएका छन् । परिश्रममा विश्वास राख्ने कविले आफ्ना कवितामा बालबालिकालाई परिश्रमी बनेर सफलताको शिखर चुम्न अभिप्रेरित गरेका छन् । कोमल बालभावनामा स्वदेश भक्तिको गीत गाउँदै उनले आफ्ना कवितामार्फत् सबैलाई आफ्नै देशमा श्रम र शक्ति खन्याउन आग्रह गरेका छन् । उनी कवितामा कतै कोमल प्रकृति, कतै त्रासद प्रकृति त कतै रङगीबिरङ्गी प्रकृतिको तन्मय र मन्मय चित्रण गर्न पुग्छन् । नीलाकाशमा उड्ने पक्षीहरूको जस्तै स्वच्छन्द बालचाहनाको अभिव्यक्ति दिने विनोदीले कवितामा बालमनोविज्ञानको पनि सफल प्रयोग गरेका छन् । उनी आफू स्वयं बालबालिका बन्दै बालजगत्का संवेदना र जिज्ञासालाई कवितामा जीवन्त चित्रण गर्दछन् । गुनिला अर्ति-उपदेश बाँड्दै सुकोमल पदावली र सुललित भावविन्यासले कवि बालबालिकामा परिचित बन्न पुगेका छन् । नैतिक र आदर्श जीवनमार्गमा डोऱ्याउँदै कविले बालबालिकालाई आशावादी बनाएका छन् । घामपानीजस्तै सुखदुःख भेल्नुपर्ने, विभिन्न ऋतुहरू परिवर्तन भएजस्तै मानव जीवनमा पनि समयचक्र निरन्तर घुमिरहने जीवनदर्शन पनि आफ्ना कवितामा व्यक्त गर्न उनी पछि पर्दैनन् ।

---

[५९] चूडामणि बन्धु, 'केही शब्द', **आँखाका नानी** (बालकवितासङ्ग्रह), चितवन वाङ्मय प्रतिष्ठान, २०५७, भूमिका खण्ड ।

कवि विनोदीको भाषाशैली बालकवितामा पनि परिपक्व देख्न सकिन्छ । अनुप्राशमय भाषाले उनका कविता बालबालिकामा सजिलै लोकप्रिय बन्न पुगेका छन् । गीतिलयमा, शास्त्रीय छन्दमा र बाललोकलयमा आधारित उनका कवितामा प्रायजसो तद्भव शब्दको प्राचुर्य देखिएको छ भने अनुकरणात्मक शब्दहरू पनि प्रशस्त प्रयोग गरिएका छन् । भावानुकूलका सुन्दर चित्र संयोजन गर्ने कविको सफल चित्रकारिता बालकवितामा स्पष्ट देख्न सकिन्छ । उनी बाल मस्तिष्कबाटै कविताको शीर्षक छनोट गर्दछन् फलस्वरूप जीवनजगत्का विविध वस्तुहरू उनका बालकवितामा शीर्षक बनेर आएका हुन्छन् । प्रायः उनका बालकविताहरूको शीर्षक विशेषणयुक्त पदावलीमा चयन गरिएको हुन्छ भने कविताका वर्ण्य विषयले शीर्षकलाई सार्थक तुल्याएको पाइन्छ । समग्रमा कवि विनोदीको बालकवित्वलाई निम्न लिखित बुँदाहरूमा समेट्न सकिन्छ :

क) प्रकृतिको विविध रूपको  जीवन्त चित्रण,

ख) वस्तुको महत्त्वबोध,

ग) शिक्षा र जागरणको स्वर,

घ) प्रकृतिको मानवीकरण,

ङ) परिवर्तनशील जीवनदर्शन,

च) बालबालिकालाई साहित्यप्रति अभिरुचि जगाउने प्रयास,

छ) साहित्यकार तथा राष्ट्रिय विभूतिको चिनारी,

ज) स्वदेशप्रेमी भावना र राष्ट्रियताको भावसञ्चरण,

झ) अतृप्त प्रकृतिप्रेम,

ञ) सुखद भविष्यको चाहना,

ट) परिश्रमको महत्त्व,

ठ) एकताको भावना,

ड) बालबालिकामा रचनात्मक विकासको अपेक्षा,

ढ) सामाजिकता,

ण) पशुपक्षीका सुरम्य कीडा प्रदर्शन,

त) मङ्गलभाव र आध्यात्मिकता,

थ) औपदेशिकता,

द) उन्मुक्त बालचाहनाको प्रस्तुति ।

## ४.२.आँखाका नानी (बालकविता सङ्ग्रह)को अध्ययन र विश्लेषण

चितवन वाङ्मय प्रतिष्ठानद्वारा वि.सं. २०५७ मा प्रकाशित **आँखाका नानी** कवि गोविन्दराज विनोदीको तेस्रो पुस्तकाकार कृति भए पनि चितवनबाट प्रकाशित पहिलो बालसाहित्यिक कृति हो । यस कृतिको प्रकाशन सँगसँगै  चितवनको बालसाहित्यले नयाँ बाटो पक्रिएको हो । कवि विनोदीको प्रस्तुत बालकाव्य कृतिलाई निम्न लिखित उपशीर्षकमा राखेर विश्लेषण गर्न सकिन्छ :

## ४.२.१ शीर्षक सार्थकता

शीर्षकले कुनै पनि कृतिको झलक्क परिचय दिने गर्छ । कृतिमा शीर्षक कुनै न कुनै दृष्टिबाट अर्थपूर्ण हुने गर्छ । प्रस्तुत कृतिको शीर्षक 'आँखाका नानी' ले सोझो अर्थमा आँखाको केन्द्रविन्दुमा रहेको सानो गोलाकार कालो भागलाई बुझाए पनि कविले बालबालिका आँखाका नानीजस्तै तेजिला र प्रिय हुने भएकाले यो कवितासङ्ग्रह तिनै बालबालिकाका निम्ति हो भन्ने कुरा व्यक्त गर्न खोजेको पाइन्छ । कविलाई साँच्चै नै कोमल भावना र निष्कपट व्यवहारका धनी बालबालिका आँखाका नानीजस्तै प्रिय, संवेदनशील र महत्त्वपूर्ण लाग्छन् । आँखाको नानी हेर्दा जति सानो भए पनि संसार देख्न सक्ने उसको शक्ति अनौंठो लाग्छ । बालबालिकाहरू पनि जति  साना छन् त्यति नै उनीहरूभित्र अलौकिक शक्ति निहित हुन्छ भन्ने भाव प्रस्तुत् कृतिको शीर्षकबाट छर्लङ्ग भएको छ । त्यसरी नै बालबालिकालाई आँखाका नानीजस्तै मूल्यवान् ठान्दै उनीहरूभित्रको प्रतिभालाई चिन्ने प्रयास पनि कविले यस बालकृतिभित्र गरेको देख्न सकिन्छ । बालबालिकालाई सानासाना देखेर होच्याउनु हुँदैन, बरु आँखाको नानीजस्तै महत्त्वका दृष्टिले हेरिनुपर्दछ भन्ने आग्रह पनि कविले आफ्ना बालकविताभित्र गरेको हुँदा कृतिको शीर्षक सान्दर्भिक बन्न पुगेको देखिन्छ । यसरी सिङ्गो कृतिभित्रका मीठा मीठा कविताहरू बालोपयोगी र महत्त्वपूर्ण रहेकाले आँखाका नानी शीर्षक छनोट उपयुक्त र अर्थपूर्ण देखिएको छ ।

### ४.२.२ कृतिको स्वरूप र आकारप्रकार

प्रस्तुत कृति आकारको दृष्टिले हेर्दा मझौला आकारको देखा पर्छ । कृतिभित्रको पृष्ठभूमि खण्ड 'क' देखि 'च' सम्म विस्तारित देखिन्छ भने कविताक्रमको दोस्रो खण्ड पृष्ठ एक देखि बाईससम्म विस्तारित भएको पाइन्छ । आवरणको अग्र भाग नीलो रङ्गीन कलेवरमा दुई बालबालिका एउटा सानो भकुण्डो समात्न लागेको, नजीक एउटा सानो विद्यालय, त्यसको अगाडि बगैंचा, शिरमा हिमालका दृश्य र छेउमा खरायोको चित्र अङ्कित गरिएको देख्न सकिन्छ । आवरण पृष्ठकै सिरानमा बादल लागेको आकासबीचमा कृतिको नाम राखिएको देखिन्छ भने पुछारमा लेखकको नाम र प्रकाशकको नाम देख्न सकिन्छ । बाह्य आवरणको पश्च भागमा चूडामणि बन्धुको प्रस्तुत कृतिसम्बन्धी एक अनुच्छेदात्मक छोटो टिप्पणी र त्यसको ठीक तल समालोचक लक्ष्मणप्रसाद गौतमको एक अनुच्छेदात्मक कृतिसमीक्षा राखिएको छ । त्यसैगरी पश्च आवरणमै अन्तिम आधा भागमा तस्वीरसहित कवि गोविन्दराज विनोदीको  जन्म, शिक्षा, पेशाा, प्रकाशित कृतिहरूलगायत पुरस्कार र सम्मानसहितको छोटो चिनारी प्रस्तुत् गरिएको छ ।

पुस्तकको पृष्ठभूमि खण्डमा पृष्ठ 'क' को सिरानमा आँखाका नानी, बालकवितासङ्ग्रह लेखी त्यसको मुनि रचयिताको नाम, त्यसको केही तल कलाकारको नाम र अन्त्यमा प्रकाशकको आकृतिचिन्हसहित नाम र ठेगाना दिइएको पाइन्छ । पृष्ठ 'ख' मा पनि सिरानमा आँखाका नानी, बालकवितासङ्ग्रह लेखी पुस्तकाकारको भिन्न भिन्न पृष्ठमा लेखकको नाम र समस्त आँखाका नानीहरूलाई समर्पण भाव प्रस्तुत गरिएको छ । त्यसै पृष्ठको तलपट्टि कवि, प्रकाशक, प्रकाशन वर्ष, सर्वाधिकार, कला तथा आवरण, कृतिको प्रकाशित संख्या, मूल्य, मुद्रकबारे जानकारी गराउँदै अन्त्यमा अङ्ग्रेजी भाषामा कृतिको नाम र विधागत चिनारी दिइएको छ । पृष्ठ 'ग' मा  चूडामणि बन्धुको 'केही शब्द' शीर्षकमा प्रस्तुत् कृतिको समीक्षा गरिएको छोटो लेख राखिएको छ भने पृष्ठ 'घ' चितवन वाङ्मय प्रकाशनका सचिव लक्ष्मणप्रसाद गौतमको प्रकाशकीय मन्तव्यले लिएको देखिन्छ । त्यस्तै पृष्ठभूमिको पृष्ठ 'ङ' मा 'आफ्ना कुरा' शीर्षकको लेखकीय मन्तव्य समाविष्ट देखिन्छ भने अन्तिम पृष्ठभूमि खण्डको पृष्ठ 'च' मा कृतिभित्रका बाईस कविताको शीर्षक र पृष्ठसंख्या उल्लेख गरिएको पाइन्छ ।

कविताक्रमको दोस्रो खण्ड पृष्ठ एकदेखि बाईससम्म विस्तारित देखिन्छ, जहाँ प्रत्येक पृष्ठ भरिने गरी एक-एक शीर्षकका कविताहरू राखिएका छन् । संरचनाका दृष्टिले यी कविताहरू कम्तिमा चार पङ्क्तिदेखि बढीमा अट्ठाईस पङ्क्तिसम्मका देखिन्छन् । कविताक्रमको पहिलो कविता 'बालसरस्वती' चार पङ्क्तिको एक श्लोकमा संरचित देखिन्छ भने 'मेरो सानो झोलामा' बाऱ्ह पङ्क्तिका तीन श्लोकमा संरचित भएको पाइन्छ । त्यस्तै 'सानी सानी नानी' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'राम्रा अक्षर' चौध पङ्क्तिका चार श्लोक, 'पुस्तक मेरो साथी' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'इन्द्रिनी दिदी' बाऱ्ह पङ्क्तिका चार श्लोक, 'अल्छी' बीस पङ्क्तिका पाँच श्लोक, 'भँगेरी चरी' चौध पङ्क्तिका चार श्लोक, 'आकाश गङ्गा' सोऱ्ह पङ्क्तिका पाँच श्लोक, 'बाबाको डायरी' अट्ठाइस पङ्क्तिका पाँच श्लोक, 'घामपानी' सोऱ्ह पङ्क्तिका पाँच श्लोक, 'माया गर्छु' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'दारीबाल कवि' बीस पङ्क्तिका पाँच श्लोक, 'हाम्रो हिमचुली' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'बोल बोल क्वैली चरी' बीस पङ्क्तिका तीन श्लोक, 'बादलका ताँती' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'लाहुरे दाइ' बीस पङ्क्तिका पाँच श्लोक, 'सयपत्री रानी' सोऱ्ह पङ्क्तिका चार श्लोक, 'हाम्रो गाउँघरतिर' बाऱ्ह पङ्क्तिका तीन श्लोक, 'साहिँला बाजे' चौबीस पङ्क्तिका छ श्लोक, 'वसन्त' सोऱ्ह पङ्क्तिका चार श्लोक र 'किरण हामी आशाका' उन्नाइस पङ्क्तिका पाँच श्लोकको संरचनात्मक ढाँचामा आबद्ध देखिन्छन् । कविताक्रमका 'बाल सरस्वती' उपजाति छन्दमा, 'घामपानी' शशिवदना छन्दमा र 'हाम्रो हिमचुली' विद्युल्लेखा छन्दमा लेखिएका छन् भने बाँकी सबै कविताहरू बाल गीतिलयमा संरचित देखिन्छन् ।

## ४.२.३ अन्तर्वस्तु वा भावविधान

अन्तर्वस्तु कविताको वर्णनीय विषय हो । प्रस्तुत् कवितासङ्ग्रहभित्रका बाईस शीर्षकका कविताहरूले बालजगत्का विविध विषयवस्तुहरूलाई समेटेका छन् । कृतिभित्र सरस्वतीको मङ्गलाचरण, झोलाको उपयोगिता, सानी नानीको सुखद भविष्य, राम्रो अक्षरको ज्ञान, पुस्तकको वर्णन, सप्तरङ्गी इन्द्रेणीको वर्णन, अल्छीको स्वभाव, पशुपक्षीहरूको कीडा, प्रकृतिको विविध रूप, साहित्यतर्फको अभिरुचि, जीवनदर्शन, नेपालको भौगोलिक, सांस्कृतिक, प्राकृतिक विविधता, साहित्यकार तथा राष्ट्रिय विभूतिहरूको परिचय,

कोइली चरी, बादल, सयपत्री फूल, वसन्त ऋतु, बालसमस्याजस्ता विषयहरूले विशेष ठाउँ पाएका देखिन्छन् ।

भावको दृष्टिले पनि प्रस्तुत कविता कृति निकै धनी देखिन्छ । कवितासङ्ग्रहभित्रका विविध विषयवस्तुसँग सम्बन्धित भावहरू कविताहरूमा छताछुल्ल पोखिएका छन् । विनोदीले विशेष गरी प्रस्तुत कृतिभित्रका कविताहरूमा प्रकृतिप्रेम, औपदेशिकता, शिक्षा र जागरण, पश्रिमको महत्त्व, पशुपक्षीतर्फको बालआकर्षण, साहित्यतर्फको अभिरुचि, जीवनबोध, राष्ट्रियता, सौन्दर्यप्रेम, मातृभूमिप्रेम, बालसमस्या, बालबालिकाको सुखद भविष्यको कामना र जीवनप्रति आशावादी बन्न आग्रहजस्ता पक्षहरूलाई मूलभावका रूपमा प्रस्तुत् गरेका देखिन्छन् । कविताकृतिभित्र प्राकृतिक विविधताको चित्रण, औपदेशिकता, मानवतावादी स्वर, शैक्षिक जागरण, पशुपक्षीतर्फको बालआकर्षण, साहित्यप्रतिको अभिरुचि, जीवनबोध, स्वदेशप्रेम, सामाजिकता, सुखद भविष्यको चाहनाजस्ता भावपक्षलाई निम्न उपशीर्षकमा राखेर अध्ययन गर्न सकिन्छ :

### ४.२.३.१ प्राकृतिक विविधताको चित्रण

कवि विनोदी प्रकृतिको तन्मय र मन्मय चित्रण गर्न खप्पीस देखिन्छन् । बालबालिकालाई प्रकृतितर्फ आकर्षण गर्न उनी कहिले सुरम्य प्रकृतिको चित्रण गर्छन् त कहिले भयावह प्राकृतिक रूपको चित्रण गर्न पुग्छन् । कृतिभित्रका निम्न कविताहरूमा विविध प्रकतिचित्रण पाउँन सकिन्छ :

मोतीका दाना झल्झल झल
आकाशकी गङ्गा टल्पल टल ।  ( 'आकाश गङ्गा', आँखाका नानी, पृ. ९ )
घामसित टल्के थोपा थोपा पानी
इन्द्रेणीमा अल्झे नयनका नानी ।  ( 'घामपानी', ऐ., पृ. ११ )
कल्ले होला बजाएको गड्याङ्गुडुङ् बाजा
रिसाएका हुन् कि बरै आकाशका राजा । ( 'बादलका ताँती', ऐ., पृ. १६ )
पालुवाको सारी राम्रो गुराँस बुट्टे चोली
कति मीठो कुहूकुहू कोइलीको बोली ।  ( 'वसन्त', ऐ., पृ. २१ )

### ४.२.३.२ औपदेशिकता

कवि बालबालिकालाई असाध्यै माया गर्छन् । आफ्ना कविताहरूमार्फत्  मीठो शैलीमा कविले नानीबाबुहरूलाई असल बाटोमा लाग्न प्रेरणदायी उपदेश यसरी दिएका छन् :

जाँगरिलो मान्छे सधैं सफलता चुम्छ

अल्छी भने फेल भई धुरुधुरु रुन्छ ।     ( 'अल्छी', ऐ., पृ. ७ )

ज्योति लिई आँखामा भित्र मनको पाखामा

बाल्नुपर्छ दियालो पार्न धर्ती उज्यालो । ('मेरो सानो झोला', ऐ., पृ. २ )

### ४.२.३.३ मानवतावादी स्वर

कविले आफ्ना बालकवितामा मानवतावादी स्वर पनि उरालेका छन् । मान्छेका मर्म र पीडालाई उनका कविताले राम्ररी छोएका छन् भने सुखद भविष्यको आशा पनि देखाएका छन्  । कविका शान्तिकामी, अहिंसावादी र  मानवतावादी विचार कविताहरूमा यसरी पोखिएको पाइन्छ :

लाहुरे दाइ ! लाहुरे दाइ ! काँ जान हिँडेको

काँधमा झोला भिरेर तिमी काँ जान हिँडेको ।  ('लाहुरे दाइ', ऐ.,पृ. १७ )

कहिल्यै झुठो बोल्दैनौं असत्य कहिल्यै गर्दैनौं

सबैको भलो चिताउने झिल्का हौं हामी बुद्धका । (किरण हामी आशााका, पृ.२२ )

### ४.२.३.४ शिक्षा र जागरण

कवि आफू शिक्षक बनी बालबालिकालाई राम्रा अक्षर लेख्नु पर्ने शिक्षा दिन्छन्, सधैं अध्ययनशील बन्न प्रेरित गर्छन् । लामो समय आफू शिक्षण पेशामा रहेकाले उनको शिक्षक व्यक्तित्व बालकवितामा यसरी प्रस्तुत् भएको पाइन्छ :

गर्नुहुन्न लेख्दाखेरि कैल्यै हत्तपत्त

गर्नुहुन्न केरमेट मसी लतपत ।

राम्रा अक्षर राम्रा मान्छे सबै  मान्छन् जाती

मान्छे अक्षर फोहोर भए हेला गर्छन् साथी ।     ( 'राम्रा अक्षर', ऐ., पृ. ४ )
दिनरात गर्‍यौं भने अक्षरको ध्यान
मिल्दो रैछ हेर बाबै ! कति गुनज्ञान ।       ( 'मेरो साथी', ऐ., पृ. ५ )
हाम्रा गाउँघरतिर सधैं यस्तै रीत
कैले होला गाँस्न पाउने शिक्षासँग प्रीत ।     ('हाम्रा गाउँघरतिर',ऐ., पृ. १९ )

### ४.२.३.५ पशुपक्षीतर्फको बालआकर्षण

बालबालिकाको मनोभावना पशुपक्षीसँग खेल्ने र रमाउने हुन्छ । यस्तै सहज र उन्मुक्त बालभावनालाई कविले आफ्ना बाल कविताहरूमा यसरी अभिव्यक्त गरेको पाइन्छ :

मलाई पनि तिमीजस्तै उड्डूँ उड्डूँ लाग्यो
जूनतारा भेट्न माथि पुगूँ पुगूँ लाग्यो ।
उडी जाऊँ भने पनि पङ्ख मेरो छैन
तिम्रो जस्तो जिउ सानो चङ्ख मेरो छैन ।     ( 'भँगेरी चरी', ऐ., पृ. ८ )
सुनिरहूँ जस्तो लाग्ने अमृतझैं बोली
बोल बोल क्वैली चरी मनको ढोका खोली । ('बोल बोल क्वैलीचरी',ऐ., पृ. १५ )

### ४.२.३.६ साहित्यप्रतिको अभिरुचि

कवि बालबालिकालाई भाषा साहित्यतर्फ आकर्षित गर्दै साहित्यलेखन र अध्ययनमा रुचि जगाउँन पुग्छन् र विशिष्ट लेखकका साहित्य पढी प्रेरणा बटुल्न आग्रह गर्दछन् । उनको साहित्यप्रेमी भावना बालकवितामा यसरी व्यक्त भएको पाइन्छ :

सरस्वती ! तिमी मेरो कलममा बस
डायरीमा भरिदेऊ साहित्यको रस ।     ( 'बाबाको डायरी', ऐ., पृ. १० )
छोपूँ छोपूँ लाग्छ मलाई 'पुतली'को रङ्ग
खेलूँ खेलूँ लाग्छ मलाई 'इन्द्रधनु'सँग ।  ( 'साहिँला बाजे', ऐ., पृ. २० )

### ४.२.३.७ जीवनबोध

कवि आफ्ना कवितामार्फत बालबालिकाहरूलाई सङ्घर्षशील जीवनबोध गराउँछन् । प्रकृतिको सुन्दर चित्रणसँगै परिवर्तनशील जीवनचक्रलाई उनको कविताले यसरी अभिव्यक्त गरेको पाइन्छ :

सधैंभरि रहँदैन वसन्तको लाली
आउँछ चीसो शिशिर पनि घुम्दै एकपालि । ('बोल बोल क्वैलीचरी', ऐ., पृ. १५ )
तिमीजस्तै हाँस्न सके मानिसको चोला
कति शान्त, रसिलो र सफा हुन्थ्यो होला । ( 'सयपत्री रानी', ऐ., पृ. १८ )

### ४.२.३.८ स्वदेशप्रेम

कवि आफ्नो देशलाई प्राणझैं प्यारो ठान्दछन् । त्यस्तै बालबालिकाभित्र पनि स्वदेशप्रेमी भावनाको बीजारोपण गर्न चाहन्छन् । स्वदेशमै श्रम र शक्ति पोखी सुन्दर राष्ट्र बनाउँन सकिने भाव उनका कवितामा यसरी पोखिएको पाइन्छ :

स्वदेशमै तिम्रो पसिना पोखे हाँस्नेछ हिमाल
स्वर्गझैं हुन्छ तिमीले चाहे यो देश नेपाल । ( 'लाहुरे दाइ', ऐ., पृ. १७ )
पूर्व मेचीदेखि महाकाली डुली
बसौं साथी सँगी सधैं मिलीजुली । ( 'हाम्रो हिमचुली', ऐ. , पृ. १४ )
माया गर्छु अग्ला सेता हिमाललाई माया गर्छु
स्वर्गजस्तो सुन्दर मेरो नेपाललाई माया गर्छु । ( 'माया गर्छु', ऐ., पृ. १२ )

### ४.२.३.९ सामाजिकता

कविले आफ्ना बालकवितामा नेपाली समाजको वस्तुस्थितिलाई पनि चित्रण गरेका छन् । अशिक्षा र अज्ञानताको कालो बादलले ढाकेको नेपाली समाजको वाध्यात्मक परिस्थिति कवितामा यसरी प्रस्तुत् भएको पाइन्छ :

हलो जोत्छन् बूढा बाबु आमा घर काज
यो घरका केटाकेटी जान्नन् पढ्न आज । ( 'हाम्रा गाउँघरतिर', ऐ., पृ. १९ )

### ४.२.३.१० सुखद भविष्यको चाहना

कवि विनोदी आफ्ना कवितामा बालबालिकाको कोमल भावनासँग खेल्दै सुखद भविष्यको आशावादिता यसरी प्रकट गर्दछन् :

यिनीजस्तै अरू पनि नानीहरू सारा
यो देशलाई चम्काउने भविष्यका तारा ।( 'सानी सानी नानी', ऐ., पृ. ३ )
बालक हामी आजका, यो देश हाँक्ने भोलिका
किरण हामी आशाका ! ( 'किरण हामी आशाका', ऐ., पृ. २२ )

यी मूलभावका अतिरिक्त प्रस्तुत् कविताकृतिमा मङ्गलभाव, नैतिक चरित्र निर्माण, वस्तुको महत्त्वबोध, प्रकृतिको मानवीकरण, राष्ट्रिय विभूतिहरूको चिनारी, सौन्दर्यप्रेमजस्ता भावहरू पनि अभिव्यक्त भएका पाइन्छन् । समग्रमा भन्दा कवि विनोदीको प्रस्तुत् कवितामा कसिलो भाव सुगठन देख्न सकिन्छ भने प्रत्येक कविताको भाव उजागर गर्नमा बालचित्रहरूले पनि प्रशस्त मद्दत पुऱ्याएको देख्न सकिन्छ ।

### ४.२.४ जीवनदृष्टि

जीवनदृष्टि कृतिमार्फत् जीवनलाई हेर्ने लेखकीय दृष्टिकोण हो । कविले प्रस्तुत् कृतिमार्फत् बालबालिकालाई भविष्यको एउटा आशालाग्दो किरणका रूपमा हेरेका छन् । बालबालिकाको सर्वाङ्गीण विकास देख्न चाहने कविले निर्दोष बाल हृदयमा सकारात्मक भाव खन्याएका छन् । उनी जीवन चारैतिरबाट सुन्दर हुनुपर्छ भन्दै बालबालिकालाई सयपत्री फूलजस्तै निरन्तर मुस्कुराउन सक्नुपर्छ भन्दछन् । मानिसले सधैं सुखका क्षणमात्र उपभोग गर्न सक्दैन, सुख-दुःखसँग पौंठाजोरी खेल्दै अघि बढ्न सक्ने जीवन नै वास्तविक जीवन हो । 'कोइली चरी' का माध्यमबाट उनी यस्तै परिवर्तनशील जीवनचक्रको व्याख्या गर्न पुग्छन् । साना नानीबाबुलाई उनी सच्चा, इमान्दार र कर्तव्यनिष्ठ नागरिक भएर बाँच्न सिकाउँछन्, परिश्रमी र जाँगरिलो भएर चन्द्रमा छुने उच्च मनोकाङ्क्षा बोकेर कर्त्तव्यपथमा अघि बढ्न सिकाउँछन् । बालबालिकालाई राष्ट्रिय एकताको भावना बोकेका देशप्रेमी नागरिकका रूपमा र भविष्यका सुनौलो ताराका रूपमा हेर्नु नै प्रस्तुत् कवितामा कविको जीवनदृष्टि बनेर आएको देखिन्छ ।

### ४.२.५ भाषा-शैली

भाषाशैली र शिल्पविधान परिपक्व भएमा कृतिले सफलता पाउने गर्छ । प्रस्तुत कवितासङ्ग्रह ‘आँखाका नानी’ भाषाशैलीको दृष्टिले परिपक्व बनेको देखिन्छ । कविताहरूमा बालबालिकाहरूले सजिलै बुझ्ने सुबोध्य र सरल भाषा प्रयोग देखिन्छ । कृतिभित्र ‘इन्द्रिनी’, ‘साहिँला बाजे’, ‘दारीबाल कवि’, जस्ता बालबोलीका शीर्षकहरू राखी कविले कविताहरूलाई बालहृदयसम्वेद्य तुल्याएका छन् । ‘हतपत’, ‘लतपत’, ‘धुरुधुरु’, ‘भुरुरुरु’, ‘टिमटिम’, ‘झिमझिम’, ‘पिलपिल’, ‘झल्झल’, ‘टलपल’, ‘कल्कल’, ‘खल्बल’, ‘गड्याङ्गुडुङ्’, ‘कुहूकुहू’, ‘भुन्नभुन्न’, ‘फुर्रफुर्र’ जस्ता बालप्रिय अनुकरणात्मक शब्दहरू प्रस्तुत् कृतिका कविताहरूमा प्रशस्त प्रयोग भएका देखिन्छन् । त्यस्तै भावानुकूलका चित्र संयोजनले पनि कविता बालहृदयमा सम्प्रेष्य बन्न पुगेको देखिन्छ । अन्त्यानुप्रास, वृत्यनुप्रास, श्रुत्यनुप्रासजस्ता अलङ्कारको सफल प्रयोगले कविताको अन्तर्लयलाई कर्णप्रिय बनाएको छ । शास्त्रीय छन्द र बाल गीतिलयका सुन्दर पङ्क्तिहरू बालमुखारविन्दबाट गेयात्मक बनेका देखिन्छन् । विभिन्न दृष्टान्तहरूको प्रयोगले कविताहरूको भाव उजागर गर्नमा मद्दत पुऱ्याएको पाइन्छ । समग्रमा प्रस्तुत् कवितासङ्ग्रहका सबै कविताहरू बालजगत्का शब्द चुनी चुनी रचिएका हुनाले सुबोध्य बन्न पुगेको देखिन्छ भने शैलीले पनि बालरुचि जगाएको देखिन्छ ।

### ४.२.६ निष्कर्ष

यसरी कवि विनोदीको प्रकाशित तेस्रो पुस्तकाकार कृति ‘आँखाका नानी’ चितवनबाट प्रकाशित पहिलो बालकाव्यकृतिको रूपमा चिनिन्छ । बालजगत्का विविध विषयवस्तुमाथि सरल भाषामा लयात्मक अभिव्यक्तिले सिँगारिएको प्रस्तुत् कवितासङ्ग्रह सर्वपक्षबाट नै पठनीय, मननीय र सङ्ग्रहणीय बन्न पुगेको छ भने कवि विनोदी चितवनका सिद्धहस्त बालकविका रूपमा चिनिएका छन् । औपदेशिकता, राष्ट्रियता, प्रकृतिप्रेम, मानवता, सामाजिकताजस्ता भावविविधताले सजिएको प्रस्तुत् बालकवितासङ्ग्रह कवि विनोदीको उत्कृष्ट रचना बन्न पुगेको देखिन्छ । ‘प्रस्तुत् कृतिमा धेरै लामो समयसम्म स्थिर भएर पढ्न नसक्ने चञ्चल बालमस्तिष्कलाई बुझेर छोटो संरचना भएका कविताहरू सङ्कलन गरिएको अनुभव हुन्छ जो

अत्यन्तै मनोवैज्ञानिक छ ।' [६०] यसप्रकार प्रस्तुत सङ्ग्रहका कविताले विषयगत विविधताका आधारमा बालमनलाई आकर्षित गरेर शिक्षा, अर्ती, उपदेश र प्रेरणा दिनुका साथै प्रशस्त मनोरञ्जन प्रदान गरेका छन् । काव्यिक सौन्दर्य तथा भावका दृष्टिले कविताहरू उत्कृष्ट छन् भने प्रकाश थापाको आवरण तथा भित्री कलाले झनै सुन्दरता थपेको प्रतीत हुन्छ ।

## ४.३. कवयित्री विद्या भण्डारी'चिराग' र उनको बालकवित्व

चितवनको बालसाहित्यिक विकासयात्रामा प्रौढ लेखकहरूको दोस्रो क्रममा देखिएकी प्रतिभा विद्या भण्डारी 'चिराग' हुन् । उनको **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२) ले चितवनको बालसाहित्यिक यात्रालाई गतिशील तुल्याएको पाइन्छ । कवयित्री चिरागको व्यक्तित्व र बालकवित्वलाई निम्न उपशीर्षकमा राखी अध्ययन गर्न सकिन्छ :

### ४.३.१ कवयित्रीको परिचय

चितवन साहित्य, सङ्गीत र कलाको उर्वर भूमि हो । यही भूमिलाई आफ्ना सुकोमल रचनाहरूद्वारा अभिशीक्त बनाउने साहित्यकारहरूमध्ये विद्या भण्डारी 'चिराग' एक सफल साहित्य साधिका मानिन्छिन् । उनले मूलतः गजल र बालसाहित्यको क्षेत्रमा आफ्ना अमूल्य रचनाहरू पस्किएर चितवनको साहित्यिक यात्रालाई गति दिएको पाइन्छ । 'वि.सं. २०२३ वैशाख १ गते काठमाडौंको तुलसीधारा डल्लुटोलमा पिता डम्मरबहादुर के.सी.र माता ललिताकुमारी के.सी.की माहिली सुपुत्रीको रूपमा जन्मेकी विद्याको प्रारम्भिक शिक्षाको शुरुवात  काठमाडौंबाट नै भएको थियो । 'आफू चार कक्षा पढ्दादेखि नै चितवन झरेको बताउने कवयित्री चिरागले यही भूमिबाट नै आफ्नो साहित्यिक यात्रालाई अघि बढाएकी छिन् ।' [६१] चितवनको भरतपुरस्थित वीरेन्द्र बहुमुखी क्याम्पसबाट नेपाली विषय लिई स्नातकोत्तर तहसम्मको अध्ययन गरी आफ्नो औपचारिक अध्ययनलाई विश्राम दिएकी चिराग वि.सं २०४४ सालदेखि हालसम्म नै शिक्षण पेशामा आबद्ध देखिन्छिन् ।' [६२] कविता

---

[६०] बुद्धिनाथ अधिकारी, 'बालसाहित्यको उत्कृष्ट नमूना आँखाका नानी',**मधूलिका**, पूर्णाङ्क ५, २०५८,पृ.४७ ।

[६१] लेखकसँग मिति २०६६ मार्ग १४ गते लिइएको प्रत्यक्ष अन्तर्वार्ता ।

[६२] गोपाल पौडेल, 'इन्द्रेणीको गेटभित्रको शब्दचित्रण', **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह(, अभिव्यजना साहित्य प्रतिष्ठान, २०६२, पृ. १० ।

विधाबाट शुरु भएको उनको साहित्य लेखनको अभियान गजल विधामा अझै परिमार्जित बन्न पुगेको देखिन्छ । 'हालसम्म उनका **गजलपथका यात्रीहरू** (२०६१, सहलेखन), **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२), **नेपाली गजलमा नारी हस्ताक्षर** (संयुक्त सङ्ग्रह-२०६२), **नेपथ्यका कुरा** (गजलसङ्ग्रह-२०६४) गरी चारवटा कृतिहरू प्रकाशित देखिन्छन् भने **बर्सात्** (बालकवितासङ्ग्रह), **हजूरबा** (सचित्र बालगजलसङ्ग्रह), **मौनतामा अर्थ** ( गद्यकविता सङ्ग्रह) जस्ता कृतिहरूले भने प्रकाशनका ढोका कुरिरहेको देखिन्छ ।' [६३] चितवनको अभिव्यञ्जना साहित्य प्रतिष्ठानसँग आबद्ध हुँदै नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउँदै आएकी 'चिराग' मूलतः गजल र बालसाहित्यको क्षेत्रमा सक्रिय देखिएकी छिन् । 'लामो समयदेखि अध्यापन कार्यमा संलग्न उनले प्रकृतिका कलिला मुनारूपी बालबालिकाहरूसँगको सम्पर्कबाट, उनीहरूकै क्रियाकलापबाट, हावभाव र व्यवहारबाट प्रभावित भएर नै बालकविताहरू सिर्जना गरेको पाइन्छ ।' [६४] विद्या भण्डारी 'चिराग'ले कवि गोविन्दराज विनोदीद्वारा शुरु गरिएको चितवनको बालसाहित्यिक कृति प्रकाशनको यात्रालाई गति दिएको पाइन्छ । उनको बालकवितासङ्ग्रह 'इन्द्रेणीको गेट' प्रकाशन वर्षका आधारमा चितवनको दोस्रो बालसाहित्यिक कृति बन्न पुगेको देखिन्छ । यही कृतिकै सेरोफेरोमा यहाँ उनको बालकवित्वको चर्चा गरिएको छ ।

## ४.३.२ कवयित्री विद्या भण्डारी 'चिराग'को बालकवित्व

कवयित्री चिरागको गजलपछिको सफल साहित्यिक विधा नै बालकविता देखिन्छ । बालकवितामा सरलता, सरसता, लयात्मकता, सहजता, बोधगम्यता, कलात्मकता, कोमल एवम् सरल भावना, वर्णनात्मकता, उपदेशमूलकता, बालमनोवैज्ञानिक पक्ष सबैको उचित समायोजन हुनुपर्छ । कवयित्री चिरागका कविताहरू यी आधारमा हेर्ने हो भने सफल देखिएका छन् । 'उनले बालबालिकाको मन, मुटु, भावना र कल्पनाशक्तिसित परिचित हुने अवसर प्राप्त गरिन् अनि तिनैसँग खाँदा, बस्दा, खेल्दा, रमाउँदा, हाँस्दा, हसाउँदा, तिनका कुरा सुन्दा, सुनाउँदा, तिनका आँखालाई गहिरिएर हेर्दा अनि तिनको मनको भित्री तहसम्म

---

[६३] विद्या भण्डारी 'चिराग', 'गजलकारको परिचय', **नेपथ्यका कुरा** (गजलसङ्ग्रह), २०६४, आवरण भित्री पृष्ठ ।

[६४] गोपाल पौडेल, पूर्ववत्, पृ.१० ।

पुग्न खोज्दा खोज्दैको क्रममा आफ्ना बालकविताहरू सिर्जना गरेकी छिन् ।' [६५] 'उनका कविताहरूमा बालबालिकाहरूकै भाषा बोल्न खोजिएको छ । उनका कविताहरूमा बाल मनका यावत् संवेदना, बालक्रीडाका यावत् प्रसङ्गहरूलगायत मानिस असल, चरित्रवान् नैतिकवान्, मिहिनेती, इमान्दार, सामाजिक एवम् मिलनसार हुनुपर्छ भन्नेजस्ता उपदेशात्मक भावनाहरू पाइन्छन् ।' [६६] 'उनले आफ्ना कविताहरूमार्फत बालबालिकाको कोमल मानसिकतामा राष्ट्रियता, राष्ट्रभाव, राष्ट्रिय गौरव एवम् राष्ट्रिय एकताको भावना पनि फिँजाउन खोजेकी छिन् ।' [६७] कवयित्रीले आफ्ना कवितामा बालकविताका स्वरहरू र बालअस्तित्वबोधी भावनालाई पनि जोडदार रूपमा प्रकट गरेकी छिन् । बालस्वास्थ्य, खेलकुद, प्रकृति, बालस्वभाव, अध्ययन, समयको महत्वआदि विषयवस्तुमाथि बालरुचिअनुकूलका सुन्दर कविता दिन सक्नु चिरागको प्रखर बालकवित्व मानिन्छ । 'आफ्नो माटोप्रति अगाध श्रद्धा र आस्था राख्दै हामी आफैंमा आत्मनिर्भर र समुन्नत हुनुपर्छ भन्ने भावना पनि उनका कवितामा पाइन्छ । सुन्दर एवम् कोमल शब्द संयोजनद्वारा अभिव्यक्त गरिएका विविध भाव र विषयवस्तुमा आधारित कविताहरू अनुभूति र भावनात्मक अभिव्यक्तिका रूपमा प्रतीकात्मक एवम् कलात्मक शैलीमा लेखिएका छन् । यिनले आफ्ना कवितामा बालमनोविज्ञानको पनि खूब ख्याल गरेकी छिन् ।' [६८] कविताहरूको भावअनुकूलका चित्रहरूको समायोजनले पनि उनका बालकविताहरूको बोधगम्यता बढाएका छन् । आफू प्रौढ लेखिका भए पनि कवयित्रीले बालकविता रचना गर्दा आफूलाई किशोर बालबालिकाको धरातलमा उभ्याएर बालमानसिकताको जीवन्त अनुभव कवितामा उतारेकी छिन् । बालकौतुहलपूर्ण स्वरहरू उराल्दै उनी आफूसमेत उन्मुक्त बालक्रीडामा सरिक भएको देखिन्छिन् । उनीभित्रको अम्लान मातृत्व पनि कविताका सुकोमल भाव र शब्दहरूसँगै छचल्किएको पाइन्छ । झिनो तर बालमहत्त्वले भरिएको विषय छनोट गर्नु उनको अर्को काव्य वैशिष्ट्य देखिन्छ । उनी कवितामा कहिले गुरु, कहिले आमा, कहिले राष्ट्रसेवक त कहिले आफैं बालक बनी उभिएकी छिन् । साँच्चै नै उनको काव्यकला इन्द्रेणीका रङ्गझैं विविधतामय बनेको छ । बालबालिकाहरूकै संसारभित्र सधैं रम्न रुचाउने कवयित्री

---

[६५] पूर्ववत्, पृ. १० ।

[६६] गोपाल पौडेल, पूर्ववत्, पृ. १३ ।

[६७] पूर्ववत्, पृ. १० ।

[६८] पूर्ववत्, पृ. १४ ।

चिरागका कवितामा उनीहरूप्रति मायाका अजस्र पोखाइहरू छरपस्ट रूपमा अभिव्यक्तिका रूप धारण गरी बाहिरिएका छन् ।'[६९] भेदभावयुक्त हाम्रो समाजमा बालबालिकाहरूप्रति अभिभावकको कर्त्तव्य र बालप्रतिभाको पहिचान गर्न समाजलाई दिएको सन्देश पनि कवितामा अन्तर्निहित भएको पाइन्छ । राष्ट्रप्रतिको कर्त्तव्यबोध, राष्ट्रिय विभूतिहरूप्रति सम्मान, भाषा, साहित्यप्रतिको अनुराग, प्रकृतितर्फको आकर्षण, सह-अस्तित्व, मित्रताको भावना, नयाँ कुराप्रतिको जिज्ञासा, खेलप्रेम, शिक्षाप्रेम, स्वच्छन्दताजस्ता भावनाहरूको तालमेल उनका कविताहरूमा देख्न सकिन्छ । 'चिरागले ती बालबालिकाका उड्दा भावना, जिज्ञासा, सहज आकर्षण आदिलाई स्पर्श गर्नुभएको छ र उहाँको अनुभूतिले बालकविताको रूप लिएको छ ।'[७०] यसरी कवयित्री चिरागका बालकवित्वलाई समग्रमा निम्न लिखित बुँदाहरूमार्फत् औल्याउन सकिन्छः

क) शिक्षा र उपदेशमूलकता

ख) वर्णनात्मकता,

ग) वस्तुको महत्त्वबोध,

घ) बालअधिकारबोध र बालअस्तित्ववादी भाव,

ङ) बालमनोविज्ञानको पूर्ण पालना,

च) राष्ट्रियता र आत्मगौरव,

छ) मनमोहक प्रकृतिचित्रण,

ज) बालस्वास्थ्य, खेलकुदको महत्व वर्णन,

झ) अध्ययनप्रति विशेष जोड,

ञ) भावानुकूलका चित्र संयोजन,

ट) बालजगत्का सहज शीर्षकहरूको छनोट,

ठ) बालरुचिअनुकूलका कोमल एवम् सौम्य भावना,

ड) वात्सल्यप्रेम र ममतामय अभिव्यक्ति,

ढ) सरल, सहज र बोधगम्य भाषाको प्रयोग,

ण) अनुप्रासमय बालगीतिलय,

त) बालप्रिय अनुकरणात्मक र तद्भव शब्दहरूको प्राचुर्य,

---

[६९] इन्दिरा कार्की, 'शुभकामनाका दुई शब्द', **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह), पूर्ववत्, पृ. ८ ।

[७०] गोविन्दराज विनोदी, 'शुभकामनाका अक्षरहरू', पूर्ववत्, पृ. ५ ।

## ४.४. इन्द्रेणीको गेट (बालकवितासङ्ग्रह)को अध्ययन

अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनद्वारा वि.सं. २०६२ वैशाख महिनामा प्रकाशन गरिएको **इन्द्रेणीको गेट** कवयित्री विद्या भण्डारी 'चिराग'को प्रकाशित दोस्रो कृति मानिन्छ भने एकल लेखनका दृष्टिले कवयित्रीको यो नै पहिलो कृति बन्न पुगेको देखिन्छ । चितवनबाट प्रकाशित बालसाहित्यको लहरमा भने यो कृति दोस्रो कममा उभिएको पाइन्छ । यसभन्दा पूर्व नै कवि विनोदीले चितवनमा बालसाहित्यिक कृति प्रकाशनको थालनी गरिसकेको देख्न सकिन्छ । यस कृतिले चितवनको बालसाहित्यलाई उर्ध्वगामी तुल्याएको पाइन्छ । बालोपयोगी विविध विषयका सुन्दर र लयात्मक कविताहरूको सङ्गालो प्रस्तुत कृतिलाई यहाँ विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.४.१ शीर्षक सार्थकता

कृतिलाई बाहिरी रूपमा चिनाउने आधार नै शीर्षक हो । शीर्षकले कृतिभित्रका विषयवस्तुलाई प्रतिविम्बित गरेको हुनुपर्छ । प्रस्तुत कृतिको शीर्षक **इन्द्रेणीको गेट**ले पनि सार्थकता पाएको देख्न सकिन्छ । इन्द्रेणी बालबालिकाको अत्यन्तै चित्ताकर्षक प्राकृतिक दृश्य हो जुन सिमसिम पानी पर्दा सप्तरङ्गी धनुषाकाररूपमा क्षितिजतिर देखिने गर्छ । यही इन्द्रेणीको स्वागतद्वारलाई कृतिको शीर्षक(नामकरण) राखिएको हुँदा यसभित्रका कोमल बालभावनालाई शीर्षकमार्फत् सहजै बुझ्न सकिन्छ । बालबालिका पनि सृष्टिका सुन्दर रूप हुन् जसको कोमल मस्तिष्कमा इन्द्रेणीका रङ्गहरूझैं विविध जिज्ञासाहरू रहेका हुन्छन् भन्ने भावलाई प्रस्तुत् कृतिको शीर्षकले अभिव्यक्त गर्न खोजेको पाइन्छ । कृतिको आवरण पृष्ठमा पहाडी शृङ्खलाका फेदीमा लागेको इन्द्रेणीको स्वागतद्वार देखाएर कलिला बालबालिकाको ध्यान खिँच्ने दृश्यचित्र राखिएकाले पनि प्रस्तुत कृतिको शीर्षक उपयुक्त रहेको देखिन्छ । त्यसैगरी सिङ्गो कृतिकै प्रतिनिधि कविता सोही कृतिकै पृष्ठ छपन्नमा समावेश गरिनुले पनि प्रस्तुत बालकवितासङ्ग्रहका लागि 'इन्द्रेणीको गेट' अर्थपूर्ण शीर्षक छनोट भएको मान्न सकिन्छ ।

## ४.४.२ कृतिको स्वरूप र आकार-प्रकार

आकारका दृष्टिले प्रस्तुत कृति मझौला आकारको देखिन्छ । कृतिभित्रको पहिलो पृष्ठभूमि खण्डमा बीस पृष्ठ राखिएका छन् भने त्यसपछि कविताक्रमको दोस्रो खण्डमा एक्काइसदेखि चौंसट्ठी पृष्ठ समावेश भएको पाइन्छ । बाह्य आवरणको अग्रभागको सिरानमा छड्के शैलीमा 'इन्द्रेणीको गेट (बालकवितासङ्ग्रह)' लेखिएको देखिन्छ । मध्य भागमा पहाडी शृङ्खलाको फेदीमा गेट (द्वार) बनेर सप्त रङ्गी इन्द्रेणीको चित्र र हरिया वृक्षहरूको प्राकृतिक दृश्य सिर्जना गरिएको देखिन्छ । त्यही सुन्दर दृश्यमा लोभिएका बालबालिकाहरू उभिएर औंलाले इन्द्रेणीको त्यो अनुपम सौन्दर्य देखाइरहेका चित्रहरू पनि देख्न सकिन्छ भने आवरण पृष्ठकै अन्त्यमा स्रष्टाको नाम उल्लेख गरिएको छ । बाह्य आवरणको पश्च भागमा कवयित्रीको तस्वीरसहित परिचय र साहित्यिक योगदानको विवरण खुलाइएको पाइन्छ । कृतिको पश्च आवरणमै प्रस्तुत कृति र कृतिकारको विशेषता गाइएको कवि तथा गीतकार प्रेमविनोद नन्दनद्वारा संरचित दुई पद्यको कविता समावेश गरिएको छ र त्यसपछि प्रकाशकको नाम र ठेगाना पनि दिइएको पाइन्छ ।

पुस्तकको पृष्ठभूमि खण्ड पृष्ठ एकदेखि बीससम्म विस्तारित देखिन्छ । पहिलो पृष्ठमा पुस्तकको नाम, स्रष्टा र प्रकाशकको नाम उल्लेख गरिएको छ भने सोही पृष्ठको मध्य भागमा आवरण चित्रकै प्रतिकृति राखिएको देखिन्छ । दोस्रो पृष्ठमा अभिव्यञ्जना प्रकाशनमाला- दुईअन्तर्गत सोही कृतिको परिचय, विधा, प्रकाशक, आवरणकला, संस्करण, मुद्रण, मूल्यआदिको विवरण खुलाइएको पाइन्छ । पृष्ठभूभि खण्डको तेस्रो पृष्ठमा लेखिकाले छोरी सुप्रदीप्तिको तस्वीरसहित समर्पणभाव प्रस्तुत गरेकी छिन् । चौथो पृष्ठमा प्रस्तुत कृतिको महत्त्वलाई बालभावनाद्वारा व्यक्त गर्न छोरी सुप्रदीप्तिकै अभिव्यक्ति समावेश गरिएको छ भने पाँचौ र छैटौं पृष्ठ 'शुभकामनाका शब्दहरू' शीर्षकमा कवि गोविन्दराज विनोदीको मन्तव्यले ओगटेको देखिन्छ । पृष्ठभूमिको सातौं र आठौं पृष्ठ 'शुभकामनाका दुई शब्द' शीर्षकमा इन्दिरा कार्कीको अभिव्यक्तिले लिएका छन् भने पृष्ठ नौ देखि चौधसम्म 'इन्द्रेणीको गेटभित्रका शब्दचित्रण' शीर्षकमा समालोचक गोपाल पौडेलको प्रस्तुत कृतिसँग सम्बन्धित समालोचकीय लेख विस्तारित भएको देख्न सकिन्छ । त्यसैगरी रमेश प्रभातको प्रकाशकीय मन्तव्यले पृष्ठभूमिका पन्ध्रौं र सोऱ्हौं पृष्ठ भरिएका देखिन्छन् भने लेखिकाले 'आफ्ना कुरा' शीर्षकमा पृष्ठ सत्र र अठारलाई ग्रहण गरेकी छिन् । कृतिको पृष्ठ

उन्नाईस 'तिनकै सम्झनामा' शीर्षकमा समर्पणभाव झल्किएको तीन पद्यको कविताले लिएको देखिन्छ भने पृष्ठभूमि खण्डको अन्तिम बीस पृष्ठमा रचनाक्रम, कविताका शीर्षकहरू र पृष्ठसंख्या टङ्कन गरिएको देखिन्छ ।

कविताक्रममा प्रस्तुत् कृतिभित्र उनान्चालीस शीर्षकका कविताहरू समाविष्ट देखिन्छन् जसले एक एक थुङ्गा फूल बनेर सिङ्गो कृतिरूपी सुन्दर माला गुम्फन गरेझैं प्रतीत हुन्छ । कृतिभित्रका कविताहरूमध्ये 'नगर्नू है भूल', 'टि.भी. हाम्रो साथी', 'आफ्नो काम आफैं गर्ने बानी', 'सपनीको कुरो', 'विवाद टुङ्गियो', 'हरियो चउर', 'बादल', 'गुलाफको फूल', 'राष्ट्रिय फूल', 'नदी', 'जन्म दिन', 'सानो डायरी', 'नेपालको झण्डा', 'उज्ज्वल नक्षत्र', 'चिडिया खाना', 'हाम्रो फूलबारी', 'इन्द्रेणीको गेट', 'यस वर्षको होली', 'क्षितिज', 'चुलबुले बानी', 'साना मान्छे', 'छोरी हराई', 'लोरी' गरी तेइसवटा कविताहरूमा दुई हरफको एक श्लोकीय पद्यसंरचना अँगालिएको देख्न सकिन्छ । त्यसै गरी 'एकता', 'डुल्ने हाम्रो मन छ', 'ऋतु र महिना', 'पुतलीको हूल', 'घडी', 'असिना', 'फलफूलको बोट', 'सानो चौतारो' गरी आठवटा कविताहरूमा चार हरफको एक श्लोकीय पद्य ढाँचा राखिएको छ भने 'भँगेराको परिवार', 'पीपलुको बोट', 'हाट', 'कुहिरो र घाम', 'ट्राफिक नियम', 'बाटो', 'कुन तरकारी मीठो', 'गोलो भकुण्डो' गरी आठवटा कविताहरूमा दुई र चार हरफको एक श्लोकीय मिश्रित पद्यसंरचना अङ्गीकार गरिएको देख्न सकिन्छ । प्रस्तुत् सङ्ग्रहभित्रका कविताहरू कम्तिमा छ हरफदेखि बढीमा एकतीस हरफसम्मका देखिन्छन् । 'सपनीको कुरो' शीर्षक कविता संरचनात्मक दृष्टिले एकतीस हरफमा संरचित सबैभन्दा लामो संरचनाको देखिन्छ भने 'गुलाफको फूल', 'चुलबुले बानी' र 'साना मान्छे' छ हरफमा संरचित सबैभन्दा छोटा कविता मानिन्छन् । प्रायः कविताहरूमा बालबालिकाहरूको रुचिकर बालगीतिलय अँगालिएको छ भने कृतिभित्रको अन्तिम कविता 'लोरी' मा भने गजल ढाँचा र प्रगीतात्मक लय अँगालिएको पाइन्छ । बालबालिकाहरूले भाका हालेर गाउँन सक्ने प्रस्तुत कृतिभित्रका सबै कविताहरू बालभावनालाई छुने खालका देखिन्छन् ।

## ४.४.३ अन्तर्वस्तु वा भावविधान

अन्तर्वस्तु कविताको वर्णनीय विषय हो । प्रस्तुत कवितासङ्ग्रहभित्रका उनान्चालीस शीर्षकका कविताहरूले बालापयोगी विविध विषयवस्तुलाई समेटेका छन् । यहाँ बालअस्तित्व,

टि.भी.को महत्त्व, आशावादी जीवन, वातावरण प्रदूषणप्रतिको चिन्ता, एकताको भावना, पारिवारिक आत्मीयता, बालक्रीडाप्रति रुचि, धार्मिक सहिष्णुता, पीपलको बहूपयोगिता, ऋतुचक्रको वर्णन, पुतलीको रमाइलो क्रीडा, हरियो चौरप्रति बालआकर्षण, प्राकृतिक स्वरूप, गुलाफ फूलको सौन्दर्य, हाटबजारप्रतिको बालरुचि, घडीको महत्त्व, असिनासँग खेलेको अनुभव, ट्राफिक नियमको जानकारी, लालीगुराँस फूलको सौन्दर्य वर्णन, नदीको प्राकृतिक स्वभाव, बाटो, जन्म दिनको महत्त्व, डायरीको उपयोगिता, सुनौलो वातावरण, तरकारीका फाइदा, नेपालको राष्ट्रिय झण्डाको महत्त्व वर्णन, साहित्यकारको चिनारी, चिडिया खानाप्रतिको बालआकर्षण, इन्द्रेणीको प्राकृतिक दृश्यचित्रण, होलीको रमाइलो वर्णन, भौगोलिक यथार्थता, बालमनोविज्ञान, मातृत्व जस्ता विषयवस्तुहरूले क्रमशः ठाउँ पाएका छन् ।

प्रस्तुत बालकाव्यकृति भावपक्षका दृष्टिले पनि खँदिलो देखिन्छ । त्यसो त भावपक्ष नै कविताको परिचायक तत्त्व मानिन्छ । 'चिराग'का प्रस्तुत कवितासङ्ग्रहमा औपदेशिकता, राष्ट्रप्रेम, प्रकृतिप्रेम, धार्मिक सहिष्णुता, राष्ट्रिय विभूतिहरूप्रति सम्मान, भाषा र साहित्यकारप्रति श्रद्धा, बालबालिकालाई स्वावलम्बी, आत्मनिर्भर र अनुशासित बन्न प्रेरित गरिएका भावहरू भेटिन्छन् ।' [७१] कवितामा छताछुल्ल भई बगेका भावहरूलाई निम्न उपशीर्षकहरूमा राखी अध्ययन गर्न सकिन्छ :

## ४.४.३.१ बालअधिकारबोध

प्रस्तुत कवितासङ्ग्रहभित्रका केही कविताहरूले बालअधिकार र बालअस्तित्वका बारेमा बेजोड आवाज उठाएका छन् । बुजु्रक वर्गले आफ्नो अस्तित्वमा धावा बोल्न खोज्दाको बालअभिव्यक्ति यसरी प्रकट भएको पाइन्छ :

सानो सानो मुटु हाम्रो भावनाको मूल
सानो भनी हेला गर्ने नगर्नु है भूल । ( 'नगर्नु है भूल', इन्द्रेणीको गेट, पृ. २१ )
बालकार्यक्रम हामीले हेर्न पाउनुपर्छ
यसले हाम्रो ज्ञानको भण्डार बढ्छ । ( 'टि.भी. हाम्रो साथी', ऐ., पृ.२२ )

---

[७१] इन्दिरा कार्की, पूर्ववत्, पृ. ७ ।

### ४.४.३.२ आदर्श मातृप्रेम

'चिराग'ले आफ्ना कविताहरूमा बालबालिकाहरूलाई आफ्नै सन्तानका रूपमा हेरेकी छिन् । उनी बालबालिकाभित्र पनि असीम मातृप्रेम देख्छिन् । आफ्नी जन्मदात्री आमाको ममतामा पोखिएका निम्न बालअभिव्यक्तिले आदर्श मातृप्रेमको उद्घोष गरेको पाइन्छ :

जाडो महिना आयो आमा
स्वीटर बुनिदिनोस् ।
हजूरले नै मैले लाउने
लुगा सिलाइदिनोस् । ( 'आफ्नो काम आफैं गर्ने बानी', ऐ., पृ. २३ )

आमा बाको हात समाई
डुल्ने हाम्रो मन छ
हाम्लाई कतै घुम्न लानोस्
शनिवारको दिन छ । ( 'डुल्ने हाम्रो मन छ' , ऐ., पृ. २८ )

### ४.४.३.३ औपदेशिकता

बालबालिकालाई नैतिक उपदेश दिएर सही मार्गप्रशस्त गर्ने चिरागका कविताहरूले मीठा उपदेशका माध्यमबाट सहज बाल्यादर्शलाई यसरी प्रकट गरेका छन् :

कमिलाको समाजमा कस्तो एकता
हामी राखौं समाजमा यस्तै मित्रता । ('एकता', ऐ., पृ. २६ )

समयको मूल्य बुझी चल्ने बानी गरौं
एक छिन पनि बेकारमा फाल्दै नफालौं । ('घडी', ऐ., पृ. ३९ )

लक्ष्यतर्फ सधैं उन्मुख उत्साही नदीजस्तै
बन्न सकौं हामी पनि दुरुस्तै उस्तै । ('नदी', ऐ., पृ. ४४ )

गलत बाटो हिँडिएमा पुगिन्छ कता ?
लक्ष्य पुग्न सही बाटो हिँड्छु सधैं म त । ('बाटो', ऐ., पृ. ४५ )

### ४.४.३.४ धार्मिक सहिष्णुता

कवयित्रीले आफ्ना कवितामार्फत सबै धर्मको महत्त्व दर्शाउँदै बालबालिकाभित्र धार्मिक सहिष्णुता, सहअस्तित्व र मेलमिलापको भावना बढाएकी छिन् । कविताका निम्न हरफहरूले धार्मिक सहिष्णुताको भाव सञ्चरण गराएको पाइन्छ :

सबै धर्म परम्परा साझा हो हाम्रो
मिलीजुली मान्नु सबै चाड अझै राम्रो ।
दशैंमा सबै मिली ठूलो पिङ्ग बनाए
इदको प्रसाद सबै मिली बाँडीचुँडी खाए । ( 'विवाद टुङ्गियो', ऐ., पृ. ३० )

### ४.४.३.५ प्रकृति-चित्रण

कवयित्रीले प्रकृतिलाई आफ्ना बालकविताहरूमा विशेष स्थान दिएकी छिन् । बालबालिकाहरू स्वभावैले प्रकृतिप्रेमी हुने भएकाले कवयित्रीले यही बाल-मनोविज्ञानलाई बुझेर प्रकृतिको विविध रूपको चित्रण कविताहरूमा यसरी गरेकी छिन :-

कोइलीको कुहूले वसन्तलाई डाक्छ
बगैंचालाई फूलहरूले ढकमक्क ढाक्छ । ('ऋतु र महिना' ऐ., पृ. ३२ )
पुतलीका हूल अब लाहुरे फूलमा सरे
धेरै रस खाई तिनले आफ्नो पेट भरे । ('पुतलीको हूल', ऐ., पृ. ३४ )
आकासतिर हेर साथी कस्तो कालो बादल
गड्याङ्गुडुङ् आवाज दिँदै बजाउँदै छ मादल । ('बादल', ऐ., पृ. ३६ )
पालैपालो लुकामारी खेल्छन् कुहिरो घाम
घामले कुहिरो लखेट्छ हामी खेल्न जाम् । ('कुहिरो र घाम', ऐ., पृ. ४० )
फुलिरा'छन् फूलबारीमा फूल सूर्यमुखी
बिहानीमा मुस्कुराउँछन् घामतिर फर्की । ('हाम्रो फूलबारी', ऐ., पृ. ५५ )
आउन साथी हेरी बसौं इन्द्रेणीको गेट
कहिले होला ? घामपानीको फेरि पनि भेट । ('इन्द्रेणीको गेट', ऐ., पृ. ५६ )
एक साँझ हिमालतिर हेरी बसिरा'थें
आकास र धर्तीबीचको मिलन मैले देखें । ('क्षितिज', ऐ., पृ. ५८ )

### ४.४.३.६ बालकीडा तथा खेलप्रेम

बालबालिकाहरू खेलप्रेमी हुन्छन् । आफ्ना साथीसङ्गीसित वा प्रकृतिसित लडीबुडी खेल्दै हुर्किएका बालबालिकाहरूमा खेलले मनोरञ्जन दिलाएको हुन्छ । प्रस्तुत कवितासङ्ग्रहभित्रका केही कविताहरूले सहज बालकीडालाई यसरी प्रस्तुत गरेका देखिन्छन् :

सबै साथी साथी मिली आँगनीमा पुग्यौं
असिनाका सेता डल्ला धेरै बटुल्यौं ।
आलीपर ठूला ठूला डल्लाहरू देख्यौं
भाँडाभरि थुप्रै डल्ला जम्मा पारी राख्यौं । ('असिना', ऐ., पृ. ४१ )
भात खाई साथी साथी चौतारीमा गा'को
झोलाभरि मीठा मीठा खाजा बोकी ल्या'को
लुकामारी खेल खेल्दा कस्तो मज्जा आ'को
मीठो खाजा रमाई रमाई बाँडीचुँडी खा'को । ('सानो चौतारो', ऐ., पृ. ६० )
गोलो गोलो भकुण्डो गुड्यो गुड्यो गुड्यो
लात्ताले हान्दा त झनै पर पुग्यो ।     ('गोलो भकुण्डो', ऐ., पृ. ५९ )

### ४.४.३.७ राष्ट्रियता

कवयित्रीले आफ्ना कविताहरूमा भविष्यका कर्णधार बालबालिकाको कोमल हृदयमा राष्ट्रियता र जातीयताको भाव सिर्जना गरिदिएकी छिन् । राष्ट्रिय चिन्हहरूको परिचय गराई  राष्ट्रिय गौरवको पाठ पनि सिकाएकी छिन् :

नेपालको झण्डा हेर चन्द्र सूर्य अङ्कित
यही झण्डा नेपाली वीरताको सङ्केत ।     ('नेपालको झण्डा', ऐ., पृ. ५१ )
रातो रङ्गको हुन्छ है लालीगुराँस फूल
नेपालको राष्ट्रिय फूल भन्ने नभुल ।     ('राष्ट्रिय फूल', ऐ., पृ. ४३ )
तराईको तराईबासी हिमालको हिमाली
नेपालमा बस्ने हामी सबै नेपाली ।     ('विवाद टुङ्गियो', ऐ., पृ. ३० )

### ४.४.३.८ बालमनोविज्ञान

कवयित्रीले कलिला बालबालिकाको मनोभावनालाई आफ्ना कवितामा राम्ररी अध्ययन गरेकी छिन् ।उनी आफैं बालबालिका बनी बालमानसिकताको चित्रण पुग्छिन् :

मलाई साह्रै रमाइलो लाग्छ यो बेला
अर्को जन्मदिन फेरि कहिले आउँछ होला ।   ('जन्मदिन', ऐ., पृ. ४६ )
अझै मलाई सुनाउनुस् न यति मीठो लोरी मामु
म नै त हुँ भन्छे फेरि एकलौटी छोरी मामु ।   ('लोरी', ऐ., पृ. ६४ )

### ४.४.३.९ मातृवात्सल्य

'चिराग'ले प्रस्तुत कृतिमा मातृवात्सल्यले ओतप्रोत भावतरङ्गलाई छताछुल्ल बगाएकी छिन् । एउटी आमाको हृदय उसको सन्तानप्रति कति संवेदनशील बन्दछ भन्ने वास्तविकतालाई उनका यी पद्यहरूले पुष्टि गरिदिएका छन् :

कता टेक्छु थाहै हुन्न आँखाबाट ओझेल परे
टाढैबाट चिच्याउँछे मनको भो कि चोरी मामु । ('लोरी', ऐ., पृ. ६४ )
आँखाबाट आझेल परे होसै पाउँदिन
लुकी लुकी सताउँछन् खोज्नै भ्याउँदिन ।   ('साना मान्छे', ऐ., पृ. ६२ )
हराएकी छोरी पाई खुबै रमाएँ
सपना पो रै'छ भन्दै साह्रै कराएँ ।   ('छोरी हराई', ऐ., पृ. ६३ )

### ४.४.३.१० बालस्वास्थ्य

आफ्ना बालकविताहरूमा कवयित्रीले बालस्वास्थ्यको पनि खूब ख्याल गरेकी छिन् । कस्तो खानेकुराले स्वास्थ्य राम्रो हुन्छ  भन्ने सम्बन्धमा उनी कलिला नानीबाबुहरूलाई यस्तो परामर्श दिन्छिन् :

फलफूलले हामीलाई धेरै फाइदा गर्छ
जण्डिसजस्तो रोगलाई उखुले टार्छ ।   ('फलफूलको बोट', ऐ., पृ. ४८ )
सागपात, फर्सी, लौका, गेडागुडी, बन्दा
बोडी, भिँडी, सिमी खाए हुन्न रतन्धा । ('कुन तरकारी मिठो', ऐ., पृ. ५० )
यसैबाट धेरैथरि औंषधी बन्छ
धेरै रोगको उपचार यसैबाट हुन्छ ।   ('पिपलुको बोट', ऐ., पृ. ३१ )

### ४.४.३.११ शैक्षिक जागरण

कवयित्रीले लामो समय शिक्षण पेशामा काम गरेकीले पनि आफ्ना बालकवितामार्फत शिक्षा र जागरणको सन्देश दिएकी छिन् । राम्रो काम गरेर समाजमा नाम कमाउन उनी बालबालिकालाई प्रोत्साहन गर्छिन् । वातावरण सफा राख्नुपर्ने र सडकमा हिँड्दा होस पुऱ्याउनुपर्ने कुरामा उनी यसरी चेतना प्रदान गर्छिन् :

साना नानीहरू मेरो कुरा सुन
नदीमा ढल मिसाउनेलाई नमिसाउनु भन । ('सपनीको कुरो', ऐ., पृ. २५ )
कुद्नुहुन्न दायाँबायाँ बाटो नहेरी
सबले जानी राखौं बाटो काट्ने यसरी । ('ट्राफिक नियम', ऐ., पृ. ४२ )

### ४.४.३.१२ राष्ट्रिय विभूतिहरूको चिनारी

कवितामा साना बालबालिकाहरूलाई देशका मूर्धन्य प्रतिभाको चिनारी गराउँदै प्रेरणा दिने काम पनि गरिएको छ । महाकवि देवकोटाको साहित्यिक व्यक्तित्वलाई यसरी चिनाउँदै कवयित्रीले बालबालिकाभित्र साहित्यकारहरूप्रति श्रद्धाभाव जागृत गराएकी छिन् :

तिलमाधव देवकोटाका साहिँला सुपुत्र
नेपाली साहित्याकाशको उज्ज्वल नक्षत्र । ('उज्ज्वल नक्षत्र', ऐ., पृ. ५२ )

यी माथिका भावहरूका अतिरिक्त प्रस्तुत कविताकृतिभित्र वस्तुको महत्त्वबोध, शिक्षाप्रतिको अनुराग, टि.भी.को सदुपयोग, संस्कृतिमोह, अध्ययनप्रति विशेष जोडजस्ता भावहरू पनि सल्बलाएका देखिन्छन् । समग्रमा प्रस्तुत कृतिको भावसुगठन परिपक्व र बालभावनासँग मिल्दाजुल्दा देखिन्छन् ।

### ४.४.४ जीवनदृष्टि

कवितामार्फत् कवयित्रीले बालबालिकाको जीवनलाई सकारात्मक दृष्टिले हेरेकी छिन् । अनुशासित भएर अध्ययनशील बन्न उनका कविताले बालबालिकाहरूलाई आग्रह गरेका छन् । निर्दोष भावनाका बालबालिकालाई असल बाटोमा लाग्न प्रेरित गर्दै कवयित्री

प्रस्तुत कृतिमा कहिले शिक्षिका, कहिले आमा, कहिले घनिष्ट मित्र त कहिले आफैं बालक बनेर उपस्थित भएकी छिन् । उनका कविताहरूले  बालबालिकालाई एक परिश्रमी, आज्ञाकारी र जिज्ञासु व्यक्तिका रूपमा हेरेको पाइन्छ । उनीहरूलाई कुलतबाट टाढा राख्दै सुखद भविष्यको आशावादितामा कवयित्रीले डोऱ्याएकी छिन् । आजका बालबालिका नै भोलिका सुनौला फूल हुन् भन्दै जीवनजगत्को बोध कवितामा राम्ररी गराइएको छ । पाठ्यपुस्तकीय साँघुरो घेराबाट माथि उठाई बालसाहित्यका सुन्दर रचनातर्फ आकर्षित गर्दै साना नानीबाबुहरूलाई एक कर्मठ, इमान्दार र सच्चा नागरिक बनाउने उद्देश्य राख्नु नै प्रस्तुत काव्यकृतिको जीवनदृष्टि मान्न सकिन्छ ।

## ४.४.५ भाषा-शैली

लेखकको भावनात्मक पक्षलाई बाह्य रूपमा प्रकट गर्ने माध्यम नै भाषा र शैली हो । बालसाहित्यमा भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जति सरल र बोधगम्य भाषामा लेखियो त्यति नै बालसाहित्यले लोकप्रियता कमाएको हुन्छ । प्रस्तुत कृतिमा बालभावनाअनुरूपका भाषाशैली प्रयोग भएको पाइन्छ । ‘कवयित्रीले कविताहरूमा बालबालिकाकै शब्द र भाषामा तिनकै बोली बोल्ने प्रयास गरेकी छिन् ।’ [७२] कवितामा अधिकांश तद्भव शब्दहरू आएका छन् । बालबालिकाले रुचाउने ‘गड्याङ्गुडुङ’, ‘झिलीमिली’, ‘ढकमक्क’, ‘गमक्क’, ‘अलमल्ल’, ‘हस्याङ्फस्याङ्’, ‘स्याँस्याँ’ जस्ता अनुकरणात्मक शब्दहरू पनि प्रयोग भएका पाइन्छन् भने कविताहरूमा ‘गा’को’, ‘रै’छु’, ‘बसिरा’थेँ’, ‘भा’को’ जस्ता बालबोलीका कथ्य रूपहरू पनि प्रशस्त प्रयोग गरिएका छन् । कवितामा थोरै तत्सम शब्दहरू परेका छन् भने धेरैजसो तद्भव र केही आगन्तुक शब्दहरू पनि आएका पाइन्छन् । प्राय सबै कविताहरूमा अन्त्यानुप्रासको सफल प्रयोग गरिएको छ । बालगीतिलय र अनुप्रासमयताले प्रस्तुत कृतिको भाषाशैलीलाई बालआकर्षणयुक्त बनाइदिएको पाइन्छ भने चित्रकार अमर न्यौपानेका सहज बालचित्रहरूले पनि भाषाशैलीको दुरुहतालाई हटाइदिएका छन् । समग्रमा प्रस्तुत कृतिको भाषाशैली सरल, सहज र बोधगम्य तुल्याइएको छ ।

[७२] गोपाल पौडेल, ‘इन्द्रेणीको गेटभित्रको शब्दचित्रण’ **सृजनाका कासेलीहरू** (बालकवितासङ्ग्रह),पूर्ववत्, पृ. ११ ।

### ४.४.६ निष्कर्ष

यसरी काठमाडौं, तुलसीधारा डल्लुटोलमा जन्मिएर चितवनको बालसाहित्यलाई समुचित मलजल गर्ने विद्या भण्डारी 'चिराग' बालकविताको क्षेत्रमा प्रखर साधिका मानिन्छिन् । उनी पेशाले शिक्षिका भए पनि चितवनको बालसाहित्यमा उनको योगदान अविस्मरणीय देखिएको छ । कवयित्री 'चिराग' को बालकवितासङ्ग्रह **इन्द्रेणीको गेट** (२०६२) चितवनबाट प्रकाशित दोस्रो पुस्तकाकार कृति मानिन्छ । उनको प्रस्तुत कृतिले शैक्षिक क्षेत्रमा बामे सर्न लागेका कलिला बालबालिकाहरूलाई विविध ज्ञानात्मक, रचनात्मक र नैतिक आदर्श उपदेशहरू प्रदान गरी जीवनयात्रामा सन्मार्ग प्रदान गरेका छन् । उनान्चालीस शीर्षकका सुन्दर कविताहरूको भावानुकूलका चित्रसंयोजनले पनि कृतिको गरिमालाई अझै चुल्याएका छन् । चित्रकै माध्यमबाट पनि  प्रस्तुत् कृतिले लोकप्रियता हासिल गरेको देखिन्छ । संरचनात्मक सुगठन, भाव विविधता, राष्ट्रिय जागरणको स्वर र बालसुलभ विषयवस्तुको छनोटले प्रस्तुत कवितासङ्ग्रह चितवनको बालसाहित्यिक यात्रामा नमूना कृति बन्न पुगेको देखिन्छ । त्यस्तै सरल, सहज र बालबोलीको भाषामा संरचित कृतिको भाषाशैली पनि लोकप्रिय नै बनेको देखिन्छ ।

## ४.५ कवि रविकिरण 'निर्जीव' र उनको बालकवित्व

चितवनको बालसाहित्यिक विकासयात्रामा तेस्रो क्रममा देखापरेका प्रतिभा हुन्- कवि रविकिरण 'निर्जीव' । कवि निर्जीवले **ऐजेरु लागेको पिपल** (बालकाव्य) प्रकाशन गरी चितवनको बालसाहित्यमा नौलो स्वाद थपिदिएका छन् । उनको व्यक्तित्व र बालकवित्वलाई निम्न उपशीर्षकमा राखेर यसरी अध्ययन गरिएको छ :

### ४.५.१ कवि रविकिण 'निर्जीव'को परिचय

नेपाली साहित्यमा काव्य, निबन्ध, उपन्यासजस्ता विविध विधामा कलम चलाएर आफ्नो विशिष्ट पहिचान बनाएका रविकिरण 'निर्जीव' चितवनको बालसाहित्यमा पनि नाम जोडिएका प्रतिभा हुन् । चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको सर्वेक्षण गर्ने क्रममा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितसङ्ग्रह-२०५७), कवयित्री

विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह-२०६२) पछि उनको **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३) तेस्रो कृतिको रूपमा देखापर्छ ।

वि.सं. २००३ जेष्ठ २९ गते लमजुङ्ग जिल्लाको अलैंचेमा पिता श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका जेष्ठ सुपुत्रका रूपमा यिनको जन्म भएको हो । न्वारानको नाम रुद्रनाथ रेग्मी भए पनि यिनलाई घरपरिवारमा बोलाउने नाम भने रविकिरण नै थियो । 'आफ्ना अनन्य मित्र बोधनाथ पौडेलको वि.सं. २०११ मा असामयिक निधन भएपछि आफूलाई जिउँदो भए पनि निर्जीवसरह भएको अनुभव गरी यिनले आफ्नो नामको पछाडि 'निर्जीव' उपनाम जोडेका थिए ।'[७३] उनी नेपाली साहित्यमा रविकिरण निर्जीवकै नामबाट बढी लोकप्रिय देखिन्छन् । 'निर्जीवलाई साहित्यको सागरमा ओराल्ने प्रेरणा र प्रभावका स्रोतहरू उनकै गुरु र वैज्ञानिक आविष्कारहरू हुन् । वैज्ञानिक आविष्कारहरूको प्रशंसा गर्ने क्रममा **हवाइजहाज** शीर्षक कविताको सिर्जना गर्न पुग्छन् । यो नै उनको पहिलो कविता बन्न पुग्छ ।'[७४]प्रकाशनका दृष्टिले हेर्ने हो भने वि.सं. २०२३ सालमा प्रकाशित **नवजीवनको फूलबारी** (कवितासङ्ग्रह) नै उनको पहिलो कृति बन्न पुगेको देखिन्छ । । साहित्यसाधनामा झण्डै चार दशक वर्ष लामो यात्रा पार गरेका निर्जीवका हालसम्म **नवजीवनका फूलबारी** ( कवितासङ्ग्रह-२०२३), **छेपेटार** (खण्डकाव्य-२०४२), **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (निबन्धसङ्ग्रह-२०४७), **कालो कर्णालीको सेतो छाया** (लघुउपन्यास-२०५६), **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३), **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (निबन्धसङ्ग्रह-२०६४) गरी छवटा कृतिहरू प्रकाशित देखिन्छन् । त्यसैगरी उनको सम्पादकत्व र व्यवस्थापकत्वमा वासुदेव शर्मा अधिकारीद्वारा लिखित **कुनचाँहि धर्म कुनचाँहि अधर्म** (२०६५) शीर्षक काव्यकृतिले पनि प्रकाशन हुने सौभाग्य प्राप्त गरेको देखिन्छ भने **केही सोझा निबन्धहरू, कौतुकमय घटना र कटुमधु अनुभवहरू** (आत्मकथा)ले भने प्रकाशनको ढोका कुरिरहेको देखिन्छ । कवि रविकिरण निर्जीव विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ संस्थाहरूमा पनि आबद्ध देखिन्छन् । साहित्य सङ्गम चितवन, प्रगतिशील लेखक सङ्घ चितवन, जनसांस्कृतिक

---

[७३] भवानी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०५५, पृ. ३० ।

[७४] पूर्ववत् पृ. ३० ।

महासङ्घ चितवन र अर्विट इङ्गलिस बोर्डिङ्ग स्कूल चितवनसँग उनको प्रत्यक्ष संलग्नता देख्न सकिन्छ । रजत महोत्सव सम्मान-२०६१, रजत वर्ष सम्मान र पदक-२०६१, अस्वीकृत विचार साहित्यिक पुरस्कार-२०६१, साहित्य सङ्गम सम्मान-२०६२ जस्ता सम्मान तथा पुरस्कारद्वारा सम्मानित निर्जीव तीस वर्षे लामो अध्यापनपश्चात् हाल सेवानिवृत्त जीवन बिताइरहेका देखिन्छन् । चौंसठ्ठी वर्षे उमेरमा पनि साहित्यसाधना र सामाजिक सेवाभावबाट अनुप्राणित बनेका निर्जीव चितवनका मात्र नभएर राष्ट्रिय स्तरकै कुशल स्रष्टाका रूपमा चिनिएका छन् ।

## ४.५.२ कवि निर्जीवको बालकवित्व

कविता लेखनबाट आरम्भ भएको कवि निर्जीवको साहित्यिक यात्रा उपन्यास हुँदै निबन्ध लेखनमा गएर विशेष खारिएको पाइन्छ । यति हुँदा हुँदै पनि चितवनको बालसाहित्यको सम्बर्द्धनमा समेत उनको योगदान अविस्मरणीय देखिन्छ । निर्जीवले **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३)) प्रकाशन गरी चितवनको बालसाहित्यमा नवीन विधाको शुरुवात गरेको पाइन्छ । उनका कविताहरू छन्दोबद्ध देखिन्छन् । बालबालिकाहरूका निम्ति गाउँन सजिलो बनोस् भन्ने उद्देश्यले नेपाली जनजिब्रोमा झुण्डिएको शार्दूलविक्रीडित छन्दलाई कविले आफ्ना बालकवितामा रोजेका छन् । चितवनको माटोले उनीभन्दा पूर्व कवि गोविन्दराज विनोदी र कवयित्री विद्या भण्डारी 'चिराग'का विविध विषययुक्त फुटकर बालकविताहरूको मात्र रसास्वादन गर्न पाएको थियो । कवि निर्जीवले बालकाव्य नामाकरण गरेर **ऐजेरु लागेको पिपल** प्रकाशन गर्नु नितान्त नौलो प्रयोग देख्न सकिन्छ । उनका बालकविताहरू झिनो काव्यवस्तु बोकेर अघि बढेको देखिन्छ । बालबालिकालाई पिपलको जस्तै सङ्घर्षशील जीवन जिउन कवि प्रेरित गर्दछन् । यिनका कविताले जीवनमा दुःख, सुख, आरोह-अवरोह, घात-प्रतिघात, चाप-प्रतिचापका प्राकृतिक द्वन्द्वहरू झेल्दै सङ्घर्षको मैदानमा उत्रनुपर्छ भन्ने जीवनबोध बालबालिकालाई गराएका छन् । त्यस्तै कवितामार्फत् उनी वनस्पतिजन्य प्रकृतिको संरक्षणगरी हामी वरिपरिको वातावरण स्वच्छ, सफा र हराभरा बनाउनुपर्ने जागरणसमेत बालबालिकालाई प्रदान गर्दछन् । उनका कविताले हाम्रो समाजमा देखिएका रुढिवादी, अन्धविश्वास, विकृति र विसङ्गतिप्रति बालबालिकालाई सचेत तुल्याउँदै प्रगतिशील समाज निर्माण गर्न अभिप्रेरित गर्दछन् । उनका कविताहरूले

बालबालिकालाई प्रकृतितर्फ आकर्षण गर्दै पशुपक्षीको सुरम्य कीडातर्फ समेत ध्यानाकर्षण गराएका छन् । त्यस्तै उनका कविताले पीपलका ऐजेरु फाँडेझैं बालबालिकाहरूमा पनि समाजका अन्याय र अत्याचारसँग जुध्न उत्साह भरिदिएका छन् । बालबालिकामा सेवामुखी भावनाको विकास गराउँदै उनका कविताले मानवता, विश्वबन्धुत्व, भ्रातृत्व र सहअस्तित्वमा जोड दिएको पाइन्छ । उनका कविताहरूले सोझो अर्थका अतिरिक्त प्रतीकात्मक अर्थ पनि दिएका हुन्छन् । बालबालिकाहरूका निम्ति उनका कविताको भावबोधमा दुरुहता भने अवश्य सिर्जना भएको देखिन्छ । बालजगत्कै धरातलमा उभिएर बालबोलीमा कविता रचना गर्न भने उनी त्यति सफल भएका देखिदैनन् । उनका कविताको विषयचयन, अभिव्यक्त शैली र भाषिक छनोट बालबालिकाको भावनासँग मेल खाने खालका भने देखिदैनन् । यद्यपि कविले सकेसम्म आफ्ना कवितालाई बालरुचिकर बनाउने प्रयास भने गरेको पाइन्छ । उनका बालकविता प्रकृति र सङ्घर्षशील जीवनकै सेरोफेरोमा घुमेका देखिन्छन् । कविताहरूले जीवन जगत्को दृष्टान्त प्रस्तुत गरी बालमानसिकतामा सकारात्मक प्रभाव छाड्न भनेसफल बनेका देखिन्छन् । समग्रमा कवि निर्जीवको बालकवित्वलाई निम्न लिखित बुँदाहरूमा समेट्न सकिन्छ :

क) नवीन प्रयोगमा रुचि,

ख) वातावरण स्वच्छ राख्ने प्रक्रियाप्रति जागरण,

ग) सङ्घर्षशील जीवन दर्शन,

घ) अन्याय र अत्याचारविरुद्ध लड्ने आत्मबल प्रदान,

ङ) अन्धविश्वास र रुढिवादी प्रवृत्तिमाथि व्यङ्ग्य,

च) झिनो काव्यवस्तुको प्रस्तुति,

छ) छन्दोबद्ध कवितामा रुचि,

ज) बालकविताहरूमा पनि ठाउँ ठाउँमा प्रौढ अभिव्यक्ति,

झ) परिवर्तनशील जीवनचक्रको प्रस्तुति,

ञ) मानवता, विश्वबन्धुता र सेवामुखी भावनामा जोड,

ट) प्रकृतितर्फको आकर्षण,

ठ) प्रतीकात्मकता,

ड) अनुकरणात्मक शब्दको प्राचुर्य ।

## ४.६. 'ऐजेरु लागेको पिपल (बालकाव्य)' को अध्ययन र विश्लेषण

बाल क्लव, हिमालय मा.वि. चम्पानगर, चितवनद्वारा वि.सं. २०६३ सालमा प्रकाशित **ऐजेरु लागेको पिपल** (बालकाव्य) कवि रविकिरण निर्जीवको पाँचौं प्रकाशित पुस्तकाकार कृति हो । यद्यपि यो कृति चितवनबाट प्रकाशित तेस्रो बालसाहित्यिक कृतिको रूपमा उभिएको पाइन्छ । चितवनको नवीन बालसाहित्यिक विधाका रूपमा देखापरेको प्रस्तुत कृतिलाई निम्न लिखित उपशीर्षकका आधारमा अध्ययन र विश्लेषण गर्न सकिन्छ :

### ४.६.१ शीर्षक सार्थकता

कृतिको बाह्य परिचायक तत्त्व नै शीर्षक हो । शीर्षकका आधारमा कृतिभित्रका विषयवस्तुको सहज रूपमा आकलन गर्न सकिन्छ । प्रस्तुत कृतिको शीर्षक 'ऐजेरु लागेको पिपल' विभिन्न कोणबाट हेर्दा अर्थपूर्ण देखिन्छ । 'ऐजेरु' जमीनमा नउम्रिई विभिन्न वनस्पतिका शरीरबाट पलाएका अर्कै जातका वनस्पति हुन् । ऐजेरु धेरैजसो पिपलकै रूखमा देखिन्छ । यो वनस्पतिको यस्तो रोग हो, जसले आफू मौलाउँदै गएर आश्रय रूप वनस्पतिलाई क्रमशः सिक्रो बनाउँदै जान्छ । प्रस्तुत काव्यकृतिको शीर्षक शरीरमा अतिरिक्त भागका रूपमा पलाएका यस्तै परजीवी वनस्पतिलाई सङ्केत गर्ने 'ऐजेरु' शब्द प्रयोग गरी राखिएको छ । पीपलको जीवनचक्रमा ऐजेरुले पारेको नकारात्मक प्रभाव देखाई सङ्घर्षशील जीवनयात्राको वर्णन यस कृतिभित्र गरिएको छ । कृतिको बाह्य आवरणमा रमाइलो प्राकृतिक दृश्यको परिकल्पनाभित्र ऐजेरुले जेलिएको पीपललाई उभ्याइएको देखिन्छ । अन्य वनस्पतिको तुलनामा ऐजेरुले जेलेको पीपल सिक्रो हुँदै गएको दृश्यचित्र राखिनुले पनि प्रस्तुत कृतिमा उपयुक्त शीर्षक छनोट भएको मान्न सकिन्छ । ऐजेरु लागेको पीपलले नेपाल आमाको जीवन कथालाई पनि प्रतीकात्मक रूपबाट प्रतिध्वनित गरेको पाइन्छ । ऐजेरुरूपी स्वार्थी र परजीवी नेतृत्ववर्गबाट चुसिएकी नेपाल आमाको कारुणिक पुकार अभिव्यञ्जित प्रस्तुत काव्यकृतिमा यस्ता कुतत्त्वरूपी ऐजेरु सखाप पार्न सक्षम नेतृत्वको आवश्यकता पर्ने कुरासमेत औंल्याइएको पाइन्छ । यसरी व्यञ्जनामूलक अर्थका दृष्टिले पनि कृतिभित्रका विषयवस्तुलाई राम्ररी समेटेको हुँदा प्रस्तुत कृतिको शीर्षकचयन उपयुक्त भएको मान्न सकिन्छ ।

## ४.६.२ कृतिको स्वरूप र आकार-प्रकार

**ऐजेरु लागेको पिपल** कवि निर्जीवद्वारा संरचित लघु आकारको काव्यकृति हो । कृतिको लघु आकारलाई कवि स्वयंले स्वीकारेको पनि पाइन्छ । 'आकारमा एउटा सानो कविता मानी 'बालकाव्य' नामकरण गर्ने धृष्टता गरेको हुँ '[७५] भन्ने कवि स्वयंको स्वीकारोक्ति रहेको पाइन्छ । काव्यकृति एक्काइस पृष्ठसम्म विस्तारित देखिन्छ भने कृतिभित्र शार्दूलविक्रीडित छन्दका एकश्लोकीय ढाँचाका तीस पद्यमात्र समाविष्ट देखिएका छन् । कृतिको पृष्ठभूमि खण्ड आठ पृष्ठको देखिन्छ भने कविताक्रम एकदेखि बीस पृष्ठमा फैलिएको पाइन्छ । कृतिको बाह्य आवरण हरित कलेवरमा प्राकृतिक सुरम्य दृश्यचित्रले सजिएको पाइन्छ । बादल केही देखिने नीलाकाशको तल हरित पहाडी शृङ्खला र त्यसको तल पहेंलपुर तोरीबारीको एक छेउमा ऐजेरुले जेलेको हरियो पीपलको रूख देखिन्छ । यसै आवरणको सिरानमा कृतिको शीर्षक र विधागत सूचना दिइएको छ भने अन्त्यमा लेखकको नाम उल्लेख गरिएको पाइन्छ । पृष्ठभूमि खण्डको दोस्रो पृष्ठमा 'पानीले धर्ती पखाल्छ, आत्मालोचनाले मन पखाल्छ' भन्ने उद्‌गार राखिएको छ । त्यस्तै पृष्ठभूमि खण्डको तेस्रो पृष्ठमा कृतिको नाम र विधागत चिनारी दिँदै ऐजेरुले पीडित पीपलको चित्र राखिएको छ र अन्त्यमा रचनाकारको नाम राखिएको देखिन्छ । यस खण्डको चौथो पृष्ठमा कृति, कृतिकार, प्रकाशक, प्रकाशन वर्ष, संस्करण, सर्वाधिकार, प्रकाशित पुस्तकको संख्या, लोकार्पण, मूल्य, आवरण, चित्राङ्कन, सुसांख्यीकरण, मुद्रकबारे जानकारी दिइएको छ । पृष्ठभूमि खण्डको पाँचौं पृष्ठमा 'ऐजेरु लागेको पिपल पढेपछि.......' शीर्षकमा कक्षा नौका विद्यार्थी झलकप्रसाद पौडेलको छोटो कृतिसमीक्षा राखिएको छ भने छैटौं पृष्ठमा 'एउटा नम्र निवेदन' शीर्षकमा लेखककै मन्तव्य समावेश गरिएको छ । त्यस्तै पृष्ठभूमिको अन्तिम सातौं पृष्ठमा समस्त साहित्यानुरागी बालबालिकामा कृतिको समर्पणभाव कविले व्यक्त गरेका छन् । कविताक्रम पृष्ठ एकदेखि एक्काइससम्म फैलिएको देखिन्छ । प्रत्येक दुई पृष्ठमा अघिल्लो पृष्ठ पीपलको जीवनचक्रमा आइपरेका समस्याहरूसँग सम्बन्धित कविताका भावानुकूल चित्रहरूले सजिएको छ भने पछिल्ला पृष्ठहरूमा प्रतिपृष्ठ तीन श्लोकका कविताहरू समाविष्ट भएका देखिन्छन् । एक्काइसौं पृष्ठमा महाकवि तुलसीदासको

[७५] रविकिरण निर्जीव, 'एउटा नम्र निवेदन', **ऐजेरु लागेको पिपल** (बालकाव्य), २०६३, भूमिका खण्ड ।

'तिमी जुन कुरा अरूको मन पराउँदैनौ त्यो कुरा आफूमा रहन नदेऊ' भन्ने नीतिगत वाक्यसँगै कृतिको समापन गरिएको पाइन्छ । पश्च आवरणमा पनि रङ्गिन कलेवरभित्र कविको तस्वीरसहितको छोटो चिनारी, प्रकाशित कृतिहरू, प्रकाशोन्मुख कृतिहरू, सम्मान तथा पुरस्कारआदिको विवरण खुलाइएको छ ।

कविताक्रम श्लोक एकदेखि श्लोक तीससम्मको देखिन्छ । सबै श्लोकहरू उन्नाइस आक्षरिक शार्दूलविक्रीडित छन्दका चार पाउका एक श्लोकीय संरचनात्मक ढाँचामा आबद्ध देखिन्छन् । प्रतिश्लोकको अन्त्यमा मध्य भागमा पर्ने गरी कोष्ठकभित्र श्लोक संख्या दिइएको पाइन्छ । त्यस्तै अघिल्लो पृष्ठमा पीपलको सानो विरुवा, मानिसले कुल्चिएको विरुवा, बाख्रोले खाँदै गरेको विरुवा, पीपलमा पिङ हाली खेलेको, भरिया, खेताला शीतल बसेको, हावाले ढल्काएको, मान्छेले हाँगा घाँस काटेर मुडुलो बनाएको, पीपलमा ऐजेरु लागेको, पीपल सिखो हुँदै गएको ऐजेरु पनि बढ्दै गएको, भरियाहरूले ऐजेरु काटेर फालेको , पुनः पालुवा पलाएको दृश्यचित्र कोरिएको देख्न सकिन्छ । कविताहरूले पिपलको जीवनचक्रमा आउने परिवर्तन र संघर्षशील जीवनकथालाई प्रमुख विषय बनाएको पाइन्छ । समग्रमा स्वरूपमा लघु देखिए तापनि यो कृति आन्तरिक र बाह्य संरचनामा परिपुष्ट देखिन्छ ।

## ४.६.३ अन्तर्वस्तु र भावविधान

अन्तर्वस्तु कृतिको वर्णनीय पक्ष हो । प्रस्तुत कृति लामो कविताको संरचनामा लेखिएको बालकाव्य हुनाले यसमा झिनो काव्यवस्तुको तन्तु जेलिएको पाइन्छ । पीपलको सङ्घर्षशील जीवनचक्रलाई नै प्रमुख विषयवस्तु बनाएर लेखिएको कृतिभित्र चरा वा ढुकुरले विष्ट्याएर अथवा हुरी बतासले विजन उँडाएर नुवाकोट जिल्लाको डाँडा कटेरीमा उम्रिएको पीपलको सानो विरुवा क्रमशः हुर्कँदै जाँदा मानिसको पदचाप र बाखाले खाइदिने सन्त्रासमा बाँच्नु परेको पीडा, हावाहुरी, असिना, पानीले भाँच्ने हो कि भन्ने डरसँगै बढ्दै ठूलो भएपछि पनि दशैं तिहारजस्ता सांस्कृतिक पर्वहरूमा पिङ हालेर खेल्दा आफ्नो जरा नै खुकुलो भएको दुःखद अनुभूति र गाउँकी युवतीले पूजा गर्दा, पक्षीहरूलाई फल खुवाउन पाउँदा शीतल छहारीमा गोठालाले मुरली बजाउँदा गाई, भैंसी शीतलमा बसी उग्राउँदाको सुखद अनुभूति पनि पीपलले व्यक्त गरेको पाउन सकिन्छ । गाउँको शोषकले लखेटेका रैतीहरूलाई आफ्नो शीतल

छहारीमा आश्रय दिएको, जङ्गलमा रमाउने बाँदरहरू आफ्ना फलफूल खाँदै गर्दा गाउँको शोषकले कुकुर फुकाएर भगाएको, आफ्ना घरखेत साहुलाई जिम्मा लगाई गाई वस्तु लिएर चितवन झर्दै गरेका किसानहरूले घाँस झारेर वस्तुभाउलाई खुवाएदेखि आफ्नो शरीर कमजोर बन्दै गएको दुःखद कथा पीपलले सुनाएको छ । समयको चक्रसँगै शरीरमा प्रकृतिले नै पालुवाहरू भरिदिएका र पुराना खतहरू क्रमशः मेटिदै गएको खुसियालीसँगै आफ्नो शरीरमा उम्रिएका ऐजेरुले फेरि सताउन थालेको र आफू सुक्दै सिखो बन्दै गएको पीडाहरू पीपलले पोखेको छ । त्यस्तै ऐजेरु जेलिँदा शरीरभरि घाउ भएको र काठभित्र पनि धोद्रो पसेको हुँदा बाँच्ने आशा मारेको तर एउटा भरियाले दया गरी हँसियाले सारा ऐजेरु काटेर आफूलाई पुनर्जीवन दिएको काव्यवस्तु बोकेको यो कृतिमा प्रकृतिको मानवीकरण गरिएको छ । पीपलले आफ्ना दुःख बोल्नु यसको दृष्टान्त हो ।

कविताको अर्को सशक्त पक्ष हो - भावविधान । कवितालाई जीवन्त तुल्याउन भाव पक्षकै प्रमुख हात रहेको हुन्छ । प्रस्तुत कृतिमा भावविधान पनि त्यति नै सबल देखिन्छ । कृतिमा पीपलले सुनाएको दुःखद जीवनकथामा कारुणिक भाव नै प्रबल देखिन्छ । यद्यपि प्रस्तुत कृतिभित्र त्रासद , हर्ष, विस्मात्, वैराग्य आदि बालरसहरूले पनि राम्ररी खेल्ने मौका पाएका छन् । पीपलले जीवनमा झेल्नुपरेका कठोर सङ्घर्षमय यात्रासँगै कविले अन्धविश्वास र रुढिवादी सामाजिक प्रचलन, शोषक र शोषितबीचको द्वन्द्व, प्राकृतिक सौन्दर्यको भाव पनि व्यक्त गरेका छन् । कवितामा निहित मूलभावहरूलाई निम्न उपशीर्षकमा राखी अध्ययन गर्नु उपयुक्त देखिन्छ :

### ४.६.३. १ जीवन-सङ्घर्ष

कविले प्रस्तुत कृतिमार्फत् कठोर जीवन सङ्घर्षको मूलभाव बालबालिकामा सञ्चरित गराएका छन् । पीपललाई प्रतीकात्मक रूपमा उभ्याएर उनी सङ्घर्षशील जीवनयात्रा यसरी व्यक्त गर्दछन् :

हावा हुर्हुर वेग मारि बहँदा ढल्केर बस्थ्यो तन ।
भाँचिन्छु कि भनी ठूलो डर भई कामीरहन्थ्यो मन ॥
धर्ती शुष्क भएर वृष्टि नहुँदा यो देह हुन्थ्यो लुलो ।
खस्ता पत्थरका समान असिना पीडा वहन्थ्यो ठूलो ॥ ('ऐजेरु लागेको पिपल', पृ. ६ )

### ४.६.३.२ संस्कृति मोह

कविले प्रस्तुत कवितामा नेपालको सांस्कृतिक विशिष्टताको वर्णन गर्दै बालबालिकाभित्र सांस्कृतिक मोहको अमिट छाप छोडेका छन् । चाडपर्व मनाउने आफ्नै प्रचलन र नेपाली समाजको धार्मिक आस्था र विश्वासलाई कविले कवितामा यसरी अभिव्यक्त गरेका छन् :

आउँथ्यो जब त्यो दशैं शरदमा मान्छेहरू घम्दथे ।
हाली पीङ चहैचहै गरिसँगै आनन्दले झुल्दथे ॥ ( ऐ., पृ. ६ )
सारिन्छन् बिरुवाहरू पिपलका भञ्ज्याङ द्यौरालिमा ।
रोपिन्छन् कि त गाउँ बेसिहरुका विश्राम चौतारिमा ॥ ( ऐ., पृ. २ )
गाउँकी युवती पुजा गरदथी आएर त्यो प्रातमा ।
लावा, फूल, अवीर त्यो छरदथी बच्चा लिई साथमा ॥ ( ऐ., पृ. ८ )

### ४.६. ३. ३ प्रकृतिप्रतिको आकर्षण

कविले आफ्ना कवितामा बालबालिकाहरूलाई प्रकृतिप्रति आकर्षित गरेका छन् । शहरिया वातावरणको तुलनामा प्रकृतिको सुरम्य वातावरणमा स्वर्गीय आनन्द पाइने भाव उनी यसरी व्यक्त गर्दछन् :

सारा ती भरिया प्रशन्न दिलले विश्राम गर्थे यहीँ ।
सुस्केरा पनि सुन्दथें म, बटुवा आराम गर्थे यहीँ ॥
हावा सिर्सिर शान्त नित्य बहँदा आनन्दले उड्दथे ।
आँखा मुस्किलले उघारि तिनले यो स्वर्ग हो भन्दथे ॥ ( ऐ., पृ. १० )

### ४.६.३. ४ वर्गीय असमानताको समाज

हाम्रो समाजमा धनी-गरिब, उच्च-निम्न, ठूलो-सानो, मालिक-नोकरबीच व्यापक असमानता देखिन्छ । नेपाली समाजमा देखिएको सम्भ्रान्त वर्गका व्यक्तिहरूको शोषणप्रवृत्तिबाट पीडित निम्न वर्गीय समस्यालाई तलका कविताहरूले यसरी देखाएका छन् :

गाउँको मुखिया बडो कुपितले रैती लखेट्थ्यो त्यहाँ ।
आत्तिईकन त्यो गरिब बिचरा ! मैमाथि चढ्थ्यो यहाँ ॥
पंक्षीले जसरी लुकाइ बचरा आफ्ना पखेटा मनि ।
आपत्तीहरूमा बचाउँछ जसै मैले बचाएँ पनि ॥ ( ऐ.,पृ. ११)

## ४.६.३. ५ परिवर्तनशील प्राकृतिक नियम

प्रकृति परिवर्तनशील छ । यस संसारमा जन्मिएका हरेक प्राणी तथा वनस्पतिको जीवनमा सुख-दुःख, दिन-रात, उकाली-ओराली, आरोह-अवरोह एकपछि अर्को गरी क्रमशः आइरहन्छन् । पीपलको जीवनमा आएको परिवर्तनसँगै कविले यस्तै प्राकृतिक यथार्थलाई निम्न पद्यद्वारा व्यक्त गरेका छन् :

यस्तो वज्रसमान घात वयमै पर्दा पनि ज्यानमा ।
आँसूको भल त्यो बगाइ दुःखको आफ्ना दुवै नेत्रमा ॥
पालूवाहरु लागि ज्यानभरिमा राम्रो भयो मर्मत ।
पुरीए गहिरा ठुला जहरिला सम्पूर्ण मेरा खत ॥ ( ऐ., पृ. १४ )

## ४.६.३. ६ सेवामुखी भाव

सेवा नै ठूलो धर्म हो । परसेवामा समर्पित भएको जीवनले नै सार्थकता पाएको हुन्छ । कवि आफ्ना बालकवितामा कलिला बालबालिकाहरूमा सेवामुखी भावना पनि दिन चाहन्छन् । पीपलको शरीरमा लागेका ऐजेरु काटेर पुनर्जीवन दिने भरियाको गुणगान कवितामा यसरी गाइएको छ :

तिम्रो ऋण महान हे श्रमजिवी मैले कसोरी तिरुँ ।
छायाँ शीतलपूर्ण भैकन सधैं तिम्रै तपस्या गरुँ ॥ ( ऐ., पृ. २० )
मृत्यूको मुखमा पुगीकन पनी पाएँ पुनर्जीवन ।
गर्दैछू सबज्यान यो श्रमिकमा सौभाग्यले अर्पण ॥ ( ऐ., पृ. २० )

यी माथिका मूल भावातिरिक्त कवितामा पीपलको महत्त्व र उपयोगिताबारे बालबालिकालाई ज्ञान दिइएको छ भने प्रकृतिको संरक्षण, स्वच्छ, सफा र मनमोहक

वातावरणको चाहना, सुखद भविष्यप्रतिको आशावादिताजस्ता भावहरू पनि कवितामा प्रशस्तै छरिएका पाइन्छन् । यसकारण भावका दृष्टिले प्रस्तुत कृति त्यति असफल देखिँदैन ।

### ४.६.४ जीवनदृष्टि

कवितामार्फत् कविले जीवनलाई हेर्ने दृष्टिकोण नै जीवनदृष्टि मानिन्छ । प्रस्तुत कवितामा पीपललाई प्रतीक बनाएर कविले हाम्रा बालबालिकामा सङ्घर्षशील जीवन, दुःखमा नआत्तिने र सुखमा नमात्तिने सहनशीलता, शालीनता र सेवामुखी भावनाको विकास गराएका छन् । त्यस्तै समय र परिस्थितिसँगै जीवनचक्र घुमिरहने हुँदा दुःख-सुख, दिन-रात, उज्यालो-अँध्यारो, उकाली-ओराली जस्ता प्राकृतिक द्वन्द्व झेल्दै अघि बढ्ने जीवनले नै सफलताको शिखर चुम्न सक्छ भन्ने प्राकृतिक सत्यताको पुष्टि पनि कविले गरेको देखिन्छ । अर्कोतर्फ ऐजेरुले ग्रस्त पीपलको कारुणिक कथा पस्किएर कविले बालबालिकालाई अन्याय र अत्याचारका विरुद्ध लड्ने उत्साहसमेत थपिदिएका छन् । पीपलको रूख रोपी हाम्रो समाजलाई सिको गराउने रुढिवादी विचार र अन्धविश्वासरूपी ऐजेरुलाई जबसम्म हामीले फाँड्दैनौं तबसम्म स्वस्थ र विकसित समाजको मुहार देख्न सक्दैनौं भन्ने प्रगतिशील विचारले पनि कवितामा ठाउँ पाएको देखिन्छ । बालबालिकाहरू पीपलजस्तै अबोध प्रकृति हुन् । अध्ययन नगर्दा उनीहरूको मस्तिष्कमा पनि ऐजेरुरूपी नराम्रा विचारले जेलिदिने र जसको परिणामले सिङ्गो भविष्यलाई नै सिको बनाइदिने आशय पनि कविले प्रस्तुत कृतिमा अभिव्यञ्जित गरेको पाइन्छ । आजका बालबालिकाले सहनशीलता ग्रहण गर्नुका साथसाथै अन्याय, अत्याचार, थिचोमिचोको विरुद्ध आवाज बुलन्द गर्दै सुनौलो भविष्य फुलाउनुपर्छ भन्ने सन्देश दिनु नै प्रस्तुत कृतिभित्र कविको जीवनदृष्टि बनेर आएको देखिन्छ ।

### ४.६.५ भाषाशैली र लयविधान

पाठकका मनमा कृतिको भावपक्षले जति प्रभाव पारेको हुन्छ त्यति नै भाषाशैलीले पनि उल्लेख्य भूमिका खेलेको हुन्छ । प्रस्तुत कृतिको भाषा ठ्याक्कै बालबोलीलाई टपक्क टिप्ने खालको नभए पनि कविले यथाशक्य सहज, सरल र सुबोध्य भाषाको प्रयोग गर्न खोजेको देखिन्छ । एउटा बालकले प्रस्तुत कृति सरर्र पढ्नासाथ त्यहाँको

काव्यवस्तुलाई अभिधात्मक अर्थमा बुझिहाल्छ । त्यसमा पनि कविताभित्र प्रयुक्त 'हलक्क', 'सङ्ग्रङ्ग', 'टक्टक', 'खङ्ग्रङ्ग', 'हल्हल', 'टुलुटुलु', 'चहैचहै', 'म्याँ म्याँ म्याँ मकक्याँ', 'सिर्सिर', 'निर्धक्क', 'सर्लक्क', 'झपक्क', 'चर्चरी' जस्ता बालप्रिय अनुकरणात्मक शब्दहरूले कृतिको गरिमा बढाएका देखिन्छन् । कवितामा 'बस्त्यो', 'कामिरहन्त्यो', 'हुन्त्यो', 'बहन्त्यो', 'डिँगा', 'चितौन', 'रैती', 'लखेट्त्यो', 'चढ्त्यो', 'सुन्तोला', 'थूर' जस्ता स्थानीय भाषिकाका शब्द र कियापद पनि प्रशस्त भेटिएका छन् । छन्दभङ्ग नगराउन कविले ऱ्हस्व-दीर्घका व्याकरणिक नियमको पालना गर्न भने सकेका देखिदैनन् । यति हुँदा हुँदै पनि अन्त्यानुप्रासको सफल प्रयोग कवितामा भएको देख्न सकिन्छ । शार्दूलविकीडित छन्दको शास्त्रीय लयविधानलाई कविताले अवलम्वन गरेको देखिन्छ । छ अक्षर, बाऱ्ह अक्षर र पदान्तमा विश्राम गरिने उन्नाइस अक्षरको नेपाली जातीय छन्दको रूपमा चिनिने शार्दूलविकीडितमा बालबालिकाहरूले गाउँन सक्ने खालको लय कवितामा देखिन्छ ।

## ४.६.६ निष्कर्ष

चितवनको बालसाहित्यमा नौलो कोसेली बन्न पुगेको कवि निर्जीवको **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३) लामो कविताको लहरमा उभिएको कृति हो । हुन त लेखक स्वयंले पनि यस कविताकृतिलाई बालकाव्य नामकरण नगरी 'लामो कविता'गर्ने सुझावहरू आए '[७६] भनी आफ्नो मन्तव्यमा उल्लेख गरेका छन् । कृतिको आकारप्रकार र विषयवस्तु अनि प्रस्तुतिलाई हेर्ने हो भने यो बालबालिकाको काव्य भन्नुभन्दा आकारमा सानो भएकाले बालकाव्य मान्न सकिन्छ । छन्दको प्रयोग, जीवनदर्शन, प्रौढ अभिव्यक्ति, व्यञ्जनार्थ र प्रतीकात्मकताले गर्दा प्रस्तुत कृतिलाई बालकाव्यकृति मान्न असजिलो महसूस भने अवश्य भएको देखिन्छ । त्यसो त वातावरण स्वच्छताको चाह राखिएको हुनाले, भावानुकूलका चित्र संयोजन गरिएकाले बालप्रिय अनुकरणात्मक शब्दहरूको प्रचूर प्रयोगले प्रस्तुत कृतिलाई बालकाव्यको कोटिमा दरिने आधारहरू पनि नदिएका भने होइनन् । जे होस् यस कृतिले बालकाव्यकै रूपमा राष्ट्रिय स्तरका प्रसिद्ध बालसाहित्यसर्जक प्रमोद प्रधानद्वारा लिखित **नेपाली बालवाङ्मय परिचयकोश** मा समेत

---

[७६] रविकिरण निर्जीव, पूर्ववत् , भूमिका खण्ड ।

प्रविष्टि पाएको देख्न सकिन्छ । लेखकले यसलाई नयाँ प्रयोग स्वीकारेका हुँदा चितवनको बालसाहित्यमा यसले पुऱ्याएको योगदानलाई पनि बिर्सन भने सकिदैन ।

## ४.७. कवि रह शर्मा र उनको बालकवित्व

चितवनको बालसाहित्यको विकासयात्रामा देखा परेका चौथो प्रतिभा कवि रह शर्मा हुन् । उनको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) ले बालबालिकाहरूलाई नयाँ जानकारी दिँदै चितवनको बालसाहित्यफाँटमा विशेष योगदान दिएको पाइन्छ । कवि रह शर्माको व्यक्तित्व र बालकवित्वलाई निम्न उपशीर्षकमा राखेर अध्ययन गर्न सकिन्छ :

### ४.७.१ कविको परिचय

चितवनको बालसाहित्यिक फाँटलाई फराकलो पार्ने सशक्त प्रतिभाका रूपमा कवि रह शर्माको नाम स-सम्मान लिने गरिन्छ । मूलतः कविता क्षेत्रमा सिद्धहस्त देखिएका शर्मा बालसाहित्यमा पनि कुशल शिल्पी देखिएका छन् । 'वि.सं. २००९ मार्ग ८ गते लमजुङ्गको अलैंचेमा पिता श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका चौथो सन्ततिका रूपमा यिनको जन्म भएको देखिन्छ । न्वारानको नाम चूडामणि, गाउँघरमा बोलाउने नाम चेतनाथ, नागरिकता प्रमाणपत्रको नाम शशिकिरण रेग्मी भए तापनि साहित्यमा यिनी रह शर्माका नामले चिनिएका छन् । वि.सं. २०३१ मा प्रवेशिका र त्रि.वि. बाट वि.सं. २०३५ मा प्रवीणता प्रमाणपत्र तह पूरा गरी स्नातक तहसम्म अध्ययन गरे तापनि शर्माले उच्च शिक्षाका हकमा प्रवीणता प्रमाणपत्र तहसम्मको उपाधिमात्र प्राप्त गरेको देखिन्छ । केही वर्ष शिक्षण पेशा अवलम्बन गरेका शर्मा वि.सं. २०३९ देखि त्रिभुवन विश्वद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा लेखापाल हुँदै लेखाअधिकृत पदमा हालसम्म कार्यरत देखिन्छन् ।' [७७]

वि.सं. २०२५ सालमा प्रेमविनोद नन्दनको प्रधान सम्पादकत्वमा प्रकाशित **दोभान** साहित्यिक पत्रिकामा वास्तविक नाम शशिकिरण रेग्मीबाटै **बिजुली** नामक कविता प्रकाशन गरी नेपाली साहित्यमा पदार्पण गरेका रह शर्माका हालसम्म सात ओटा

---

[७७] शिवहरि कोइराला, **साहित्यकार रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्व** अप्रकाशित शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५ , पृ. २० ।

पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा फुटकर लेख/रचनाहरू प्रकाशित छन् । 'आफ्नै सहोदर दाजु साहित्यकार रविकिरण निर्जीव, आदरणीय गुरुवर्ग र श्रद्धेय मान्यजनको सकारात्मक सन्देश, उपदेश र मार्ग निर्देशन, जीवनजगत्को उहापोहको क्रममा देखिने, भोगिने र अनुभव गरिने घटनाक्रम, राष्ट्रिय स्तरका अग्रज साहित्यकारहरूका कृतिको अध्ययन र कुनै चिजबीज, प्रकृति र वातावरणको दृश्यावलोकनपश्चात् मनमा पैदा हुने अनुभूतिबाट यिनी साहित्यसिर्जन कार्यमा लागेको देखिन्छ ।' [७८] हालसम्म यिनका **भ्रम** (लघुकाव्य- २०५५), **वचन** (गीतसङ्ग्रह- २०५६), **विसङ्गति** (गीत तथा कवितासङ्ग्रह- २०५७), **अब के हुन्छ ?** (लेखसङ्ग्रह- २०६१), **रहका कविता** (कवितासङ्ग्रह- २०६१), **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) र **दौरा सुरुवाल** (विविध लेखसङ्ग्रह- २०६५) गरी सातवटा पुस्तकाकार कृतिहरू प्रकाशित देखिएका छन् । वर्गीकरणका हिसाबले यिनका कृतिहरू चारवटा काव्य, कविता र गीत विधामा, एउटा बालसाहित्यमा र दुईवटा निबन्धसङ्ग्रहमा बाँडिएका देखिन्छन् ।

साहित्यिक व्यक्तित्वका अतिरिक्त शर्मामा समाजसेवाको भावबाट अभिप्रेरित सामाजिक व्यक्तित्व पनि देखिएको छ । 'उनले वि.सं. २०३६ मा दाजुभाइबीच छुट्टभिन्न भएपछि चम्पानगरको घरमै रहेर हालको हिमालय मा.वि. (तत्कालीन त्रिशक्ति मा.वि.)को स्थापनार्थ सक्रिय सहयोग पुऱ्याएका थिए ।' [७९] यसपछि पनि थुप्रै साहित्यिक, सामाजिक र शैक्षिक सङ्घसंस्थामा आबद्ध भई समाजसेवाका विभिन्न क्षेत्रमा सक्रियताका साथ क्रियाशील भई शर्माले योगदान पुऱ्याइरहेको नै देखिन्छ ।

## ४.७.२ कवि रह शर्माको बालकवित्व

रह शर्मा चितवनका बालसाहित्यसाधकहरूकै लहरमा एक लगनशील र सिर्जनशील प्रतिभा मानिन्छन् । 'कवि शर्मा आफ्ना बालकवितामा कलिला मन, मुटु र मस्तिष्कसँग जिस्किएका छन् , खेलेका छन् र रमाएका छन् ।' [८०] उनका बालकविताहरूले स्वस्थ जीवनको परिकल्पना गरेका छन् । मनोरञ्जनसँगै बालसाहित्यको अर्को पक्ष ज्ञान वा सन्देश

[७८] पूर्ववत् , पृ. २० ।

[७९] पूर्ववत् , पृ. २१ ।

[८०] धनेश्वर भट्टराई, 'स्रष्टा रह शर्माका कृतिमा पाइने वैचारिक पक्ष', **हाम्रो मझेरी**, पूर्णाङ्क ४६, २०६५, पृ. ६४ ।

पनि हो । यिनका कविताले त्यो आवश्यकतालाई पूरा गरेका छन् र बालबालिकालाई नवीनतम ज्ञानको ढोका पनि उघारेका छन् । उनका प्रायः कविताहरू सन्देशमूलक र  उपदेशमूलक छन् । यद्यपि कवितामा उपदेशात्मकतालाई त्यति राम्रो मानिदैन र उपदेश दिनु त्यति राम्रो पनि ठानिदैन तर हाम्रा बालबालिकालाई नराम्रो भएको, बनेको र यिनले गरेको हामी हेर्न, सहन र खप्न सक्दैनौं त्यसैले कवि उपदेशात्मक भावकै माध्यमबाट पनि सत्मार्ग अँगाल्ने र स्वस्थ बन्ने सल्लाह दिन पुग्छन् ।' [८१] 'उनका बालकविताले आफ्नै विशिष्टताभित्र बालचेतनामा सकारात्मक प्रभाव र प्रेरणा त दिन्छन् नै साथसाथै मनोरञ्जन, आजको संस्कार, सभ्यता, युग र युगको चिन्तनपक्षको चिनारीसमेत प्रस्तुत गर्दछन् । उनका कवितामा व्यक्त नयाँ विचार र प्रयुक्त प्रवृत्तिले आजको बालस्वभाव, आकाङक्षा र आवश्यकतालाई पनि औल्याएको छ र युगनिर्दिष्ट दिशा-निर्देशनसमेतगरेको छ ।' [८२] 'नेपाली जातिको आफ्नो पहिचान भन्नु के हो ? नेपाली राष्ट्रियताका झलकहरू के के हुन् ? हाम्रा चालचलन, रीतिरिवाज, आचार-विचार, र व्यवहारका असल पक्षहरू के के हुन् ? बालकहरूले आफ्ना आनीबानी र व्यवहारमा ख्याल राख्नुपर्ने विषयहरू के के हुन सक्छन् ? खाद्य र अखाद्य वस्तुहरू, औंषधीजन्य वनस्पतिको उपयोग, जान्नुपर्ने, बुझ्नुपर्ने र ख्याल गर्नुपर्ने कुराहरूलाई कविताका लयमा सम्झाउँदा राम्रै हुन्छ । बालबालिकाले त्यस्ता ज्ञानवर्द्धक कुराहरूलाई चाख मानेर ग्रहण गर्दछन् । रह शर्माले आफ्ना कवितामा यही तरिका अँगालेका छन् ।' [८३] यसका साथै शर्माका बालकवितामा संस्कृतिप्रेम र राष्ट्रप्रेमले पनि ठाउँ पाएका देखिन्छन् । उनका कविताहरूले बालबालिकालाई वस्तुको महत्त्व र उपयोगिता राम्ररी प्रष्ट्याएका छन् । कवि बालबालिकालाई अनुशासित बन्दै अध्ययनमा जोड दिन आग्रह गर्दछन् । फलफूलको महत्त्व, तरकारीको महत्त्वले पनि उनका बालकवितामा ठाउँ पाएका देखिन्छन् । बालमानसिकता उन्मुक्त हुन्छ । यो जीवनजगत् र प्रकृतिप्रति उनीहरूको जिज्ञासु भावना छताछुल्ल पोखिन्छन् । रहका कविताहरू अधिकांशतः औपदेशिक भएकाले बालमनोविज्ञानमा भिजेर स्वच्छन्दता र उन्मुक्तताको क्षितिजमा भने प्रवेश गर्न सकेका देखिदैनन् । उनका केही

---

[८१] धनेश्वर भट्टराई, 'सेल रोटीमा पाइने केही नयाँ कुरा', **प्रलेसः चितवन**, वर्ष १, अङ्क १, २०६४, पृ. ४९ ।

[८२] पूर्ववत्, पृ. ५० ।

[८३] होमनाथ सापकोटा, **सेलरोटी** (बालकवितासङ्ग्रह), प्रलेसः चितवन, २०६३, भूमिका खण्ड ।

कविताहरूले जातीय असमानताको विरोध गर्दै बालमानसिकतामा राष्ट्रिय र जातीय एकताको भावसमेत पैदा गर्ने काम गरेको देखिन्छ । सरसफाइमा बढी ध्यान दिँदै उनी आजका बालबालिकाको सुकोमल मुहारमा भोलिको सुनौलो भविष्य देख्न चाहन्छन् । उनका कविताहरूले श्रमको सम्मान गर्न सक्ने र कामलाई पुरस्कृत गरिने खालका विचारहरूलाई भने समेट्न सकेको देखिँदैन । आफू बालबालिका नै भएर बालबोलीका रूपमा उनका कविताहरू आएका पाइँदैनन् । कवि आफू प्रौढ लेखक बनेर उपदेशको भाषामा विविध विषयको ज्ञानात्मक सन्देश दिन भने उनी खप्पीस देखिएका छन् । समग्रमा कवि रह शर्माको बालकवित्वलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ :

क) औपदेशिकता,

ख) संस्कृतिप्रेम,

ग) वस्तुको महत्त्वबोध,

घ) बालस्वास्थ्यप्रति विशेष चासो,

ङ) अनुशासनको महत्त्ववर्णन,

च) असल मार्गनिर्देशन

छ) फलफूलको महत्त्ववर्णन,

ज) बालबालिकाको सुखद भविष्यको कामना,

झ) औषधीजन्य वनस्पतिको उपयोगिता,

ञ) जातीय समानता र एकताको भावना,

ट) प्रकृतिचित्रण,

ठ) स्वस्थ खनपिनमा विशेष जोड,

ड) सुमधुर बालगीतिलयमा कविता लेखन,

ढ) कविताहरूमा प्रायसः तद्भव शब्दको प्राचुर्य ।

## ४.८. सेलरोटी (बालकवितासङ्ग्रह) को अध्ययन र विश्लेषण

प्रगतिशील लेखक सङघ चितवनद्वारा वि.सं. २०६३ चैत्र महिनामा प्रकाशित 'सेलरोटी' कवि रह शर्माको छैटौं कृति हो । चितवनबाट प्रकाशित बालसाहित्यको पङ्क्तिमा यो कृति चौथो कममा देखापर्छ । यसभन्दा पूर्व नै चितवनमा कवि विनोदीको **आँखाको नानी**

(बालकवितासङ्ग्रह), कवयित्री चिरागको **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह) र कवि निर्जीवको **ऐजेरु लागेको पिपल** (बालकाव्य) गरी तीनवटा बालसाहित्यिक कृतिहरू प्रकाशित भइसकेका देखिन्छन् । यद्यपि यो कृतिले चितवनको बालसाहित्यिक गतिविधिलाई नयाँ उचाइमा पुऱ्याएको देखिन्छ । बालोपयोगी विविध विषयका सुन्दर कविताहरूको सङ्गालो शर्माद्वारा प्रकाशित प्रस्तुत **सेलरोटी** (बालकवितासङ्ग्रह) लाई यहाँ विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

## ४.८.१ शीर्षक सार्थकता

मानिसको परिचय मुहारले दिएजस्तै कृतिको बाह्य परिचय शीर्षकले दिएको हुन्छ । रह शर्माको छैटौं कृतिका रूपमा प्रकाशित **सेलरोटी** बालकवितासङ्ग्रहको शीर्षक पनि वर्णित विषयवस्तुका आधारमा हेर्ने हो भने अर्थपूर्ण देखिएको छ । कृतिको बाह्य आवरणमा सेलरोटीको आकारभित्र पङ्क्तिबद्ध रूपले तीन बालबालिका बसेका देखिन्छन् । यस चित्रले पनि कृतिको शीर्षकलाई सहज रूपमा पुष्टि गरेको देखिन्छ । 'दाउन हाली घीउतेलमा पकाइने चामलको पीठोको कल्लीजस्तो बाटुलो खाद्यवस्तुविशेषलाई सेलरोटी भनिन्छ ।' [८४] नेपाली समाजका बालबालिकामा सेलरोटीको स्वाद र मोहकताले बालमस्तिष्कमा थप ऊर्जा र रमाइलो वातावरण सृजना गरिदिन्छ । सेलरोटीको नाम सुन्नेबित्तिकै बालबालिकाहरू फुरुङ्ग हुने गर्छन् । यस आधारले प्रस्तुत कृतिको शीर्षक सेलरोटी सान्दर्भिक देखिन्छ । सेलरोटी नेपालीहरूले तिहारलगायत अन्य विशेष चाडपर्वहरूमा खाने एक प्रकारको स्वादिष्ट खाद्य परिकार हो । चाडपर्व भन्ने बित्तिकै केटाकेटीहरूमा खुशी छाउनु र त्यसमाथि सेलरोटीसहित मीठा खानेकुराप्रति हुरुक्क हुनु आफैंमा स्वाभाविक पक्ष भएकाले पनि यसको शीर्षक चयन कसिलो , दरिलो र सान्दर्भिक देखिन्छ । त्यस्तै बालोपदेशिकता, वनस्पति र फलफूलको उपयोगिता, स्वस्थ बन्ने शिक्षा, आनीबानीको तौरतरिका, दैनिक कर्त्तव्यसहित 'सेलरोटी' शीर्षकको कवितालाई कृतिमा नामाङ्कित प्रतिनिधि कविताका रूपमा राखिएकाले पनि प्रस्तुत कृतिको शीर्षक सर्वपक्षीय दृष्टिले सार्थक र उपयुक्त देखिन्छ ।

[८४] सूर्यविक्रम ज्ञवाली (प्र. सम्पादक), **नेपाली संक्षिप्त शब्दकोश**, ने.प्र.प्र., पृ. ७७३ ।

### ४.८.२ कृतिको स्वरूप र आकार-प्रकार

आकारका दृष्टिले प्रस्तुत **सेलरोटी** काव्यकृति मझौला आकारको देखिन्छ । जम्माजम्मी साठी पृष्ठ रहेको यस कृतिमा पृष्ठभूमि खण्ड पन्ध्र पृष्ठले ओगटेको देखिन्छ भने कविताक्रम पृष्ठ सोह्रदेखि पृष्ठ साठीसम्म विस्तारित देखिन्छ । रातो कल्ली आकारको सेलरोटीभित्र तीन बालबालिकाहरू पङ्क्तिबद्धरूपमा बसेको दृश्यचित्रभित्र सेतो पृष्ठभूमि र नीलो कलेवरमा रङ्गिएको कृतिको बाह्य आवरणको सिरानमा लेखकको नाम र अन्त्यमा कृतिको नाम **सेलरोटी** (बालकवितासङ्ग्रह) लेखिएको देखिन्छ । त्यस्तै पश्च आवरणको सिरानमा लेखकको तस्वीर, जन्ममिति, लेखी त्यसको ठीक मुनि रमेश भट्टराईको कृतिसमीक्षासम्बन्धी छोटो अनुच्छेद राखिएको छ । त्यस्तै पश्च आवरण भागमै लेखकका छवटा प्रकाशित कृतिहरू र प्रकाशनवर्ष उल्लेख गरिएको देखिन्छ । कृतिभित्र पृष्ठभूमि खण्डको पहिलो पृष्ठमा कृतिको नाम, विधागत चिनारी, बीच भागमा लेखकको नाम र अन्त्यमा प्रकाशकको नाम उल्लेख गरिएको देखिन्छ । दोस्रो पृष्ठमा प्रलेस- एकसँगै कृति, कृतिकार, प्रकाशक, प्रकाशन मिति, प्रकाशन प्रति, सर्वाधिकार, आवरण कला तथा चित्र, मूल्य र मुद्रकको सूचनात्मक प्रस्तुति दिइएको छ । पृष्ठभूमि खण्डको चार पृष्ठसम्म 'भाइबहिनीहरू !' शीर्षकमा नेपाली केन्द्रीय विभाग कीर्तिपुरका उप-प्रा. रमेश भट्टराईको प्रस्तुत बालकृतिका सम्बन्धमा समीक्षामूलक लेख समावेश गरिएको छ । त्यसैगरी प्रलेस, चितवनका अध्यक्ष होमनाथ सापकोटाको प्रकाशकीय मन्तव्यले पृष्ठभूमि खण्डको तीन पृष्ठ लिएको देखिन्छ । कृतिभित्र लेखकीय मन्तव्यले पनि पृष्ठभूमि खण्डको दुई पृष्ठ ओगटेको देखिन्छ भने यस खण्डको अन्तिम पृष्ठमा कविताक्रमको विषयसूची र पृष्ठसंख्यासमेत उल्लेख गरिएको पाइन्छ ।

कृतिको सोह्रौं पृष्ठमा सेलरोटी पकाइरहेकी आमा र सो क्रियाकलाप हेरिरहेको सानो बालकको चित्रसँगै सत्रौं पृष्ठमा कृतिको प्रतिनिधि शीर्षक कविता 'सेलरोटी' बाट कविताक्रम शुरु भएको पाइन्छ । जम्मा बाईस शीर्षकका कविताहरू समावेश भएको यस कृतिमा अघिल्लो पृष्ठ सम्बन्धित कविताको भावानुकूलको चित्रले भरिएको देख्न सकिन्छ भने पछिल्लो पृष्ठ भिन्न भिन्न शीर्षकका बालकविताले ओगटेको पाइन्छ अर्थात् कविताहरू एकएक पृष्ठमा छन् भने बालचित्रहरू पनि एक एक पृष्ठमा कोरिएका पाइन्छन् । कतै दुई त कतै चार पाउको एक श्लोकीय संरचनात्मक ढाँचाबाट निर्मित प्रस्तुत कृतिभित्रका 'सेलरोटी', 'पिङ', 'मान्यजन', 'पानी', 'जान्नुपर्ने कुरा', 'बिहानदेखि बेलुकासम्म', 'साँचो बोल',

'ज्ञान फैलाउँछ', 'हँसिलो होऊ', 'सफा होऊ', शीर्षकका  दश कविताहरू दुई पाउका चार श्लोकीय संरचनात्मक ढाँचामा संरचित देखिन्छन् भने  'आँप' र 'हिमाल' दुई शीर्षकका कविताहरू चार पाउका एक श्लोकीय संरचनात्मक ढाँचामा चार पद्यमा लेखिएका छन् । कृतिभित्रका बाँकी 'फरक छैन', 'परवर', 'राम्रो खाना खाऊ', 'नीम', 'राम्रो बानी गर', 'तीते करेला', 'अमला', 'मह', 'तुलसी', 'स्याउ' जस्ता दश शीर्षकका कविताहरू दुई पाउका छ श्लोकीय संरचनात्मक ढाँचामा आबद्ध देखिएका छन् । कृतिभित्रका प्रायः सबै कविताहरूले बाल गीतिलयलाई पक्रेका देखिन्छन् भने कृतिको पृष्ठ उनान्चालीसमा रहेको 'फरक छैन' शीर्षक कविताले नेपाली झ्याउरे लोकलयलाई अँगालेको देखिन्छ ।

## ४.८.३ अन्तर्वस्तु वा भावविधान

**सेलरोटी** (बालकवितासङ्ग्रह) मा सङ्गृहित बाईस शीर्षकका कविताहरू विविध विषयसन्दर्भसँग सम्बन्धित देखिएका छन् । नेपाली समाजमा सेलरोटीको प्रसङ्ग चाडपर्व, आदरसत्कारमा विशेष उल्लेख्य रूपमा हुने र सबै तहका मानिसलाई स्वीकार्य हुने खालको छ ।' [८५] राष्ट्रको परम्परागत संस्कृतिलाई उजागर गर्ने 'पिङ', ठूलाले सानालाई आशीर्वाद र सानाले ठूलालाई अभिवादनजस्ता शिष्टता र मानवीय गुण, पानीको रङ्ग, स्वरूप र उपयोगिता, साँचो बोल्ने, चकचक नगर्ने, कर्त्तव्य पालन गर्ने, सफासुग्घर हुने, स्वच्छ र स्वस्थ हुने शिक्षा, तरकारीको महत्त्व, जडीबुटी, जीवजन्तुको पहिचान, औंषधीमूलो आदिजस्ता विविध क्षेत्रसँग सम्बन्धित काव्यवस्तुको सङ्गालोका रूपमा यो कृतिलाई लिन सकिन्छ । यस कृतिमा बालमानसिकतालाई सहजतापूर्वक उजागर गर्ने मानवजीवनका मूल्यवान् एवम् महत्त्वपूर्ण वस्तुहरूसँग प्रत्यक्ष सरोकार भएका विविध सामग्रीहरू आएका छन्, जसअनुसार फलफूलसम्बद्ध दुई, संस्कृतिआबद्ध एक, परिकार र खाद्य विशेषसित सम्बन्धित दुई, वनस्पति दुई तरकारीसित दुई र बाँकी अरू मानवीय क्रियाकलाप, असल ज्ञान, मौसमआदि विषयसँग सम्बन्धित देखिएका छन् । 'सेलरोटीभित्र सेलरोटीसँगै खाइने धेरै मीठा मीठा अन्य परिकारहरू पनि परेका छन् । वनस्पतिजन्य कविताको संख्या निकै कम देखिन्छ भने ज्ञानात्मक, परिचयात्मक र

[८५] पूर्णप्रसाद अधिकारी, सेलरोटीको वृत्तमा रह शर्माको बालकवित्व चेतना', **जनमत, साहित्यिक** अङ्क १२५, २०६४, पृ. ५५।

व्यावहारिक कुराहरूसँग सम्बद्ध कविता पनि धेरै देखिन्छन् । स्वास्थ्यप्रद र स्वभावपरक कविताहरूका साथ प्रायः सन्देशमूलक र उपदेशमूलक कविताहरू बढी छन् ।'[८६] समग्रमा भन्नुपर्दा सेलरोटी, पिङजस्ता सांस्कृतिक निधिहरूको चर्चा गर्दै मान्यजन र गुरुवरप्रति आदरभाव राख्नुपर्ने, ज्ञानी र असल हुनुपर्ने, सत्य बोल्नुपर्ने, सफासुग्घर हुनुपर्ने, स्वस्थ रहनुपर्ने, स्वास्थ्योपयोगी फलफूल र वनस्पति, चिजबीजका बारेमा जान्नुपर्ने आदि विषयवस्तुहरू यो बालकाव्यमा पाइन्छन् ।

भावविधानका दृष्टिले पनि प्रस्तुत कृति त्यति नै मार्मिक र सशक्त देखिन्छ । 'विद्यार्थी जीवनमा अनुशासन र कर्त्तव्यपरायणजस्ता पक्षले पार्ने सकारात्मक प्रभावका साथै आजका विद्यार्थी भोलिको राष्ट्रका होनहार र भरोसा लाग्दा कर्णधार हुन् भनेर मात्र पुग्दैन, त्यसका निम्ति त उनीहरूको आचार, बानी, स्वास्थ्य, खानपिन, वातावरण, व्यवहार, क्रियाकलाप र प्रकृतिलगायतका कुरामा पनि विचार पुऱ्याउनुपर्दछ भन्ने मूलभावलाई कवि रह शर्माले प्रस्तुत कृति **सेलरोटी**मा व्यक्त गरेका छन् ।' [८७] संसारका समस्त प्राणी मानवसहित चराचर जगत्को प्रारम्भ बाल्यावस्थाबाटै हुन्छ । त्यसमा पनि मानवसमाजमा बालबालिकाहरूको समय र सोचाइले भविष्यनिर्माणको क्रममा एउटा दिशा-निर्देश गरेको हुन्छ । 'काँचो माटो, सुनौला रहर, कोमल मस्तिष्क, बालसुलभ सरलता र चञ्चलताजस्ता पक्षहरू बालबालिकाहरूका नैसर्गिक उपकरण मानिन्छन् । यस उसले बालबालिका भनेका यथार्थमा वनस्पतिका मुना, सुनका गहना र मानवीय चेतनाका मूल्यवान् खजाना हुन् । तिनीहरूको कोमल मन यदि केही गरी कुण्ठित हुनपुग्यो भने समग्र राष्ट्र नै भविष्यमा कुण्ठित र असफल हुनपुग्छ भन्ने यसको भाव वा चुरो कथ्य रहेको पाइन्छ ।' [८८] 'सेलरोटी', 'पिङ' जस्ता शीर्षकहरूले सम्बन्धित विषयसन्दर्भका साथै विभिन्न चाडपर्वको महत्त्व बताएका छन् । वनस्पतिजगत्मा जस्तै - आँपको जात, स्वाद र प्रकारको बयान एकातिर छ भने अर्कोतिर आँपमा पाइने विशेषता, पौष्टिक तत्त्वजस्ता ज्ञानवर्द्धक, स्वास्थ्यवर्द्धक कुराहरू पनि यहाँ बताइएको पाइन्छ । यस कृतिभित्रका कविताहरूमा निहित भावपक्षलाई निम्न उपशीर्षकहरूमा राखेर अध्ययन गर्न सकिन्छ :

---

[८६] धनेश्वर भट्टराई, पूर्ववत्, पृ. ४९ ।

[८७] गोकर्ण, 'सेलरोटी', **गोरखापत्र** २०६४ जेठ २६ गते शनिवासरीय अङ्क, पृ. ८ ।

[८८] पूर्णप्रसाद अधिकारी, पूर्ववत्, पृ. ५५ ।

### ४.८.३.१ संस्कृति-प्रेम

बालबालिकाहरू आफ्नो संस्कृतिप्रति विशेष आकर्षित हुने गर्छन् । कवि रह शर्माका बालकविताहरूले विभिन्न चाडपर्वको महत्त्व दर्शाउँदै बालबालिकाभित्र संस्कृतिप्रेमको भावना यसरी जगाएका छन् :

सेलरोटी पाए सधैं खाऊँ खाऊँ लाग्ने
चाडपर्व पूजाआजा सेलरोटी हुने
तिहारको भाइटीका सेलै खान पर्ने
पाइएन भने लौन अब कसो गर्ने । ('सेलरोटी',**सेलरोटी**(बालकवितासङग्रह), पृ. १७ )
पिङ खेली दशैंको दिन धर्ती छोड्नुपर्ने
कस्तो रीत अहो हामी दङ्ग पर्नुपर्ने
वृद्ध, बाल सबै मिली पिङ मच्चाउने
हिन्दूहरू यही रीत वर्ष बिताउने । ('पिङ', ऐ., पृ. १९ )

### ४.८.३.२ औपदेशिकता

उपदेश कवितामा खल्लो मानिए तापनि बालबालिकाका निम्ति यसले उचित मार्गप्रशस्त गरेको हुन्छ । सेलरोटी कवितासङग्रहभित्रका अधिकांश कविताहरूले औपदेशिक स्वर उरालेका देखिन्छन् । कविताका निम्न पद्यहरूका उपदेशले बालबालिकाहरूलाई असल मार्गनिर्देशन गरी सच्चा जीवन बाँच्न प्रेरित गरेको पाइन्छ :

चर्को बोल्ने हैन बाबू ! झुठो बोल्ने हैन
सानो कुरा गल्ती हुँदा हठ गर्ने हैन । ('मान्यजन', ऐ., पृ. २१ )
सफा भई खाना खाऊ पढी सुत्न जाऊ
बिदाको दिन् जब हुन्छ राम्रोसँग न्वाऊ । ('बिहानदेखि बेलुकीसम्म', ऐ.,पृ. २७)
धेरै पढ, थोरै खेल, बातचित गर
समयको तालिकामा सधैं हिँड्ने गर । ('साँचोबोल', ऐ., पृ. २९ )

### ४.८.३.३ वस्तुको महत्त्वबोध

यस भौतिक जगत्का वस्तुहरूप्रति बालबालिकाको जिज्ञासा सदैव रहन्छ । कविले आफ्ना कवितामा तिनै जिज्ञासु बालबालिकाहरूलाई जीवनजगत्का विविध वस्तुहरूको महत्त्व र उपयोगितासमेत यसरी दर्शाएका छन् :

बोटबिरुवाको लागि अमृत हो पानी
संसारमा धेरै नै छ यो पानीको खानी ।          ('पानी', ऐ., पृ. २३ )
फूलको रस चुसी ल्याई माहुरीले हेर
बनेको छ मह खाऊ कत्ति नफालेर ।          ('मह', ऐ., पृ. ५५ )

### ४.८.३.४ बालस्वास्थ्य

कविले आफ्ना कवितामा बालबालिकाको स्वास्थ्यप्रति खूब ख्याल गरेका छन् । कस्तो खानेकुरा खानुहुन्छ कस्तो खानुहुँदैन भन्ने विषयमा उनी साना साना बालबालिकाहरूलाई एउटा स्वास्थ्यकर्मीले दिएजस्तै उचित परामर्श यसरी दिने गर्छन् :

मसलाले जिताएको खाना खानहुन्न
फलफूल साग खाँदा कैल्यै रोगले छुन्न ।          ('राम्रो खाना खाऊ', ऐ., पृ. ४५ )
धुवाँ, धुलो, फोहोरमा कैल्यै'नि नजाऊ
बासी,सडेगलेकोमा हात नबढाऊ ।          ('सफा होऊ', ऐ., पृ. ३५ )

### ४.८.३.५ अनुशासनको महत्त्व

कवि बालबालिकालाई अनुशासित देख्न चाहन्छन् । अझ अध्ययनशील विद्यार्थीको लागि त अनुशासन नभई हुँदैन । कविले आफ्ना कविताहरूमा अनुशासनको महत्त्वलाई यसरी दर्शाएका छन् :

उमेरमा पाकालाई आदरले हेर
नातागोता साथीभाइ राम्रो बोल्ने गर
इमानले समाजमा राम्रो छाप हुन्छ
अनुशासनले सधैं ज्ञान फैलाउँछ ।          ('ज्ञान फैलाउँछ', ऐ., पृ. ३१ )
गाडी चढ्दा ढोका छेउ बस्नु कैल्यै हुन्न
झ्यालबाट अङ्ग कैल्यै बाहिर लानु हुन्न ।          ('हँसिलो होऊ', ऐ.,पृ. ३३ )

### ४.८.३.६ फलफूलको महत्त्व

कवि बालबालिकालाई स्वस्थ देख्न चाहन्छन् । बालस्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विविध जातिका फलफूलहरूको महत्त्व र उपयोगितालाई उनले आफ्ना कविताहरूमा यसरी वर्णन गरेका छन् :

भिटामिन 'ए' र 'सी' को गुणकारी फल
पाकेकाले ज्यानलाई दिन्छ मलजल । ('आँप', ऐ., पृ. ३७ )

बहुगुणकारी फल अमला नि खाऊ
बनाएर तितौरा र तिरफला खाऊ । ('अमला', ऐ., पृ. ५३ )

मन पर्ने मिठो स्याउ सधैं खाने गर
सेतो खैरोभन्दा रातो छानी खाने गर । ('स्याउ', ऐ., पृ. ५९ )

### ४.८.३.७ जातीय असमानताको विरोध र एकताको भावना

कविका बालकविताहरू समाजनिरपेक्ष देखिँदैन । प्रस्तुत कृतिभित्रका केही कविताहरूले नेपाली समाजमा विद्यमान जातीय असमानताको विरोध गर्दै मानवतावादी भावना बढाएका छन् । आजका बालबालिकाले यस्तो रुढिवादी परम्परालाई आत्मसात् गर्नुहुन्न भन्दै कविले उनीहरूभित्र एकताको भावसञ्चरण यसरी गराएका छन् :

मानिस जात एउटै हुन्छ अलग हुँदैन
पुरुष-नारी मानिस जात अरू क्यै हुँदैन । ('फरक छैन', ऐ., पृ. ३९ )

### ४.८.३.८ प्रकृति चित्रण

बालबालिकाहरू प्रकतिका सुन्दर उपहार हुन् । प्रकृति उनीहरूको लागि सदैव जिज्ञासाको विषय रहेको हुन्छ । कवि रहका कविताहरू अधिकांशतः औपदेशिक भए पनि केही कविताहरूले प्रकृतिको सुन्दर चित्रण गरी प्रकृतितर्फ बालआकर्षण बढाएका छन् :

हिउँ दाना हिमालमा मोतिजस्तो टल्केको छ
हिउँ खानीको पानी तल सललल बगेको छ । ('हिमाल', ऐ., पृ. ४३ )

### ४.८.३.९ औंषधीजन्य वनस्पतिको महत्त्व

कविले प्रस्तुत कवितामा बालबालिकाको स्वास्थ्यप्रति गम्भीर चासो देखाएका छन् । उनी आफैं आयुर्वेदका ज्ञाता बन्दै कवितामा विभिन्न औंषधीजन्य वनस्पतिको महत्त्व यसरी बताउँछन् :

कोयाभित्र सेतो गुदी पातीजस्तो तीतो
धुलो बनाएर खाँदा रोग हुने निको । ('आँप', ऐ., पृ. ३७ )
नीम पात रस खाँदा अति तीतो हुने
आँखा, कान दुःखे खाँदा रैछ निको हुने । ('नीम', ऐ., पृ. ४७ )
तुलसीको पात राखी उमालेर खाऊ
हल्का रुघा खोकी लागे मिची रस लाऊ । ('तुलसी', ऐ., पृ. ५७ )

### ४.८.३.१० तरकारीको महत्त्व र उपयोगिता

बालबालिकाहरू हरियो तरकारी र सागपात खान मन पराउँदैनन्, जति उनीहरू गुलियो वस्तुमा लोभिन्छन् । उनीहरूको यही मानसिकतालाई बुझेर कविले आफ्ना कविताहरूमा साग, सब्जीलगायत हरिया तरकारीको महत्त्व र उपयोगितालाई यसरी बताउँछन् :

काँक्री बियाँ, गुर्वीजस्तै तरकारी परवर
कहाँ फल्छ, कस्तो बोट मीठो हुन्छ परवर । ('परवर', ऐ., पृ. ४१ )
तीतो पनि मीठो हुने करेलाको जात
भुटी खाँदा कति मीठो धेरै रुच्छ भात । ('तीते करेला', ऐ., पृ. ५१ )

यसरी बालबालिकाले पालना गर्नुपर्ने आचरणहरू, जान्नुपर्ने घरेलु र प्रकृतिसँग सम्बन्धित कुराहरू, साँस्कृतिक प्रथाले पुऱ्याउने मनोरञ्जन पक्षलगायतका बालोपयोगी सामग्रीहरूको उपादेयतालाई प्रकाश पार्नु प्रस्तुत कृतिको मुख्य भावविधान रहेको देखिन्छ ।

## ४.८.४ जीवनदृष्टि

कविले प्रस्तुत कृतिमार्फत् बालबालिकामा सकारात्मक र स्वस्थ विचारहरूद्वारा समुज्ज्वल भविष्यको मार्गनिर्देशन गरेका छन् । 'प्रस्तुत कृतिका कविताहरूले आफ्नै विशिष्टतामार्फत् बालचेतनामा सकारात्मक प्रभाव र प्रेरणा त दिन्छन् नै साथसाथै मनोरञ्जनसमेत प्रदान गर्दछन् । यो महत्त्वपूर्ण एवम् विशिष्ट खालको उपलब्धि त छँदै छ, त्यसभन्दा पनि अझ माथि उठेर यसले आजको संस्कार, सभ्यता र युगीन चिन्तनपक्षको यथार्थ चिनारीसमेत सफलतापूर्वक दिन सकेको देखिन्छ । कृतिमा व्यक्त नवीन विचार र प्रयुक्त प्रवृत्तिले आजको बालस्वभाव, आकाङ्क्षा र आवश्यकतालाई पनि स्पष्ट रूपले औल्याई युगनिर्दिष्ट दिशानिर्देशसमेत गरेको छ ।' [८९] उमेरका कारण बालबालिकामा ज्ञान कम हुन्छ , यसकारण कविताका माध्यमबाट उनीहरूलाई राम्रा आनीबानी, सामाजिक मूल्य-मान्यता, फलफूल र वरपरका वनस्पतिहरूको महत्त्व र उपयोगिता, परम्परागत संस्कृतिको महत्ता, स्वास्थ्य, कर्त्तव्यआदि पक्षमा ज्ञानवर्द्धक र औपदेशिक सामग्री पस्किई आजका साना कोपिलारूपी बालबालिकाहरूलाई भोलिको देशका सभ्य, आदर्श र सुयोग्य नागरिक बनाउने जागृतिको सन्देश सम्प्रेषण गर्नु नै प्रस्तुत बालकवितासङ्ग्रहको जीवनदृष्टि रहेको पाइन्छ ।

## ४.८.५ भाषा-शैली र लयविधान

लेखकका आन्तरिक भावतरेलीलाई बाहिरी रूपमा पोख्ने, व्यक्त गर्ने वा प्रकटीकरण गर्ने माध्यम नै भाषा हो भने प्रकट गर्ने तरिका नै शैली हो । भाषाशैलीका दृष्टिले प्रस्तुत कृति अन्य बालकाव्यकृतिको तुलनामा केही कमजोर देखिएता पनि कवि यहाँ सरल, सुबोध्य भाषाको प्रयोग गर्न भने पछि परेका छैनन् । 'प्रस्तुत कृतिमा खानपिनदेखि बानी, बोली, आचरण र व्यवहारका कुराहरूलाई अत्यन्तै सरल भाषाशैलीमा कवितात्मक रूपले बालबालिकाहरूले टिप्ने खालका शब्दहरूको प्रयोग गरी काव्यसिर्जना गरिएको छ ।' [९०] कवितामा तत्सम, तद्भव र आगन्तुकशब्दहरूको प्रयोग भएको पाइन्छ । 'झुरुमझुरुम',

[८९] धनेश्वर भट्टराई, पूर्ववत्, पृ. ५० ।

[९०] गोकर्ण, पूर्ववत् ।

'हरर', 'सरर', 'सलल', 'फटाफट', 'छानीछानी', 'ज्ञानगुन', 'परपर' आदिजस्ता बालसुलभ केटाकेटीपन झल्काउने अनुकरणात्मक शब्दहरूको प्रयोग पनि कविताभित्र त्यतिकै मात्रामा भेट्न सकिन्छ । सरल भाषाशैलीले गर्दा यिनका कविता राम्रा देखिएका छन् । भावग्रहणमा सरलता पाइन्छ भने कविले क्लिष्टता र दुरुहतालाई पन्छाइदिएको पनि देखिन्छ । गीतिलयको नजीक देखिने झ्याउरे लयमा भाषालाई सुन्दर र मनोरम तरिकाले संयोजन गरिएकाले शैलीमा निखरता आएको छ । अन्त्यानुप्रासको सफल प्रयोग, औपदेशिक भाषाले कृतिको उचाइमा इँटा थप्ने काम गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा सेलरोटीमा सरल, सरस, श्रुतिमधुर र बालसुलभ गुणले भिजेका शब्दावली पाइने हुँदा भाषाशैली र लय बालआकर्षक बन्न पुगेको देखिन्छ ।

## ४.८.६ निष्कर्ष

रह शर्माको पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०६३ मा प्रकाशित **सेलरोटी** (बालकवितासङ्ग्रह) छैटौं कृति हो भने चितवनबाट प्रकाशित चौथौ बालसाहित्यिक कृति पनि हो । जीवनजगत्का विभिन्न क्षेत्रलाई समेट्ने यत्नस्वरूप विविध खालका बाईसवटा कविताहरू समावेश गरिएको यस कृतिमा सेलरोटी, पानी, आँप, परवर, नीम, तीते करेला, अमला, मह, तुलसी, स्याउजस्ता शीर्षकहरूमा खानेकुरा, प्रकृतिजन्य वनस्पतिहरूको गुण र उपयोगिताका विषयहरू केन्द्रित रहेका देखिन्छन् । त्यस्तै मान्यजन, जान्नुपर्ने कुरा, बिहानदेखि बेलुकासम्म, साँचो बोल, ज्ञान फैलाउँछ, हँसिलो होऊ, राम्रा खाना खाऊ, राम्रो बानी गरजस्ता शीर्षकहरूले बालबालिकाहरूलाई असल मार्गनिर्देशन गराउने, राम्रो आचरण देखाउने, सामाजिक संस्कार र मूल्य-मान्यताप्रति अभ्यस्त गराउने विषयमा आधारित देखिन्छन् । सरल, सहज र सरस बालोपदेशिक लयविधानमा आधारित प्रस्तुत कृतिमा सामान्य रूपमा केही दृश्य विम्ब र स्पर्श विम्बको प्रयोग भएको देखिन्छ । कविताको शैली ज्ञानवर्द्धक र उपयोगी कुराहरू सिकाउने अनि उपदेश दिने खालको देखिन्छ । यति हुँदा हुँदै पनि बालसाहित्यका खास मान्यताअनुसार बालबालिकाहरूको मनोविज्ञानलाई झल्काउने, बालसमस्या, बालाधिकारसँग सम्बन्धित विषयमाथि उनीहरूबाटै स्वतःस्फूर्त पाराले अभिव्यक्त गरेको भए सेलरोटी सुनमा सुगन्ध थपेझैं चितवनको बालसाहित्यिक यात्रामा नमूना कृति बन्न सक्ने थियो भन्न सकिन्छ । तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक

शब्दहरूका साथ मनोरम बाललयद्वारा सृजित यस कृतिमा ठाउँठाउँका व्याकरणिक अशुद्धताले भने अलि खल्लो प्रतीत गराएको देखिन्छ । जे होस् चितवनको विकासशील बालसाहित्यको दौरानमा प्रस्तुत कृतिले पुऱ्याएको योगदान भने प्रशंसनीय देखापर्छ ।

## ४. ९ कवि रामकृष्ण 'तारा' र उनको बालकवित्व

चितवनको बालसाहित्यिक यात्राक्रममा देखा परेका पछिल्ला बालसाहित्यस्रष्टा कवि रामकृष्ण 'तारा' हुन् । उनको **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) चितवनबाट प्रकाशित पछिल्लो बालकाव्यकृति हो । यो कृतिले चितवनको बालसाहित्यिक यात्रालाई थप गतिमान् तुल्याएको देखिन्छ । कवि ताराको व्यक्तित्व र बालकवित्वलाई निम्न उपशीर्षकमा राखेर अध्ययन गर्न सकिन्छ :

### ४. ९.१ कविको परिचय

चितवनको बालसाहित्यिक फाँटलाई हराभरा तुल्याउने उदीयमान प्रतिभा रामकृष्ण 'तारा' स्वतन्त्र र यथार्थपरक कविता सिर्जना गर्ने स्रष्टा हुन् । वि.सं.२०१७ भाद्र ४ गतेका दिन पिता स्व. वामदेव अधिकारी र माता स्व. गोमादेवी अधिकारीका जेष्ठ सुपुत्रका रूपमा समीभञ्ज्याङ - ७, लमजुङ्गमा जन्मिएका 'तारा' हाल चितवनका बासिन्दा हुन् । लमजुङ्गको सुरम्य प्रकृतिमा लडीबुडी खेल्दै रमाइलो तरिकाले आफ्नो बाल्यकाल बिताएका 'तारा' को पछिल्लो जीवनमा भने नियतिले नराम्ररी ठक्कर दिएको पाइन्छ । 'उनका जीवनका खुट्किलाहरूलाई अनुगमन गर्ने हो भने बाल्यकालमा बुज्जकी बालकका रूपमा परिवारलाई सन्तोष र रमाइलो दिए भने किशोरावस्थामा अनुशासित र मिहिनेती विद्यार्थीको रूपमा आफूलाई चिनाएर परिवार, गुरुजन र शुभचिन्तकहरूलाई समेत खुशी तुल्याए जुन कुरा उनका विद्यालय र महाविद्यालयजीवनका नतिजा, पुरस्कार, प्रमाणपत्र, प्रशंसापत्र आदिले सिद्ध गरेका छन् ।' [९१] मानविकी र शिक्षाशास्त्रमा स्नातक र बी.एड्. उत्तीर्ण गरी औपचारिक अध्ययन कार्यमा विश्राम दिएका कवि 'तारा'ले आफ्नो जीवनको लामो समय

[९१] लेखनाथ अधिकारी, 'फेरि उदाए 'तारा' कवि बनेर', **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह), २०६६, भूमिका खण्ड ।

शिक्षण पेशामा र काव्यसिर्जनामा बिताएको पाइन्छ ।' [९२] 'वि.सं. २०६२ वैशाख २९ गते आफ्नै घरको बार्दलीबाट मुख धुन लाग्दा रेलिङ्ग भत्केर दुर्घटनामा परेपछि स्पाइनल इन्जुरीका कारण नाभिस्थलको सीमाभन्दा तलको भाग चेतनाविहीन एवम् पक्षघात भएपछि ह्वीलचियरको सहारामा जीवनरथ घिसार्दै आएका 'तारा' हाल साहित्यसाधना र स्वाध्ययनमा व्यस्त देखिएका छन् ।' [९३] श्री रामोदय प्रा. वि. रम्घा, श्री मालिका नि. मा. वि. लमजुङ्ग, श्री सम्झना मा. वि. समीभञ्ज्याङ लमजुङ्गमा प्रधानाध्यापक भएर उनले काम गरे भने श्रीअन्नपूर्णा पुस्तकालय, समीभञ्ज्याङमा सह-सचिव र सचिव, कायापलट अ. शा. रे. क्लब, समीभञ्ज्याङमा कोषाध्यक्ष र उपाध्यक्ष भएर शैक्षिक तथा सामाजिक सङ्घ, संस्थामा आबद्ध कवि 'तारा' को अन्य व्यक्तित्व पनि त्यति नै प्रभावकारी देखिन्छ ।' [९४]

वि.सं. २०३९ तिर नवराज पहाडीको सम्पादकत्वमा काठमाडौंबाट प्रकाशित 'कान्ति' पत्रिकामा **मलाई यहाँ बाँच्न मन छैन** शीर्षक प्रकाशित गरी साहित्यिक गोरेटोमा पाइला चालेका रामकृष्ण 'तारा'का हालसम्म **मनका घाउहरू** (कवितासङ्ग्रह-२०६४), **भविष्यका पाइलाहरू** (कवितासङ्गालो-२०६५) र **सृजनाका कोसेलीहरू** (बालकवितासङग्रह- २०६६) गरी तीन काव्यकृतिहरू प्रकाशित देखिएका छन् भने उनका फुटकर रचनाहरू चितवनबाट प्रकाशित हुने विविध सामयिक पत्रपत्रिकामा प्रकाशित हुने गरेका पाइन्छन् । उनी बालसाहित्यलेखनमा पनि हाल सक्रिय देखिएका छन् । चितवनबाट प्रकाशित बालसाहित्यको पछिल्लो प्रकाशित कृतिमा उनको **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह) पर्दछ । 'आफू शिक्षण पेशामा लामो समयसम्म कार्यरत रहेकाले बालबालिकाहरूलाई सच्चा मार्गनिर्देशन गर्ने उद्देश्य बोकी आफू बालसाहित्यतर्फ आकर्षित बनेको उनी स्वीकार्छन् ।' [९५]जे होस् कवि ताराले चितवनको गतिशील बालसाहित्यिक यात्रामा आफ्ना रचनामार्फत पुऱ्याएको योगदान अविस्मरणीय देखिएको छ ।

---

[९२] लेखकसँगको प्रत्यक्ष कुराकानीबाट ।

[९३] पूर्ववत् ।

[९४] रामकृष्ण 'तारा', **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह), २०६६, पश्च आवरण ।

[९५] लेखकसँग मिति २०६६ मार्ग १८ गते लिइएको अन्तर्वार्ता

## ४. ९.२ कवि रामकृष्ण 'तारा' को बालकवित्व

चितवनको बालसाहित्यिक वाटिकामा मलजल गर्ने कुशल साधक कवि रामकृष्ण 'तारा' का बालकविताहरू आफ्नै विशेषताले भरिएका छन् । उनका कविताहरू कुनै साहित्यिक वादहरूसँग साइनो नजोडी स्वतन्त्र  र यथार्थपक ढङ्गबाट अघि बढ्न पुगेका देखिन्छन् । 'कविले आफ्ना कवितामा राष्ट्रप्रतिको माया र बालकर्त्तव्यबोध, सामाजिक, राजनीतिक, आर्थिक, विकृति र विसङ्गति एवम् प्रशाासनिक भ्रष्टाचारप्रति व्यङ्ग्य विद्रोह, आफ्नो जन्मस्थलप्रति माया र अपाङ्गको मनोदशा उद्घाटन गरेका छन् ।' [९६] उनका कविताहरूले मानवीय पीडा, शान्ति, लोकतन्त्र र विकासको अपेक्षा गरेका छन् । साथै समसामयिक विषयवस्तुप्रति चासो राख्दै आफूभित्रको राष्ट्रप्रेमी भावनासमेत मुखरित गरेका छन् । 'उनका बालकविताले विज्ञानप्रतिको चाख, वस्तुको महत्त्वबोध, प्रकृतिप्रतिको आकर्षण, राष्ट्रप्रतिको जिम्मेवारी, संस्कृतिप्रेमी भावना, औपदेशिकता, ईश्वरवादी चिन्तन, समयको महत्त्व र बालअधिकारबोधी भावना प्रकट गरेका छन् ।' [९७] उनका कविताहरूमा बालबालिकाहरूलाई प्रकृतिसँग तुलना गरिएको पाइन्छ भने कविताभित्र राष्ट्र, राष्ट्रियताको जोडदार आवाज पनि निस्केको पाइन्छ ।' [९८] उनको शिक्षक व्यक्तित्व आफ्ना बालकविताभित्र जतातत्तै पोखिएको पाइन्छ । कलिला बालमानसिकतामा विद्याको महत्त्व, विज्ञानतर्फ झुकाव, सत्य, सेवा र अहिंसात्मक भावनाको विकास गराउन उनी निकै कस्सिएका छन् । बालमनोविज्ञानलाई राम्ररी बुझ्ने कवि सह-अस्तित्व, वात्सल्यप्रेम, सुखद भविष्यको परिकल्पना, समसामयिक राजनीतिमाथि व्यङ्ग्यबाँण कस्न पनि उनी आफ्ना कविताहरूमा पछि परेका छैनन् । स्वच्छ वातावरणको चाहना, बालक्रीडा, गुरुको महिमा, कुलतबाट बच्न सतर्क गराउँदै कवि साना साना बालबालिकाहरूको आदर्श र नैतिक पक्षमाथि विशेष जोड दिन चाहन्छन् । यिनका बालकविताहरूले बालबालिकाभित्र सकारात्मक प्रभाव छाडेका छन् । बालरुचिअनुकूलका विविध विषयवस्तुहरू समेटिएका उनका बालकविताहरूले जीवनमार्गमा भर्खरै बामे सर्न लागेका बालबालिकाहरूलाई उचित मार्गनिर्देशनसमेत गरेका छन् । 'शारीरिक रूपमा अपाङ्ग भए पनि मानसिक रूपले सबल र सफल स्रष्टा 'तारा' बिस्तरामा बसेर पनि बालबालिकालाई कुसङ्गत र कुलतमा नलागी समयको सदुपयोग

---

[९६] गोविन्दराज विनोदी, 'हार्दिक शुभेच्छा', **मनका घाउहरू** (कवितासङ्ग्रह), २०६४, भूमिका खण्ड ।

[९७] गोविन्दराज विनोदी, 'सृजनाका कोसेलीहरू संक्षिप्त अवलोकन', पूर्ववत्, भूमिका खण्ड ।

[९८] नारायणप्रसाद खनाल, 'सृजनाका कोसेलीहरू चाख्दा'**सृजनाका कासेलीहरू** (बालकवितासङ्ग्रह), पूर्ववत्, भूमिका ख्ण्ड ।

गर्दै आफ्नो र देशको उन्नतिमा लाग्न निर्देशात्मक पाठ पढाइरहेका छन् । लाग्छ, उनीभित्र 'म शिक्षक हुँ' भन्ने भावना जीवन्त छ ।' [९९] कवि 'तारा' का बालकविताहरू भावगतरूपमा जति कसिला छन् त्यति नै लयात्मक पनि देखिन्छन् । केही कविता शास्त्रीय छन्दमा संरचित छन् भने अधिकांश कविताहरूले गद्य लयलाई आत्मसात् गरेका छन् । केही कविता दुई र केही चार हरफका पद्यसंरचना पद्यसंरचना अँगालिएका उनका बालकविताहरू अनुप्रासमय भाषा र सुललित शैलीले उत्कृष्ट बन्न पुगेका छन् । समग्रमा कवि ताराका बालकवित्वलाई निम्न लिखित बुँदाहरूमा समेट्न सकिन्छ :

क) औपदेशिकता,

ख) विद्याको महत्त्वगान,

ग) नैतिक र आदर्श पक्षमा विशेष जोड,

घ) जातीयता र राष्ट्रियताको भाव,

ङ) बालअधिकार र बालअस्तित्वबोध,

च) बालमनोविज्ञानको सफल चित्रण,

छ) शिक्षा र जागरणमूलक स्वर,

ज) राजनैतिक सुधार र सुशासनको कामना,

झ) विज्ञानमोह,

ञ) समसामयिक पक्षमाथिको व्यङ्ग्यबाँण,

ट) संस्कृति र प्राचीनताप्रतिको मोह,

ठ) प्रकृतिचित्रण,

ड) सुखद भविष्यको कामना,

ढ) वस्तुको महत्त्वबोध,

ण) अहिंसा, सत्य, प्रेम, शान्ति र धर्मजस्ता मानवीय मूल्यहरूको सन्देश,

त) वात्सल्यप्रेम,

थ) मित्रता र सह-अस्तित्वमा जोड,

द) अनुप्रासमय भाषा र आकर्षक शैली,

ध) उखान-टुक्का र अनुकरणत्मक शब्दहरूको प्रशस्त प्रयोग,

न) गीति र गद्यलयात्मकता ।

---

[९९] लेखनाथ अधिकारी, **सृजनाका कासेलीहरू** (बालकवितासङ्ग्रह), पूर्ववत्, भूमिका खण्ड ।

## ४.१०. सृजनाका कोसेलीहरू (बालकवितासङ्ग्रह) को अध्ययन र विश्लेषण

लेखनाथ अधिकारीको सम्पादकत्वमा वि.सं. २०६६ वैशाख १ गतेका दिन नववर्षको शुभसाइत पारेर प्रकाशन गरिएको **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह) कवि रामकृष्ण 'तारा'को प्रकाशित तेस्रो पुस्तकाकार कृति हो । चितवनबाट प्रकाशित प्रौढ लेखकहरूका बालसाहित्यिक कृतिहरूमध्ये प्रकाशनका दृष्टिले यो पछिल्लो पाँचौं कृति बन्न पुगेको देखिन्छ । यस बालकाव्यकृतिले चितवनको बालसाहित्यलाई थप ऊर्जा प्रदान गरी गतिशील तुल्याएको देखिन्छ । विविध विषयवस्तुका सुन्दर बालकविताहरूले सजिएको यो कृति बालबालिकाहरूका निम्ति निकै उपयोगी पाठ्येतर बालसाहित्य मानिन्छ । कवि रामकृष्ण 'तारा'द्वारा संरचित प्रस्तुत बालकवितासङ्ग्रह **सृजनाका कोसेलीहरू**को यहाँ विभिन्न दृष्टिकोणबाट अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.१०.१ शीर्षक सार्थकता

शीर्षक कृतिको मुहार हो, मर्म हो र सार पनि हो । झलक्क मुहार हेरेर कुनै पनि व्यक्ति र वस्तुको सजिलै पहिचान भएजस्तै बाहिरी शीर्षकबाट कृतिभित्रको मोटामोटी कुरा बुझ्न सकिन्छ । प्रस्तुत कृतिको शीर्षक 'सृजनाका कोसेलीहरू'  भाव, भाषा, जीवनदृष्टि, युगबोध, औपदेशिकता, बालसुलभता, बाललयआदि विविध दृष्टिले हेर्दा अर्थपूर्ण रहेको पाइन्छ । 'सृजना' शब्दले सृष्टिका सुन्दर बालबालिकाको सङ्केत गरेको देखिन्छ भने 'कोसेलीहरू' ले उनीहरूको रचनात्मक र ज्ञानात्मक विकासका लागि आवश्यकीय उपहारमूलक खुराकलाई प्रष्ट्याइएको छ । कवितासङ्ग्रहभित्रका रचनाहरू साँच्चै नै बालोपयोगी कोसेली बन्न पुगेका देखिन्छन् । त्यसैगरी कृतिको बाह्य आवरणमा बालमस्तिष्कमा उब्जिएका सृजनात्मक र रचनात्मक भावनाहरूलाई आवरण चित्रले मूर्त र अमूर्त रूपमा देखाएको हुनाले पनि कविता कृतिको शीर्षक सार्थक बन्न पुगेको देखिन्छ । बालबालिकाका निम्ति यस सङ्ग्रहभित्रका सबैजसो कविताहरू मिठासयुक्त कोसेलीका रूपमा आएका छन् । यी कविताले असल चरित्रनिर्माण, अध्ययनप्रति विशेष जोड, अनुशासनको पाठ, राष्ट्रियताको भाव, बालअधिकारका स्वरहरू, हाम्रो समाजमा देखिएका बालसमस्याहरू जस्ता विषयवस्तुले बालबालिकाको सुन्दर भविष्य निर्माणमा कासेलीको

काम गरेका छन् । त्यसैगरी सिङ्गो कृतिकै प्रतिनिधि कविता सोही कृतिको पृष्ठ चवालीसमा राखिनु र कविले सो कवितामार्फत कृतिका् महत्त्व र उपयोगिता वर्णन गर्नुले पनि प्रस्तुत कवितासङ्ग्रहको शीर्षक उपयुक्त  छनोट भएको पाउन सकिन्छ ।

## ४.१०.२ कृतिको स्वरूप र आकार-प्रकार

प्रस्तुत कृति आकारका दृष्टिले मझौला आकारको देखिन्छ । कृतिभित्र पहिलो खण्डको पृष्ठभूमिमा सोऱ्ह पृष्ठ राखिएका छन् भने कविताक्रमको दोस्रो खण्डमा एकदेखि उनान्पचास पृष्ठ समावेश भएका देखिन्छन् । बाह्यआवरणको अग्रभाग नीलो, रातो र सेतो रङ्गको सम्मिश्रणयुक्त पृष्ठभूमिको सिरानमा 'सृजनाका कोसेलीहरू (बालकवितासङ्ग्रह)' लेखिएको देखिन्छ । खण्डाकार मध्य भागमा मानव मस्तिष्कजस्तो झल्कने अमूर्त चित्र र त्यसपछि क्रमशः केही रचनात्मक सृजनामा कलमले लेखिएका दुई चित्र र विद्यालय परिसरमा केही छात्र-छात्राहरूको चित्र देखिन्छ भने पुछारमा स्रष्टाको नाम उल्लेख गरिएको पाइन्छ । बाह्य आवरणको पश्च भागमा स्रष्टाको ह्वीलचियरमा बसेको तस्वीरसहित सामान्य परिचय, कार्यसम्पादन, आबद्ध संस्था र जिम्मेवारीको संक्षिप्त विवरणसहित प्रकाशित कृतिहरूको नाम उल्लेख गरिएको छ । पुस्तकको पृष्ठभूमि खण्ड पृष्ठ 'क' देखि 'त' सम्म विस्तारित देखिन्छ । पृष्ठ 'क' को सिरानमा पुस्तकको नाम र अन्य विवरण उल्लेख छ भने अन्त्यमा प्रकाशकको नाम उल्लेख गरिएको देखिन्छ । पृष्ठ 'ख' मा पुस्तकको विधा, लेखक, प्रकाशक, सर्वाधिकार, संस्करण, प्रकाशन मिति, प्रकाशित प्रति, आवरण कला, मूल्य, मुद्रण आदिको सूचना दिइएको छ । पृष्ठ 'ग' को सिरानमा विद्यादात्री सरस्वतीको तस्वीर, लेखकको समर्पण भाव उल्लेख गरिएको छ । त्यस्तै सोही पृष्ठमा वर्णमालाका केही अक्षरहरू चिनाइएको र पुस्तकहरूको दृश्यचित्र प्रस्तुत गरिएको छ । पृष्ठ 'घ' देखि 'छ' सम्म प्रकाशकीय मन्तव्य 'फेरि उदाए 'तारा' कवि बनेर' शीर्षकको लेख राखिएको छ भने पृष्ठ 'ज' देखि 'झ' सम्म लेखककै मन्तव्य 'धेरै वसन्त भाइबहिनीका साथ बिताएँ' शीर्षकमा उल्लेख देखिन्छ । त्यस्तै पृष्ठ 'ञ' र 'ट' नारायणप्रसाद खनालको सारगर्भित भूमिकासहितको शुभेच्छाका शब्दहरू 'सृजनाका कोसेलीहरू चाख्दा' शीर्षक समीक्षात्मक लेखमा प्रस्तुत भएका छन् भने पृष्ठभूमि खण्डको अन्तिम समालोचकीय लेख कवि गोविन्दराज विनोदीले 'सृजनाका कोसेलीहरू : संक्षिप्त अवलोकन' शीर्षकमा पृष्ठ 'ठ' देखि 'ढ' सम्म उल्लेख गरेका छन् । कविताक्रमको दोस्रो खण्ड पृष्ठ एकदेखि उनान्पचाससम्म

विस्तारित देखिन्छ । कविताकृतिको समापन कविले उपनिषद् माङ्गलिक पद्यहरूबाट गरेका छन् । कृतिको अन्तिम पृष्ठहरूमा कृति प्रकाशनार्थ सहयोग पुऱ्याउनु हुने विभिन्न व्यक्ति, आफन्तजन, सङ्घ-संस्थाको शुभकामनासहित सूचीविवरण प्रस्तुत गरिएको छ ।

कविताक्रममा आएका चौंतीस शीर्षकका कविताहरूले फूलका थुङ्गाजस्तै बनेर सिङ्गो काव्यकृतिको माला गुम्फन गरेका छन् । यीमध्ये 'चन्द्रमामा पुग्ने रहर', 'सूर्यको महिमा', 'मेरो ज्ञानी छोरो', 'चार सवाल एक उत्तर', 'युवाहरूलाई आह्वान', 'भविष्यमा वैज्ञानिक बन्छु', 'कति राम्रो देश नेपाल', 'मेरो प्यारो साथी', 'मेरो फूलबारी', 'नयाँ नेपाल बन्छ', 'बिचरा चरी', 'मेरो सानो साइकल', 'आऊआऊ जूनकिरी', 'हाम्रो बालउद्यान', 'बालमनोविज्ञान जानौं', 'न्याउरी मारी पछुतो', 'दशैं हाम्रो राम्रो चाड', 'विद्यालय शान्ति क्षेत्र', 'हितकारी असल कुरा', 'विज्ञानको चमत्कार', 'मानव सेवामा ईश्वर', 'विद्या र समयको महत्त्व', 'वातावरण स्वच्छ राखौं', 'कस्तो बाटो रोज्ने हामी ?', 'के हो बालाधिकार', 'हाम्रो घरको बिजुली बत्ती', 'सृजनाका कोसेलीहरू', 'साथी गुमाउँदा', 'शान्ति, लोकतन्त्र र विकास' गरी उनन्तीसवटा कवितामा लामा छोटा गरी चार पङक्तिको पद्यसंरचना अँगालिएको छ भने पृष्ठ दशको 'रक्सीको उन्माद' शीर्षक कविताका शुरुका दुई पद्य चार पङ्क्तिका र बाँकी छयहत्तर पङ्क्तिलाई एउटै पद्यमा राखिएको पाइन्छ । त्यस्तै पृष्ठ सोऱ्हको 'गुरुको अर्ति' शीर्षक कविता केही फरक संरचनामा रचिएको देखिन्छ । गीतिलयमा आधारित यस कवितामा दुई पङ्क्तिको मुखरा अंश र चार पङ्क्तिका अन्तरा अंशको संरचनाविधान अँगालिएको देखिन्छ । पृष्ठ एक्काइसको 'मेरो मने पाठो' शीर्षक कविता चौबीस पङ्क्तिको एउटै पद्यढाँचामा संरचित देखिन्छ भने पृष्ठ बाईसको 'हाम्रा अञ्चल र विकासक्षेत्र' शीर्षक कवितामा प्रत्येक विकासक्षेत्रका पाँच उपशीर्षकहरू राखिएका छन् । पृष्ठ छयालीसको 'केही गम्भीर बालसवालहरू' शीर्षक कवितामा 'सत्यता र पुकार', 'समस्या र सवाल', 'समाधान र जवाफ' गरी तीन उपशीर्षकका लामा लामा चार पङ्क्तिगुच्छाहरू समावेश देखिन्छन् । यसरी प्रस्तुत कृति हेर्दा मझौला स्वरूपको देखिएतापनि भित्री अन्तर्वस्तु व्यवस्थापनका दृष्टिले निकै सबल र कसिलो देखिएको छ ।

## ४.१०.३ अन्तर्वस्तु वा भावविधान

विषयवस्तु वा अन्तर्वस्तु कविताको वर्णनीय पक्ष हो । प्रस्तुत कवितासङ्ग्रहभित्रका चौंतीस शीर्षकका कविताहरूले विविध विषयलाई समेटेका छन् । कवितामा बालबालिकाका उच्च चाहना, सूर्य, अभिभावकीय सपना, विद्याको महिमा, देशको राष्ट्रियता, लोकतन्त्र र विकास, विज्ञान, नेपाली प्रकृति, साथी, कुलतमा लागेका अभिभावकहरूका कारण बालबालिकामा पर्ने मानसिक असर, फूलबारी, नयाँ नेपाल निर्माणमा एकताको खाँचो, गुरुको महिमा, चराको वेदना, साइकल, जूनकीरी, बाख्रोको पाठो, नेपालको भौगोलिक ज्ञान, शान्तिक्षेत्र र बालबालिका, बालमनोविज्ञान,चोरीको दुष्परिणाम, मानवसेवा, विद्या र समयको महत्त्व, वातावरण सरसफाइ, महापुरुषको सत्प्रेरणा, बालाधिकार, बिजुलीबत्ती, साथीको महत्त्व, बालपुकार र राज्यपक्षबाट निर्वाह गर्नुपर्ने जिम्मेवारी जस्ता विषयहरूले क्रमशः ठाउँ पाएका छन् । त्यसैगरी प्रस्तुत कृतिमा राजनीतिक उदासीनता र सामयिक व्यङ्ग्य, कविका आत्मपीडाका विषय पनि राखिएका पाइन्छन् ।

प्रस्तुत कृतिभित्र कसिलो अन्तर्वस्तुसँगै भावपक्ष पनि निकै मार्मिक देखिन्छ । 'यस सङ्ग्रहमा मूलतः प्रकृतिवर्णन, जीवन र प्रकृतिको सह-सम्बन्ध, मानवीय कर्त्तव्यबोध, नयाँ कुराप्रतिको जिज्ञासा र जानकारी, मान्यजनप्रति श्रद्धा, राष्ट्रप्रेम, प्राणीहरूप्रति गरिने दया, संस्कृतिप्रेम, दुर्व्यसनमा नलाग्न आग्रह, ज्ञानविज्ञानप्रतिको चाख, नीतिगत उपदेश, नारीअधिकार तथा बालअधिकारबोध, वातावरण स्वच्छताको चाह, शान्ति, सद्भाव र समुन्नतिको कामना जस्ता भावगत विविधता समाविष्ट भएका छन् ।' [१००]

प्रस्तुत कृतिमा सञ्चरित भावपक्षलाई निम्न उपशीर्षकमा राखी अध्ययन गर्न सकिन्छ :

### ४.१०.३.१ औपदेशिकता

कवि लामो समयसम्म शिक्षक पेशामा आबद्ध भएका छन् । उनले आफ्ना बालकवितामा पनि शिक्षक हृदयबाट निःसृत मीठा मीठा उपदेशलाई बालबालिकामाझ यसरी प्रस्तुत गरेका देखिन्छन् :

---

[१००] गोविन्दराज विनोदी, पूर्ववत्, भूमिका खण्ड ।

घनघोटी बन्चरोझैं पढ्न कोशिश गर

राम्रो शिक्षा हासिल गरे बन्छ तिम्रो घर । ('गुरुको अर्ति', सृजनाका कोसेलीहरू, पृ. १६)

सफा लुगा लगाऊ, खाना स्वस्थ खाऊ

ताजा फलफूल खाई, स्वास्थ्य राम्रो बनाऊ । ('हितकारी असल कुरा', ऐ., पृ. ३२)

### ४.१०.३.२ विद्याको महिमा

बालबालिकाहरू ज्ञानका भोका हुन्छन् । विद्याअध्ययन गर्ने उनीहरूको उमेर नै हो । कविले आफ्ना बालकवितामा साना साना बालबालिकालाई विद्याको महिमा गाउँदै अध्ययनप्रति रुचि जगाउने प्रयास यसरी गरेका छन् :

विद्यार्थीको उमेर हो उर्वर ज्ञानको बेला

विद्या ज्ञान अमूल्य छ नगरौं है हेला । ('विद्या र समयको महत्व', ऐ., पृ. ३७ )

खर्च गर्दा घट्दै जाने पैसाजस्तो हैन

जति मास्यो उति बढने के हो त्यो जानेर भन । ('चार सवाल एक उत्तर', ऐ., पृ. ५)

### ४.१०.३.३ राष्ट्रियता

बालबालिकाहरू भोलिका देशका कर्णधार हुन् । उनीहरूभित्र सच्चा राष्ट्रियता र जातीयताको भाव पनि कविले आफ्ना कविताहरूका माध्यमबाट सञ्चरण गर्ने प्रयास यसरी गरेका छन् :

पूर्व सीमा मेची नदी पश्चिम महाकाली

बगैंचाका रङ्गीन फूल हामी गौरवशाली । ('कति राम्रो देश नेपाल', ऐ., पृ. ८)

गाउँघर राम्रो बने राष्ट्र हुन्छ राम्रो

आफ्नो देश राम्रो पार्ने कर्त्तव्य हो हाम्रो । ('नयाँ नेपाल बन्छ', ऐ., पृ. १५)

लोकतन्त्र, राष्ट्रियता यिनै हातले जोगाउनुछ

विश्वभरि यो देशलाई 'नेपाल' भनी चिनाउनुछ । ('युवाहरूलाई आह्वान', ऐ., पृ. ६)

### ४.१०.३.४ अधिकारबोध

कवि बालबालिकाको बालअधिकारप्रति सचेत देखिएका छन् । साथै उनका कविताहरूले नारीअधिकारका बारेमा पनि आवाज उठाएका छन् । प्रस्तुत कवितामा बालबालिकाहरूलाई अधिकारबोध गराउँदै कवि यसो भन्छन् :

गाँस, बास, कपास र स्वास्थ्य उपचार
आमाबाबुको माया पाउनु बालअधिकार । ('के हो बालाधिकार', ऐ., पृ. ४२)
पासाङ्जस्तै साहसिली बन्नुपर्छ नारी
अधिकार लिनुपर्छ पुरुष बराबरी । ('कस्तो बाटो रोज्ने हामी', ऐ., पृ. ४०)

### ४.१०.३.५ शिक्षा र जागरणको स्वर

बालसाहित्यको उद्देश्यमा बालबलिकालाई शिक्षा र जागरण दिई असल मार्गनिर्देशन गर्ने काम पनि पर्दछ । कविले आफ्ना कवितामा बालबालिकाको कोमल हृदयमा शिक्षा र जागरणको स्वर यसरी सुसेलेका छन् :

फोहोर मैला नफालौं है सार्वजनिक ठाउँमा
वातावरण दूषित बन्छ रोग ल्याउँछ गाउँमा । ('वातावरण स्वच्छ राखौं', ऐ.,पृ. ३८)
पूर्वका तीन अञ्चल मिली पूर्वाञ्चल बन्छ
मेची,कोशी,सगरमाथा घुम्न जान मन छ
'धनकुटा' हो सदरमुकाम कति सुन्दर गाउँ
विकासका पूर्वाधारले सजिएको ठाउँ । ('हाम्रा अञ्चल र विकासक्षेत्र', ऐ., पृ. २२)

### ४.१०.३.६ शान्ति र सुशासनको चाहना

कवि नेपालमा शान्ति र सुशासन देख्न चाहन्छन् । उनले प्रस्तुत कृतिमा बालबालिकाको हृदयमा पनि बुद्धको भावना देख्न चाहेका छन् :

बुद्ध फेरि ब्युँझिएर आँखा खोलिदेऊ
हत्या, हिंसा मेटाएर शान्ति छरिदेऊ । ('हाम्रो बालउद्यान', ऐ., पृ. २४)
विधिशासन हुनुपर्छ कानुनको राज
बहुदलीय प्रतिस्पर्धा जनताको माझ
विकासले पाइला चाल शान्ति बोलाएर
अब बन्ने विधिविधान राम्रो बनाएर । ('शान्ति, लोकतन्त्र र विकास', ऐ.,पृ. ४९)

### ४.१०.३.७ विज्ञानमोह

कवि विज्ञानमा विश्वास गर्छन् । विज्ञानको चमत्कारले उनको बालकवितालाई प्रभाव पारेको देखिन्छ । कलिला बालबालिकाहरूमा उनी विज्ञानप्रतिको मोह देखाउँदै भविष्यमा वैज्ञानिक बन्न हौसला दिन्छन् :

रोबर्टले गर्न थाल्यो मान्छेले भैं काम
विज्ञानको कस्तो सृष्टि हरे राम राम । ('विज्ञानको चमत्कार', ऐ., पृ. ३४)
नयाँ कुरा पत्ता लाउँछु भविष्यको न्युटन बनी
कम्प्युटरजस्तै नयाँ यन्त्र बनाउँछु म' नि । ('भविष्यमा वैज्ञानिक बन्छु', ऐ.,पृ. ७)

### ४.१०.३.८ समसामयिक व्यङ्ग्य

स्रष्टा समाजसापेक्ष चल्ने गर्छन् । समाजको वस्तुस्थिति र समसामयिक परिवेश उसको रचनामा उत्रिएको हुन्छ । कविले आफ्ना कविताहरूमार्फत् नेपाली समाजको यस्तै समसामयिक राजनीतिक र सामाजिक वस्तुस्थितिप्रति व्यङ्ग्य गरेका छन् :

राजनीतिको फोहोरी खेल नखेलौं स्कुलमा कतै
विद्यालय शान्तिक्षेत्र बनाऊँ लौ जताततै । ('विद्यालय शान्तिक्षेत्र',ऐ., पृ.३०)
दुर्गम गाउँमा छैन बरु लाइन जाने पीर
हामी पनि लागौं कि त टुकी लालटेनतिर । ('हाम्रो घरको बिजुलीबत्ती', ऐ., पृ. ४३)

### ४.१०.३.९ संस्कृतिप्रेम

कविले नेपाली संस्कार र चाडपर्वप्रति बालहृदयमा मोह जगाएका छन् । हाम्रो सांस्कृतिक विविधताको चिनारी गराउँदै संस्कृतिको महिमा गान कवितामा यसरी गाउँछन् :

शुभेच्छा र आशीर्वाद लिने चाड हाम्रो
हामीलाई मन पर्ने दशैं नै हो राम्रो । ('दशैं हाम्रो राम्रो चाड', ऐ., पृ. २९)
प्यारो राष्ट्र, राष्ट्रियता संस्कृति छ हाम्रो
लोकतन्त्र उदयको झुल्के घाम राम्रो । ('कस्तो बाटो रोज्ने हामी', ऐ., पृ. ४१)

### ४.१०.३.१० प्रकृति चित्रण

कविले नेपाली प्रकृतिको सुन्दर चित्र आफ्ना बालकवितामा उतारेका छन् । प्राकृतिक सुन्दरतामा लट्ठ पर्ने बालमानसिकतालाई बुझेर उनी कवितामा प्रकृतिको सौन्दर्यवर्णन यसरी गर्न पुग्छन् :

किरेमिरे पुतलीको मिर्मिरे त्यो छायाँ
मलाई मेरै फूलबारीको लाग्छ धेरै माया ।('मेरो फूलबारी', ऐ., पृ. १३)
ढकमक्क ढाकेको छ गुराँसले पाखा
न्याउलीचरी गाई हिँड्छे विरहको भाका
वनपाखा गुञ्जाउँदै कलकल नदी बग्छन्
सुनगाभा र सुनाखरी सुवासले ढाक्छन् । ('कति राम्रो देश नेपाल', ऐ., पृ. ८)

### ४.१०.३.११ सुखद भविष्यको चाह

बालबालिकाहरू आजका कोपिला र भविष्यका फक्रँदा फूल हुन् । कविले प्रस्तुत कविताकृतिमा अध्ययनशील बालबालिकाहरूको सुखद भविष्यको परिकल्पना गर्दै आशावादी जीवनको बाटो देखाएका छन् :

नयाँ नयाँ खानीहरू निकाल्छु म खनी खनी
गरिब हाम्रो राष्ट्रलाई बनाउँछु धेरै धनी । ('भविष्यमा वैज्ञानिक बन्छु', ऐ.,पृ. ७)
पढी लेखी भविष्यमा ठूलो मान्छे बन्छु
दुवै हात उठाएर सगरमाथा छुन्छु । ('चन्द्रमामा पुग्ने रहर', ऐ., पृ. १)

### ४.१०.३.१२ वस्तुको महत्त्वबोध

बालबालिकाका निम्ति यस संसारका हरेक वस्तुहरू जिज्ञासाका विषय बनेका हुन्छन् । प्रस्तुत कवितासङ्ग्रहमा आएका केही कविताहरूले बालबालिकालाई जीवनजगत्का विविध वस्तुहरूको महत्त्व र उपयोगिताको ज्ञान गराएका छन् :

रवि, सूर्य भने पनि एउटै हो नाम
प्रकाश र ताप दिने कति ठूलो काम । ('सूर्यको महिमा', ऐ., पृ. २)
घण्टी, ब्रेक, हेन्डिल सबै ठीक राख्नुपर्छ
जहाँ गए नि सवारीको यसले काम गर्छ । ('मेरो सानो साइकल', ऐ.,पृ. १९)

### ४.१०.३.१३ मानवीय मूल्यको खोजी

मानिसका आफ्नै किसिमका मूल्य र मान्यताहरू रहेका हुन्छन् । कविले प्रस्तुत कृतिका माध्यमबाट बालबालिकाभित्र सत्य, धर्म, अहिंसा, प्रेम र शान्तिजस्ता मानवीय मूल्य खोज्ने प्रयास गरेका छन् :

अति निर्दयी तँ शिकारी कति क्रूर तेरो मति
निरीह चरी बिचरालाई दुःखपीडा खप्नु कति ? ('बिचरा चरी', ऐ., पृ. १८)
भविष्यका फूल हामी फूलबारीमा फुल्छौं
'राइट बन्धु' बनी दुवै संसारभरि डुल्छौं । ('मेरो प्यारो साथी', ऐ., पृ. ९)
सम्झिदिनोस् उसलाई पनि आफ्नो सन्तानसरी
सेवाभाव बढाऊँ है माया उस्तै गरी । ('मानवसेवामा ईश्वर', ऐ., पृ. ३५)

### ४.१०.३.१४ वात्सल्यप्रेम

बालसाहित्यस्रष्टाहरूले आफ्ना बालसाहित्यमा बालबालिकालाई छोराछोरीकै माया दिएका हुन्छन् । कविभित्रको वात्सल्यप्रेम पनि उनका कविताहरूमा अभिव्यक्तिको रूप धारण गरी यसरी बाहिरिएका छन् :

मेरो बाबु कति ज्ञानी जे भने नि मान्छ
आमा बाबा दुवैलाई देवताझैं ठान्छ । ('मेरो ज्ञानी छोरो', ऐ., पृ. ३)
राम्रा बनून् छोराछोरी धेरै धेरै पढून्
उन्नति र प्रगतिमा अघि अघि बढून् । ('बालमनोविज्ञान जानौं', ऐ., पृ. २६)

### ४.१०.३.१५ बालमनोविज्ञान

कविले बालबालिकाको मनोविज्ञानलाई पनि राम्ररी बुझ्ने कोशिस गरेका छन् । प्रत्येक अभिभावकले बालबालिकाको मनोविज्ञान बुझेर व्यवहार गर्नुपर्ने आग्रह पनि उनको प्रस्तुत कवितामा देखिन्छ :

पढाइको जग बस्ने भाषा, सीप ज्ञान
किशोर बेला शुरु हुँदा पुऱ्याउँनु है ध्यान । ('बालमनोविज्ञान जानौं', ऐ.,पृ. २७)

यी माथिका भावपक्षका अतिरिक्त कवितामा अभिभावक लागूपदार्थको दुर्व्यसनमा फस्दा बालबालिकामाथि पर्ने नकारात्मक प्रभाव, कविको ईश्वरसम्बन्धी चिन्तन, समाजमा देखिएका बालसमस्या र तिनको समाधानका उपायहरू, सुन्दर बालक्रीडा, साहित्यप्रतिको बालअभिरुचि, भ्रातृत्व र सह-अस्तित्वमा विश्वासजस्ता भावहरू पनि सल्बलाएका देखिन्छन् ।

## ४.१०.४ जीवनदृष्टि

कविले आफ्ना रचनाहरूमार्फत् जीवनलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरेका हुन्छन् । प्रस्तुत कृतिमार्फत् पनि कविले बालबालिकाहरूलाई केही नयाँ कुरा दिन चाहेका छन् । 'विशेष गरी वर्तमान परिप्रेक्षमा बालबालिकाहरूलाई विद्याआर्जनको क्रममा देखिएका विकृति, विसङ्गति केलाउँदै अध्ययनमा परिश्रमी बन्न र दुर्व्यसनजस्ता कुलतमा नलाग्न र सच्चरित्रवान् बनी अनुशासित भएर आत्मोन्नति एवम् राष्ट्रोन्नतिमा अग्रसर गराई सुखद भविष्य निर्माण गर्न अभिप्रेरित गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि हो ।' [१०१] त्यस्तै पाठ्यपुस्तकीय विषयवस्तुबाट बालसुलभ रचनात्मक कार्यमा सफल नहुने भएकाले थप सिर्जनात्मक विकासको लागि पठनीय, मननीय र सङ्ग्रहणीय कृतिको रूपमा उभ्याउनु कविको मुख्य उद्देश्य देखिन्छ । समग्रमा विविध ज्ञानात्मक र औपदेशिक विषयवस्तुको प्रयोगद्वारा आजका बालबालिकाको सबल नैतिक चरित्रनिर्माणमा ध्यान केन्द्रित गरी भविष्यका योग्य, इमान्दार र स्वाभिमानी नागरिकको रूपमा प्रस्तुत गर्नु नै कविको जीवनदृष्टि रहेको पाइन्छ ।

## ४.१०.५ भाषाशैली र लयविधान

कविको भावनात्मक पक्षलाई बाह्यरूपमा प्रकट गर्ने माध्यम भाषाशैली हो । पाठकहरूमाझ कृतिले लोकप्रियता पाउने मुख्य आधार भाषाशैली हो । प्रस्तुत कृति भाषाशैलीको दृष्टिले पनि परिपक्व बनेको पाइन्छ । कृतिमा धेरै तद्भव शब्दहरू, थोरै तत्सम शब्दहरू र केही आगन्तुक शब्दहरू आएका छन् । बालकुतूहलता जगाउने शैलीमा कविले कत्ति पनि कञ्जुस्याइँ गरेका छैनन् । कविताको बीचबीचमा 'बगेको खोला

[१०१] लेखकसँग मिति २०६६ मार्ग १२ मा लिइएको प्रत्यक्ष अन्तर्वार्ताबाट ।

फर्कंदैन, समयले कहिल्यै पर्खदैन', 'न्याउरी मारी पछुतो', 'धोबीको कुकुर घरको न घाटको', 'अर्ति र ओखती तीतो हुन्छ', 'घनघोटी बन्चरो' जस्ता सूक्तिमय उखानको प्रयोग प्रशस्त मात्रामा गरिएका छन्, जुन पङ्क्तिहरू भावपक्षमा समेटिइसकेका छन् । कविताका शीर्षकहरू शब्दमा नआएर पदावली र वाक्यांशयुक्त रहेका देखिन्छन् । बालकहरूले बढी रुचाउने अनुकरणात्मक शब्दहरू, द्वित्व शब्दहरू र निपातको प्रयोग पनि प्रस्तुत कृतिभित्रका कविताहरूमा पर्याप्त मात्रामा गरिएका पाइन्छन् । धेरैजसो कविताहरू लोकलयमा आधारित देखिन्छन् भने थोरै कविताहरूले अनुष्टुप् छन्दको लय पक्रने कोशिस गरेका पाइन्छन् । त्यस्तै केही कविताहरू गीतिलयमा आबद्ध देखिन्छन् । 'कवितासङ्ग्रहभित्रका कविताहरू लयबद्धताका साथै प्रायः उपदेशको भाषामा अभिव्यक्त छन् । बालोपयोगी नेपाली लोकलय, अनुष्टुप् छन्दोबद्ध लयआदि यस कवितासङ्ग्रहका अभिव्यक्ति माध्यम बनेका छन् ।' [१०२] जे होस् प्रस्तुत कृतिको भाषाशैली बालबालिकाहरूका निम्ति बोधगम्य, सरस र सरल बनेको छ भने कृतिलाई परिपक्व पनि बनाएको छ ।

## ४.१०.६ निष्कर्ष

अतः लमजुङ्गको समीभञ्ज्याङमा जन्मिएर स्पाइनल इन्जुरीका कारण अपाङ्ग शरीरलाई ह्वीलचियरमा घिसार्दै चितवनमा तपस्वीको जीवन बाँच्न पुगेका कवि 'तारा' अद्यापि नेपाली साहित्यसाधनामा तल्लीन देखिन्छन् । चितवनको बालसाहित्यिक यात्रा अघि बढाउने क्रममा उनको बालकवितासङ्ग्रह **सृजनाका कोसेलीहरू**ले निकै नै सहयोग पुऱ्याएको पाइन्छ । कविताभित्र वर्णित विषयवस्तु र भावपक्षले साँच्चै नै कृतिको गरिमालाई बढाएको देखिन्छ । कविताका भावानुकूल बालचित्रहरू नराखिनुले प्रस्तुत कृतिलाई बालसाहित्यको उत्कृष्ट नमूना भने बन्न दिएको देखिदैन । यद्यपि बालबालिकाको रचनात्मक तथा ज्ञानात्मक विकासका निम्ति कविको प्रस्तुत कृति साँच्चै नै सृजनाका कोसेली बन्न पुगेको देखिन्छ । यस कृतिले एकातिर नैतिक र आदर्श उपदेशहरू कलिला बालबालिकाहरूलाई प्रदान गरेको पाइन्छ भने अर्कोतर्फ बाह्यजगत्का वस्तुस्थितिको ज्ञान गराई रचनात्मक र सिर्जनशील भावनाको विकास पनि गराएको पाइन्छ । कविताहरू बढी

[१०२] नारायणप्रसाद खनाल, पूर्ववत् , भूमिका खण्ड ।

उपदेशात्मक बन्न पुगेका पाइन्छन् भने प्रकृतितर्फ आकर्षण जगाउने कविताहरू कमै भेटिन्छन् । जे होस् संरचनात्मक सुगठन, भाविविधता, राष्ट्रिय जागरणको स्वर र बालसुलभविषयवस्तुको छनोटले प्रस्तुत बालकवितासङ्ग्रह मननीय, पठनीय र सङ्ग्रहणीय बन्न पुगेको देखिन्छ । साँच्चै नै यस कृतिले चितवनको बालसाहित्यलाई विकासको गतिमा अघि बढाउन उल्लेख्य भूमिका खेलेको देख्न सकिन्छ ।

## ४.११ उपसंहार

चितवन जिल्लाबाट बालसाहित्यिक कृतिहरूको प्रकाशन वि.सं. २०५७ देखि भएको पाइन्छ । यस क्रममा पहिलो बालसाहित्यस्रष्टाको रूपमा कवि गोविन्दराज विनोदी देखिएका छन् भने उनको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) चितवनको पहिलो बालकृति मानिन्छ । त्यस्तै चितवनको दोस्रो बालस्रष्टामा कवयित्री विद्या भण्डारी 'चिराग'को नाम जोडिएको पाइन्छ । उनको **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) चितवनको दोस्रो बालकृति मानिन्छ । चितवनबाट बालसाहित्यिक कृति प्रकाशन गर्ने तेस्रो बालस्रष्टामा कवि रविकिरण 'निर्जीव' पर्दछन् । उनको **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) चितवनको तेस्रो बालकाव्यकृति बनेको देखिन्छ । त्यस्तै चितवनबाट प्रकाशित प्रौढ बालस्रष्टाहरूमा कवि रह शर्मा चौथो क्रममा देखा परेका छन् । उनको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) चितवनबाट प्रकाशित चौथो बालकृति मानिन्छ । चितवनको बालसाहित्यिक फाँटमा देखापरेका हालसम्मको पछिल्लो बालस्रष्टामा कवि रामकृष्ण 'तारा' देखिएका छन् । उनको **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) चितवनको पछिल्लो बालकाव्यकृति मानिन्छ । यहाँको बालसाहित्यले समग्रमा नेपाली बालसाहित्यको श्रीवृद्धिमा समेत उल्लेख्य योगदान पुऱ्याएको देखिन्छ ।

# परिच्छेद : पाँच

## चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको मूल्याङ्कन

'साहित्य' स्रष्टाहरूद्वारा अभिव्यक्त मूल्यवान् वस्तु हो । यसको मूल्यनिर्धारण अभिव्यक्त विषयवस्तु, भावविधान, भाषिक शिल्प र शैलीले गरेको हुन्छ । चितवन जिल्ला कला, साहित्य र संस्कृतिले भरिपूर्ण उर्वर फाँट मानिन्छ । यस उर्वर भूमिमा बालसाहित्यको बिरुवा पनि बिस्तारै झाङ्गिँदै गएको पाइन्छ । हुन त राष्ट्रिय स्तरमा बालसाहित्यको विकास जुन गतिमा भएको छ त्यसको तुलनामा चितवनको बालसाहित्य कछुवा गतिमा सुस्तरी घस्रँदै अघि बढेको देख्न सकिन्छ । वि.सं. २०२१ देखि हालसम्मको साढे चार दशक लामो विकासे यात्रा पार गर्दै अघि बढेको चितवनको बालसाहित्य लामो समयसम्म पत्रपत्रिकामा छरिएका बालरचनाहरूकै भुँमरीमा फनफनी घुमिरहेको देखिन्छ । विगत दश वर्षदेखि भने प्रौढ लेखकहरूका लेखनीले चितवनको बालसाहित्यलाई पथप्रदर्शन गरी सुन्दर बालसाहित्यिक कृतिहरूको जन्म दिएको पाइन्छ । वि.सं. २०३६ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाइएपछि राष्ट्रिय स्तरमा बालसाहित्यको लेखन र प्रकाशनमा तीव्रता आए पनि चितवनको बालसाहित्यलाई भने यसले खासै प्रभाव पारेको देखिँदैन । राष्ट्रिय स्तरमा बालकथा, बालकविता, बालउपन्यास, बालोपयोगी जीवनी, बालनाटक, बालएकाङ्की, बालचित्रकथा, बालगीत, अनुवाद बालसाहित्यजस्ता विधागत विविधतामा फिँजारिएको बालसाहित्य चितवनको यो उन्नत फाँटमा भने केबल बालकाव्यमै सीमित भई खुम्चन पुगेको देखिन्छ । यस दृष्टिले हेर्दा राष्ट्रियस्तरको तुलनामा चितवनको बालसाहित्य सूर्यको अगाडि जूनकीरीको प्रकाशझैं प्रतीत हुन्छ । हालसम्म यस जिल्लाबाट प्रकाशित बालसाहित्यिक कृतिहरूमा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह), कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह)', कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य), कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह) र कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह) देखिएका छन् । यी पाँचवटै बालसाहित्यिक कृतिहरूको र कृतिकारहरूको विस्तृत अध्ययन र विश्लेषण यसै शोधपत्रको परिच्छेद चारअन्तर्गतका

विभिन्न शीर्षक र उपशीर्षकहरूमा गरिसकिएको छ । यस अध्यायमा तिनै विश्लेषित बालसाहित्यिक कृतिहरूको प्रकाशन वर्ष, प्रबन्धनपक्ष, भावपक्ष, विषयविविधता, लयविधान, भाषाशैली, चित्रप्रयोगआदिका आधारमा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## ५.१ प्रकाशन वर्ष

चितवन जिल्लामा बालसाहित्यिक कृतिहरूको प्रकाशन धेरै पछि आएर मात्र शुरु भएको देखिन्छ । वि.सं. २०२१ देखि वि.सं. २०५६ सम्म यहाँको बालसाहित्य विभिन्न पत्रपत्रिकामा छरिएका बालरचनाहरूमै फन्को मारिरहेको देखिन्छ । वि.सं. २०५७ बाट मात्र यस जिल्लाका प्रौढ बालसाहित्यलेखकहरूको ध्यान कृति प्रकाशनतर्फ आकर्षित भएको पाइन्छ । प्रकाशन वर्षका दृष्टिले कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह) पहिलो कृति मानिन्छ । यस कृतिको प्रकाशन चितवन वाङमय प्रतिष्ठानद्वारा वि. सं. २०५७ मा भएको देखिन्छ । यस आधारले हेर्दा कवि गोविन्दराज विनोदी चितवनका पहिला प्रौढ बालसाहित्यका सर्जक मानिएका छन् भने चितवनमा बालसाहित्ययात्रा कमको एउटा नयाँ युगका आरम्भकर्तासमेत बन्न पुगेका देखिन्छन् ।त्यस्तै कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङग्रह) चितवनको दास्रो बालसाहित्यिक पुस्तकाकार कृति मानिन्छ । यसको प्रकाशन अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनद्वारा वि.सं. २०६२ मा भएको देखिन्छ । त्यस्तै प्रकाशन वर्षको आधारमा देखा परेको तेस्रो कृति कवि रविकिरण 'निर्जीव'को बालकाव्य **ऐजेरु लागेको पिपल** मानिएको छ । बालक्लब, हिमालय मा.वि. चम्पानगर, चितवनको प्रकाशकत्वमा यो कृति वि.सं. २०६३ मा प्रकाशन भएको देखिन्छ । चितवनको बालसाहित्यिक कृति प्रकाशनमा चौथो कृति बन्न पुगेको छ - कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह) । यो कृतिको प्रकाशन प्रगतिशील लेखक सङ्घ, चितवनद्वारा वि.सं. २०६३ चैत्र महिनामा भएको देखिन्छ । त्यसैगरी कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह) प्रकाशन वर्षका दृष्टिले चितवनको बालसाहित्यमा पछिल्लो पाँचौं कृति देखिएको छ । यसको प्रकाशन लेखनाथ अधिकारीले वि.सं. २०६६ वैशाख १ गते गरेको देखिन्छ । यसरी हेर्दा कवि गोविन्दराज विनोदी चितवनका जेठा बालसाहित्यकार मानिन्छन् भने कवि रामकृष्ण 'तारा' पछिल्ला कान्छा बालसाहित्यकारको लहरमा उभिएका देखिन्छन् ।

## ५.२ प्रबन्धनपक्ष

प्रबन्धन कृतिको संरचना स्वरूप र आकार-प्रकारको संयुक्त रूप हो । चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरू प्रबन्धनका आधारमा कुनै मझौला आकारका छन् भने कुनै लघु आकारका देखिन्छन् । प्रबन्धनका दृष्टिले कवयित्री विद्या भण्डारी 'चिराग' को **इन्द्रेणीको गेट** (बालकवितासङग्रह- २०६२) पहिलो बन्न पुगेको देखिन्छ । यस कृतिभित्र भूमिका खण्ड बीस र कविताक्रम चौवन्न गरी जम्मा चौसट्ठी पृष्ठ रहेका छन् भने उनान्चालीस शीर्षकका बालकविताहरूसमावेश भएका देखिन्छन् । त्यस्तै प्रबन्धन पक्षका आधारमा दोस्रो कृति परेको छ- कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्गह -२०६६) । यस कृतिभित्र पृष्ठभूमि खण्डको सोन्ह पृष्ठ र कविताक्रमको बाउन्न पृष्ठ गरी जम्मा अठ्सट्ठी पृष्ठ रहेका छन् भने चौंतीस शीर्षकका बालकवितहरूको सङ्कलन देखिन्छ । प्रबन्धनका आधारमा तेस्रो लहरमा देखापर्ने बालकृति हो - कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) । प्रस्तुत कृतिभित्र पन्ध्र पृष्ठ भूमिका खण्डको र चवालीस पृष्ठ कविताक्रमको गरी जम्मा उनान्साठी पृष्ठ देखिन्छन् भने बाईस शीर्षकका बालकविताहरू सङ्कलित देखिन्छन् । कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) प्रबन्धनका आधारमा चौथो लहरमा देखा पर्छ । मझौला आकारको यो कृतिभित्र भूमिका खण्डका छ पृष्ठ र कविताक्रमका बाईस पृष्ठ गरी जम्मा अट्ठाइस पृष्ठ छन् भने बाईस शीर्षकका बालकविताहरू अटाएका छन् । त्यस्तै कवि रविकिरण 'निर्जीव' को **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३) प्रबन्धनका दृष्टिले पाँचौं कृति बन्न पुगेको देखिन्छ । यस कृतिभित्र भूमिका खण्डका तीन पृष्ठ र कविताक्रमका एक्काइस गरी जम्मा चौबीस पृष्ठमात्र देखिन्छन् । शार्दूलविक्रीडित छन्दका जम्मा तीस पद्यका श्लोकहरू समावेश भएको यो कृति आफैंमा लघु आकारको देखिन्छ ।

## ५.३ भावविधान

विषयवस्तुका माध्यमबाट प्रकटिएको सन्देशात्मक अभिव्यक्ति नै भाव हो । भावविधानका दृष्टिले पनि चितवनका बालसाहित्यिक कृतिहरू अगाडि र पछाडि परेका देखिन्छन् । बालसंसारका उपयोगी विषय छनोट गरी भावविविधता पस्कने पहिलो कृति बन्न

पुगेको देखिन्छ- कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह-२०६६) । चौंतीसवटा कविताहरूको सङ्कलन यस कृतिले बालबालिकाको आशावादी भविष्यको चाहना, वस्तुको महत्त्व, वात्सल्यप्रेम, विद्या र समयको महत्त्वबोध, युवा जागरण, विज्ञानमोह, राष्ट्रियता, संस्कृतिप्रेम, शान्ति, अहिंसा र सेवाभाव, मित्रताको आवश्यकता, दुर्व्यसनबाट बच्न सन्देश, वातावरण स्वच्छता, शिक्षा र औपदेशिकता, बालक्रीडा, पशुपक्षीतर्फको बालआकर्षण, भौगोलिक ज्ञान, अनुशासन, असल मार्गनिर्देशन, बालमनोविज्ञान, बालअधिकार, बालसमस्या, समसामयिक राजनीतिक र सामाजिक पक्ष, व्यङ्ग्यात्मकता र साहित्यप्रेम जस्ता विविध भावका सुन्दर कविताहरू प्रस्तुत गरेको देखिन्छ । त्यस्तै दोस्रो कृतिका रूपमा कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) देखिन्छ । यस कृतिभित्रका उनान्चालीस कविताहरूमा पनि बालसुलभ विविध भावहरू छरपस्ट देखिन्छन् । बालक्रीडा, बालअस्तित्वबोध, वस्तुको महत्त्व, वातावरण स्वच्छताको चाह, एकताको भावना, आत्मीयता, धार्मिक सहिष्णुता, वनस्पतिको उपयोगिता, प्रकृतिचित्रण, जीवनबोध, शिक्षा र औपदेशिकता, तरकारीको महत्त्व वर्णन, राष्ट्रियता, राष्ट्रियविभूतिहरूको पहिचान, भौगोलिक यथार्थता, खेलप्रेम, वात्सल्यभाव, बालमनोविज्ञान, सुखद भविष्यका कामनाजस्ता भावहरूले प्रस्तुत कृतिमा राम्ररी खेल्ने मौका पाएको देखिन्छ । त्यस्तै सबल किसिमको भावविधानका दृष्टिले चितवनको तेस्रो बालसाहित्यिक कृति कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) देखिएको छ । बाईसवटा कविताहरू सङ्कलित प्रस्तुत कृतिभित्र कोमल बालभावना, अध्ययनप्रति जोड, प्रकृतिको तन्मय र मन्मय चित्रण, उपदेशात्मक, वस्तुको महत्त्व र उपयोगिता, पशुपक्षीप्रतिको बालआकर्षण, साहित्यप्रेम, राष्ट्रियता, राष्ट्रियविभूतिको चिनारी, एकताको भावना, जीवनबोध, स्वदेशभक्ति, अशिक्षित ग्रामीण बालबालिकाको पीडाबोध, सुखद भविष्यको चाहना जस्ताभावहरू प्रवाहित देखिएका छन् । भावपक्षका आधारमा चितवनको चौथो बालसाहित्यिक कृतिको रूपमा कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) देखिएको छ । कविले यस कृतिभित्रका कविताहरूमा संस्कृतिप्रेम, औपदेशिकता, वस्तुको महत्त्वबोध, बालस्वास्थ्य, सत्य र अहिंसाको मार्गप्रशस्त, अनुशासनको पाठ, सरसफाइ, फलफूलको उपयोगिता र महत्त्व, समानताको भाव, तरकारीको महत्त्व, प्रकृतिचित्रण, औंषधीजन्य वनस्पतिको उपयोगिता जस्ता भावहरू फिँजारिएको देखिन्छ । यसैगरी

भावविधानको दृष्टिमा चितवनको पाँचौ बालसाहित्यिक कृतिमा कवि रविकिरण 'निर्जीव' को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) देखिन्छ । यस लघुआकारात्मक कृतिभित्र प्रकृतितर्फको आकर्षण, जीवनबोध, संस्कृतिमोह, सङ्घर्षशील जीवनयात्रा, सेवामुखी भावना, प्रकृति संरक्षण, प्रगतिवादी विचार, दुःखसुखलाई सहज रूपमा लिन आग्रह, अन्धविश्वास र रुढिवादी संस्कारविरुद्धको जागरण जस्ता भावहरू छरिएको पाइन्छ ।

## ५.४ विषयविविधता

बालसाहित्यमा बालजगत्का विविध विषयवस्तु समेटिएका हुन्छन् । बालजिज्ञासाले भरिएका विषयवस्तुमाथि कौतूहलपूर्ण भाषाशैलीले सिँगारिएको बालसाहित्य उत्कृष्ट मानिन्छ । चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरू विषयविविधताका आधारमा पनि तलमाथि परेका देखिन्छन् । यस दृष्टिले हेर्दा कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) अग्रपङ्क्तिमा देखिएको छ । पृष्ठ एकदेखि पचपन्नसम्म विस्तारित प्रस्तुत कृतिभित्रका चौंतीस शीर्षकका कविताहरूले विषयविविधता अँगालेका पाइन्छन् । यस कृतिभित्र प्रकृतिसम्बद्ध तीन, वस्तुविशेषसम्बद्ध दुई, विविध भावसँग सम्बन्धित बाऱ्ह, मानवीय प्राणीसँग सम्बन्धित तीन, मानवेतर प्राणीसँग सम्बन्धित तीन, संस्कृतिसँग सम्बन्धित एक, समसामयिक विषयसँग सम्बन्धित चार, विज्ञानसँग सम्बन्धित तीन, बालअधिकारसँग सम्बन्धित दुई र साहित्यसँग सम्बन्धित एक शीर्षक समावेश गरिएका छन् । त्यस्तै बालजगत्का विविध विषयहरूको नौलो स्वाद पस्कने दोस्रो कृतिमा कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) देखिएको छ । यसकृतिभित्रका बालकविताहरूले पनि विषयविविधता अँगालेको देख्न सकिन्छ । जम्मा उनान्चालीस शीर्षकहरू समाविष्ट प्रस्तुत कृतिभित्र प्रकृतिसँग सम्बन्धित चौध, विविध भावसँग सम्बन्धित सात, मानवेतर प्राणीसँग सम्बन्धित चार, वस्तुविशेषसँग सम्बन्धित छ, बालक्रीडासँग सम्बन्धित तीन, मानवीय प्राणीसँग सम्बन्धित एक, फलफूल र तरकारीसँग सम्बन्धित दुई, धर्मसंस्कृतिसँग सम्बन्धित दुई शीर्षकहरू समावेश भएका पाइन्छन् । त्यसैगरी विषयविविधता अँगाल्ने चितवनको तेस्रो बालसाहित्यिक कृतिमा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) देखिएको छ । जम्मा बाईस शीर्षकका बालकविताहरू सङ्कलित यस कृतिभित्र

प्रकृतिसँग सम्बन्धित आठ, मानवीय प्राणीसँग सम्बन्धित पाँच, विविध वस्तुविशेषसँग सम्बन्धित चार, भावशिषसँग सम्बन्धित तीन र मानवेतर प्राणीसँग सम्बन्धित दुई शीर्षकका कविताहरू समावेश भएका देखिन्छन् । त्यस्तै विषयविविधताका आधारमा चितवनको चौथो कृतिमा कवि रह शर्माद्वारा संरचित **सेलरोटी** (बालकवितासङग्रह- २०६३) देखिन्छ । जम्मा बाईस शीर्षकका बालकविताहरू समाविष्ट प्रस्तुत कृतिभित्र बालमानसिकतालाई सहजतापूर्वक उजागर गर्ने मानवजीवनका मूल्यवान् एवम् महत्त्वपूर्ण वस्तुसँग प्रत्यक्ष सरोकार राख्ने विविध सामग्रीहरू आएका देखिन्छन् । जसअनुसार फलफूलसित सम्बन्धित दुई, संस्कृतिसित सम्बन्धित एक, परिकार र खाद्यविशेषसित सम्बन्धित दुई, वनस्पतिसित सम्बन्धित दुई, तरकारीविशेषसँग सम्बन्धित दुई र बाँकी अरू मानवीय क्रियाकलाप, असल ज्ञान, मौसम आदि विषयसँग सम्बन्धित देखिएका छन् । विषयविविधताको आँखाले हेर्दा चितवनबाट प्रकाशित पाँचौ वरियतामा देखिएको कृति कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) मानिन्छ । पीपलको जीवनचक्रमा देखापरेका विविध उतारचढावसँग मात्र सम्बन्धित विषयवस्तुको सेरोफेरोमा घुमेको यस कृतिले विषयविविधता भने अँगालेको पाइँदैन ।

## ५.५ भाषाशैली

बालसाहित्यलाई प्रभाव पार्ने अर्को पक्ष भाषाशैली पनि हो । बालसाहित्यमा बालरुचिपूर्ण भाषा एवम् शैलीको अपेक्षा गरिएको हुन्छ । चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरू भाषाशैलीका दृष्टिले पनि अगाडिपछाडि परेका छन् । यस दृष्टिले हेर्दा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङग्रह- २०५७) उत्कृष्ट पहिलो कृति बन्न पुगेको देखिन्छ । यस कृतिमा कविले बालबोलीका तद्भव शब्दको प्रचुर प्रयोग गरेका छन् भने अनुकरणात्मक शब्दहरू पनि प्रशस्त प्रयोग गरेका छन् । त्यस्तै कविताहरूमा तुकान्त शब्दहरू खोजी खोजी प्रयोग गरिएका छन् भने उन्मुक्त बालभावनाको अभिव्यक्ति पनि दिएका छन् । भाषाशैलीको आधारमा चितवनको दोस्रो बालसाहित्यिक कृति कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२ ) देखा परेको छ । कवयित्रीले यस काव्यकृतिमा बालजत्भित्र पसी सरल, सहज र बोधगम्य भाषा र शैलीको चयन गरेकी छिन् । कवितामा बालबोध्य तद्भव शब्दहरूकै

आधिक्य देखिन्छ भने अनुकरणात्मक शब्दहरू पनि ठाउँ ठाउँमा प्रयोग भएका पाइन्छन् । यस कृतिभित्रका कविताहरूमा कवि विनोदीका जस्ता तुकान्त शब्दहरू कमै देखिन्छन् । कवयित्रीले कथ्य भाषालाई पनि ठाउँ दिएकी छिन् । उनले बालबोलीलाई टपक्कै टिपी कवितामा भावानुकूल प्रयोग गरेको देखिन्छ भने शैलीमा पनि मधुरता थपेकी छिन् । भाषाशैलीको आधारमा तेस्रो बालसाहित्यिक कृति कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) देखिएको छ । कवि शर्माले यस कृतिमा तद्भव शब्दहरूको अधिकांशतः प्रयोग गरेका देखिन्छन् भने उपदेश दिने खालको मीठो भाषा प्रयोग भएको देखिन्छ । ठाउँठाउँमा अनुकरणात्मक शब्दहरू प्रयोग भएका यस कवितासङ्ग्रहमा कविले सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । त्यसैगरी भाषाशैलीको आधारमा चितवनको चौथो क्रममा उभिएको कृति कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) रहेको पाइन्छ । प्रस्तुत कृतिको भावपक्ष जति सबल देखिन्छ, भाषाशैली भने त्यति सबल देखिदैन । कविताहरूमा तद्भव र तत्सम शब्दका साथसाथै आगन्तुक शब्दहरू पनि प्रयोग भएका छन् । कृतिभित्रका केही कविताहरूमा कविले जटिल प्रौढ अभिव्यक्ति र प्रतीकात्मकताको प्रयोग गरेका छन् जुन बालसाहित्यमा त्यति प्रभावकारी मानिदैन । उखान, टुक्काहरूको प्रयोगका दृष्टिले भने कवि अरूका तुलनामा अगाडि देखिन्छन् । समग्रमा उनका कविताहरू भाषाशैलीमा केही कमजोर देखिए तापनि कविताको भावग्रहण गर्नमा भने त्यति असजिलो परेको देखिँदैन । त्यस्तै भाषाशैलीका दृष्टिले पछिल्लो क्रममा देखिने कृतिमा कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) देखिन्छ । यो कृति भाषाशैलीको दृष्टिले केही प्रौढ अभिव्यक्ति लाग्न सक्छ । यद्यपि कविले सकेसम्म बालबालिकाले बुझ्न सकून् भन्ने ध्येयले अनुकरणात्मक शब्दहरू पनि प्रयोग भने गरेका छन् । विषयवस्तुको जटिलताले पनि भाषाशैलीमा क्लिष्टता देखापरेको प्रतीत हुन्छ । प्रतीकात्मकता र सङ्घर्षशील जीवनबोधको अभिव्यक्ति दिन कविले सरल भाषाशैली अवलम्बन गर्न सकेको देखिँदैन । त्यसो त शार्दूलविक्रीडित छन्दको सीमामा बालबोलीका शब्दहरू पर्न नसकेका पनि हुनसक्छन् । भाषाशैलीकै कारणबाट कृतिका भावहरू सहजग्राह्य बन्न सकेका छैनन् ।

## ५.६ बालचित्रप्रयोग

भावानुकूलका बालचित्रहरू पनि बालसाहित्यको अभिन्न अङ्ग मानिन्छ । कविताको भावबोधमा बालबालिकालाई बालचित्रहरूले सघाउ पुऱ्याएका हुन्छन् । चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरू चित्रप्रयोगका दृष्टिले पनि अघि-पछि परेका छन् । यस आधारले हेर्दा सर्वोत्कृष्ट चित्रकारिता कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७)' मा नै प्रदर्शन भएको देखिन्छ । चित्रकार प्रकाश थापाले कविताका भावानुकूल आकर्षक चित्रहरू प्रदान गरेर प्रस्तुत कृतिको गरिमालाई चुल्याएका छन् । त्यस्तै चित्रप्रयोगका दृष्टिले दोस्रो कृति कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) देखिएको छ । चित्रहरू जति स्पष्ट हुनुपर्थ्यो, छपाइ समस्याका कारण त्यति स्पष्ट नभए पनि चित्रकार अमर न्यौपानेको चित्रकारिताले प्रस्तुत कृतिका कविताहरूको भाव उजागर गर्नमा सफलता पाएको देख्न सकिन्छ । त्यस्तै चित्रप्रयोगको हिसाबले कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) तेस्रो कृति बनेको देखिन्छ । चित्रकार नवीन अधिकारीले कोरेका जीवन्त चित्रहरूले बालबालिकालाई कृतिभित्रका कविता बुझ्न सजिलो बनाइदिएका छन् । त्यस्तै चित्रप्रयोगमा चौथो कृति बनेको देखिन्छ - कवि रविकिरण 'निर्जीव' को **ऐजेरु लागेको पिपल** (बालकाव्य-२०६३)'। यस कृतिलाई बालकाव्यको रूप दिने उद्देश्यले कृतिभित्र पीपलको जीवनचक्रसँगै आइपरेका समस्याहरूलाई चित्रकारद्वय तेजबहादुर राना र वरुण घिमिरेले रङ्गिन चित्र कोरेका छन् । यही चित्रप्रयोगले नै प्रस्तुत कृतिलाई बालसाहित्यको नजीक पुऱ्याएको पाइन्छ । त्यसैगरी चित्रप्रयोगमा सफल नभएको पछिल्लो कृति हो - कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** (बालकविताङ्ग्रह-२०६६) यस कृतिको आवरण पृष्ठमा बाहेक कविताक्रममा कुनै पनि चित्रहरू प्रयोग भएका देखिँदैनन् । प्रस्तुत कृतिको भावपक्ष जति सशक्त छ त्यसरी नै चित्रप्रयोग भएको भए कृतिको गरिमा निकै चुलिन सक्ने थियो भन्न सकिन्छ । चित्र प्रयोग नभएकाले पनि प्रस्तुत कृतिभित्रका कविताहरूको भाव बुझ्न बालबालिकाहरूलाई दुरुहता सिर्जना भएको देख्न सकिन्छ ।

## ५.७ लयविधान

बालसाहित्यको अर्को अपरिहार्य तत्त्व हो - लयविधान । बालबालिकाहरू लयमा गुन्गुनाउन मिल्ने कविताहरू मजा मानी मानी पढ्छन् । चितवनबाट प्रकाशित बालसाहित्य

लयविधानका दृष्टिले पनि अगाडि- पछाडि परेका देखिन्छन् । यस क्रममा पहिलो कृति बन्न पुगेको छ- कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) । यस कृतिमा कविले बाललोकलय, शास्त्रीय छन्द, गीतिलयमा आधारित सुन्दर कविता सिर्जना गरेका छन् । कविको मिठासयुक्त बालसुलभ शब्दचयनले पनि सुमधुर लयसिर्जना गरेको देखिन्छ । त्यसैगरी लयका दृष्टिले कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) दोस्रो बालसाहित्यिक कृति बन्न पुगेको पाइन्छ । यस कृतिमा पनि कविले बाललोकलय, अनुष्टुप् छन्दको नजीक पुगेर सुन्दर लयसिर्जना गरेका छन् भने गीतिलयका कविताहरू पनि रचना गरेका देखिन्छन् । त्यस्तै लयका दृष्टिले तेस्रो बालकाव्यकृतिमा कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) परेको देखिन्छ । यस कृतिभित्रका कविताहरू पनि बाललोकलयमा आधारित देखिएका छन् भने नेपाली झ्याउरे लोकलयमा पनि रचिएका छन् । सरल र सुबोध्य शब्दचयनले अझ लयमाधुर्य सिर्जना गरेको पाइन्छ । कवयित्री विद्या भण्डारी 'चिराग' को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) लयविधानका दृष्टिले चितवनको चौथो बालसाहित्यिक कृति बन्न पुगेको देखिन्छ । यस कृतिभित्रका कविताहरूमा कवयित्रीले गाउन मिल्ने बाललयलाई पकेर सुन्दर कविता सिर्जना गरेकी छिन् । केही कविताले गजल शैली र प्रगीतात्मक लयविधान अँगालेका छन् भने सरल शब्दचयनले पनि कविताको लयमा मिठास थपिदिएका छन् । लयका दृष्टिले चितवनको पछिल्लो बालसाहित्यिक कृतिमा कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) देखिएको छ । यो कृतिको लय बालरुचिअनुकूलको नभई उन्नाइस आक्षरिक शार्दूलविक्रीडित छन्दमा आबद्ध देखिन्छ । बालबालिकाको जिब्रोमा झुण्डिन सक्ने लय यसमा देखिँदैन । यद्यपि सरल शब्द चयनले भने कवितालाई गेयात्मक र पेयात्मक बनाएको देखिन्छ ।

यी उपर्युक्त आधारका अतिरिक्त बालसाहित्यमा बालमनोविज्ञानको पक्ष पनि त्यति नै सशक्त देखिन्छ । यस दृष्टिले हेर्दा कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२)' अग्रस्थानमा देखापर्छ । त्यस्तै दोस्रो क्रममा कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसलीहरू** (बालकवितासङ्ग्रह- २०६६)' बालमनोविज्ञानको सफल प्रयोग भएको कृति मानिन्छ भने कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) तेस्रो स्थानमा देखिन्छ । चोथो क्रममा कवि रह

शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) देखिन्छ भने कवि रविकिरण 'निर्जीव'को ऐजेरु **लागेको पिपल** (बालकाव्य- २०६३)' पाँचौ काव्यकृतिमा परेको देखिन्छ ।

प्रतीकात्मकताका आधारमा हेर्दा कवि रविकिण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) अग्रस्थानमा देखिएको छ भने कवि रामकृष्ण'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) दोस्रो क्रममा देखिन्छ । त्यस्तै कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) तेस्रो बालसाहित्यिक कृति बनेको पाइन्छ भने कवयित्री विद्या भण्डारी 'चिराग' को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) प्रतीकविधानका आधारमा चौथो बालकाव्यकृति बन्न पुगेको देखिन्छ । यस आधारले चितवनको पछिल्लो र पाँचौं कृतिमा कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) देखिएको छ ।

## ५.८ उपसंहार

चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरू प्रकाशन वर्ष, प्रबन्धन, भावविधान, विषयविविधता, भाषाशैली, बालचित्र, प्रतीकात्मकता, बालमनोविज्ञानआदिका आधारमा मूल्याङ्कन भएका छन् । यहाँबाट प्रकाशित बालकृतिहरू कुनै न कुनै दृष्टिले सबै नै महत्वपूर्ण देखिन्छन् । यस जिल्लाबाट प्रकाशित बालसाहित्यिक कृतिहरूमध्ये कवि रामकृष्ण'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) बाहेक अरू सबै कृतिहरू राष्ट्रिय स्तरका विशिष्ट बालसाहित्यकार तथा समालोचक प्रमोद प्रधानद्वारा लिखित अनुसन्धानमूलक बालसाहित्यसङ्ग्रह **नेपाली बालवाङ्मय परिचयकोश** (२०६५) मा समाविष्ट भएका पाइन्छन् भने कवि ताराको सो कृति पछिल्लो प्रकाशन भएका कारण समावेश हुन सकेको देखिँदैन । चितवनका बालस्रष्टाहरूले यसरी नै जागरुकताका साथ कलम चलाउने हो भने यहाँको बालसाहित्य निकै गतिशील बन्न सक्ने कुराको सहजै अनुमान लगाउन सकिन्छ ।

# परिच्छेद : छ

# उपसंहार

## ६.१ परिच्छेद : एकको उपसंहार

शोधपरिचय शीर्षकको यो परिच्छेदमा शोधपत्रको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, प्राक्कल्पना, शोधकार्यको क्षेत्र र सीमाङ्कन, सामग्रीसङ्कलन विधि, शोधपत्रको रूपरेखाजस्ता उपशीर्षकहरू दिएर प्रस्तुत शोधपत्रको संक्षिप्त परिचय दिइएको छ ।

## ६.२ परिच्छेद : दुईको उपसंहार

बालसाहित्यको सैद्धान्तिक अवधारणा शीर्षकको यस परिच्छेदले बालसाहित्यको सैद्धान्तिक व्याख्या गरेको छ । विभिन्न उमेरसमूहका बालबालिकाहरूलाई मनोरञ्जन गराउने, रचनात्मक एवम् सिर्जनात्मक बाटोतर्फ डोऱ्याउने र ज्ञानविज्ञानका विविध विषयवस्तुको जानकारी दिने चित्रहरूले चित्ताकर्षक र कलात्मक तरिकाले प्रकाशनगरिएका लयात्मक, कथात्मक र औत्सुक्यपूर्ण कृतिहरू नै बालसाहित्य हुन् । बालसाहित्यले देशका तमाम बालबालिकाहरूलाई शिक्षाको अपरिहार्यता अवगत गराई त्यतातिर अभिप्रेरित गर्न र आफ्ना अधिकार र कर्त्तव्यप्रति सचेत बन्न गहन भूमिका खेलेको हुन्छ ।

बालसाहित्य लोक बालसाहित्य र लिखित बालसाहित्य गरी दुई भागमा वर्गीकृत देखिन्छ । लोक बालसाहित्यका पनि बाललोकगीत वा कविता, बाललोककथा र गाउँखाने कथाजस्ता विधागत वर्गीकरण गरिएको पाइन्छ भने लिखित बालसाहित्य पनि पाठ्य र पाठ्येतर गरी दुई भागमा वर्गीकृत भएको पाइन्छ । पाठ्यबालसाहित्यअन्तर्गत पाठ्यपुस्तकहरूमा समावेश भएका विविध सामग्रीहरू रहेका हुन्छन् भने पाठ्येतर बालसाहित्यमा प्रौढ लेखकहरूद्वारा बालबालिकाको स्वतन्त्र व्यक्तित्वप्रति ध्यान दिँदै चौतर्फी बौद्धिक विकास र सिर्जनशील बनाउने उद्देश्यले लेखिएका बालगीत, बालकविता,

बालकथा, बालउपन्यास, बालएकाङ्की, बालनाटक, बालगजल, बालोपयोगी जीवनी, चित्रकथा र अनुवाद साहित्यआदि पर्दछन् ।

नेपालमा लोक बालसाहित्यको लामो परम्परापश्चात् लिखित बालसाहित्यको शुरुवात गङ्गाधर द्रविडको वि.सं. १९४९ मा प्रकाशित **गोर्खा पैह्ला** पुस्तकले गरेको मानिन्छ । यही मितिबाट नेपाली लिखित बालसाहित्यको विकासप्रक्रिया पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण हुँदै अघि बढेको पाइन्छ । वि.सं. १९४९ देखि वि.सं. १९९७ सम्मको पहिलो चरणमा अधिकांश पाठ्य बालसाहित्य लेखिएका छन् भने वि.सं. १९९७ देखि २०३५ सम्मको दोस्रो चरणमा विभिन्न स्थापित लेखकहरूद्वारा सचेत बालसाहित्यलेखनको थालनी भएको पाइन्छ । यस चरणका स्थापित बालसाहित्य लेखकहरूमा लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, दैवज्ञराज न्यौपाने, कृष्णप्रसाद पराजुली, देवकुमारी थापा, प्रेमा शाह, रमेश विकल, परशु प्रधान आदि प्रमुख देखिएका छन् । यसै चरण देखि बालसाहित्यले विधागत विविधता पनि अँगालेको देखिन्छ । वि.सं. २०३६ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाएपछि बालसाहित्यलेखनमा तीव्रता आउनुकासाथै चित्रकथा, चित्रपुस्तक, बालअन्तर्वार्ता, बालकमिक, बालहाइकू , बालगजलजस्ता नयाँ विधाहरूले तेस्रो चरणमा प्रवेश पाएका देखिन्छन् ।

## ६.३ परिच्छेद : तीनको उपसंहार

चितवनमा बालसाहित्यको इतिहास र विकास शीर्षकको यो परिच्छेदमा चितवन जिल्लाको बालसाहित्यिक गतिविधिका बारेमा अध्ययन गरिएको छ । यस जिल्लाको बालसाहित्यिक विकासप्रक्रिया भने वि.सं. २०२१ बाट शुरु भएको पाइन्छ । चितवन हाइस्कुलको प्रकाशकत्वमा निस्किएको **चितवनको चिनो** (२०२१) साहित्यिक पत्रिका नै चितवनको पहिलो बालसाहित्यिक रचनामूलक पत्रिका मानिन्छ । यही मितिलाई आधार मानेर चितवनको बालसाहित्यले पूर्वार्द्ध र उत्तरार्द्ध चरण गरी दुई चरणको विकास यात्रामा फड्को मारेको देखिन्छ । वि.सं. २०२१ देखि वि.सं.२०५६ सम्मको पूर्वार्द्ध चरणमा चितवनको बालसाहित्य विभिन्न विद्यालयका मुखपत्र, स्मारिकालगायतका पत्रपत्रिकामा छरिएका बालरचनाहरूकै सेरोफेरोमा घुमेको देखिन्छ भने वि.सं. २०५७ देखि हालसम्मको उत्तरार्द्ध चरण प्रौढ लेखकहरूको लेखनीले सचेत बालसाहित्यिक कृति प्रकाशन गर्दै अघि बढाएको पाइन्छ । चितवनबाट वि.सं २०५७ देखि वि.सं. २०६७ सम्म प्रकाशित

बालसाहित्यिक कृतिहरूमा चितवन वाङ्मय प्रतिष्ठानले वि.सं.२०५७ मा प्रकाशन गरेको कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह), अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनद्वारा वि.सं. २०६२ मा प्रकाशित कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह), बालक्लब, हिमालय मा.वि. चम्पानगर, चितवनको प्रकाशकत्वमा वि. सं. २०६३ मा प्रकाशित कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य), प्रगतिशील लेखक सङ्घ, चितवनको प्रकाशकत्वमा वि.सं. २०६३ चैत्रमा प्रकाशित कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह) र लेखनाथ अधिकारीको प्रकाशकत्वमा वि.सं. २०६६ मा प्रकाशित कवि रामकृष्ण 'तारा' को **सृजनाका कोसेलीहरू** ( बालकवितासङ्ग्रह) देखिएका छन् ।

## ६.४ परिच्छेद : चारको उपसंहार

चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको विश्लेषण शीर्षकको यो परिच्छेदमा यस जिल्लाबाट प्रकाशित बालसाहित्यिक कृति र कृतिकारको गहन रूपमा अध्ययन र विश्लेषण गरिएको छ । चितवनमा बालसाहित्यिक कृति प्रकाशनको युग शुभारम्भ गर्ने कवि गोविन्दराज विनोदीको 'आँखाका नानी (बालकवितासङ्ग्रह)' कविताक्रमका बाईस पृष्ठमा विस्तारित बाईस शीर्षकका बालकविताहरूको सङ्ग्रह हो । राष्ट्रिय स्तरका कविको प्रसिद्धि कमाइसकेका र चितवनको बालसाहित्यिक वाटिकामा सुन्दर बालकृति प्रकाशन गरेका यी कविले आफ्ना बालकविताहरूमा प्रकृतिप्रेम, औपदेशिकता, शिक्षा र जागरण, परिश्रमको महत्त्व, पशुपक्षीतर्फको आकर्षण, साहित्यप्रतिको अभिरुचि, जीवनबोध, राष्ट्रियता, सौन्दर्यप्रेम, मातृभूमिप्रेम, बालसमस्या, सुखद भविष्यको चाहना, मानवतावादी स्वरजस्ता विविध भाव अभिव्यञ्जित गरेका छन् । कविताहरूमा प्रशस्तै अनुकरणात्मक शब्दहरू, अनुप्रासमय शब्दहरू र सरल, सुबोध्य बालशब्दहरूको प्रयोग गरी बालरुचिअनुकूलको लय दिएका देखिन्छन् । कलाकार प्रकाश थापाका सुन्दर बालचित्रहरूले कविताको भावबोधमा सहजता थपेका छन् ।

चितवनबाट प्रकाशित दोस्रो बालसाहित्यिक कृतिमा कवयित्री विद्या भण्डारी 'चिराग' को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२) देखिन्छ । लामो समयदेखि नै अध्यापन कार्यमा संलग्न कवयित्री 'चिराग'ले कलिला मुनारूपी बालबालिकाहरूसँग नजिकिँदै

उनीहरूको बालक्रियाकलापबाट प्रभावित भएर बालकविता सिर्जना गरेको महसूस हुन्छ । चौंसठ्ठी पृष्ठसम्मका प्रस्तुत कवितासङ्ग्रहमा उनान्चालीस शीर्षकका बालकविताहरू सङ्कलित देखिएका छन् । उनका बालकविताभित्र बालअधिकारबोध, आदर्श मातृप्रेम, उपदेशात्मकता, धार्मिक सहिष्णुता, प्रकृतिचित्रण, बालक्रीडा, राष्ट्रियता, बालमनोविज्ञान, मातृवात्सल्य, बालस्वास्थ्य, शैक्षिक जागरण, राष्ट्रिय विभूतिहरूको चिनारीजस्ता मूलभावहरू समेटिएका पाइन्छन् । त्यस्तै कविताको भावबोधमा चित्रकार अमर न्यौपानेका बालचित्रहरूले त्यति नै सहयोग पुऱ्याएको पाइन्छ । कवयित्रीले बालजगत्भित्रका विविध विषयवस्तुमा डुबुल्की मारी सरल, सहज र सुबोध्य भाषाशैलीद्वारा कृतिलाई बालरुचिकर बनाएकी छिन् । उनको कलम बालसाहित्यको क्षेत्रमा यसरी नै सक्रिय रहने हो भने राष्ट्रियस्तरको लेखिकामा उनको नाम दरिन सक्ने देखिन्छ ।

चितवनबाट प्रकाशित तेस्रो बालसाहित्यिक कृतिमा कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) देखिएको छ । कविता लेखनबाट साहित्यिक यात्रा शुरु गर्ने कवि रविकिरण 'निर्जीव'को लेखनी उपन्यास हुँदै निबन्धमा पुगेर निकै नै खारिएको पाइन्छ । एक्काइस पृष्ठसम्म विस्तारित लघु आकारको बालकाव्य कृति **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) भित्र चार पाउका एकश्लोकीय संरचनात्मक ढाँचामा आबद्ध शार्दूलविक्रीडित छन्दका तीस पद्य समावेश भएको पाइन्छ । पीपलको सङ्घर्षशील जीवनचक्रका उतारचढावहरू प्रस्तुत गरिएको यस कृतिभित्र कविले बालबालिकाहरूलाई जीवनसङ्घर्ष, संस्कृतिमोह, प्रकृतितर्फको आकर्षण, सामाजिक असमानता, परिवर्तनशील प्राकृतिक नियम, सेवामुखीभाव, प्रकृतिको संरक्षण, सुखद भविष्यप्रतिको आशावादिता जस्ता भावहरू पस्किएका देखिन्छन् । प्रगतिशील विचारमा अघि देखिएका कविले प्रस्तुत कृतिभित्र पीपलको जीवनका उतारचढावलाई प्रतीकात्मक ढङ्गले व्यक्त गरेको देखिन्छ । चित्रकारद्वय वरुण घिमिरे र तेजबहादुर रानाका रङ्गिन चित्रहरूले त अझ पीपलको जीवनमा आइपरेका कठिन मोडहरूलाई छर्लङ्ग दृश्यचित्रमा उतारिदिएको देख्न सकिन्छ । चितवनको बालसाहित्यमा लामा कविताको संरचनामा आबद्ध झिनो काव्यवस्तु बोकेर रचना गरिएको यो बालकाव्य नयाँ विधा र लघु आकारमा उपस्थित भएको पाइन्छ ।

चितवनबाट प्रकाशित चौथो बालसाहित्यिक कृतिमा कवि रह शर्माद्वारा संरचित **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) देखिएको छ । आफू गणितको विशेषज्ञ भएर पनि बालबालिकाको भावनासँग परिचित हुँदै उपदेशात्मक भाषामा विविध ज्ञानात्मक सन्देशहरू आफ्ना कविताहरूमार्फत् बाँड्ने कवि रह शर्माको प्रस्तुत कृतिभित्र साठी पृष्ठ समावेश भएको देख्न सकिन्छ । जम्मा बाईस शीर्षकका सुन्दर बालकविताहरू सङ्कलित यस कविताकृतिभित्र संस्कृतिप्रेम, औपदेशिकता, वस्तुको महत्त्वबोध, बालस्वास्थ्य, अनुशासनको महत्त्वं, फलफूलको महत्त्व, जातीय असमानताको विरोध र एकताको भावना, प्रकृतिचित्रण, औंषधीजन्य वनस्पतिको महत्त्व, तरकारीको महत्त्व र उपयोगिताजस्ता मूलभावहरू समेटिएका छन् । सरल, सहज, बालोपदेशिक लयविधान, तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूका साथ मनोरम बाललयद्वारा सृजित प्रस्तुत कृतिले चितवनको बालसाहित्यिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

चितवनबाट प्रकाशित अन्तिम पाँचौं कृतिमा कवि रामकृष्ण 'तारा'को **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) देखिएको छ । स्पाइनल इन्जुरीको सिकार भई ह्वीलचियरमा जीवनरथ घिसार्दै भए पनि कलिला बालबालिकाको आदर्श र नैतिक पक्षमा विशेष जोड दिने कवि 'तारा' को बालकवित्व परिष्कृत देखिएको छ । बाउन्न पृष्ठमा विस्तारित उनको प्रस्तुत बालकवितासङ्ग्रह **सृजनाका कोसेली**भित्र चौंतीस शीर्षकका कविताहरू फूलका थुङ्गाजस्तै बनेर काव्यकृतिरूपी माला गुम्फन गरेका देखिन्छन् । उनका कविताभित्र औपदेशिकता, विद्या र समयको महत्त्व, राष्ट्रियता, अधिकारबोध, शिक्षा र जागरण, शान्ति र सुशासनको चाहना, विज्ञानमोह, समसामयिक व्यङ्ग्य, संस्कृतिप्रेम, प्रकृतिचित्रण, सुखद भविष्यको चाह, वस्तुको महत्त्वबोध, मानवीय मूल्यको खोजी, वात्सल्यप्रेम, बालमनोविज्ञान, बालक्रीडाजस्ता मूलभावहरू समेटिएका पाइन्छन् । उखान, टुक्का, अनुकरणात्मक शब्दहरू प्रयोग गरिएका यिनका बालकविताहरू प्रायः उपदेशको भाषामा अभिव्यक्त देखिन्छन् । बालोपयोगी नेपाली लोकलय, अनुष्टुप् छन्दोबद्ध लयआदि यस कवितासङ्ग्रहका अभिव्यक्तिमाध्यम बनेका देखिन्छन् । बालसाहित्य भइकन पनि कविले प्रत्येक कवितामा भावानुकूल बालचित्रको समायोजन गर्न भने सकेका छैनन् ।

## ६.५ परिच्छेद : पाँचको उपसंहार

चितवनबाट प्रकाशित बालसाहित्यिक कृतिहरूको मूल्याङ्कन शीर्षकको यस परिच्छेदमा चितवन जिल्लाबाट प्रकाशित कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७), कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह- २०६२), कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३), कवि रह शर्माको **सेलरोटी** (बालकवितासङ्ग्रह- २०६३) र कवि रामकृष्ण 'तारा'को **सृजनाका कासेलीहरू** (बालकवितासङ्ग्रह- २०६६) गरी पाँचवटा बालकृतिहरूको प्रकाशन वर्ष, प्रबन्धनपक्ष, भावविधान, विषयविविधता, भाषाशैली, बालचित्र, लयविधान, बालमनोविज्ञान, प्रतीकात्मकताजस्ता आधारमा मूल्याङ्कन गरिएको छ । यस जिल्लाबाट प्रकाशित यी पाँचवटै बालसाहित्यिक कृतिहरू मूल्याङ्कनका दृष्टिले हेर्दा कुनै न कुनै पक्षमा सबै कृतिहरूले सफलता पाएका देखिन्छन् । प्रकाशन वर्षका आधारमा कवि गोविन्दराज विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७) अग्रस्थानमा देखिएको छ भने प्रबन्धनपक्षका आधारमा कवि रामकृष्ण 'तारा'को **सृजनाका कासेलीहरू** ( बालकवितासङ्ग्रह- २०६६) अगाडि देखिएको छ । त्यस्तै विषयविविधताका आधारमा कवयित्री विद्या भण्डारी 'चिराग'को **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह)ले पहिलो स्थान ओगटेको देखिन्छ । भाषाशैली, लयविधान र बालचित्रप्रयोगका दृष्टिले कवि विनोदीको **आँखाका नानी** (बालकवितासङ्ग्रह- २०५७)ले नै अरू सबैलाई उछिनेको देखिन्छ भने प्रतीकात्मकताका दृष्टिले कवि रविकिरण 'निर्जीव'को **ऐजेरु लागेको पिपल** (बालकाव्य- २०६३) अगाडि देखिएको छ ।

## ६.६ समग्र शोधपत्रको उपसंहार

बालसाहित्य बालबालिकाको निम्ति लेखिएको साहित्य हो । राष्ट्रिय बालसाहित्यको तुलनामा हेर्ने हो भने चितवनको बालसाहित्यले कछुवा गतिमा विकासको यात्रा पार गरिरहेको देखिन्छ । यस जिल्लाबाट प्रकाशित बालकृतिहरू बालसाहित्यका विविध विधाहरूमा बाँडिन नसकी केवल बालकवितामै खुम्चिएको देखिन्छ । त्यस्तै राष्ट्रिय स्तरको प्रवाहमा गतिमान् भएर वहन नसक्नु चितवनको बालसाहित्यको सीमा हो भने बालरचनाबाट फड्को मारी बालसाहित्यिक कृतिमा प्रवेश गर्नु र बालकृतिहरूले

राष्ट्रियस्तरको **बालसाहित्यकार कोश**मा प्रविष्टि पाउनु चितवनको बालसाहित्यको उल्लेखनीय प्राप्ति देखिन्छ । चितवनको बालसाहित्यमा प्रौढ लेखकहरूले अझै सक्रियता देखाउनु पर्ने र बालसाहित्यलाई विधागत विविधताको फराकिलो फाँटतर्फ डोऱ्याउनुपर्ने आवश्यकता भने खट्किरहेको देखिन्छ । विगत एक दशकदेखि यस जिल्लाबाट बालसाहित्यिक कृतिहरू प्रकाशन हुन थालेको भए तापनि हालसम्म उल्लेख्य रूपमा पाँचवटा कृतिको जन्म भइसकेको छ । यदि यही क्रममा यहाँका प्रौढ लेखकहरूको लेखनीले बालसाहित्यको विकासमार्ग पक्रने हो भने चितवनमा बालसाहित्यको राम्रो सम्भाव्यता देख्न सकिन्छ ।

# प्रमुख सन्दर्भ पुस्तकसूची


अर्याल,अच्युतशरण, **नेपाली बालसाहित्यको रूपरेखा**, स्याङ्जा, डिल्लीप्रसाद अर्याल, २०४५ ।

**इन्साइक्लोपिडिया अफ लिट्रेचर**, १९९५ ।

कटवाल, सीता, **नेपाली बालकविताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि., २०५० ।

कसजू, विनयकुमार, **बालकथा लेखन**, काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६३ ।

कोइराला, शिवहरि, 'साहित्यकार रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्व' अप्रकाशित शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, चि.वा.प्र., २०५२ ।

घिमिरे, भवानी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०५५ ।

चापागाईं, नरेन्द्र, **नेपाली बालसाहित्यको स्थिति : केही सृष्टि केही दृष्टि**, ललितपुर, साझा प्रकाशन, २०४३ ।

चालिसे, विजय, **कृष्णप्रसाद पराजुलीः आस्थाका आयाम**, २०४६ ।

चालिसे, विजय, **डोटेली लोकसंस्कृति र साहित्य**, ललितपुरः साझा प्रकाशन, २०३९ ।

चिराग, विद्या भण्डारी,**इन्द्रेणीको गेट (बालकवितासङ्ग्रह)**, अभिव्यजना साहित्य प्रतिष्ठान, २०६२ ।

चिराग, विद्या भण्डारी **नेपथ्यका कुरा (गजलसङ्ग्रह)**, २०६४ ।

जाफा, मनोरमा, **राइटिङ् अ पिक्चर बुक स्टोरी, राइटिङ फर चिल्ड्रन**, नयाँ दिल्ली, चिल्ड्रन्स बुक ट्रस्ट, १९८२ ।

तारा, रामकृष्ण, **सृजनाका कोसेलीहरू (बालकवितासङ्ग्रह)**, २०६६ ।

तारा, रामकृष्ण, **मनका घाउहरू (कवितासङ्ग्रह)**, २०६४ ।

निर्जीव, रविकिरण, **ऐजेरु लागेको पिपल (बालकाव्य)**, २०६३ ।

नेपाल, शैलेन्दुप्रकाश, **राममणि आ.दी. : व्यक्ति र कृति**, काठमाडौं, सिर्जना प्रकाशन, २०५० ।

**नेपाली बाल-विश्वकोश**, नेपाल बालसाहित्य  समाज, २०६१ ।

पराजुली, कृष्णप्रसाद, **भाषाको माया**, काठमाडौं, रत्नपुस्तक भण्डार , २०४४ ।

प्रधान, प्रमोद, **नेपाली बालसाहित्यको इतिहास**, विवेक सिर्जनशील प्रकाशन, काठमाडौं, २०६१ ।

प्रधान, प्रमोद, **नेपाली बालवाङ्मय परिचयकोश**, मार्टिन चौतारी, २०६५ ।

लम्साल, रामचन्द्र र अर्याल, अच्युतशरण, **नेपाली बालसाहित्यकार कोश**, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, २०६६ ।

विनोदी, गोविन्दराज, **आँखाका नानी (बालकवितासङ्ग्रह)**, चितवन वाङ्मय प्रतिष्ठान, २०५७ ।

शर्मा, तारानाथ,**नेपाली साहित्यको इतिहास** (चौ.सं.), काठमाडौं, अक्षर प्रकाशन, २०५६

शर्मा, मोहनराज/लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि** (दो.सं.), काठमाडौं, साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, रह, **सेलरोटी (बालकवितासङ्ग्रह)**, प्रलेसः चितवन, २०६३ ।

ज्ञवाली, सूर्यविक्रम, (प्र. सम्पादक), **नेपाली संक्षिप्त शब्दकोश**, काठमाडौं, ने.प्र.प्र. ।

# प्रमुख सन्दर्भ पत्रपत्रिकासूची


अधिकारी, चन्द्रविलास, *चितवन जिल्लाको शैक्षिक स्थिति,* **विवेक** (चितवन परिचय विशेषाङ्क), वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०४६ ।

अधिकारी, पूर्णप्रसाद, *सेलरोटीको वृत्तमा रह शर्माको बालकवित्व चेतना,* **जनमत साहित्यिक मासिक** ( वर्ष २४, अङ्क १०, साहित्यिक अङ्क १२५, २०६४ कार्तिक) ।

अधिकारी, बुद्धिनाथ, *बालसाहित्यको उत्कृष्ट नमूना आँखाका नानी,* **मधुलिका** ( वर्ष ७, पूर्णाङ्क ५), २०५८ ।

अधिकारी, लेखनाथ, *फेरि उदाए तारा कवि बनेर,* **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह), २०६६

आचार्य, नरहरि, *बालसाहित्यलेखन : विषय र माध्यमचयनको प्रश्न,* **बालसाहित्य** (वार्षिक), २०४७ ।

उदास, गेहेन्द्रमान, *पोखरेली बालनाटक,* **बालसाहित्य** (वार्षिक), २०४५ ।

उपाध्याय, केशवप्रसाद, *बासाहित्यको विषयचयनमा समयसापेक्षता* **बालसाहित्य** (वार्षिक), २०५४ ।

कर्माचार्य, माधवलाल, *बालसाहित्यको विषयचयनमा समयसापेक्षता,* **बालसाहित्य** (वार्षिक), २०५४ ।

कार्की, इन्दिरा, *शुभकामनाका दुई शब्द,* **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह), २०६२ ।

खनाल, केदारनाथ, *चितवनको साहित्य र संस्कृति,* **रत्ननगर दशैं महोत्सव स्मारिका,** २०५७ ।

खनाल, नारायणप्रसाद, *सृजनाका कोसेलीहरू चाख्दा,* **सृजनाका कोसेलीहरू** (बालकवितासङ्ग्रह), २०६६ ।

खनाल, हरिहर, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका,** २०५७ ।

गिरी, जीवेन्द्रदेव, *नेपाली पत्रपत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान,* **प्रलेस** ( त्रैमासिक, पूर्णाङ्क १०, माघ-चैत्र), २०५४ ।

गोकर्ण, *सेलरोटी,* **गोरखापत्र** (२०६४ जेठ २६ गते, शनिवार) ।

गौतम, दीपकप्रसाद, *आँखाका नानी छोटो समीक्षा,* **चितवन साप्ताहिक** ( अङ्क २२, पूर्णाङ्क २२७), २०५७ ।

जोशी, चन्द्रलाल, *शाही चितवन राष्ट्रिय निकुञ्ज : एक परिचय,* **विवेक** (वर्ष ५, अङ्क २), २०४६ ।

प्रधान, भिक्टर, *वर्तमान बालरुचि र आवश्यकता : चित्रकथा,* **बालसाहित्य** (वार्षिक), २०४७ ।

_________, *बालसाहित्यको अर्थ, उद्देश्य र आधुनिकता,* **बालसाहित्य** (वार्षिक), २०५३ ।

प्रधान, प्रमोद, *गोविन्दराज विनोदी र आँखाका नानी,* **नेपाली बालवाङ्मय परिचयकोश,** काठमाडौं, मार्टिन चौतारी, २०६५ ।

_________, *रह शर्मा र सेलरोटी,* **नेपाली बालवाङ्मय परिचयकोश** काठमाडौं, मार्टिन चौतारी,२०६५ ।

_________, *विद्या भण्डारी 'चिराग' र इन्द्रेणीको गेट,* **नेपाली बालवाङ्मय परिचयकोश**, काठमाडौं, मार्टिन चौतारी, २०६५ ।

पँगेनी, शिवहरि, *चितवन जिल्लाको भू-बनोट : एक परिचय,* **चितवन महोत्सव स्मारिका,** २०५७ ।

पराजुली, रञ्जुश्री, *मानसिक विकासमा बालसाहित्यको भूमिका,* **बालसाहित्य** (वार्षिक), २०४८ ।

_________, *नेपाली बालकथाको विकासक्रम,* **सुनकोशी** (वार्षिक, पूर्णाङ्क २), २०५३ ।

पोखरेल, डी.आर., *चितवनको चिनो एवम् वेणीका सम्पादकलाई एक थुङ्गो फूल,* **मुद्रण स्मारिका**, २०६० ।

_________, *चितवनको साहित्यिक, सांस्कृतिक र ऐतिहासिक रूपरेखा,* **हाम्रो सिर्जना** (पूर्णाङ्क २०), २०६५ ।

पौडेल, गोपाल, *इन्द्रेणीका गेटभित्रका शब्द-चित्रण,* **इन्द्रेणीको गेट** (बालकवितासङग्रह), २०६२ ।

बन्धु, चूडामणि, *बालसाहित्य, अस्तित्व र प्रयोजन,* **बालसाहित्य** (वार्षिक), २०४५ ।

_________, *केही शब्द,* **आँखाका नानी** (बालकवितासङ्ग्रह), चि.वा.प्र., २०५७ ।

भट्टराई, धनेश्वर, *सेलरोटीमा पाइने केही नयाँ कुरा,* **प्रलेसः चितवन** (वर्ष ३, पूर्णाङ्क १, २०६४ चैत्र) ।

__________,*स्रष्टा रह शर्माका कृतिमा पाइने वैचारिक पक्ष,* **हाम्रो मझेरी** (पूर्णाङ्क ४६), २०६५ ।

भट्टराई, रमेश, *भाइ बहिनीहरू !,* **सेलरोटी** (बालकवितासङ्ग्रह), २०६३ ।

भट्टराई, श्यामप्रसाद, *मनोवैज्ञानिक दृष्टिमा बालसाहित्य,* **गोरखापत्र** (दैनिक), चैत्र ३०, २०३०, शनिवार परिशिष्ट खण्ड ।

लामिछाने, कपिल, *बालजीवनी लेखन,* **बालसाहित्य** (वार्षिक), २०४७ ।

विकल, रमेश, *बालसाहित्य एक हाँकपूर्ण कार्य,* **बालसाहित्य** (वार्षिक), २०४५ ।

विनोदी, गोविन्दराज, *बालसाहित्य आधुनिक परिवेशमा,* **बालसाहित्य** (वार्षिक), २०४५ ।

__________, *शुभकामनाका अक्षरहरू,* **इन्द्रेणीको गेट** (बालकवितासङ्ग्रह), २०६२ ।

__________,*सृजनाका कोसेलीहरू: सङ्क्षिप्त अवलोकन,* **सृजनाका कोसेलीहरू** ( बालकविता सङ्ग्रह), २०६६ ।

__________, *हार्दिक शुभेच्छा,* **मनका घाउहरू** (कवितासङ्ग्रह), २०६४ ।

शर्मा, तारानाथ, *साझा प्रकाशनका २०४० मा प्रकाशित पुस्तक (समसामयिक सन्दर्भ),* **गरिमा** (मासिक, पूर्णाङ्क १७, वैशाख), २०४१ ।

शर्मा, शरच्चन्द्र, *नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्टा,* **बालसाहित्य** (वार्षिक), २०४६ ।

शर्मा, लालकृष्ण, *चितवन जिल्लाको भौगोलिक परिचय,* **विवेक** (चितवन परिचय विशेषाङ्क), वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०४६ ।

सुवेदी, राजेन्द्र, *नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान,* **सुनकोशी** (वार्षिक, पूर्णाङ्क- २), २०५३ ।